सिद्धार्थ बैंक लिमिटेड
बाइसौं वार्षिक प्रतिवेदन

आ.व. २०७९/८०

SiddharthaBank

सम्बन्ध सधैंभरिलाई

सञ्चालक समिति

मनोज कुमार केडिया
अध्यक्ष
(प्रतिनिधि - प्रुडेन्सियल इन्भेष्टमेन्ट कं. प्रा. लि.)
संस्थापक समूह

नरेन्द्र कुमार अग्रवाल
सञ्चालक
संस्थापक समूह

राहुल अग्रवाल
सञ्चालक
संस्थापक समूह

दिनेश शंकर पालिखे
सञ्चालक
(प्रतिनिधि - गिन्नी इन्भेष्टमेन्ट प्रा. लि.)
सर्वसाधारण समूह

अंकित केडिया
सञ्चालक
(प्रतिनिधि - लिभरेज होल्डिङ्गस प्रा. लि.)
सर्वसाधारण समूह

मिना कुमारी सैंजु
स्वतन्त्र सञ्चालक

लक्ष्मण घिमिरे
कम्पनी सचिव

लेखापरीक्षक
सि.ए. सुनिर कुमार ढुंगेल
साझेदार
एस.ए.आर. एसोसिएट्स, चार्टड एकाउण्टेण्ट्स
विशालनगर, काठमाडौं

विषय सूची

क्र.सं	विषय	पृष्ठ
१.	बाइसौं वार्षिक साधारणसभाको सूचना	१
२.	साधारण सभा सम्बन्धी संक्षिप्त जानकारी	२
३.	बैंक बारेको संक्षिप्त जानकारी	५
४.	बैंक संचालक समितिका अध्यक्षज्यूको मन्तव्य	१०
५.	संचालक समितिको वार्षिक प्रतिवेदन	१५
६.	संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन	६६
७.	धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ बमोजिमको विवरण	६८
८.	कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिमका विवरणहरू	७०
९.	ने. रा. बैंकद्वारा जारी एकीकृत निर्देशिकाको निर्देशन नं. २० (९) (घ) बमोजिमको विवरण	७४
१०.	एकिकृत लेखापरिक्षकको प्रतिवेदन	७५
११.	एकिकृत वित्तीय अवस्थाको विवरण	८०
१२.	एकिकृत नाफा नोक्सान विवरण	८२
१३.	एकिकृत अन्य विस्तृत आम्दानीको विवरण	८३
१४.	एकिकृत इक्विटीमा भएको परिवर्तनको विवरण	८४
१५.	एकिकृत नगद प्रवाह विवरण	८८
१६.	प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू	९१
१७.	अनुसूचीहरू	११६
१८.	प्रकटीकरण (Disclosure) तथा थप जानकारी	१६०
१९.	प्रमुख सूचकाङ्कहरू	१९८
२०.	नेपाल राष्ट्र बैंकको निर्देशन	१९९
२१.	शाखा सञ्जाल	२०२
२२.	कार्यकारी तथा व्यवस्थापन समूह	२१०

सिद्धार्थ बैंक लिमिटेडका शेयरधनी महानुभावहरूलाई

बाइसौं वार्षिक साधारण सभाको सूचना

श्री शेयरधनी महानुभावहरू,

यस बैंकको मिति २०८० साल कार्तिक १३ गते (तदनुसार ३० अक्टोबर, २०२३) का दिन बसेको सञ्चालक समितिको ४१९औं बैठकको निर्णयानुसार बैंकको बाइसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी एवम् उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

साधारण सभा हुने मिति, समय र स्थान :

मिति : २०८० साल मंसिर ५ गते (तद्नुसार २१ नोभेम्बर, २०२३), मंगलबार ।

स्थान : आम्रपाली बैङ्क्वेट, बालुवाटार, काठमाडौं ।

सभा शुरू हुने समय : बिहान १०:०० बजे (उपस्थिति पुस्तिका बिहान ८:०० बजेदेखि नै खुल्ला राखिने छ ।)

छलफलका विषयहरू :

(क) सामान्य प्रस्ताव

१. आर्थिक वर्ष २०७९/८० को संचालक समितिको २२ औं वार्षिक प्रतिवेदन उपर छलफल गरी सो लाई पारित गर्ने ।

२. लेखापरिक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण र मिति २०७९ श्रावण १ देखि २०८० आषाढ मसान्त सम्मको नाफा नोक्सान विवरण, सोही अवधीको नगद प्रवाह विवरण, स्वपूँजी (इक्विटी) मा भएको परिवर्तनको विवरण र तत् सम्बन्धी अनुसूचीहरू छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी "सिद्धार्थ क्यापिटल लिमिटेड." को आ.व. २०७९/८० को वित्तीय विवरण सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) छलफल गरी पारित गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ बमोजिम बैंकको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८०/८१ को लागि बाह्य लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (कम्पनी ऐन २०६३ को दफा १११ (३) बमोजिम बहालवाला लेखापरिक्षक श्री एस.ए.आर. एसोसिएट्स, चार्टड एकाउण्टेण्ट्स पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)

५. बैंकको चुक्ता पूँजी रू. १४,०८,९९,८०,१८५/- (अक्षरेपी चौध अर्ब आठ करोड उनानसय लाख असी हजार एक सय पचासी रूपैंया मात्र) को ४.२१ प्रतिशतका दरले हुने रू. ५९,३१,८८,१६६/- (अक्षरेपी उनान्साठ्ठी करोड एकतीस लाख अठासी हजार एक सय छैसठ्ठी रूपैया मात्र) नगद लाभांश (कर प्रयोजनका लागि समेत) वितरण गर्न स्वीकृत गर्ने ।

(ख) विशेष प्रस्ताव

१. बैंकले आ.व. २०७९/८० मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५ (१) (ग) ले निर्धारण गरेको सीमाभन्दा बढी भएको खर्चलाई अनुमोदन गर्ने ।

२. सिद्धार्थ बैंक लि. र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger), बैंकले अर्को कुनै उपयुक्त संस्थालाई प्राप्ती (Acquisition) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit- DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने र गाभिने तथा प्राप्त गर्ने (Merger and Acquisition) सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य आवश्यक प्रक्रिया पुरा गरी सो मा हस्ताक्षर गर्ने लगायत मर्जर तथा एक्वीजिसन तथा वैदेशिक रणनीतिक साझेदारीमा जाने सम्बन्धी अन्य आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

(ग) विविध

सञ्चालक समितिको निर्णयानुसार

कम्पनी सचिव

साधारण सभा सम्बन्धी संक्षिप्त जानकारी

१. साधारण सभाको प्रयोजनको लागि मिति २०८० साल कार्तिक २१ गते एक दिनको लागि बैंकको शेयर दाखिल खारेज दर्ता बन्द गरिनेछ । सो दिनभन्दा अघि शेयर बाँडफाँड भई वा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सो दिनभन्दा अघि कारोबार भई बैंकको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नु हुनेछ ।

२. शेयरधनीहरूले आफै वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । नाबालक शेयरधनीहरूको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । शेयरधनीहरूको दर्ता किताबमा संरक्षकको रूपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

३. संयुक्त रूपमा एकजना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरूद्वारा मनोनित गरिएको साझेदारले वा निजहरूले मनोनित गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनित हुन नसकेकोमा शेयरधनीहरूको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोहि व्यक्तिले दिएको मत वा प्रतिनिधिपत्र मात्र सदर हुनेछ ।

४. सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीले बैंकको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ ।

५. प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा सुरू हुनु भन्दा **४८** घण्टा अगावै प्रतिनिधिपत्र यस बैंकको शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंमा बुझाई सक्नु पर्नेछ ।

६. प्रतिनिधि नियुक्त गरी सो को लागि प्रतिनिधिपत्र यस बैंकको शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि., नारायणचौर, नक्साल, काठमाडौंमा बुझाई सकेपछि प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि दिन चाहेमा सो को सूचना सभा सुरू हुनुभन्दा **४८** घण्टा अगावै यस बैंकको शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि., नारायणचौर, नक्साल, काठमाडौंमा नै दिनुपर्नेछ ।

७. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा दफा ६ बमोजिम बदर गरिएकोमा बाहेक त्यस्तो सबै प्रतिनिधि बदर हुनेछ । प्रतिनिधि नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदर गरी आफै सभामा उपस्थित भई सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा शुरू हुनु भन्दा **४८** घण्टा अगावै यस बैंकको शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि., नारायणचौर, नक्साल, काठमाडौंमा बुझाई सक्नुपर्नेछ ।

८. विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफूले प्रश्न गर्न चाहेको विषयबारे सभा हुनुभन्दा **७** दिन अगावै बैंकको नक्साल, काठमाण्डौ स्थित प्रधान कार्यालयमा रहेको कम्पनी सचिवको कार्यालयमा जानकारी दिनुपर्नेछ । त्यसरी जानकारी नदिएको विषय उपर छलफल गर्न सकिने छैन ।

९. शेयर प्रमाण-पत्र वा शेयर स्टेटमेण्ट प्राप्त गरी नसक्नु भएका शेयरधनीले यस बैंकको शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि., नारायणचौर, नक्साल, काठमाडौंबाट शेयर प्रमाण-पत्र वा आफ्नो हितग्राही खाता रहेको संस्थामा गई स्टेटमेण्ट लिनु पर्नेछ । सभाको दिन सभाकक्षमा शेयर प्रमाण-पत्र वितरण गरिने छैन ।

१०. आफ्नो परिचयपत्र सहित बैंकले जारी गरेको प्रवेश-पत्र वा शेयर प्रमाण पत्र वा बैंकको शेयर अभौतिकीकरण गरेको देखिने अभौतिकीकरण खाता (DMAT Account) को विवरण (BOID Statement) प्रस्तुत गरेपछि मात्र सभाकक्ष भित्र प्रवेश गर्न पाईनेछ ।

११. सभाको दिन सभा शुरू हुनु भन्दा पहिले नै उपस्थित भईदिनुहुन हार्दिक अनुरोध गर्दछौं । साथै, शेयरधनी महानुभावहरूको सुविधाको लागि सभा हुने दिन बिहान **८:००** बजेदेखि हाजिर पुस्तिका खुल्ला रहनेछ ।

१२. हितग्राही खातामा बैंक खाता अद्यावधिक नगराएका शेयरधनीहरू तथा हालसम्म पनि आफ्नो शेयर प्रमाणपत्रहरू अभौतिकिकरण (DEMAT) नगराउनु भएका शेयरधनी महानुभावहरूले आफ्नो शेयर प्रमाणपत्र अभौतिकिकरण गराई सो सँगसँगै हितग्राही खातामा बैंक खाता समेत अद्यावधिक गराउनु हुन अनुरोध गर्दछौं ।

नोट :

१. साधारणसभासँग सम्बन्धित वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन, लेखापरिक्षकको प्रतिवेदन र छलफलका विषयहरू यस बैंकको वेबसाइट www.siddharthabank.com मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।

१. अन्य जानकारीको लागि बैंकको रजिष्टर्ड कार्यालय, नक्साल, काठमाडौं स्थित कम्पनी सचिवको कार्यालय (टेलिफोन नं. ०१-५९७०७२०) मा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

SiddharthaBank

बाइसौं वार्षिक साधारण सभाको लागि प्रतिनिधि (प्रोक्सी) फारम प्रतिनिधि (प्रोक्सी) फारम

श्री सञ्चालक समिति,
सिद्धार्थ बैंक लिमिटेड,
हात्तीसार, काठमाडौं ।

विषय : प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

..... जिल्ला ..... म.न.पा./न.पा./गा.पा., वडा नं. ..... बस्ने म/हामी ..... ले त्यस बैंकको शेयरधनीको हैसियतले मिति २०८० साल मंसिर ५ गते मंगलबारका दिन हुने बाइसौं वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि ..... जिल्ला ..... . म.न.पा/न.पा./गा.पा. वडा नं. ..... बस्ने त्यस कम्पनीका शेयरधनी श्री ..... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

निवेदक
दस्तखतः

नामः

ठेगानाः

शेयरधनी/हितग्राही नं.:

कित्ता नं. ..... देखि ..... सम्म

जम्मा शेयर संख्याः

मितिः २०७०/...../.....

प्रतिनिधि नियुक्त भएको व्यक्तिको

हस्ताक्षरको नमूनाः

शेयरधनी नं.:

हितग्राही नं.:

द्रष्टव्यः यो निवेदन साधारण सभा हुनु भन्दा कम्तीमा **४८ घण्टा** अगावै बैंकको शेयर रजिष्ट्रार श्री **सिद्धार्थ क्यापिटल लिमिटेड नारायणचौर, नक्साल, काठमाडौं**मा पेश गरी सक्नुपर्नेछ । एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) को नाम उल्लेख गरेमा प्रतिनिधि (प्रोक्सी) फारम रद्द गरिने छ ।

✂.....✂.....✂.....✂.....

SiddharthaBank

सिद्धार्थ बैंक लिमिटेड,
हात्तीसार, काठमाडौं ।

बाइसौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको
प्रवेश-पत्र

शेयरधनीको नामः श्री ..... कुल शेयर संख्याः .....

शेयरधनी/हितग्राही नं. .....

शेयरधनीको हस्ताक्षरः .....

कम्पनी सचिव

(द्रष्टव्यः प्रतिनिधिले सभामा भाग लिन आउँदा माथि उल्लेखित सम्पूर्ण विवरणहरू उल्लेख गरी यो प्रवेश पत्र अनिवार्यरूपमा साथमा लिई आउनुहुन अनुरोध गर्दछौं ।)

बैंक बारेको संक्षिप्त जानकारी

देशको १७ औं वाणिज्य बैंकको रूपमा स्थापित सिद्धार्थ बैंकले नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त गरी वित्तीय कारोबार सञ्चालन गरेको २१ वर्षमा चलिरहेको छ । देशको अग्रणी वित्तीय संस्थाको रूपमा स्थापित यस बैंकले देशको अर्थतन्त्र सवलीकरण तथा आर्थिक वृद्धिमा निरन्तर टेवा पुऱ्याउँदै आएको छ ।

रू. १४ अर्ब ९ करोडको चुक्ता पूँजी रहेको यस बैंकले आ.व. २०७९/८० मा रू. ३ अर्ब १७ करोड खुद मुनाफा आर्जन गरेको छ र बैंकको प्रति शेयर आम्दानी रू. २२.४८ रहेको छ । बैंकले आ.व. २०७९/८० सम्ममा रू. २२८.५७ अर्ब निक्षेप संकलन गरेको छ र रू. १९०.८७ अर्ब कर्जा प्रवाह गरेको छ ।

बैंकले २०८० आश्विन मसान्तसम्ममा १९६ शाखा (५ विस्तारित काउण्टर समेत), १२३ शाखा रहित बैंकिङ्ग सेवा, २२६ ए.टि.एम, २,३३४ POS मेशिन, ३६,०३७ भन्दा बढी QR मर्चेन्ट र ७,००० भन्दा बढी विप्रेषण एजेन्टहरू मार्फत देशका ५४ जिल्लाबाट वित्तीय सेवा प्रदान गर्दै आइरहेको छ ।

कम्पनीको नाम	: सिद्धार्थ बैंक लिमिटेड
कानूनी मान्यता	: पब्लिक लिमिटेड कम्पनी
कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मिति	: वि.स. २०५८ आश्विन १२
कम्पनी दर्ता नम्बर	: ८०४/०५८/५९
कम्पनी दर्ता ठेगाना	: वागमती प्रदेश काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ०१, नक्साल, काठमाडौं
आयकर ऐन अन्तर्गत दर्ता मिति	: वि.स. २०५८ पौष ०५
स्थायी लेखा नं.	: ३००४३३५०४
नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्ने इजाजतपत्र प्राप्त मिति	: वि.स. २०५९ पौष ०९
वित्तीय कारोबार संचालन मिति	: वि.स. २०५९ पौष १०
नेपाल राष्ट्र बैंक इजाजतपत्र नं.	: ने.रा.बैंक/इ.प्रा./"क"/१७/०६२/०६३
नेपाल स्टक एक्सचेञ्जमा सूचीकृत मिति	: वि.स. २०६२ फागुन १२
बिजनेश युनिभर्सल डेभलपमेण्ट बैंक लिमिटेडलाई आफुमा गाभेपश्चात संयुक्त कारोबार भएकोसँग मर्जर मिति	: वि.स. २०७३ आषाढ ०७ गते

सम्पर्क

फोन नं.	: ९७७-०१-५९७०७२०, ५९७००२०
फ्याक्स नं.	: ९७७-०१-४४४२९२१
टोल फ्री नं.	: १६६०-०१-२४०२४
पोस्ट बक्स नं.	: १३८०६
Website	: www.siddharthabank.com
Email	: customercare@sbl.com.np
Facebook	: www.facebook.com/SiddharthaBankLtd
Instagram	: instagram.com/SiddharthaBank
LinkedIn	: www.linkedin.com/company/siddharthabanklimited
Twitter	: twitter.com/SiddharthaBank

सहायक कम्पनी (Subsidiary Company) बारे सक्षिंप्त जानकारी

सिद्धार्थ क्यापिटल लिमिटेड बैंकको सहायक कम्पनी हो । मिति २०६९ आश्विन १२ गतेदेखि कारोबार सञ्चालन गरेको सिद्धार्थ क्यापिटल लिमिटेड नारायणचौर, नक्साल, काठमाडौंमा अवस्थित छ । यस क्यापिटलको चुक्ता पूँजी रू. २० करोड रहेकोमा उक्त पूँजीको ५१ प्रतिशत स्वामित्व यस बैंकको रहेको छ । यस क्यापिटलको ईमेल scl@siddharthacapital.com; वेबसाईट www.siddharthacapital.com र फोन नं. ९७७-०१-४५२०९२४, ४५२०९२५ रहेको छ ।

बैंकको पूँजी संरचना

अधिकृत पूँजी	-	रू. १६,००,००,००,०००/- (अक्षरेपी सोह्र अर्ब मात्र)
जारी पूँजी	-	रू. १४,०८,९९,८०,१८५/- (अक्षरेपी चौध अर्ब आठ करोड उनानसय लाख असी हजार एक सय पचासी रूपैंया मात्र)
चुक्ता पूँजी	-	रू. १४,०८,९९,८०,१८५/- (अक्षरेपी चौध अर्ब आठ करोड उनानसय लाख असी हजार एक सय पचासी रूपैंया मात्र)

बैंकले जारी गरेको भुक्तानी फिर्ता बाँकी ऋणपत्रहरूको विवरण

ऋणपत्रको नाम	चुक्ता रकम (रू)	ब्याज दर (%)	बाँडफाँड मिति	भुक्तानी फिर्ता मिति
एस.बि.एल ऋणपत्र-२०८२	२,१६,२५,५९,०००/-	१०.५०	२०७५/०९/२९	२०८२/०९/२८
एस.बि.एल ऋणपत्र-२०८३	२,५०,००,००,०००/-	१०.२५	२०७६/०५/२६	२०८३/०५/२५
एस.बि.एल ऋणपत्र-२०८४	३,००,००,००,०००/-	८.५०	२०७७/०६/१६	२०८४/०६/२६
एस.बि.एल ऋणपत्र-२०८९	४,००,००,००,०००/-	१०.७५	२०७९/०३/३१	२०८९/०३/३०
जम्मा	**११,६६,२५,५९,०००/-**			

महत्वपूर्ण जानकारीहरू

क्र.सं.	पद	नाम
१.	प्रमुख कार्यकारी अधिकृत	श्री सुन्दर प्रसाद कडेल
२.	प्रमुख सूचना अधिकारी	श्री रामेश्वर प्रसाद बस्याल
३.	प्रमुख गुनासो व्यवस्थापन अधिकारी	श्री सुरेश राज महर्जन
४.	प्रमुख अनुपालन तथा संस्थागत सुशासन	श्री सरोज काफ्ले
५.	कम्पनी सचिव	श्री लक्ष्मण घिमिरे
६.	प्रमुख-रणनीति तथा वित्त	श्री प्रमेश श्रेष्ठ
७.	लेखापरिक्षक	श्री एस.ए.आर एसोसिएट्स, चार्टड एकाउण्टेण्ट्स, विशाल नगर, काठमाडौं
८.	शेयर रजिष्ट्रार	सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौं ।

उच्च व्यवस्थापन तहका कर्मचारीहरूको नाम, पद, शैक्षिक योग्यता तथा अनुभव सम्बन्धी विवरण

क्र.सं.	नाम	पद	शैक्षिक योग्यता	कार्य अनुभव (वर्ष)
१	श्री सुन्दर प्रसाद कडेल	प्रमुख कार्यकारी अधिकृत	एम.बि.ए.	३६
२	श्री रामेश्वर प्रसाद बस्याल	नायब प्रमुख कार्यकारी अधिकृत	एम.बि.ए.	३५
३	श्री शेर बहादुर बुढाथोकी	सहायक प्रमुख कार्यकारी अधिकृत	एम.बि.ए.	३६
४	श्री अर्जुन भद्र खनाल	नायब महाप्रबन्धक	एम.बि.ए.	२७
५	श्री सृजन कृष्ण मल्ल	नायब महाप्रबन्धक	एम.बि.ए.	२१
६	श्री सुरेश राज मर्हजन	नायब महाप्रबन्धक	एम.बि.ए.	२६
७	श्री प्रशन्न खड्का	नायब महाप्रबन्धक	एम.बि.ए.	२०
८	श्री शैलजा झवाली	सहायक महाप्रबन्धक	एम.बि.ए.	२९
९	श्री मनोहर के.सी.	सहायक महाप्रबन्धक	एम.बि.ए.	२३
१०	श्री प्रदीप पन्त	सहायक महाप्रबन्धक	एम.बि.ए.	२१

बैंकको दृष्टिकोण, लक्ष्य, आधारभूत मान्यताहरू

दृष्टिकोण (Vision)

आर्थिक रूपमा सवल सञ्चालनमा कुशल प्रविधिको विकास सँगसँगै ।

लक्ष्य (Mission)

सरोकारवालाहरूको हित पूरा गर्दै बैंकिङ्ग क्षेत्रको अग्रणी बैंकहरू-मध्ये एक बन्ने र उच्च उत्प्रेरित तथा प्रतिवद्ध जनशक्तिको विकासबाट नवीनतम सेवा प्रदान गरी ग्राहकहरूलाई पूर्ण सन्तुष्टि प्रदान गर्ने लक्ष्य रहेको छ ।

आधारभूत मान्यताहरू (Core Values)

बैंकको मूल विषय संस्थागत सुशासन हो । बैंकले संस्थागत सुशासन कायम गर्न विभिन्न नीति तथा कार्यविधिहरू लागू गरेको छ । बैंकले जिम्मेवार संस्थागत नागरिकको हैसियतमा आफ्नो काम र दायित्वलाई प्रभावकारी रूपमा पूरा गर्न सदैव जोड दिंदै आएको छ । समुदायको हितका लागि विभिन्न संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यक्रमहरू बैंकले निरन्तर संचालन गर्दै आएको छ ।

- **दिगो विकास (Sustained Growth)**
  सम्पूर्ण सरोकारवालाहरूसँग साझेदारी गर्दै सबैका लागि दिगो विकास सिर्जनामा बैंक सदैव केन्द्रित छ । बैंकले दिगो वृद्धि सुनिश्चित गर्न बजारको अग्रणी नवप्रवर्तनको साथै अग्रणी बैंकिङ्ग अभ्यासहरू अवलम्बन गरेको छ । आफ्नो प्रगतिलाई दिगो बनाउन जोखिम व्यवस्थापनको नीति र दिगोपनाबीच तादात्म्यता कायम राख्नु पर्छ भन्ने मान्यतालाई बैंकले आत्मसात गरेको छ तदअनुरूप संचालन तथा वित्तीय जोखिमहरूको उचित व्यवस्थापन प्रति बैंक प्रतिबद्ध छ ।

  बैंक आफ्ना कर्मचारीहरूलाई समान अवसर, वृत्ति विकास तथा सिकाईको अवसर उपलब्ध गराउनेमा प्रतिवद्ध छ । बैंकको आन्तरिक नीतिहरू सबै कर्मचारीहरूलाई समान अवसर प्रदान गर्ने दृष्टिकोणबाट तयार गरीएका छन । आफ्ना कर्मचारीहरूसँग समेत "सम्बन्ध सधैभरीलाई" भन्ने मूल मन्त्र साकार पार्न बैंक प्रतिवद्ध छ ।

- **पारदर्शीता (Transparency)**
  बैंकले पारदर्शी र खुला कार्य संस्कृति अवलम्बन गरेको छ । बैंकले लागु गरेका सबै आन्तरिक नीति तथा कार्यविधिहरूबाट बैंकको पारदर्शितामा सुधार हुने कुराको सुनिश्चितता प्रदान गर्न प्रयत्नरत रहेको छ । बैंकले सहभागितामूलक निर्णय प्रक्रियालाई प्राथमिकता दिई खुला सञ्चारलाई प्रोत्साहन गरेको छ ।

- **इमानदारीता (Integrity)**
  बैंकिङ्ग व्यवसाय विश्वासमा अडेको हुन्छ, जसका लागि इमानदारीता महत्वपूर्ण हुन्छ । तसर्थ बैंकले आफ्ना कर्मचारीहरूलाई सबै प्रकारका कारोबारहरूमा इमानदारीताको उच्चतम मापदण्ड कायम गर्न उत्प्रेरित गरिरहेको छ । बैंकको कार्यविधि तथा नीतिहरूको यसरी विकास गरिएको छ कि अनुपालना तथा इमान्दारीता सम्पूर्ण कर्मचारीहरूको जीवन शैली बनेको छ ।

- **अन्वेषण (Innovation)**
  सबै तहहरूमा नवीन सोचलाई बैंकले प्रोत्साहन गरेको छ । बैंकले कर्मचारीहरूलाई उनीहरूको दैनिक कार्यमा निरन्तर सुधारका लागि नवीनतम तरिकाहरू सोच्न प्रोत्साहित गरेको छ । सिद्धार्थ बैंकले एक सहयोगी वातावरण सिर्जना गरेको छ, जसले नवीनता सिर्जना गर्न मद्दत गर्दछ ।

- **ग्राहक केन्द्रित (Customer Centricity)**

  बैंकले आफ्ना कर्मचारीहरूलाई ग्राहकको सेवामा अटुट ध्यान केन्द्रित गर्न प्रोत्साहित गर्दछ । बैंकका कर्मचारीहरूले आफ्नो कामको सिलसिलामा गर्ने सबै निर्णयहरूमा ग्राहकको हितलाई पहिलो प्राथमिकतामा राखेका हुन्छन् ।

संचालकहरूको संक्षिप्त परिचय

अध्यक्ष श्री मनोज कुमार केडिया

श्री मनोज कुमार केडिया यस बैंकको संस्थापक शेयरधनी श्री प्रुडेन्सियल ईन्भेष्टमेन्ट कम्पनी प्रा.लि. को प्रतिनिधित्व गर्दै मिति २०७२ पौष २१ गतेदेखि संचालक समितिको अध्यक्ष रहनु भएको छ । उहाँ बैंकको स्थापनाकालदेखि संस्थापक तथा संचालक समिति सदस्यको रूपमा रहनु भएको छ ।

श्री केडिया नेपालको एक सफल र प्रतिष्ठित व्यवसायीको रूपमा परिचित व्यक्तित्व हुनुहुन्छ । उहाँले २५ वर्ष भन्दा लामो समयदेखि देशको उद्योग, वाणिज्य तथा व्यापार क्षेत्रमा सफल उहाँले राष्ट्रको आर्थिक तथा सामाजिक विकासमा उल्लेखनीय योगदान पुऱ्याउँदै आउनु भएको छ । प्रतिष्ठित औद्योगिक घराना केडिया अर्गनाइजेशन, बृज सिमेन्ट प्रा.लि. तथा सुन्दर प्रोडक्ट एण्ड सर्भिसेज प्रा.लि.मा प्रबन्ध संचालक; केडिया इन्भेष्टमेन्ट कर्पोरेशन प्रा.लि., केडिया इन्टरनेशनल प्रा.लि., म्यागना सेक्युरिटिज कम्पनी प्रा.लि., गुराँस सिमेन्ट प्रा.लि. तथा सनराईज नेपाल फुड एण्ड बेभेरेज प्रा.लि.मा उहाँ अध्यक्ष रहनु भएको छ । अर्घाखाँची सिमेन्ट प्रा.लि. र सिद्धार्थ मिनिरल्स्मा कार्यकारी संचालक रहनु भएका उहाँले श्री स्टिलस् प्रा.लि.मा संचालकका साथै व्यापार-वाणिज्यको क्षेत्रमा उल्लेख्य भूमिका निर्वाह गर्दै आउनु भएको छ । उहाँ देशको समग्र उद्योग, वाणिज्य तथा व्यापार क्षेत्रमा आवद्ध रहनु भएको छ ।

संचालक श्री नरेन्द्र कुमार अग्रवाल

श्री नरेन्द्र कुमार अग्रवाल यस बैंकको संस्थापक शेयरधनीको प्रतिनिधित्व गर्दै बैंकको स्थापनाकालदेखि संस्थापक तथा संचालक समिति सदस्यको रूपमा आवद्ध रहनु भएको छ । श्री अग्रवाल बैंकको जोखिम व्यवस्थापन समितिको संयोजक तथा लेखापरीक्षण समितिको सदस्य समेत हुनुहुन्छ ।

श्री अग्रवाल नेपालको उद्योग व्यापार क्षेत्रमा ४३ वर्षदेखी आवद्ध रहनु भएको छ । अरूणोदय उद्योग प्रा.लि., गणेश फेरोजोनिक उद्योग प्रा.लि, गणपति मेटाकन प्रा.लि., यति पोलीकेम प्रा.लि., रिलायन्स सुपरटेक सिमेन्ट प्रा.लि. तथा डेडराज सेवली देवी तोदी डि.ए.भि. स्कुल प्रा.लि. मा संचालक एवं गरूड इम्पेक्समा प्रोप्राइटर रही रोटरी इन्टरनेशनल, रोटरी क्लब अफ बिराटनगर तथा अन्य प्रतिष्ठित संघ संस्थामा उहाँको आवद्धता रहेको छ ।

संचालक श्री राहुल अग्रवाल

श्री राहुल अग्रवाल बैंकको संस्थापक शेयरधनीको प्रतिनिधित्व गर्दै मिति २०७७ साल माघ १६ गतेदेखि संचालक समिति सदस्य रहनु भएको छ । श्री अग्रवाल बैंकको कर्मचारी सेवा सुविधा समितिको संयोजक हुनुहुन्छ ।

Middlesex University, London बाट एम.बि.ए सम्मको शैक्षिक योग्यता हासिल गर्नु भएका उहाँ नेपालको उद्योग व्यापार क्षेत्रमा २१ वर्षदेखी आवद्ध हुनुहुन्छ । श्री अग्रवाल रिलायन्स ग्रुप अफ नेपालका कार्यकारी संचालक हुनुहुन्छ । रिलायन्स सुपरटेक सिमेन्ट प्रा.लि., रिलायन्स सिमेन्ट प्रा.लि., अन्नपूर्ण क्वारिज प्रा.लि. तथा रिलायन्स पेपर मिल्स प्रा.लि.मा संचालक र रिलायन्स ट्रेड सेन्टरमा प्रोप्राइटर लगायतका विभिन्न कम्पनीहरूमा संचालक रही विभिन्न उद्योग वाणिज्य क्षेत्रमा आवद्ध रहनु भएको छ । उहाँसँग नेपाल तथा भारतका विभिन्न बैंकहरूमा कार्य गरेको अनुभव समेत रहेको छ ।

संचालक श्री दिनेश शंकर पालिखे (प्रतिनिधि - श्री गिन्नी इन्भेष्टमेन्ट प्रा.लि.)

श्री दिनेश शंकर पालिखे यस बैंकको सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्दै मिति २०७३ आषाढ २३ गतेदेखि संचालक समिति सदस्य रहनु भएको छ । श्री पालिखे यस बैंकको लेखापरीक्षण समितिको संयोजक तथा जोखिम व्यवस्थापन समितिको सदस्य समेत हुनुहुन्छ ।

त्रिभुवन विश्वविद्यालयबाट एम.बि.ए सम्मको शैक्षिक योग्यता हासिल गर्नु भएका उहाँले विभिन्न बैंक तथा वित्तीय संस्थामा संचालक रही १३ वर्ष कार्य गर्नु भएको छ । विगत २७ वर्षदेखी व्यापार तथा लगानीको क्षेत्रमा परिचित श्री पालिखे हाइड्रोपावर, मर्चेन्ट बैंकिङ्ग एवं लगानी व्यवस्थापन कम्पनी, नेपाल क्यान्सर रिलिफ सोसाइटी, रोटरी इन्टरनेशनल, लायन्स क्लब इन्टरनेशनल तथा अन्य प्रतिष्ठित संघ संस्थामा समेत आवद्ध हुनुहुन्छ ।

संचालक श्री अंकित केडिया (प्रतिनिधि - श्री लिभरेज होल्डिङ्गस प्रा.लि.)

श्री अंकित केडिया यस बैंकको सर्वसाधारण शेयरधनी श्री लिभरेज होल्डिङ्गस प्रा.लि. को प्रतिनिधित्व गर्दै मिति २०७७ माघ १६ गतेदेखि संचालक समिति सदस्य रहनु भएको छ । उहाँ यस बैंकको कर्मचारी सेवा सुविधा समिति तथा सम्पत्ति शुद्धिकरण निवारण समतिको सदस्य समेत हुनुहुन्छ ।

James Cook University, Singapore बाट एम.बि.ए सम्मको शैक्षिक योग्यता हासिल गर्नु भएका संचालक समिति सदस्य केडिया नेपालको कृषिजन्य सामाग्री, उद्योग तथा व्यापार क्षेत्रमा १२ वर्षदेखी आवद्ध रहनु भएको छ । महाबिर ओभरसिज प्रा.लि. तथा लिभरेज होल्डिङ्गस प्रा.लि. मा प्रबन्ध संचालक, महाबिर इन्टरनेशनल सप्लायर्स प्रा.लि. मा संचालक लगायतका विभिन्न कम्पनीहरूमा संचालक रही उद्योग वाणिज्य क्षेत्रमा आवद्ध रहनु भएको छ । साथै, उहाँले Global Pulses Confederation मा कार्यकारी सदस्यको रूपमा नेपालको प्रतिनिधित्व समेत गर्नुहुन्छ ।

स्वतन्त्र संचालक श्री मिना कुमारी सैंजु

श्री मिना कुमारी सैंजु वि.स. २०७८ बैशाख १४ गतेदेखि यस बैंकको स्वतन्त्र संचालकको रूपमा रहनु भएको छ । श्री सैंजु यस बैंकको सम्पत्ति शुद्धिकरण निवारण समितिको संयोजक हुनुहुन्छ ।

त्रिभुवन विश्वविद्यालयबाट एम.बि.ए सम्मको शैक्षिक योग्यता हासिल गर्नु भएका स्वतन्त्र संचालक सैंजुसँग नेपाल बैंक लिमिटेडको नायब महाप्रबन्धकसहित समेत रही विभिन्न तहमा गरी ३० वर्षको कार्यअनुभव रहेको छ । जनता बैंक नेपाल लिमिटेड, पश्चिमाञ्चल ग्रामिण विकास बैंक लिमिटेड र नागरिक लघुवित्त वित्तीय संस्था लिमिटेडमा संचालक रही कार्य गरेको अनुभव समेत श्री सैंजुसँग रहेको छ ।

सिद्धार्थ बैंक लिमिटेडको बाइसौं वार्षिक साधारण सभामा

बैंक सञ्चालक समितिका अध्यक्ष श्री मनोज कुमार केडियाको मन्तव्य

आदरणीय शेयरधनी महानुभावहरू,

सिद्धार्थ बैंक लिमिटेडको बाइसौं वार्षिक साधारण सभामा उपस्थित आदरणीय शेयरधनी महानुभावहरू, यस सभामा हाम्रो निमन्त्रणा स्वीकार गरी पाल्नु भएका नियमनकारी निकायका प्रतिनिधिहरू, बैंकका बाह्य लेखापरिक्षक, बैंक व्यवस्थापन, कर्मचारी एवं उपस्थित समस्त महानुभावहरूलाई सञ्चालक समिति र मेरो व्यक्तिगत तर्फबाट यस गरिमामय सभामा हार्दिक स्वागत गर्न चाहन्छु । बैंकले गत आर्थिक वर्षमा र चालु आ.व.को हालसम्म गरेको कार्यहरू समेतको विस्तृत विवरणहरू सञ्चालक समितिको प्रतिवेदनमा समावेश गरिएको हुँदा संक्षेपमा आफ्नो मन्तव्य राख्न चाहन्छु ।

आफ्नो बैंकिङ्ग यात्राको दुई दशक पार गरी बैंक एक्काइसौं वर्षमा संचालनमा रहेको छ । बैंक उत्कृष्ट कार्यसम्पादन, सही दिशानिर्देश तथा रणनीतिको साथ अगाडी बढिरहेको हुँदा बैंकले वित्तीय परिसूचकहरूमा आफ्नो स्थान निरन्तर रूपमा सुदृढ गर्दै आफूलाई एउटा सवल एवं विश्वसनीय बैंकको रूपमा स्थापित गराउन सफल हुँदै आएको छ । व्यवसायिक रणनीति एवं नयाँ कार्य योजनाहरू कार्यान्वयन गर्दै हामी यस बैंकलाई अझ सुदृढ बनाई अग्र पंक्तिमा पुऱ्याउन प्रयत्नरत छौं । यसका लागि आ-आफ्नो ठाँउबाट महत्वपूर्ण योगदान पुऱ्याउनु हुने सम्पूर्ण संस्थापक, संस्थापक अध्यक्ष, पूर्व संचालक, विद्यमान संचालक, शेयरधनी महानुभावहरू, ग्राहकवर्ग, नियामक निकाय, बैंकको व्यवस्थापन तथा कर्मचारीवर्ग, शुभेच्छुक तथा अन्य सम्बद्ध सम्पूर्ण समक्ष हार्दिक आभार व्यक्त गर्दछु ।

अब म यहाँहरू समक्ष बैंकले आ.व. २०७९/८० मा गरेका मुख्य कार्यहरू एवं प्राप्त गरेका उपलब्धिहरू, चालु आ.व. को हालसम्म भएका मूलभूत कार्यहरू र भविष्यमा गर्ने कार्यहरूको बारेमा संक्षेपमा चर्चा गर्ने अनुमति चाहन्छु ।

- आ.व. २०२१/२२ मा प्रकाशित वार्षिक वित्तीय प्रतिवेदनका आधारमा वित्तीय पारदर्शिता, जवाफदेहिता र सुशासनका लागि बैंक नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) द्वारा प्रदान गरिएको बैंकिङ्ग क्षेत्रको "उत्कृष्ट वार्षिक वित्तीय प्रतिवेदन २०२२" उपाधिबाट सम्मानित भएको छ र फलस्वरूप बैंकको उक्त वित्तीय प्रतिवेदन South Asian Federation of Accountants (SAFA) द्वारा दक्षिण एशियाली स्तरमा आयोजना हुने "उत्कृष्ट वार्षिक प्रतिवेदन" उपाधिको समेत प्रतिस्पर्धामा छनोट हुन सफल भएको छ । यस बैंक आ.व. २०२०/२१ मा पनि ICAN र SAFA द्वारा सम्मानित भएको थियो । यस्ता उपाधिले बैंकलाई आगामी दिनहरूमा अझ बढी परिष्कृत वित्तीय विवरण प्रकाशन गर्न हौसला मिलेको छ ।
- समीक्षा अवधिमा बैंकको चुक्ता पूँजी रू. १२.५२ अर्ववाट वृद्धि भई रू. १४.०९ अर्व पुगेको छ । बैंकले आ.व. २०७९।८० मा रू. ३.१७ अर्ब खुद नाफा आर्जन गरेको छ र उक्त खुद नाफावाट रू. १.४६ अर्ब ऋणपत्रको लागि पूँजी फिर्ता जगेडा कोष सहित अन्य विभिन्न वैधानिक जगेडा कोष तथा नियमनकारी कोषमा रकम विनियोजन गरे पश्चात् वांकि रहेको वितरणयोग्य मुनाफा रू. ६६ करोड मध्य रू. ५९.३२ करोड अर्थात् ४.२१ प्रतिशत नगद लाभांश (कर प्रयोजन समेत) वितरण गर्ने प्रस्ताव यस साधारण सभा समक्ष स्वीकृतिको लागि पेश गरेको छ । यसरी ऋणपत्रको लागि विनियोजित रकम ऋणपत्र परिपक्व भए पश्चात् शेयरधनीहरूलाई नै वितरण गरिन्छ । यसर्थ उक्त विनियोजित रकम रू. १.४६ अर्ब समेत गणना गर्दाको अवस्थामा आ.व. २०७९।८० मा बैंकको वास्तविक वितरणयोग्य मुनाफा रू. २.१२ अर्ब कायम हुन आउदछ जुन १५.०७ प्रतिशतको लाभांश वितरणयोग्य क्षमता हो ।
- समीक्षा अवधिमा बैंकको निक्षेप रू. १९६.४८ अर्बबाट वृद्धि भई रू. २२८.५७ अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा १६.३३ प्रतिशतको वृद्धि हो । समीक्षा अवधिमा बैंकले नेपालमै पहिलो पटक अद्वितीय सुविधा भएको "सिद्धार्थ PAY & SAVE खाता" नामक बचत खाता, मुद्दती निक्षेपकर्ताहरूलाई सिद्धार्थ भिसा क्रेडिट कार्ड र UNO डिस्काउन्ट कार्डको संयुक्त सुविधा सहितको छोटो अवधिको क्रेडिट कार्ड सुविधा र सिद्धार्थ जिवन सुरक्षा र सिद्धार्थ प्लेटिनम प्लस खाताका विद्यमान तथा नयाँ ग्राहकहरूलाई पहिलो वर्ष सदस्यता शुल्कमा छुट सहितको UNO क्रेडिट कार्ड सुविधा संचालनमा ल्याएको छ । समीक्षा वर्षमा बैंकमा २,७०,०५८ वटा नयाँ निक्षेप खाता र

सो मध्य २,२३,८६९ वटा नयाँ बचत खाता खोलिएका छन । कर्मचारीहरूको अथक प्रयास, बैंकले जारी गरेका विभिन्न अभियानहरू तथा उच्च गुणस्तरीय ग्राहक सेवाका कारण नयाँ खाता खोल्ने सम्बन्धमा समीक्षा वर्षमा राम्रो नतिजा प्राप्त गर्न बैंक सफल भएको छ ।

- आर्थिक वर्ष २०७८/७९ असार मसान्त सम्ममा बैंकले रू. १८८.७७ अर्ब कुल कर्जा लगानी गरेकोमा समीक्षा अवधिमा कुल कर्जा लगानी १.११ प्रतिशतले वृद्धि भई रू. १९०.८७ अर्ब पुगेको छ । बैंकले देशको समग्र आर्थिक परिदृश्यलाई ध्यानमा राख्दै सतर्कतापूर्वक कर्जामा वृद्धि गरेको छ ।

नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम कृषि, उर्जा क्षेत्रमा रू. १ करोड भन्दा कम लगानी गर्नुपर्ने लघु-घरेलु, साना एवं मझौला उद्यम क्षेत्रमा न्यूनतम कर्जा सापटको सीमा रकम पुऱ्याउन यस बैंक अग्रसर र केन्द्रित रहेको छ । बैंकले समसामयिक चुनौती तथा व्यावसायिक अवसरको सदुपयोग गर्न बैंकको संगठनात्मक संरचनामा आवश्यक परिवर्तन गरेको छ । "Missing Middle" वर्गमा आफ्नो पहुँच बढाउन बैंकले विभिन्न विकास वित्तीय संस्था (Developmental Financial Institutions) हरूसँग साझेदारी गर्दै आएको छ । नेपाल सरकार, अर्थ मन्त्रालय र जर्मन सरकारको समन्वय एवं जर्मन वित्तीय विकास निगमको सहयोगमा नेपालको ग्रामीण तथा सहर उन्मुख क्षेत्रको दिगो आर्थिक विकासका लागि लघु तथा साना व्यवसायीहरूलाई प्रत्यक्ष कर्जा सुविधा, तालिम र परामर्श दिने लगायत आवश्यक प्राविधिक सेवाहरू प्रदान गर्नको लागि Sustainable Economic Development in Rural and Semi-Urban Areas (SEDRA-II) नामक परियोजना समीक्षा अवधिमा सफलतापूर्वक सम्पन्न गरेको छ ।

समीक्षा अवधिमा यस बैंक र विश्व बैंक समूह अन्तर्गतको International Finance Corporation (IFC) बीच नेपालका लघु, साना तथा मझौला उद्यमी (MSME) व्यवसायमा र जलवायु वित्तपोषण (Climate Financing) मा लगानी गर्ने सम्झौता अन्तर्गत IFC ले बैंकलाई ५ करोड ५० लाख अमेरिकी डलर बराबरको ऋण प्रदान गरेको छ । बैंकलाई प्रदान गरिएको सो ऋण रकम IFC द्वारा कुनै पनि नेपाली बैंकलाई हालसम्म प्रदान गरिएको सबैभन्दा बढी ऋण रकम हो । यस सहकार्य सँगै बैंकले स्वच्छ ऊर्जा परियोजना, विद्युतीय सवारी साधन, जलवायु मैत्रीपुर्ण कृषि जस्ता परियोजनामा लगानी गर्नेछ । यस सम्झौताले लघु, साना तथा मझौला व्यवसाय स्थापना, संचालन र प्रवर्द्धन गर्न र हाल नेपालको बैंकिङ्ग प्रणालीमा नया श्रोतको रूपमा टेवा दिइ अर्थतन्त्र सुदृढ बनाउन मद्दत पुग्ने छ ।

यसैगरी, समीक्षा अवधिमा साना व्यवसायीलाई डिजिटल माध्यमबाट कारोबार गर्न प्रोत्साहन गर्ने उद्देश्यले बैंकले 'Siddhartha Top-Up Loan to QR Merchants' समेत संचालनमा ल्याएको छ ।

बैंकले आफ्नो रणनीति अनुरूप खुद्रा व्यापारका लागि छुट्टै Retail Business Vertical गठन गरेको छ । आर्थिक वर्ष २०७९/८० सम्ममा बैंकको कुल कर्जा रकमको करिब २९ प्रतिशत हिस्सा खुद्रा कर्जाको रहेको छ र बैंकको कुल निक्षेप रकमको करिब ५३ प्रतिशत हिस्सा खुद्रा निक्षेपको रहेको छ ।

यसैगरी, समीक्षा अवधिमा घर खरिद, घर निर्माण तथा घर जीर्णोद्धार गर्न ७ वर्ष सम्म १०.९९ प्रतिशतको अपरिवर्तनीय प्रतिष्पर्धी ब्याजदरमा बैंकले "सिद्धार्थ हाम्रो घर कर्जा" नामक नयाँ कर्जा योजना संचालनमा ल्याएको छ । यसैगरी, समीक्षा अवधिमा दिगो विकासमा बैंकको प्रतिबद्धता बमोजिम बैंकले Climate Financing अर्न्तगत Electric Vehicle (EV) कर्जा सुविधा ११.२५ प्रतिशतको अपरिवर्तनीय प्रतिष्पर्धी ब्याजदरमा संचालनमा ल्याएको छ । समीक्षा अवधिमा ग्राहकहरूले बैंक स्मार्ट (Bank's Omni Channel Mobility Application) मार्फत डिजिटल माध्यमबाट नै मुद्दती निक्षेप खाता खोल्न र मुद्दती निक्षेप कर्जाका लागि आवेदन समेत दिन सक्नेछन् ।

उर्जा क्षेत्र तथा परियोजना कर्जा विस्तार हेतु यस बैंकले संस्थागत कर्जा विभाग अन्तरगत पूर्वाधार तथा परियोजना लगानी महाशाखा स्थापना गरी जलविद्युत नविकरणीय उर्जा एवं पूर्वाधार परियोजनाहरूमा लगानी गर्दै आइरहेको छ । बैंकले आर्थिक वर्ष २०७९/८० को आषाढ मसान्त सम्ममा उर्जा क्षेत्र अन्तरगत जलविद्युत परियोजनाका लागि स्वीकृत कुल सीमा रू. १८९.२३ अर्व मध्ये रू. १२.९७ अर्ब कर्जा प्रवाह गरी जलविद्युत क्षेत्रको विकासमा उल्लेख्य योगदान पुऱ्याएको छ जुन लगानीबाट करीव ७३०.८४ मेघावाट क्षमताका विभिन्न जलविद्युत आयोजनाहरूमा लगानी गरेको छ ।

समीक्षा अवधिमा Invest for Impact Nepal (IIN) को समन्वयमा यस बैंक Environmental, Social and Governance (ESG) व्यवस्थापन प्रणाली लागू गर्ने प्रक्रियामा रहेको छ ।

बैंकमा उच्च गुणस्तरका कर्जा प्रस्तावहरू Onboard गर्न एवं कर्जाको मूल्याङ्कनमा एकरूपता सुनिश्चित गर्न बैंकले कर्जा प्रस्तावहरूको स्वतन्त्र मुल्यांकनका लागि बैंकको नयाँ सांगठनिक संरचनामा क्रेडिट अन्डरराइटिङ विभाग स्थापना गरी क्रेडिट अन्डरराइटिङ प्रक्रिया सञ्चालनमा ल्याएको छ ।

आफ्नो कर्जा कार्य, कर्जा प्रक्रिया, कर्जा सम्बन्धित नीति, निर्देशिका र प्रडक्ट पेपरमा सुधार ल्याउन गरेका पहलहरूका सम्बन्धमा बैंकले सम्पूर्ण कर्जा सम्बन्धी कार्यहरूलाइ र कर्जा प्रक्रियालाई थप सुधार र रिइन्जिनियरिङ गर्ने उद्देश्य राखी बैंकले National Banking Institute (NBI) लाई परामर्शदाताको रूपमा नियुक्त गरेको छ । परामर्शदाताको सुझाव/सिफारिसले बैंकको जोखिम व्यवस्थापनमा सुधार ल्याउन, समग्र कर्जा व्यवस्थापनमा दक्षता अभिवृद्धि गर्न, जोखिम न्यूनीकरण गर्न र बैंकमा कर्जा व्यवस्थापनका उत्कृष्ट अभ्यासहरू कार्यान्वयन गर्न तथा थप प्रभावकारी कर्जा प्रक्रिया अवलम्बन गर्न सहयोगी हुने बैंकले विश्वास लिएको छ । यसैगरी, ऊर्जा क्षेत्र अन्तर्गतको कर्जाको उचित, पर्याप्त र यथार्थपरक मूल्याङ्कन र अनुगमन सुनिश्चित गर्न उपयुक्त जलविद्युत परियोजना मार्गनिर्देशनको आवश्यकता महसुस गरी बैंकले सो मार्गनिर्देशन तयार गर्न सहयोग गर्न यस क्षेत्रका विशेषज्ञसँग सम्झौता गरेको छ ।

- समीक्षा अवधिमा बैंकको लगानी रू. ५८.३२ अर्बबाट वृद्धि भई रू. ६७.६६ अर्ब पुगेको छ, जुन गत आ.व. को तुलनामा करिब १६.०२ प्रतिशतको वृद्धि हो । समीक्षा अवधिमा बैंकको कुल सम्पत्ति रू. २६४.३३ अर्बबाट वृद्धि भई रू. २८५.९८ अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा करिब ८.१९ प्रतिशतको वृद्धि हो ।
- समीक्षा अवधिमा खुद ब्याज आम्दानी रू. ६.६० अर्बबाट वृद्धि भई रू. ८.१८ अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा २४.०७ प्रतिशतको वृद्धि हो । समीक्षा अवधिमा बैंकको संचालन मुनाफा रू. ४.२७ अर्बबाट वृद्धि भई रू. ४.६५ अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा ९.०६ प्रतिशतको वृद्धि हो । यसैगरी, समीक्षा अवधिमा बैंकको खुद नाफा रू. २.९० अर्बबाट वृद्धि भई रू. ३.१७ अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा ९.११ प्रतिशतको वृद्धि हो । आर्थिक सुस्तताले गर्दा बैंकिङ्ग क्षेत्रमा बढ्दै गरेको खराब कर्जाको बाबजुद पनि बैंकले आ.व. २०७९/८० मा रू. ३.१७ अर्ब खुद मुनाफा आर्जन गर्न सफल भएको छ । विविध प्रतिकुलताका बावजुद पनि चालु आ.व. को भाद्र मसान्तसम्म बैंकको कुल निक्षेप तथा कुल कर्जा सापट क्रमशः रू. २२०.०५ अर्ब र रू. १९१.६९ अर्ब पुगेको छ र बैंकले रू. ८५ करोड संचालन मुनाफा आर्जन गर्न सफल भएको छ ।
- समीक्षा अवधिमा बैंकको निष्कृय कर्जा अनुपात २.०१ प्रतिशत रहेको छ, जुन गत आ. व. मा १.०७ प्रतिशत रहेको थियो । प्रतिकुल बजार अवस्थाका बावजुद बैंकले निस्कृय कर्जाको अनुपातलाई २.०१ प्रतिशतमा सिमित गर्न सफल भएको छ । आगामी दिनहरूमा निष्कृय कर्जा असुलीलाई बैंकले उच्च प्राथमिकतामा राखेको छ । बैंकले अपलेखित कर्जा असुली प्रक्रियालाई निरन्तर चालु राखेको छ ।
- समीक्षा अवधिमा बैंकको नेटवर्थ प्रति शेयर रू. १७९.६१ रहेको छ, जुन गत आ.व.मा रू. १७२.४५ थियो । यो गत आ.व.को तुलनामा ४.१५ प्रतिशतको वृद्धि हो । समीक्षा अवधिमा बैंकको प्रति शेयर आम्दानी रू. २२.४८ रहेको छ, जुन गत आ.व. मा रू. २०.६० थियो । यो गत आ.व.को तुलनामा ९.११ प्रतिशतको वृद्धि हो ।
- बैंकले ग्राहकको गोपनियता, सुरक्षा तथा तथ्याङ्ककको विश्वसनीयता लगायतका विषयहरूमा उच्चस्तरको सूचना प्रविधि सुरक्षा प्रणालीको प्रयोग गरिरहेको छ । यसैगरी बैंकले उच्च प्रविधियुक्त तथा विश्वसनीय सेवाका लागि विद्यमान Core Banking System (CBS), Customer Relationship Management (CRM) तथा Loan Origination System (LOS) परियोजना पुर्णरूपमा कार्यान्वयनमा ल्याएको छ । यसैगरी तथ्याङ्कहरू व्यवस्थापन गर्न, संचार गर्न तथा तथ्याङ्कको विश्लेषण गर्न ऐतिहासिक तथ्याङ्क भण्डारणको व्यवस्थापनको सुरूवात गरिएको छ । बैंकको विभिन्न Web Application को सुरक्षा वृद्धि तथा Cyber Threats को सुरक्षा नियन्त्रण गर्न बैंकले Web Application Firewall प्रयोगमा ल्याएको छ । अन्तराष्ट्रिय भुक्तानी सम्बन्धी साइबर हमला तथा साइबर सुरक्षा नीति अनुरूप SWIFT CSP Assessment पुरा गरिएको छ ।

- बैंकले तथ्याङ्कहरूलाई Visual Dashboard को माध्यमबाट Business Insight प्रस्तुत गर्नका लागि Business Intelligence (BI) Tools संचालनमा ल्याएको छ । वर्तमान डाटा सेन्टरलाई अझ सुदृढ बनाउने प्रयास स्वरूप बैंकले मोड्युलर डाटा सेन्टर स्थापना कार्य शुरू गरेको छ । नयाँ प्रविधि सँगै बैंकको सूचना प्रविधि चुस्त र अद्यावधिक राख्न यस डाटा सेन्टरले महत्वपुर्ण भुमिका खेल्ने बैंकले विश्वास लिएको छ ।
- बैंकले बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाण्डौ महानगरपालिका वार्ड नं. १, नक्सालमा आफ्नै केन्द्रीय कार्यालय भवनका साथै कास्की जिल्ला, पोखरामा तथा मोरङ्ग जिल्ला, बिराटनगरमा आफ्नै प्रादेशिक तथा शाखा कार्यालय भवनको निर्माण सम्पन्न गरी संचालनमा ल्याएको छ । अत्याधुनिक प्रविधिमैत्री बैंकिङ्ग मार्फत आम ग्राहकहरू समक्ष उच्चस्तरिय सेवा प्रदान गर्ने उद्देश्य प्राप्तीमा नवनिर्मित भवनहरूले सहजता प्रदान गर्ने बैंकले विश्वास लिएको छ ।
- आफ्नो स्थापनाकालदेखि नै संस्थागत सामाजिक उत्तरदायित्वलाई उच्च प्राथमिकतामा राख्दै बैंकले समीक्षा वर्षमा स्वास्थ्य, वित्तीय साक्षरता, वातावरण संरक्षण, शिक्षा अभिवृद्धि, संस्कृति प्रवर्द्धन, पर्यटन क्षेत्र प्रवर्द्धन, वन्यजन्तु संरक्षण जस्ता सामाजिक क्षेत्रहरूमा कुल रू. २ करोड ११ लाख ९८ हजार रकम संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत प्रदान गरेको छ । समीक्षा अवधिमा कोशी अस्पताल, बिराटनगर, मोरङ्गलाई रू. ५७ लाख २३ हजार बराबरको ३ थान हेमोडायलाइसीस मेशीनहरू प्रदान गरिएको छ भने रू. ५५ लाखको लागतमा बीरगञ्ज स्थित नारायणी अस्पताललाई डाइलाइसिस भवनको प्रबलीकरण तथा निर्माणका साथै रू. ६ लाख १८ हजार बराबरको UPS र ब्याट्री सहयोग समेत प्रदान गरिएको छ । यस्तै, श्री अमरसिंह मा.वि., पोखरा, कास्कीलाई बहुउपयोगी हल निर्माणको लागि रू. ४० लाख रकम आर्थिक सहयोग गर्नुका साथै २० थान कम्प्युटर तथा USP, ब्याट्री र सोलार समेत प्रदान गरेको छ । यसैगरी, बैंकले सरकारी राजस्वमा उल्लेखनीय रकम योगदान गरी एक जिम्मेवार करदाताको कर्तव्य पनि निर्वाह गर्दै आइरहेको छ । समीक्षा वर्षमा मात्रै बैंकले विभिन्न प्रकारका करको रूपमा गरी जम्मा रू. २९८.९१ करोड सरकारी कोषमा योगदान गरेको छ ।
- बैंकमा व्यवसायको क्रममा आईपर्न सक्ने कर्जा जोखिम, सञ्चालन जोखिम, सूचना तथा प्रविधि जोखिम, तरलता जोखिम, बजार जोखिम, ब्याजदर जोखिम, विदेशी विनिमय जोखिम, सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलाप सम्बन्धी जोखिम, अनुपालना जोखिम, प्रतिष्ठा जोखिम, रणनीतिक जोखिम, वातावरण तथा सामाजिक जोखिम, आन्तरिक तथा बाह्य चुनौतीले श्रृजना गर्ने जोखिम र अन्य जोखिमहरूलाई मापन, नियन्त्रण, व्यवस्थापन तथा पर्याप्त रूपमा सम्बोधन गर्न एकीकृत जोखिम व्यवस्थापन विभाग क्रियशील रहेको छ । साथै बैंकले प्रभावकारी जोखिम व्यवस्थापन गर्न तथा पुँजीकोष पर्याप्तता सुनिश्चित गर्न राष्ट्र बैंकले जारी गरेको Risk Managament Guidelines, Stress Testing Guidelines तथा ICAAP Guidelines को अनुशरण गर्दै आएको छ । यसैगरी, बैंकमा आन्तरिक नियन्त्रण, समग्र जोखिम व्यवस्थापन, कुशल निरीक्षण, प्रभावकारी एवं समयानुकुल निर्णय तथा संस्थागत सुशासन लगायतका उद्देश्य सहित कार्यकारी समिति, व्यवस्थापकीय कर्जा समिति, सम्पत्ति तथा दायित्व व्यवस्थापन समिति लगायत व्यवस्थापकीय तहका विभिन्न समितिहरू क्रियाशील रहेका छन । ग्राहक पहिचान तथा सम्पत्ति शुद्धिकरण सम्बन्धमा प्रचलित नेपाल कानून एवं नेपाल राष्ट्र बैंकले जारी गरेको अद्यावधिक निर्देशनहरूलाई बैंकले सदैव प्राथमिकताका साथ पालना गर्दै आएको छ ।
- बैंकले आफ्ना कर्मचारीहरूलाई सदैव शक्तिशाली र महत्वपूर्ण सम्पत्तिको रूपमा लिई उचित स्थानमा उचित योग्यता र क्षमता भएका कर्मचारीहरू परिचालन गर्दै आएको छ । यसैगरी, बैंकले बदलिँदो परिवेशमा कर्मचारीहरूको कार्य प्रभावकारिता बढाउन ज्ञान, क्षमता, सीप अभिवृद्धि एवं जोखिम व्यवस्थापनका लागि आन्तरिक तथा बाह्य रूपमा राष्ट्रिय-अन्तर्राष्ट्रिय तहमा विभिन्न तालिमहरूमा कर्मचारीहरूलाई सहभागी गराउँदै आएको छ । विद्यमान मानव संशाधन प्रक्रियालाई प्रभावकारी बनाउन बैंकले जनशक्ति व्यवस्थापन गर्न Human Capital Management System कार्यान्वयनको लागि काम अगाडी बढाएको छ ।
- बदलिँदो परिवेश, नयाँ व्यवसायका अवसर, चुनौती र ग्राहकको प्राथमिकतालाई आत्मासात गर्दै बैंकले आफ्नो सांगठनिक संरचना परिवर्तन गरेको छ । बैंकको सांगठनिक संरचना तयार गर्दा बैंकको मुल मान्यताहरू दिगो विकास, पारदर्शिता, निष्ठा, नवीनता र ग्राहक केन्द्रित मूल्य मान्यतालाई केन्द्रबिन्दुमा राखिएको छ ।

- बैंकको संचालन तथा व्यवस्थापनमा संस्थागत सुशासनका उच्चतम अभ्यास तथा प्रक्रियाहरूलाई बैंकले अत्यन्त महत्वका साथ पालना गर्दै आइरहेको छ । संस्थागत सुशासनका अभ्यासहरू र नैतिक व्यावसायिक आचरण बैंकको मूल्य मान्यताको केन्द्रबिन्दुमा रहेका छन् । बैंकले संस्थागत सुशासनका अभिन्न अङ्ग निष्ठा, जवाफदेहिता, उत्तरदायित्व, पारदर्शिता, निष्पक्षतालाई व्यावसायिक क्रियाकलापमा सदैव आत्मसात गर्दै आएको छ ।
- बैंकको समग्र संचालन एवं व्यवस्थापनका लागि नीतिगत निर्णय गर्ने, प्रचलित कानून एवं बैंकको आन्तरिक नीति नियम बमोजिम विभिन्न प्रस्तावहरू स्वीकृत गर्ने, बैंकको अल्पकालीन एवं दीर्घकालीन योजना एवं रणनीति तर्जुमा गर्ने, व्यवसायसँग सम्बन्धित विभिन्न प्रकारका जोखिमहरू लगायतका विषयहरूमा निरन्तर छलफल गरी विभिन्न निर्णय गर्ने र सो को अनुगमन गर्नेमा संचालक समिति निरन्तर सक्रिय रहेको छ । यसका लागि संचालक समिति एवं संचालकस्तरीय समितिहरूले प्रचलित कानून एवं नियमनकारी निकायहरूले तोकेको मापदण्डहरूलाई समेत ख्याल गर्दै नियमित तवरले बैठकहरू बसी उपयुक्त निर्णय लिदै आएको छ ।
- शेयरधनी महानुभावहरूले वार्षिक साधारण सभामा दिनु भएका अमूल्य सल्लाह तथा सुझावहरू अधिकांश कार्यान्वयन गरिसकिएको र केही कार्यान्वयनका विभिन्न चरणमा रहेको अवगत गराउन चाहन्छौं । साथै, आगामी दिनमा पनि शेयरधनी महानुभावहरूबाट निरन्तर सुझाव एवं सहयोगको अपेक्षा गर्दै प्राप्त सुझाव कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दछौं ।

यसरी बैंकको उन्नति र प्रगतिको सहयात्रामा साथ दिनुहुने सम्पूर्ण ग्राहक महानुभावहरू, शेयरधनी महानुभावहरू, संस्थापकहरू, संस्थापक अध्यक्ष, पूर्व संचालक, विद्यमान संचालक, नेपाल सरकार, नियमनकारी निकायहरू नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्स्चेञ्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड एवं लेखापरिक्षकबाट प्राप्त सहयोग, सद्भाव, विश्वास तथा मार्गदर्शनको लागि हार्दिक कृतज्ञता ज्ञापन गर्दै भविष्यमा पनि यहाँहरूको साथ पाईरहने आशा एवं विश्वास लिएको छु । यसैगरी, बैंकको हरेक उपलब्धि र प्रगतिमा आफ्नो अथक परिश्रमका साथ महत्वपूर्ण योगदान पुऱ्याउने बैंक व्यवस्थापन एवं सम्पूर्ण कर्मचारीहरूको व्यवसायिक प्रतिवद्धता एवं लगनशीलताको उच्च मूल्याङ्कन गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

मनोज कुमार केडिया,
अध्यक्ष, सञ्चालक समिति
मिति २०८० साल कार्तिक १३ गते

सिद्धार्थ बैंक लिमिटेड

संचालक समितिको वार्षिक प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरू,

सिद्धार्थ बैंक लिमिटेडको बाइसौं वार्षिक साधारण सभामा उपस्थित भई सभाको गरिमा बढाइदिनु भएकोमा आदरणीय शेयरधनी महानुभावहरू, विभिन्न नियमनकारी निकायबाट पाल्नु भएका प्रतिनिधीज्यूहरू, संस्थापकज्यूहरू, संचालकज्यूहरू, बैंकका बाह्य लेखापरिक्षक एवं कानुनी सल्लाहकारज्यूहरू, पत्रकार मित्रहरू, बैंकमा कार्यरत कर्मचारीहरू तथा उपस्थित सम्पूर्ण महानुभावहरूलाई संचालक समितिको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन गर्दछौं । विगत २० वर्षको यात्राका क्रममा बैंकलाई अधिकतम उचाई प्राप्त गर्न आ-आफ्नो ठाँउबाट महत्वपूर्ण योगदान पुऱ्याउनु हुने बैंकका सम्पूर्ण सरोकारवालाहरू, सम्पूर्ण शेयरधनी महानुभाव, ग्राहकवर्ग, नियामक निकाय, बैंकका कर्मचारीवर्ग, शुभेच्छुक तथा अन्य सम्पूर्ण सम्बद्ध निकायहरू समक्ष हार्दिक आभार व्यक्त गर्दछौं । बैंक प्रति यहाँहरूले दर्शाउनु भएको विश्वास र भरोसाकै कारण आज सिद्धार्थ बैंक व्यावसायिक रूपमा सफल एवं सक्षम वाणिज्य बैंकको रूपमा स्थापित हुन सफल भएको छ ।

सिद्धार्थ बैंक लिमिटेड उत्कृष्ट कार्यसम्पादन, सही दिशानिर्देश तथा उचित रणनीतिको साथ अगाडी बढिरहेको हुँदा बैंकले वित्तीय परिसूचकहरूमा आफ्नो स्थान निरन्तर रूपमा सुदृढ गर्दै आफूलाई एउटा सवल एवं विश्वसनीय बैंकको रूपमा स्थापित गराउन सफल हुँदै आएको छ । व्यावसायिक रणनीति एवं नयाँ कार्य योजनाहरू कार्यान्वयन गर्दै हामी यस बैंकलाई अझ सुदृढ बनाई अग्र पंक्तिमा पुऱ्याउन प्रयत्नरत छौं ।

आ.व. २०७९/८० मा बैंकले गरेका प्रगतिहरू, उपलब्धीहरू, संचालनमा देखिएका चुनौतीहरू एवं बैंकले आगामी दिनहरूमा अवलम्बन गर्ने अल्पकालीन तथा दीर्घकालीन योजनाहरू र समग्र बैंकिङ्ग कार्यको समीक्षा तथा पुनरावलोकन सहित कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३, को अधीनमा रही तयार गरिएको यो वार्षिक प्रतिवेदन संचालक समितिको तर्फबाट बैंकको बाइसौं वार्षिक साधारण सभामा यहाँहरू समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छौं ।

१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक परिदृश्य

(क) विश्व अर्थतन्त्र

रूस-युक्रेन युद्ध, पेट्रोलियम पदार्थको मूल्य वृद्धि र आपूर्ति व्यवधान लगायतका कारण मुद्रास्फीति उच्च रहन गएको पृष्ठभूमिमा हुन गएको ब्याजदरको बढोत्तरीले विश्व अर्थतन्त्रको वृद्धिदर सुस्त भएको छ । विश्व व्यापार गतिविधि तथा पूँजी प्रवाह प्रभावित भएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले (कोष) विश्व अर्थतन्त्र र विकसित एवम् उदीयमान अर्थतन्त्रको वृद्धिदर सन् २०२३ मा न्यून रहने र सन् २०२४ मा सामान्य सुधार आउने प्रक्षेपण गरेको छ ।

कोषका अनुसार सन् २०२२ मा ३.४ प्रतिशतले विस्तार भएको विश्व अर्थतन्त्रको वृद्धिदर सन् २०२३ मा २.८ प्रतिशतले तथा सन् २०२४ मा ३.० प्रतिशतले विस्तार हुने देखिएको छ । विकसित अर्थतन्त्र भने सन् २०२२ मा २.७ प्रतिशतले विस्तार भएकोमा सन् २०२३ मा १.३ प्रतिशतले र सन् २०२४ मा १.४ प्रतिशतले विस्तार हुने कोषको प्रक्षेपण रहेको छ । उदीयमान तथा विकासोन्मुख मुलुकहरूको अर्थतन्त्रको वृद्धिदर अघिल्लो वर्ष ४ प्रतिशतले विस्तार भएकोमा सन् २०२३ र २०२४ मा क्रमशः ३.९ र ४.२ प्रतिशतले विस्तार हुने कोषको प्रक्षेपण छ । यसैगरी, भारत र चीनको अर्थतन्त्र सन् २०२२ मा क्रमशः ६.८ प्रतिशत र ३.० प्रतिशतले विस्तार भएकोमा सन् २०२३ मा क्रमशः ५.९ प्रतिशत र ५.२ प्रतिशतले विस्तार हुने प्रक्षेपण छ । सन् २०२४ मा भारतको अर्थतन्त्र ६.३ प्रतिशतले र चीनको अर्थतन्त्र ४.५ प्रतिशतले विस्तार हुने कोषको प्रक्षेपण रहेको छ ।

विश्व अर्थतन्त्रले भोग्नुपरेको उच्च मुद्रास्फीतिको स्थितिमा क्रमशः सुधार हुँदै गएको छ । यद्यपि, उर्जाको मूल्य अनिश्चितता, रूस-युक्रेनबीच जारी युद्ध र आर्थिक मन्दीको सामना गर्न अवलम्बन हुन सक्ने नीतिगत लचकताका कारण मुद्रास्फीति बढ्न सक्ने जोखिम कायमै रहेको छ । अघिल्लो वर्ष विश्व मुद्रास्फीति ८.७ प्रतिशत रहेकोमा सन् २०२३ मा ७ प्रतिशत र सन् २०२४ मा ४.९ प्रतिशतमा झर्ने कोषको प्रक्षेपण छ । यसैगरी अघिल्लो वर्ष विकसित र विकासोन्मुख मुलुकहरूको मुद्रास्फीति क्रमशः ७.३ प्रतिशत र ९.८ प्रतिशत रहेकोमा सन् २०२३ मा

क्रमशः मा ४.७ प्रतिशत र ८.६ प्रतिशत तथा सन् २०२४ मा क्रमशः २.६ प्रतिशत र ६.५ प्रतिशतमा झर्ने कोषको प्रक्षेपण छ । रूस-युक्रेन युद्धपछि बढेको पेट्रोलियम पदार्थ, खाद्यान्न र धातुजन्य वस्तुहरूको मूल्य हाल स्थिर रहेको वा घट्ने प्रवृत्तिमा रहेका छन् । फलस्वरूप, विश्वका अधिकांश मुलुकहरूमा मुद्रास्फीति घट्दै गएको छ । तथापि, मुद्रास्फीति अझै लक्ष्यभन्दा माथि रहेको र जारी भूराजनैतिक तनावका कारण इन्धनको मूल्यका साथै समग्र मूल्य स्थितिमा जोखिम कायमै रहने देखिएको छ ।

(ख) देशको अर्थतन्त्र

आ.व. २०७९/८० मा नेपालको आर्थिक वृद्धिदर आधारभूत मूल्यमा २.१६ प्रतिशत तथा उत्पादकको मूल्यमा १.८६ प्रतिशत रहने केन्द्रीय तथ्याङ्क विभागको अनुमान रहेको छ । अघिल्लो आर्थिक वर्ष उच्च शोधनान्तर घाटाले आन्तरिक तरलता प्रशोचन गरेको र पुँजीगत खर्च लक्ष्य अनुसार नभएका कारण समग्र आन्तरिक मागमा कमी आई निर्माण, खानी तथा उत्खनन, उत्पादनमूलक र थोक तथा खुद्रा व्यापार क्षेत्रहरू बढी प्रभावित भएकाले यी क्षेत्रहरूको वृद्धिदर ऋणात्मक रहने अनुमान रहेको छ । आर्थिक वर्ष २०८०/८१ को बजेटमा ६ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखिएको छ । बजेटमा उल्लेख भए बमोजिमको सुधारका कार्ययोजनाहरूको कार्यान्वयन र विनियोजन बमोजिमको पुँजीगत खर्च हुँदा निजी क्षेत्रबाट हुने लगानीमा समेत सकारात्मक प्रभाव पर्ने र यसबाट लक्षित आर्थिक वृद्धि हासिल हुन थप सहयोग पुग्ने देखिन्छ ।

मनसुन सक्रिय रहेको, रासायनिक मल सहज रूपमा उपलब्ध भएको र सरकारले समयमा नै धानको न्यूनतम समर्थन मूल्य तोकी मूल्य अनिश्चितता हटाएकाले आर्थिक वर्ष २०८०/८१ मा कृषि क्षेत्रको वृद्धिदर सन्तोषजनक रहने अनुमान रहेको छ । विद्युतको बढ्दो निर्यातबाट भारतसँगको व्यापार घाटा कम गरी बाह्य क्षेत्रमा सुधार ल्याउन र आन्तरिक अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग पुग्ने देखिन्छ ।

आर्थिक वर्ष २०७९/८० को सुरूवातदेखि नै पर्यटक आगमनमा सुधार भएको छ । कोभिडको असर कम भएसँगै अन्तर्राष्ट्रिय यात्रा मापदण्डहरू खुकुलो बनाइएको छ भने व्यावसायिक वातावरण सहज बन्दै गएको छ । नेपाल सरकारले सन् २०२३-२०३३ लाई नेपाल भ्रमण दशकको रूपमा मनाउने घोषणा गरेको र होटल, एयरपोर्ट लगायतका पर्यटनसँग सम्बन्धित पूर्वाधारहरूको विस्तार हुँदै गएकोले आगामी वर्षहरूमा विदेशी पर्यटकको आगमन संख्यामा निरन्तर बढोत्तरी हुने र पर्यटन क्षेत्र थप विस्तार हुने देखिएको छ ।

बाह्य क्षेत्रमा सुधार भई ब्याजदर घट्दो क्रममा रहेकोले निजी माग विस्तार हुने र यसबाट आर्थिक क्रियाकलाप चलायमान बनाउन सहयोग पुग्ने देखिन्छ । बाह्य रोजगारीमा जानेको संख्या बढेको हुनाले विप्रेषण आप्रवाह पनि सन्तोषप्रद रहने अनुमान छ । तर, उल्लेख्य संख्यामा युवाहरू वैदेशिक रोजगारी र अध्ययनको लागि विदेशिने क्रम बढेकोले आन्तरिक माग केही हदसम्म प्रभावित भएको छ ।

वार्षिक औसत उपभोक्ता मुद्रास्फीति लक्षित सीमाभन्दा केही माथि रहने देखिएको छ । आर्थिक वर्ष २०७८/७९ को एघार महिनासम्ममा औसत उपभोक्ता मुद्रास्फीति ६.१८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० को सोही अवधिमा ७.७७ प्रतिशत कायम भएको छ । २०८० जेठ मसान्तमा भने वार्षिक बिन्दुगत मुद्रास्फीति लक्षित सीमाभन्दा केही कम ६.८३ प्रतिशत रहेको छ । आन्तरिक मागमा कमी आएको र भारतमा थोक मूल्य घट्ने प्रवृत्ति देखापरेकोले मूल्यमा परेको चाप कम हुँदै जाने देखिन्छ । अन्तर्राष्ट्रिय स्तरमा मूल्यमा परेको चाप कम हुँदै गएतापनि कच्चा तेलको मूल्यमा रहेको अनिश्चितता र जारी रूस-युक्रेन युद्धका कारण मूल्यमा उच्च जोखिमको स्थिति अझै विद्यमान छ । तथापि, अन्तर्राष्ट्रिय स्तरमा कायम रहेको नीतिगत कार्यदिशा, मुद्रास्फीतिको घट्दो क्रम, मुद्रास्फीतिसम्बन्धी नागरिकको स्थिर अपेक्षा र मूल्यको आधार प्रभाव समेतलाई दृष्टिगत गर्दा आर्थिक वर्ष २०८०/८१ मा ६.५ प्रतिशतको सीमाभित्र मुद्रास्फीति रहने देखिन्छ ।

आर्थिक वर्ष २०७९/८० मा वैदेशिक व्यापारमा गिरावट आएको छ । गत वर्षको तुलनामा व्यापार घाटा १५.२ प्रतिशतले सुधार भई रू.१३३७ अर्ब ३९ करोड रहन गएको छ । बजेटको आकार, विप्रेषण आप्रवाहको वर्तमान प्रवृत्ति र ब्याजदरको घट्दो क्रमलाई दृष्टिगत गर्दा आगामी वर्ष आयात तथा सेवा व्यापार करिब १६ प्रतिशतले विस्तार हुने अनुमान रहेको छ ।

आर्थिक वर्ष २०७९/८० मा शोधनान्तर स्थितिमा सुधार आएको छ । आर्थिक वर्ष २०७९/८० को एघार महिनासम्ममा शोधनान्तर स्थिति रू.२२८ अर्ब ९८ करोडले बचतमा रहेको छ । तर, चालु खाता भने रू.६९ अर्ब ४० करोडले घाटामा रहेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा चालु खाता रू.५९२ अर्ब १४ करोड र शोधनान्तर स्थिति रू.२६९ अर्ब ८१ करोडले घाटामा रहेको थियो । नयाँ र बढी

आय हुने श्रम गन्तव्य मुलुकहरूमा वैदेशिक रोजगारीमा जाने प्रवृत्ति र विप्रेषण आप्रवाहलाई गरिएको प्रोत्साहनले आर्थिक वर्ष २०७९/८० मा विप्रेषण आप्रवाह सन्तोषजनक रहेको छ । आर्थिक वर्ष २०७९/८० को एघार महिनासम्ममा विप्रेषण आप्रवाह नेपाली रूपैयाँमा २२.७ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०७९/८० मा भ्रमण आय ९४.३ प्रतिशतले बढेको छ । आर्थिक वर्ष २०८०/८१ मा पनि भ्रमण आय सन्तोषजनक रहने अनुमान छ । विदेशी विनिमय सञ्चिति सुविधाजनक अवस्थामा रहेको छ । २०७९ असार मसान्तको तुलनामा कुल विदेशी विनिमय सञ्चिति २१.८ प्रतिशतले वृद्धि भई २०८० जेठ मसान्तमा रू.१४८० अर्ब ८७ करोड पुगेको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति १८.५ प्रतिशतले वृद्धि भई ११ अर्ब ३० करोड पुगेको छ । विप्रेषण आप्रवाहको वृद्धिदर उच्च नहुने तर आयातको वृद्धिदर भने उच्च रहन गएमा विदेशी विनिमय सञ्चितिमा दबाब पर्ने जोखिम छ । आर्थिक वर्ष २०८०/८१ मा निजी क्षेत्रतर्फ जाने कर्जा, बजेटको आकार र यसले प्रस्तावित वैदेशिक सहयोग, आयात तथा निर्यात व्यापार र विप्रेषण आप्रवाहको प्रवृत्तिलाई दृष्टिगत गर्दा चालु खाता घाटामा वृद्धि भएतापनि शोधनान्तर स्थिति केही बचतमा रहने प्रक्षेपण रहेको छ ।

आर्थिक वर्ष २०७९/८० मा भएको कुल खर्चमा चालु खर्चको अंश ७०.३५ प्रतिशत र पुँजीगत खर्चको अंश १६.३४ प्रतिशत रहेको छ । चालु र पुँजीगत शीर्षकतर्फ विनियोजित बजेटको क्रमशः ८५.० प्रतिशत र ६१.४ प्रतिशत खर्च भएको छ । आर्थिक वर्ष २०७९/८० मा राजस्व घाटा रू.४७२ अर्ब ४१ करोड रहन गएको छ । अघिल्लो आर्थिक वर्ष राजस्व घाटा रू.२२८ अर्ब २९ करोड रहेको थियो । न्यून गार्हस्थ्य बचतका कारण आन्तरिक स्रोत सीमित रहेको सन्दर्भमा वैदेशिक लगानी, ऋण तथा सहायता मार्फत स्रोत व्यवस्थापन हुन सकेमा बाह्य क्षेत्र र ब्याजदरमा आएको सुधारलाई कायम राख्न उल्लेख्य सहयोग पुग्दछ ।

(ग) वित्तीय क्षेत्रको अवस्था

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप १२.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो निक्षेप ९.० प्रतिशतले बढेको थियो । २०८० असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको अंश क्रमशः ७.७ प्रतिशत, २६.६ प्रतिशत र ५८.९ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अंश क्रमशः ८.९ प्रतिशत, २७.६ प्रतिशत र ५५.८ प्रतिशत रहेको थियो । २०८० असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३६.६ प्रतिशत रहेको छ । २०७९ असार मसान्तमा यस्तो निक्षेपको अंश ३८.३ प्रतिशत रहेको थियो ।

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ३.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो कर्जा १३.१ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये गैर-वित्तीय संस्थागत क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ६२.७ प्रतिशत र व्यक्तिगत तथा घरपरिवार क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ३७.३ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ६३.३ प्रतिशत र ३६.७ प्रतिशत रहेको थियो ।

समीक्षा वर्षमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरूको कर्जा प्रवाह ३.५ प्रतिशतले बढेको छ । २०८० असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहेको कर्जामध्ये ६८.० प्रतिशत कर्जा घर जग्गाको धितोमा र ११.६ प्रतिशत कर्जा चालु सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ । २०७९ असार मसान्तमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ६६.४ प्रतिशत र १२.३ प्रतिशत रहेको थियो ।

आर्थिक वर्ष २०७९/८० मा बैंक तथा वित्तीय संस्थाहरूको कृषि क्षेत्रतर्फको कर्जा ६.८ प्रतिशतले, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ८.३ प्रतिशतले, यातायात, संचार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा २१.० प्रतिशतले, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा ३.९ प्रतिशतले र सेवा उद्योग क्षेत्रतर्फको कर्जा ३.७ प्रतिशतले बढेको छ । समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित आवधिक कर्जा ३२.० प्रतिशतले, रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जा समेत) ५.६ प्रतिशतले र हायर पर्चेज कर्जा १.३ प्रतिशतले बढेको छ भने ट्रष्ट रिसिट (आयात) कर्जा ६.२ प्रतिशतले, ओभरड्राफ्ट कर्जा ६७.७ प्रतिशतले, डिमान्ड तथा चालु पूँजी कर्जा १३.२ प्रतिशतले र मार्जिन प्रकृति कर्जा ५.२ प्रतिशतले घटेको छ ।

(घ) पूँजी बजारको अवस्था

२०७९ असार मसान्तमा २००९.५ रहेको नेप्से सूचकाङ्क २०८० असार मसान्तमा २०९७.१ कायम भएको छ । २०८० असार मसान्तमा धितोपत्र बजार पुँजीकरण रू. ३०८२ अर्ब ५२ करोड कायम भएको छ । २०७९ असार मसान्तमा बजार पुँजीकरण रू.२८६९ अर्ब ३४ करोड रहेको थियो । २०८० असार मसान्तमा नेप्सेमा सूचीकृत कम्पनीहरूको

संख्या २५४ पुगेको छ । सूचीकृत कम्पनीहरूमध्ये १३६ बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने ७९ जलविद्युत् कम्पनी, १९ उत्पादन तथा प्रशोधन उद्योग, ७ होटल, ६ लगानी कम्पनी, ४ व्यापारिक संस्था र ३ अन्य समूहका रहेका छन् । २०७९ असारमा सूचीकृत कम्पनीहरूको संख्या २३४ रहेको थियो ।

सूचीकृत कम्पनीहरूमध्ये बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीको धितोपत्र बजार पुँजीकरणको हिस्सा ६३ प्रतिशत रहेको छ । त्यसैगरी, जलविद्युत् कम्पनीको हिस्सा १३.२ प्रतिशत, लगानी कम्पनीको हिस्सा ७.१ प्रतिशत, उत्पादन तथा प्रशोधन उद्योगको हिस्सा ४.४ प्रतिशत, होटेलको हिस्सा ३.४ प्रतिशत, व्यापारिक संस्थाको हिस्सा ०.५ प्रतिशत तथा अन्य समूहका कम्पनीहरूको हिस्सा ८.४ प्रतिशत रहेको छ । नेप्सेमा २०८० असार मसान्तमा सूचीकृत ७ अर्ब ३९ करोड शेयरको चुक्ता मूल्य रू. ७२८ अर्ब ९५ करोड रहेको छ ।

आर्थिक वर्ष २०७९/८० मा रू.१७९ अर्ब ८८ करोड बराबरको साधारण शेयर, रू.१०५ अर्ब बराबरको विकास ऋणपत्र, रू.४० अर्ब ५९ करोड बराबरको बोनस शेयर, रू.३५ अर्ब ५९ करोड बराबरको डिबेन्चर, रू.७ अर्ब १४ करोड बराबरको म्युचुअल फण्ड, रू.४ अर्ब १३ करोड बराबरको हकप्रद शेयर र रू.३ करोड ७९ लाख बराबरको FPO गरी कुल रू.३७२ अर्ब ३८ करोड बराबरको धितोपत्र सूचीकृत भएका छन् । समीक्षा अवधिमा नेपाल धितोपत्र बोर्डले रू.२२ अर्ब ३८ करोड बराबरको साधारण शेयर, रू.१६ अर्ब १५ करोड बराबरको म्युचुअल फण्ड, रू.१५ अर्ब ९८ करोड बराबरको हकप्रद शेयर र रू. ११ अर्ब ६० करोड बराबरको डिबेन्चर गरी कुल रू.६६ अर्ब ११ करोड बराबरको धितोपत्र सार्वजनिक निष्काशनका लागि अनुमति दिएको छ । (स्रोतः नेपाल राष्ट्र बैंक)

२. आर्थिक वर्ष २०७९/८० को कारोबारको संक्षिप्त सिंहावलोकन

बैंकले आ.व. २०७९/८० मा गरेका मुख्य कार्यहरू एवं हासिल गरेका उपलब्धिहरू, चालु आ.व. को भाद्र मसान्तसम्म भएका मूलभूत कार्यहरू, आगामी दिनका चुनौती एवं बैंकको समग्र आर्थिक अवस्थाका बारेमा चर्चा गर्ने अनुमति चाहन्छौं । बैंकले व्यवसायको क्रममा आईपर्न सक्ने कर्जा जोखिम, सञ्चालन जोखिम, तरलता जोखिम, बजार जोखिम, ब्याजदर जोखिम, विदेशी विनिमय जोखिम लगायतका अन्य जोखिमहरूलाई प्रभावकारी रूपमा नियन्त्रण तथा व्यवस्थापन गर्दै बैंकको कारोबार विस्तारमा सन्तुलित, निरन्तर र दिगो वृद्धिको अवधारणा आत्मसात गरेको छ । आ.व. २०७९/८० मा बैंकले आफ्नो पूँजी, निक्षेप, लगानी लगायतका क्षेत्रमा सन्तुलित प्रगति गरेको छ । गत दुई आ.व.हरूमा बैंकले हासिल गरेका प्रगतिका केही सूचकांकहरू देहाय अनुसार प्रस्तुत गरिएको छ :

क्र.स.	विवरण	इकाई	आ.व. २०७८/७९	आ.व. २०७९/८०	वृद्धि प्रतिशत
१.	चुक्ता पूँजी (रू अर्बमा)	रू.	१२.५२	१४.०९	१२.५०
२.	कुल निक्षेप (रू अर्बमा)	रू.	१९६.४८	२२८.५७	१६.३३
३.	कुल कर्जा (रू अर्बमा)	रू.	१८८.७७	१९०.८७	१.११
४.	कुल लगानी (रू अर्बमा)	रू.	५८.३२	६७.६६	१६.०२
५.	खुद नाफा (रू अर्बमा)	रू.	२.९०	३.१७	९.११
६.	निष्कृय कर्जा (NPA)	%	१.०७	२.०१	०.९४
७.	कुल शाखा सञ्जाल (विस्तारित काउण्टर सहित)	संख्या	१९०	१९६	३.१६
८.	शाखा रहित बैकिङ्ग सेवा केन्द्र	संख्या	११७	१२३	५.१३
९.	एटिएम (ATM)	संख्या	२१२	२२५	६.१३
१०.	डेबिट कार्ड	संख्या	५४५,०८७	६८५,५६०	२५.७७
११.	क्रेडिट कार्ड	संख्या	३०,६००	३८,८४८	२६.९५
१२.	मोबाईल बैकिङ्ग सेवा	संख्या	६५६,४०१	८३२,२२२	२६.७८
१३.	बचत खाता	संख्या	१,२६१,१८७	१,४८५,०५६	१७.७५

(क) चुक्ता पूँजी तथा पूँजी कोष पर्याप्तता

समीक्षा अवधिमा बैंकको चुक्ता पूँजी रू. १२.५२ अर्बबाट वृद्धि भई रू. १४.०९ अर्ब पुगेको छ । सोही चुक्ता पूँजीलाई आधार मानी आ.व. २०७९/८० को वितरण योग्य मुनाफाबाट बैंकले रू. ५९ करोड ३१ लाख ८८ हजार १ सय ६६ रूपैंया बराबरको अर्थात ४.२१ प्रतिशत नगद लाभांश (कर प्रयोजनको लागि समेत) वितरण गर्ने प्रस्ताव साधारण सभा समक्ष स्वीकृतिको लागि पेश गरेको छ ।

समीक्षा अवधिको आषाढ मसान्तमा बैंकको प्राथमिक पूँजी र पुरक पूँजी क्रमशः ९.३७ प्रतिशत र ३.१० प्रतिशत तथा समग्र पूँजी पर्याप्तता अनुपात (Capital Adequacy Ratio) १२.४७ प्रतिशत रहेको छ ।



(ख) निक्षेप

समीक्षा अवधिमा बैंकको निक्षेप रू. १९६.४८ अर्बबाट वृद्धि भई रू. २२८.५७ अर्ब पुगेको छ । जुन गत आ.व.को तुलनामा १६.३३ प्रतिशतको वृद्धि हो । समीक्षा अवधिमा तरलतामा देखिएको संकुचनका कारण देशको समग्र अर्थ व्यवस्था प्रभावित हुँदा पनि बैंकले संचालनमा ल्याएका विभिन्न आकर्षक निक्षेप योजनाहरू एवं ग्राहकहरूले बैंक प्रति देखाउनु भएको विश्वासको प्रतिफल स्वरूप निक्षेपमा १६.३३ प्रतिशतको सन्तुलित वृद्धि हासिल गर्न सफल भएको हो ।



समीक्षा अवधिमा बैंकले नेपालमै पहिलो पटक अद्वितीय सुविधा भएको "सिद्धार्थ PAY & SAVE खाता" नामक बचत खाता संचालनमा ल्याएको छ । शुन्य मौज्दातमै खोल्न सकिने यस खातामा अभिभावकले डेबिट कार्ड र मोबाईल बैंकिङ्ग मार्फत रू. १०० भन्दा बढीको विद्युतिय कारोबार गरेको अवस्थामा सो कारोबार रकमलाई आधार बनाई निश्चित रकम अभिभावकको खाताबाट कट्टा भई बालबालिकाहरूको खातामा स्वतः जम्मा हुन्छ । डिजिटल कारोबारलाई प्रोत्साहित गर्दै बालबालिकाको लागी सानो उमेरबाट स-सानो बचत गर्दै जान अभिप्रेरित गर्ने उद्देश्यका साथ सञ्चालनमा ल्याइएको यस खातामा बैंकले अभिभावक र बालबालिका दुवैको खातामा विशेष आकर्षणको रूपमा पहिलो वर्षका लागि निशुल्क डेबिट कार्ड र बैंकर्स्माट XP सेवा प्रदान गरको छ । साथै, ग्राहकहरूलाई यस खाता खोली यथाशीघ्र लाभ लिन प्रेरित गर्ने उद्देश्यका साथ सीमित अवधिका लागि क्यासब्याक योजना पनि संचालनमा ल्याईएको थियो । यस खाताले अभिभावकवर्गलाई डिजिटल प्रणालीको प्रयोग गर्न उत्प्रेरित गर्नुका साथै स-सानो बचत गरी आफ्नो बालबालिकाहरूको लागि केही रकम बचत गर्न सहयोग पुग्ने विश्वास बैंकले लिएको छ ।

यसैगरी, समीक्षा अवधिमा बैंकले आफ्ना ग्राहकवर्गहरूको आवश्यकता र मागहरूलाई ध्यानमा राखेर बैंकद्वारा तोकिएको समयावधि पश्चात् आफ्नो साँवा रकमको दुई गुणादेखि दश गुणा सम्मको प्रतिफल प्राप्त हुने "सिद्धार्थ श्रीवृद्धि मुद्दती खाता" सञ्चालनमा ल्याएको थियो । यो सेवा हाललाई स्थगित गरिएको छ । यसैगरी, समीक्षा अवधिमा बैंकले दीर्घकालिन निक्षेपको प्रतिफल खोज्ने ग्राहकहरूलाई उच्चतम प्रतिफल सहित दीर्घकालीन लगानीको अवसर प्रदान गर्ने उद्देश्यका साथ निक्षेप रकमको दुई गुणा प्रतिफल सहित पचास हजार रूपैयाँ बराबरको जिवन बीमा सुविधा भएको "सिद्धार्थ श्रीवृद्धि प्लस मुद्दती खाता" संचालनमा ल्याएको थियो । यो सेवा हाललाई स्थगित गरिएको छ ।

यसैगरी समीक्षा अवधिमा विद्यमान तथा नयाँ मुद्दती निक्षेपकर्ताहरूलाई बैंकले सिद्धार्थ भिसा क्रेडिट कार्ड र UNO डिस्काउन्ट कार्डको संयुक्त सुविधा सहितको छोटो अवधिको क्रेडिट कार्ड सुविधा ल्याएको छ । यस क्रेडिट कार्ड सुविधाले निक्षेपकर्ताहरूलाई मुद्दती निक्षेप Pre-mature नगराई आफ्नो आवश्यकताको समयमा रकम प्राप्त गर्न मद्दत गर्दछ । यस क्रेडिट कार्डले मुद्दती निक्षेप रकमको ९० प्रतिशत वा २ लाख मध्ये जून रकम कम

हुन आउँछ सो रकम सम्मको क्रेडिट सुविधा प्राप्त गर्न सकिन्छ । यसको लागि निक्षेपकर्ताहरूले कुनै सदस्यता शुल्क तिर्न एवं आम्दानी प्रमाणित गरी रहनु पर्दैन ।

यसैगरी, समीक्षा अवधिमा बैंकले सिद्धार्थ जिवन सुरक्षा र सिद्धार्थ प्लेटिनम प्लस खाताका विद्यमान तथा नयाँ ग्राहकहरूलाई पहिलो वर्ष सदस्यता शुल्कमा छुट सहितको UNO क्रेडिट कार्ड सुविधा ल्याएको छ । सो सुविधाको लागि ग्राहकहरूले ऋण सुरक्षण स्वरूप जिवन सुरक्षा खातामा न्यूनतम रू. बीस हजार रूपैयाँ तथा प्लेटिनम प्लस खातामा न्यूनतम रू. पचास हजार रूपैयाँ मौज्दात कायम राख्नुपर्छ । सिद्धार्थ जिवन सुरक्षा खाताको क्रेडिट सीमा "पछिल्लो एक वर्षको खातामा रहेको औसत मौज्दात वा बीस हजार रूपैयाँ मध्ये जुन बढी हुन्छ" हुनेछ भने सिद्धार्थ प्लेटिनम प्लस खाताको क्रेडिट सीमा "पछिल्लो एक वर्षको खातामा रहेको औसत मौज्दात वा पचास हजार रूपैयाँ मध्ये जुन बढी हुन्छ" हुनेछ । यस क्रेडिट कार्ड सुविधाले निक्षेपकर्तालाई आफ्नो खातामा रहेको मौज्दात प्रयोग नगरी आवश्यकता अनुसार क्रेडिट सुविधा प्राप्त गर्न मद्दत गर्नेछ ।

समीक्षा अवधिमा बैंकको निक्षेप खाता कुल १७,१०,१२३ पुगेको छ जुन गत आ.व.को तुलनामा १८.७५ प्रतिशतको वृद्धि हो । समीक्षा वर्षमा बैंकमा २,७०,०५८ वटा नयाँ निक्षेप खाता खोलिएको छ । समीक्षा अवधिमा बैंकको बचत खाता कुल १४,८५,०५६ पुगेको छ जुन गत आ.व.को तुलनामा १७.७५ प्रतिशतको वृद्धि हो । समीक्षा वर्षमा बैंकमा २,२३,८६९ वटा नयाँ बचत खाता खोलिएका छन । कर्मचारीको अथक प्रयास, बैंकले जारी गरेका विभिन्न अभियानहरू तथा उच्च गुणस्तरीय ग्राहक सेवाका कारण नयाँ खाता खोल्ने सम्बन्धमा समीक्षा वर्षमा राम्रो नतिजा प्राप्त गर्न बैंक सफल भएको छ ।

(ग) कर्जा

आर्थिक वर्ष २०७८/७९ असार मसान्त सम्ममा बैंकले रू. १८८.७७ अर्ब कुल कर्जा लगानी गरेकोमा समीक्षा अवधिमा कुल कर्जा लगानी १.११ प्रतिशतले वृद्धि भई रू. १९०.८७ अर्ब पुगेको छ । बैंकले देशको समग्र आर्थिक परिदृश्यलाई ध्यानमा राख्दै कर्जामा सतर्कतापूर्वक वृद्धि गरेको छ । यस क्रममा बैंकले ४०,००० भन्दा बढी कर्जा ग्राहकहरू एवं ३०,००० भन्दा बढी क्रेडिट कार्ड ग्राहकहरूको वित्तीय आवश्यकता पुरा गर्न सहयोग गर्दै आएको छ । नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम कृषि, उर्जा क्षेत्रमा रू. १ करोड भन्दा कम लगानी गर्नुपर्ने लघु-घरेलु, साना एवं मझौला उद्यम क्षेत्रमा न्यूनतम कर्जा सापटको सीमा रकम पुऱ्याउन यस बैंक अग्रसर र केन्द्रित रहेको छ ।



- **लघु, साना एवं मझौला उद्यम कर्जा (MSME Loan)**

  नेपालको अर्थतन्त्रको समग्र विकासमा लघु, साना एवं मझौला उद्यमको महत्वपूर्ण भूमिकालाई बैंकले आत्मासात गरेको छ । यसैअनुरूप, बैंकको पञ्चवर्षीय रणनीति अनुरूप लघु, साना एवं मझौला उद्यम कर्जा केन्द्रित बैंक बन्न बैंकले आफ्नो कुल कर्जाको हिस्सामा लघु, साना एवं मझौला उद्यम कर्जाको हिस्सामा उल्लेखनीय रूपमा वृद्धि गर्ने योजना बनाएको छ । लघु, साना एवं मझौला उद्यम कर्जा मार्फत विशेषगरी मध्यम स्तरको लगानीको आवश्यकता परेका तर परम्परागत बैंकिङ्ग संयन्त्रबाट ऋण प्राप्त गर्न सक्ने अवस्थामा नरहेका "Missing Middle" वर्गमा आफ्नो पहुँच बढाउन बैंकले विभिन्न विकास वित्तीय संस्था (Development Financial Institutions) हरूसँग साझेदारी गर्दै आएको छ । नेपाल सरकार, अर्थ मन्त्रालय र जर्मन सरकारको समन्वय एवं जर्मन वित्तीय विकास निगमको सहयोगमा नेपाल सरकारको तर्फबाट नेपाल राष्ट्र बैंक मार्फत सिद्धार्थ बैंक र जर्मन सरकारको तर्फबाट के.एफ.डब्लु डेभलपमेन्ट बैंकद्वारा कार्यान्वयन गर्ने गरी नेपालको ग्रामीण तथा अर्धशहरी क्षेत्रको दिगो आर्थिक विकासका लागि लघु तथा साना व्यवसायीहरूलाई प्रत्यक्ष कर्जा सुविधा, तालिम र परामर्श दिन, Alternative MSME Credit Analysis Methodology/ Automated Agricultural Business Analysis Module को विकास गर्न, MIS र अन्य आवश्यक प्राविधिक सेवा र सहयोगलाई सुदृढीकरण गर्ने लगायत आवश्यक प्राविधिक सेवाहरू प्रदान गर्नको लागि Sustainable Economic Development in Rural and Semi-Urban Areas (SEDRA-II) नामक परियोजना समीक्षा अवधिमा सफलतापूर्वक सम्पन्न गरेको छ ।

समीक्षा अवधिमा सिद्धार्थ बैंक लिमिटेड र विश्व बैंक समूह अन्तर्गतको International Finance Corporation (IFC) बीच नेपालका लघु, साना तथा मझौला उद्यमी (MSME) हरूको व्यवसायमा र जलवायु वित्तपोषण (Climate Financing) मा लगानी गर्ने सम्झौता अन्तर्गत IFC ले बैंकलाई ५ करोड ५० लाख अमेरिकी डलर बराबरको ऋण प्रदान गरेको छ । बैंकलाई प्रदान गरिएको सो ऋण रकम IFC द्वारा कुनै पनि नेपाली बैंकलाई हालसम्म प्रदान गरिएको सबैभन्दा बढी ऋण रकम हो । यस सहकार्य सँगै बैंकले स्वच्छ ऊर्जा परियोजना, विद्युतीय सवारी साधन, जलवायु मैत्रीपुर्ण कृषि जस्ता परियोजनामा लगानी गर्नेछ । यस सम्झौताले लघु, साना तथा मझौला व्यवसाय स्थापना, संचालन र प्रवर्द्धन गर्न र हाल नेपालको बैंकिङ्ग प्रणालीमा नया श्रोतको रूपमा टेवा दिइ अर्थतन्त्र सुदृढ बनाउन मद्दत पुग्ने छ । डिजिटल पहिलो (Digital First) अभ्यास अपनाउँदै बैंकले दिगो विकासलाई सधैं प्राथमिकतामा राखी बैंकको समग्र व्यवसाय रणनीति वातावरणमैत्री, समाज केन्द्रित तथा सुशासन पक्षहरूलाई ध्यानमा राखी भावी पुस्ताका लागि दिगो प्रभाव सिर्जना गर्न सधै प्रतिबद्ध रहेको छ ।

यसैगरी, समीक्षा अवधिमा साना व्यवसायीलाई डिजिटल माध्यमबाट कारोबार गर्न प्रोत्साहन गर्ने उद्देश्यले बैंकले 'Siddhartha Top-Up Loan to QR Merchants' समेत संचालनमा ल्याएको छ । कर्जा आवेदन देखि कर्जा प्रवाहसम्मको समग्र कर्जा सुविधा प्रक्रिया डिजिटल प्लेटफर्म मार्फत प्रदान गर्ने व्यवस्था गरिएको छ । यस योजनाले बैंकका विद्यमान तथा सम्भावित क्यूआर मर्चेन्टहरूको अल्पकालीन वित्तीय आवश्यकतालाई पुरा गर्ने विश्वास गरिएको छ ।

यसैगरी, समीक्षा अवधिमा सम्भावित उद्यमीहरूलाई व्यवसाय दर्ताका लागि कागजात तयार पार्न, वित्तीय विवरण तयार गर्न, कानूनी कागजात तथा इजाजतपत्र प्राप्त गर्न सहयोग गरी सम्भावित उद्यमीहरूको व्यवसायलाई औपचारिक रूपमा संचालन गर्ने कार्यमा सहयोग पुऱ्याउन बैंकले विभिन्न परामर्श निकायसँग सहकार्य गरेको छ ।

शाखारहित बैंकिङ्ग

शाखारहित बैंकिङ्ग सेवाको स्थापना र विस्तारमा सिद्धार्थ बैंक अग्रणी बैंकको रूपमा रहेको छ । वि.स. २०६७ सालमा दैलेखबाट शुरू गरी हालसम्म बैंकको कुल शाखारहित बैंकिङ्ग सञ्जाल १२३ पुगेको छ । शाखारहित बैंकिङ्ग सेवा मार्फत ग्राहकहरूले रकम जम्मा गर्ने, रकम झिक्ने, कोष स्थानान्तरण गर्ने, बिल भुक्तानी, टपअप, मोबाइल तथा डिसहोम रिचार्ज, लघु कर्जा निवेदन तथा मुद्दती निक्षेप संकलन, वृद्ध भत्ता भुक्तानी, एकल महिला, अपाङ्ग भत्ता आदि जस्ता उपयोगी सेवा तथा बैंकले प्रदान गर्ने अन्य सेवाहरू आफ्नै गाउँठाउँमा प्राप्त गर्न सक्नु हुनेछ । बायोमेट्रिक, शाखा रहित कार्ड प्रविधिबाट संचालन हुने यो सेवा सुरक्षित र भरपर्दो रहेको छ । २०८० आषाढ मसान्तसम्म शाखा रहित बैंकिङ्ग सेवामा आवद्ध हुने ग्राहकहरूको संख्या कुल ६१,१०९ पुगेको छ ।

यसैगरी, नेपाल सरकारले युवा तथा महिला वर्गहरूको उद्यमशीलता तथा स्वरोजगारको लागि उच्च प्राथमिकताका साथ लागू गरेको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि अनुसार बैंकले "सिद्धार्थ उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा", "सिद्धार्थ दलित समुदाय व्यवसाय विकास कर्जा", "सिद्धार्थ शिक्षित युवा स्वरोजगार कर्जा", "सिद्धार्थ वैदेशिक रोजगार कर्जा", "सिद्धार्थ प्राविधिक तथा व्यावसायिक तालिम कर्जा", "सिद्धार्थ युवा स्वरोजगार कर्जा" र "सिद्धार्थ महिला उद्यमशील कर्जा" सेवाहरू प्रदान गर्दै आईरहेको छ । समीक्षा अवधि सम्ममा सहुलियतपूर्ण कर्जा अन्तर्गत बैंकले कुल ३,१८५ घरपरिवारलाई करिब रू. २.६ अर्बको कर्जा प्रदान गरिसकेको छ ।

बैंकले गत आ.व.को आषाढ मसान्तसम्म लघु तथा विपन्न वर्ग कर्जा अन्तर्गत विभिन्न कर्जा शीर्षकमा प्रत्यक्ष रूपमा ५३ जिल्लाका १३८ शाखाहरूबाट कुल २१ हजार भन्दा बढी घरपरिवारलाई सेवा प्रदान गरिसकेको छ ।

- **खुद्रा बैंकिङ्ग (Retail Banking)**

बैंकले आफ्नो रणनीति अनुरूप रिटेल (खुद्रा) व्यापारका लागि छुट्टै Retail Business Vertical गठन गरेको छ । आर्थिक वर्ष २०७९/८० सम्ममा बैंकको कुल कर्जा रकमको करिब २९ प्रतिशत हिस्सा खुद्रा कर्जाको रहेको छ र बैंकको कुल निक्षेप रकमको करिब ५३ प्रतिशत हिस्सा खुद्रा निक्षेपको रहेको छ । बैंकले रिटेल बैंकिङ्ग मार्फत

घर कर्जा, कर्जा, मार्जिन लेन्डिङ, शैक्षिक कर्जा, व्यक्तिगत कर्जा, व्यवसायिक कर्जा, धितो दृष्टिबन्धक कर्जा र मुद्दती धितो कर्जा जस्ता खुद्रा कर्जाहरू ग्राहकहरूलाई उपलब्ध गराउँदै आईरहेको छ ।

यसैगरी, समीक्षा अवधिमा घर खरिद, घर निर्माण तथा घर मर्मत गर्न ७ वर्ष सम्म १०.९९ प्रतिशतको अपरिवर्तनीय प्रतिष्पर्धी ब्याजदरमा बैंकले "सिद्धार्थ हाम्रो घर कर्जा" नामक नयाँ कर्जा योजना संचालनमा ल्याएको छ । साथै, यदि घर कर्जा र धितो महिलाको नाममा भएमा ब्याजदरमा २५ आधार बिन्दुको थप छुटको समेत व्यवस्था रहेको छ । साथै, बैंकले सो योजनामा समयसाक्षेप परिमार्जन गर्दै आएको छ ।

यसैगरी, समीक्षा अवधिमा दिगो विकास एवं विद्युत खपत बढाउने बैंकको प्रतिबद्धता बमोजिम बैंकले Climate Financing अर्न्तगत Electric Vehicle (EV) कर्जा सुविधा ११.२५ प्रतिशतको अपरिवर्तनीय प्रतिष्पर्धी ब्याजदरमा संचालनमा ल्याएको छ । बैंकको यस प्रयासले प्रमुख वायु प्रदूषण कारक कार्बन उत्सर्जनमा कटौती गर्न मद्दत पुग्ने छ । साथै, बैंकले सो योजनामा समयसाक्षेप परिमार्जन गर्दै आएको छ ।

समीक्षा अवधिमा बैंकको रणनीति अनुरूप ग्राहकहरूले बैंक स्मार्ट (Bank's Omni Channel Mobility Application) मार्फत डिजिटल माध्यमबाट नै मुद्दती निक्षेप खाता खोल्न र कुनै झण्झट एवं भौतिक कागजात बिना सोही माध्यम मार्फत मुद्दती निक्षेप कर्जाका लागि आवेदन समेत दिन सक्नेछन् । साथै, बैंकले ग्राहकहरूको उपभोग्य वस्तु खरिदका लागि क्रेडिट कार्ड मार्फत वित्तीय आवश्यकताहरू पुरा गर्न सेवा प्रदान गर्दै आएको छ ।

- **कर्पोरेट बैंकिङ्ग (Corporate Banking)**

उर्जा क्षेत्र तथा परियोजना कर्जा विस्तार हेतु यस बैंकले संस्थागत कर्जा विभाग अन्तरगत पूर्वाधार तथा परियोजना लगानी महाशाखा स्थापना गरी जलविद्युत नविकरणीय उर्जा एवं पूर्वाधार परियोजनाहरूमा लगानी गर्दै आइरहेको छ । यी क्षेत्रहरूमा लगानी गर्दा विशेष कार्यदक्षताको आवश्यकता पर्ने हुँदा प्राविधिक तालिम प्राप्त ईन्जिनियर, चाटर्ड एकाउन्टेन्ट सहितका अनुभवी कर्मचारीहरूको व्यवस्था गरी ग्राहक तथा सेवा सुविधाकाको दायरा विस्तार गर्ने कर्जाको गुणस्तरमा सुधार गर्ने, प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्ने यस बैंकको लक्ष्य रहेको छ । यस कार्य हेतु बैंकले समय समयमा विज्ञ परामर्शदाता तथा तालिम प्रदायत गर्ने निकायहरूबाट कर्मचारीहरूलाई विभिन्न कार्यशाला, गोष्ठी, तालीम तथा विकासका कार्यक्रमहरूमा सहभागी गराइने गरिएको छ ।

बैंकले आर्थिक वर्ष २०७९/८० को आषाढ मसान्त सम्ममा उर्जा क्षेत्र अन्तर्गत जलविद्युत परियोजनाका लागि स्वीकृत कुल सीमा रू. १८९.२३ अर्व मध्ये रू. १२.९७ अर्ब कर्जा प्रवाह गरी जलविद्युत क्षेत्रको विकासमा उल्लेख्य योगदान पुऱ्याएको छ जुन लगानीबाट करीव ७३०.८४ मेघावाट क्षमताका विभिन्न जलविद्युत आयोजनाहरूमा लगानी गरेको छ । त्यसैगरी बैंकले ठूला स्तरका निजी उद्योग एवं व्यवसायहरू, सार्वजनिक संस्थान अर्धसरकारी संस्थानहरू, निर्माण व्यवसाय, सिमेन्ट, व्यवसायिक कृषि, पोल्ट्री तथा दाना, स्वास्थ्य, शिक्षण संस्थाहरू, निजी हवाई सेवा प्रदायक संस्थाहरू, तारे होटेल जस्ता क्षेत्रहरूमा कोष तथा गैर कोषमा आधारित कर्जा लगानी गरी ती संस्थाहरूको वित्तीय आवश्यकता पूर्ति गर्दै आइरहेको छ ।

समीक्षा अवधिमा कर्जा सम्बन्धी अन्य विकास कार्यहरू र सो को चालु आ.व.मा निरन्तरता

- **वातावरणीय, सामाजिक र सुशासन पक्ष**

Sustainable Financing बैंकको उच्च प्राथमिकता रहेको छ र बैंकले Environmental, Social and Governance (ESG) पक्षहरू आफ्नो समग्र रणनीति र अभ्यासमा उल्लेखनीय रूपमा समाहित गरेको छ । बैंकको Environmental & Social (E&S) इकाईको प्रयोग गरी दिगो प्रभाव सिर्जना गर्न प्रतिबद्ध रहेको छ । Invest for Impact Nepal (IIN) को समन्वयमा बैंक ESG व्यवस्थापन प्रणाली लागू गर्ने प्रक्रियामा रहेको छ । समाज र देश प्रति उत्तरदायी रही व्यवसाय गर्ने क्रममा बैंकले मुलुकभर विद्यमान तथा सम्भाव्य व्यवसायिक ग्राहकहरूलाई लक्षित गरी विभिन्न व्यवसायिक साक्षरता कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

- **व्यावसायिक कार्यहरूको पुर्नसंरचना (Restructuring of Business Functions)**

  बैंकले समसामयिक चुनौती तथा व्यावसायिक अवसरको सदुपयोग गर्न बैंकको संगठनात्मक संरचनामा आवश्यक परिवर्तन गरेको छ । साना तथा मझौला उद्योग, खुद्रा तथा लघु व्यवसायतर्फ लक्षित यस बैंकले यस क्षेत्रका ग्राहकहरूलाई प्रभावकारी रूपमा सेवा प्रदान गर्ने लक्ष्यका साथ वर्तमान व्यावसायिक मोडेलहरूको पुर्नसंरचना र नयाँ विशिष्टीकृत व्यवसाय भर्टिकलको शुरूवात गरेको छ । बैंकले उदीयमान प्रविधिलाई अंगीकार गरी अद्वितीय तथा नवीनतम प्रडक्टहरू मार्फत ग्राहकहरूमा आफ्नो पहुँच विस्तार गर्ने योजना बनाएको छ । नयाँ व्यवसाय भर्टिकलहरू मार्फत विभिन्न व्यवसायको कर्पोरेट बैंकिङ्ग, एमएसएमई बैंकिङ्ग, रिटेल बैंकिङ्ग र ट्रान्जेक्सन बैंकिङ्गका व्यावसायिक आवश्यकताहरूलाई बैंकको नयाँ संरचनाले सम्बोधन गर्नेछ ।

- **क्रेडिट अन्डरराइटिङ विभागको स्थापना**

  बैंकमा उच्च गुणस्तरका कर्जा प्रस्तावहरू Onboard गर्न एवं कर्जाको मूल्याङ्कनमा एकरूपता सुनिश्चित गर्न बैंकले कर्जा प्रस्तावहरूको निष्पक्ष मुल्यांकनका लागि बैंकको नयाँ सांगठनिक संरचनामा क्रेडिट अन्डरराइटिङ विभाग स्थापना गरी क्रेडिट अन्डरराइटिङ प्रक्रिया सञ्चालनमा ल्याएको छ । कर्जा स्वीकृति तथा प्रवाहका लागि लाग्ने समय (Turnaround Time) मा सुधार ल्याउन विभागले मद्दत गर्नेछ । यस विभाग बैंकको आन्तरिक र बाह्य नियामक प्रावधानका साथै बैंकिङ्गमा प्रचलित उत्तम अभ्यासहरूको अनुपालन सुनिश्चित गर्न पनि जिम्मेवार रहन्छ । यस विभागले नयाँ अन्डरराइटिङ प्रविधि र अभ्यासहरू बैंकमा लागु गर्न प्रयासरत रहनेछ । यस विभागको स्थापनाले Sales Personnel हरूलाई बैंकको कर्जा तथा अन्य व्यवसाय वृद्धि गर्न तर्फ केन्द्रित गराउने छ ।

- **बैंकले आफ्नो कर्जा कार्य, कर्जा प्रक्रिया, कर्जा सम्बन्धित नीति, निर्देशिका र प्रडक्ट पेपरमा सुधार ल्याउन गरेका पहलहरू**

  बैंकले आफ्ना ग्राहकहरूलाई गुणस्तरीय सेवा प्रदान गर्न सदैव प्रयासरत रहेको छ । बैंकले आफ्नो सम्पूर्ण कर्जा सम्बन्धी कार्यहरूलाई Reorganize, Refocus र Reengineering गर्दै समग्र कर्जा इकोसिस्टममा संरचनात्मक परिवर्तन गर्न प्रयासरत रहेको छ । कर्जा कार्य र कर्जा प्रक्रियालाई थप सुधार र रिइन्जिनियरिङ गर्ने उद्देश्य राखी बैंकको समग्र कर्जा इकोसिस्टमको पुनरावलोकन/अद्यावधिक गर्न बैंकले National Banking Institute (NBI) लाई परामर्शदाताको रूपमा नियुक्त गरेको छ । NBI मा कर्जा व्यवस्थापन र जोखिम व्यवस्थापनको वृहत अनुभव रहेका पूर्व बैंकरहरूको समुहले परामर्श सेवाको पुनरावलोकन गरिरहेका छन । परामर्शदाताको सुझाव/सिफारिसले बैंकको जोखिम व्यवस्थापनमा सुधार ल्याउन, समग्र कर्जा व्यवस्थापनमा दक्षता अभिवृद्धि गर्न, जोखिम न्यूनीकरण गर्न र बैंकमा कर्जा व्यवस्थापनका उत्कृष्ट अभ्यासहरू कार्यान्वयन गर्न तथा थप प्रभावकारी कर्जा प्रक्रिया अवलम्बन गर्न सहयोगी हुने बैंकले विश्वास लिएको छ । परामर्शदाताले बैंकको समग्र कर्जा इकोसिस्टम अर्थात कर्जा संरचना, कर्जा प्रक्रिया, कर्जा प्रवाह, कर्जा प्रडक्ट आदिको पुनरावलोकन गरी बैंकको कार्यकुशलता र जोखिम व्यवस्थापन क्षमता अभिवृद्धि गर्न उपयुक्त सुझाव प्रदान गर्नेस नियामक प्रावधानहरूको साथसाथै उत्तम राष्ट्रिय/अन्तर्राष्ट्रिय अभ्यासहरू समावेश गर्दै कर्जा सम्बन्धी सम्पूर्ण नीति, प्रक्रिया, प्रडक्ट पेपरहरूको संशोधन तथा विकासको लागि सुझाव प्रदान गर्नेस बजार मैत्री कर्जा प्रडक्टहरू विकास गर्ने तथा कर्जा प्रडक्टहरूको लागि समग्र कर्जा प्रक्रियाहरूको विकास वा संशोधन गर्नेस प्रभावकारी कर्जा स्वीकृती, कर्जा प्रवाह, कर्जा अनुगमन, कर्जा नियन्त्रण, कर्जा रिकभरी र कर्जा जोखिम व्यवस्थापनको लागि क्रेडिट सम्बधी म्यानुअल र मोड्युलहरूको विकास गर्न मद्दत गर्ने र बैंकले कर्जा सेवाका लागि प्रयोग गर्ने प्रक्रिया र प्रणालीको पुनरावलोकन गरी उपयुक्त सुझाव दिने जस्ता कार्य गर्नेछ ।

- **हाइड्रोपावर फाइनान्सिङ विश्लेषण तथा अनुगमन**

  २०८० असार मसान्तसम्ममा बैंकको कुल कर्जाको जलविद्युत क्षेत्रमा (ऊर्जा ऋणपत्र र अन्य नवीकरणीय ऊर्जा क्षेत्रमा लगानी सहित) लगानी ७.७० प्रतिशत रहेको छ । २०८१ असार मसान्तमा

ऊर्जा क्षेत्रमा बैंकको कर्जा लगानी अनिवार्य रूपमा ६.५ प्रतिशत र २०८४ असार मसान्तमा १० प्रतिशत हुनुपर्ने नेपाल राष्ट्र बैंकको निर्देशन रहेको छ । ऊर्जा क्षेत्र अन्तर्गतको कर्जाको उचित, पर्याप्त र समान मूल्याङ्कन र अनुगमन सुनिश्चित गर्न उपयुक्त जलविद्युत परियोजना मार्गनिर्देशनको आवश्यकता महसुस गरी बैंकले सो मार्गनिर्देशन तयार गर्न सहयोग गर्न यस क्षेत्रका विशेषज्ञसँग सम्झौता गरेको छ । यस्तो सहकार्यले जलविद्युत क्षेत्रको प्राविधिक ज्ञान, वित्तीय विश्लेषण, वातावरणीय र सामाजिक प्रभाव मूल्यांकन, कानूनी र नियामक प्रावधान, परियोजना व्यवस्थापन र सामुदायिक संलग्नता सम्बन्धमा मार्गनिर्देशन तयार गर्न प्रशिक्षण प्रदान गर्नेस जलविद्युत क्षेत्रमा लगानी गर्ने, प्रक्रियाको पुनरावलोकन सम्बन्धी तालिम प्रदान गर्नेस परियोजना कार्यान्वयनमा आउने गतिविधिहरू बुझ्न प्रशिक्षण प्रदान गर्ने र बैंकले हाइड्रोपावर फाइनान्सिङका लागि प्रयोग गर्ने प्रक्रिया र प्रणालीको पुनरावलोकन सम्बन्धी तालिम प्रदान गर्ने र सम्भावित परिवर्तनका लागि सुझाव दिने जस्ता कार्य गर्नेछ ।

- तोकिएको क्षेत्रमा लगानीलाई प्रोत्साहित गर्न समय समयमा सम्बन्धित क्षेत्रका विज्ञ परामर्शदाताहरूबाट बैंकका कर्मचारीहरूलाई विभिन्न कार्यशाला, तालिम तथा विकास, उत्प्रेरणा जस्ता कार्यक्रमहरूमा सहभागी गराउने गरिएको छ ।

(घ) लगानी

व्यवसाय विविधीकरण गर्ने क्रममा बैंकले शुरूदेखि नै लगानीका अवसरहरूको सदुपयोग गरी आय आर्जन गर्दै आईरहेको छ । समीक्षा अवधिमा बैंकको लगानी रू. ५८.३२ अर्बबाट वृद्धि भई रू. ६७.६६ अर्ब पुगेको छ, जुन गत आ.व. को तुलनामा करिब १६.०२ प्रतिशतको वृद्धि हो । बैंकले आफ्नो निक्षेप तथा लगानीको उचित व्यवस्थापनका लागि थप नाफामूलक क्षेत्रको पहिचान गरी आफ्नो लगानी वृद्धि गर्ने रणनीति अवलम्बन गरेको छ । उक्त रणनीति अनुसार बैंकको लगानीको दायरा फराकिलो भई जोखिम कम हुने तथा मुनाफामा समेत अपेक्षित वृद्धि हुने विश्वास लिइएको छ ।

रणनीतिक रूपमा दीर्घकालीन फाईदाका दृष्टिले लगानी विविधीकरण अन्तर्गत बैंकले विभिन्न क्षेत्रमा संस्थापक तथा सर्वसाधारण शेयरधनीका रूपमा समेत लगानी गर्दै आएको छ । बैंकले संस्थापक शेयरधनीको रूपमा सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडमा रू. २६ करोड ४० लाख रूपैंया, सर्वसाधारण शेयरधनीको रूपमा सिद्धार्थ प्रिमियर इन्स्योरेन्स कम्पनी लिमिटेडमा रू. ८ करोड ७० लाख ९५ हजार ३ सय ४ रूपैंया तथा अवसर इक्वीटी लिमिटेडमा रू. ३ करोड लगानी गरेको छ । सो लगानी उक्त संस्थाहरूको २०८० आषाढ मसान्तको चुक्ता पूँजीको क्रमशः ६.३१ प्रतिशत, ७.५४ प्रतिशत र १० प्रतिशत हो । त्यस्तै, यस बैंकको सहायक कम्पनीको रूपमा रहेको सिद्धार्थ क्यापिटल लिमिटेडमा बैंकको ५१ प्रतिशत लगानी रहेको छ, उक्त कम्पनीको हालको चुक्ता पूँजी रू. २० करोड रहेको छ । यसैगरी बैंकले नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिस्टम लिमिटेड, कर्जा सुरक्षण केन्द्र, नेपाल क्लियरिङ्ग हाउस लिमिटेड, नेशनल बैंकिङ्ग इन्स्टीच्युट जस्ता व्यावसायिक संस्थाहरूमा समेत लगानी गरेको छ । यसरी गरिएको लगानीबाट शेयरधनीलाई प्रतिफल वृद्धि हुने बैंकको विश्वास रहेको छ ।

(ङ) कुल सम्पत्ति

समीक्षा अवधिमा बैंकको कुल सम्पत्ति रू. २६४.३३ अर्बबाट वृद्धि भई रू. २८५.९८ अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा करिब ८.१९ प्रतिशतको वृद्धि हो ।



(च) खुद ब्याज आम्दानी

समीक्षा अवधिमा बैंकको कुल ब्याज आम्दानी रू. २०.६८ अर्बबाट वृद्धि भई रू. २७.३७ अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा करिब ३३.८२ प्रतिशतको वृद्धि हो । त्यस्तै समीक्षा अवधिमा बैंकको ब्याज खर्च रू. १४.०८ अर्बबाट वृद्धि भई करिब रू. १९.४९ अर्ब पुगेको छ । यसरी समीक्षा अवधिमा खुद ब्याज आम्दानी रू. ६.६० अर्बबाट वृद्धि भई रू. ८.१८ अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा २४.०७ प्रतिशतको वृद्धि हो ।

(छ) संचालन मुनाफा र खुद नाफा

समीक्षा अवधिमा बैंकको संचालन मुनाफा रू. ४.२७ अर्बबाट वृद्धि भई रू. ४.६५ अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा ९.०६ प्रतिशतको वृद्धि हो । यसैगरी, समीक्षा अवधिमा बैंकको खुद नाफा रू. २.९० अर्बबाट वृद्धि भई रू. ३.१७ अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा ९.११ प्रतिशतको वृद्धि हो ।







(ज) वितरण योग्य मुनाफा

बैंकले आ.व. २०७९।८० मा रू. ३.१७ अर्ब खुद नाफा आर्जन गरेको छ । उक्त खुद नाफावाट रू. १.४६ अर्ब ऋणपत्रको लागि पूंजी फिर्ता जगेडा कोष सहित अन्य विभिन्न वैधानिक जगेडा कोष तथा नियमनकारी कोषमा रकम विनियोजन गरे पश्चात् वांकि रहेको वितरणयोग्य मुनाफा रू. ६६ करोड मध्य रू. ५९.३२ करोड अर्थात् ४.२१ प्रतिशत नगद लाभांश (कर प्रयोजन समेत) वितरणको लागि प्रस्ताव गरेको छ । यसरी ऋणपत्रको लागि विनियोजित रकम ऋणपत्र परिपक्व भए पश्चात् शेयरधनीहरूलाई नै वितरण गरिन्छ । यसर्थ उक्त विनियोजित रकम रू. १.४६ अर्ब समेत गणना गर्दाको अवस्थामा आ.व. २०७९।८० मा बैंकको वास्तविक वितरणयोग्य मुनाफा रू. २.१२ अर्ब कायम हुन आउदछ जुन १५.०७ प्रतिशतको लाभांश वितरणयोग्य क्षमता हो ।

(झ) नेट वर्थ प्रति शेयर

समीक्षा अवधिमा बैंकको नेटवर्थ प्रति शेयर रू. १७९.६१ रहेको छ, जुन गत आ.व.मा रू. १७२.४५ थियो । यो गत आ.व.को तुलनामा ४.१५ प्रतिशतले वृद्धि हो ।



(ञ) प्रति शेयर आम्दानी

समीक्षा अवधिमा बैंकको प्रति शेयर आम्दानी रू. २२.४८ रहेको छ, जुन गत आ.व. मा रू. २०.६० थियो । यो गत आ.व.को तुलनामा ९.११ प्रतिशतको वृद्धि हो ।







(ट) सम्पत्तिको गुणस्तर

समीक्षा अवधिमा बैंकको निष्कृय कर्जा अनुपात २.०१ प्रतिशत रहेको छ, जुन गत आ.व. मा १.०७ प्रतिशत रहेको थियो । प्रतिकुल बजार अवस्थाका बावजुद बैंकले निस्कृय कर्जाको अनुपातलाई २.०१% मा सिमित गर्न सफल भएको छ । आगामी दिनहरूमा ब्याज तथा निष्कृय कर्जा असुलीका लागि बैंकले उच्च जोड दिने गरी प्राथमिकतामा राखेको छ र निष्कृय कर्जा अनुपातमा थप सुधार हुने विश्वास लिएको छ ।



(ठ) कर्जा अपलेखन

बैंकले गत आ.व.मा रू. १२,००,००५ बराबरको कर्जा अपलेखन गरेकोमा समीक्षा अवधिमा कुल रू. ११,७४,३७६ बराबरको कर्जा अपलेखन गरेको छ । बैंकले अपलेखित कर्जा असुली प्रक्रियालाई निरन्तर चालु राखेको छ ।

(ड) शेयर संरचना

यस बैंकको कुल चुक्ता पूँजीमा ५१ प्रतिशत संस्थापक शेयरधनीहरूको हिस्सा रहेको छ भने ४९ प्रतिशत सर्वसाधारण शेयरधनीहरूको हिस्सा रहेको छ । समीक्षा अवधिको आषाढ मसान्त सम्ममा बैंकका संस्थापक शेयरधनीहरूको संख्या २७८ जना र सर्वसाधारण शेयरधनीहरूको संख्या ६९,१५१ रहेकोमा चालु आ.व. को असोज मसान्त सम्ममा बैंकका संस्थापक शेयरधनीहरूको संख्या २७५ जना रहेको छ भने सर्वसाधारण शेयरधनीहरूको संख्या ५६,६३३ रहेको छ ।

शेयर स्वामित्व अनुसारको संरचना (वि.सं. २०८० आषाढ मसान्त)

कित्ता	शेयरधनी संख्या	शेयर स्वामित्व (कित्ता)	चुक्ता पूँजीको प्रतिशत
१ - ५००	५१,५३८	६९,४०,७७४.०२	४.९२६
५०१ - १,०००	७,७०१	५४,४४,१०२.२७	३.८६४
१,००१ - १,५००	३,५००	४२,९०,९८८.६७	३.०४५
१,५०१ - २,०००	१,६२०	२८,३३,९६३.२१	२.०११
२,००१ - ५,०००	२,९९८	९०,५०,७०८.९०	६.४२४
५,००१ - १०,०००	८४२	५८,६८,५८४.३५	४.१६५
१०,००१ - ५०,०००	६५६	१,३४,५८,४०५.३४	९.५५२
५०,००१ भन्दा बढी	२९६	९,३०,१२,२७५.१३	६६.०१३
जम्मा	**६९,१५१**	**१४,०८,९९,८०१.८९**	**१००.००**

व्यक्तिगत तथा संस्थागत शेयरधनीको विवरण (वि.सं. २०८० आषाढ मसान्त)

विवरण	शेयरधनी संख्या	जम्मा	शेयर स्वामित्व (कित्ता)	शेयर स्वामित्व (%)
संस्थापक शेयरधनी - संस्थागत	८	२७८	५२,९५,१०८.९४	५१.००
संस्थापक शेयरधनी - व्यक्तिगत	२७०		६,६५,६३,७९०.०२	
सर्वसाधारण शेयरधनी - संस्थागत	३८७	६८,८७३	६९,५४,७२२	४९.००
सर्वसाधारण शेयरधनी - व्यक्तिगत	६८,४८६		६२०८६१८०.९३	
जम्मा		**६९,१५१**	**१४,०८,९९,८०१.८९**	**१००.००**

(ढ) कार्ड तथा प्रविधिमा आधारित सेवाहरू

बैंकले कार्ड तथा अन्य विद्युतीय वैकल्पिक माध्यमबाट ग्राहकहरूलाई विभिन्न प्रकारका सेवा सुविधाहरू प्रदान गर्दै आइरहेको छ । बैंकबाट प्रदान गरिने सेवा सुविधाहरूको कारोबारमा विद्युतीय भुक्तानीबाट प्रदान गरिने सेवा सुविधाहरूको कारोबारमा उल्लेख्य वृद्धि भएको छ । समीक्षा अवधिमा विद्युतीय वैकल्पिक माध्यमबाट हुने कारोबारमा उल्लेख्य वृद्धि भई ७९ प्रतिशत हुन पुगेको छ भने परम्परागत माध्यमद्वारा हुने कारोबार २१ प्रतिशतमा सिमित भएको छ । आ.व. २०७८/७९ मा यो अनुपात ६७:३३ रहेको थियो । बढ्दो विद्युतीय कारोबार, सूचना प्रविधिको बढ्दो प्रयोग तथा वित्तीय जालसाजीको नियन्त्रणलाई मध्यनजर गर्दै बैंकले विभिन्न माध्यमबाट ग्राहकहरूलाई सुरक्षात्मक उपायहरू सुझाउँदै आइरहेको छ । यसैगरी, वित्तीय जालसाजीको नियन्त्रण, सूचना प्रविधि र तथ्याङ्कको सुरक्षा व्यवस्थापन, हार्डवेयर, नेटवर्क र सिस्टम सफ्टवेयरको स्तरोन्नती एवं उचित व्यवस्थापन गर्न बैंक सफल भएको छ ।

समीक्षा अवधिमा बैंकले विभिन्न सेवा प्रदायकसँग आवद्धता गर्ने क्रममा FOCUSONE को MOCO App मा डेबिट, क्रेडिट तथा प्रिपेड कार्ड Link गरी एउटै Platform बाट MOCO App को प्रयोग गरी विभिन्न In App मर्चेन्टहरूमा तथा MOCO सँग आवद्ध QR मर्चेन्टहरूमा भुक्तानी गर्न सकिने सेवाको सुरूवात गरेको छ । समीक्षा अवधिमा बैंकले E-SEWA डिजिटल वालेटमा ग्राहक खाता Link गरी Cash Load/Unload गर्ने सेवा उपलब्ध गराएको छ । त्यसैगरी बैंकले POS मा नै Billing System को Integration गरी भुक्तानी गर्ने सेवा सुचारू गरेको छ जसबाट विभिन्न स-साना मर्चेन्टहरूलाई Billing System को लागि छुट्टै हार्डवेयर तथा सफ्टवेयरको व्यवस्था बिना नै सहजरूपमा कारोबार गर्न मद्दत पुग्नेछ ।

त्यसैगरी, मोबाइल बैंकिङ्ग सेवालाई अझ परिष्कृत बनाउन तथा सुरक्षित अनलाइन सेवा उपलब्ध गराउने उद्देश्यले बैंकले Bank Smart XP स्तरोन्नती गरेको छ जसले ग्राहकहरूलाई Omni-Channel अनुभव प्रदान गर्नेछ । साथै, बैंकको Core Banking System को Migration सँगै विभिन्न विद्युतीय भुक्तानी सेवाहरूलाई पनि बैंकको नयाँ CBS-Finacle मा Migration गरिएको छ जसबाट ग्राहकहरूलाई सुरक्षित रूपमा अझ बढी परिष्कृत बैंकिङ्ग सेवा सुविधाहरू उपलब्ध हुने बैंकले विश्वास लिएको छ ।

ग्राहकहरूलाई चौबिसै घण्टा बैंकिङ्ग सेवा उपलब्ध गराउने उद्देश्यल बैंकले Cash Deposit Machine र Cheque Deposit Kiosk लाई संचालनमा ल्याएको छ । त्यसैगरी बैंकले कार्डको माध्यमबाट पनि Fund Transfer गर्नका लागि VISA P2P र VISA Remittance सेवाको सुरूवात गरेको छ ।

बैंकले ग्राहकहरूलाई विद्युतीय माध्यमबाट कारोबार गर्न प्रोत्साहित गर्न तथा निष्कृय कार्डवाहकहरूलाई एटिएम कारोबार मात्र नभई POS तथा अनलाइन कारोबार गर्न प्रोत्साहित गर्न वर्ष भरिनै क्यास ब्याक अफर संचालन गरेको थियो । यसैगरी, बैंकले नयाँ वर्ष क्याम्पेन, सिद्धार्थ फाउन्डेसन डे क्याम्पेन, बैंक स्मार्ट एक्टीभेशन क्याम्पेन, क्यूआर मर्चेन्ट इन्रोलमेन्ट एण्ड एक्टीभेशन क्याम्पेन जस्ता विभिन्न क्याम्पेनहरू सफलतापूर्वक संचालन गरेको थियो ।

Digital Payment लाई प्रोत्साहित गर्न बैंकले Digital भुक्तानीका माध्यमहरूलाई अझै परिमार्जित र परिष्कृत गर्दै वित्तीय सारक्षरता सम्बन्धी विविध कार्यक्रमहरू पनि संचालन गर्दै आईरहेको छ ।

(ण) डिजिटल रूपान्तरण तथा सूचना प्रविधिका क्षेत्रमा गरिएका कार्यहरू

ग्राहकहरूको परिवर्तित प्राथमिकताका कारण प्रविधिका नवीनतम् आविष्कारले बैंकिङ्ग क्षेत्र रूपान्तरण भईरहेको छ । अहिलेको अवस्थामा सूचना प्रविधिको द्रुततर विकाससँगै त्यसको सुरक्षाको विषय अन्यन्तै चुनौतीपुर्ण बन्दै गईरहेको

छ । सूचना प्रविधिबाट हुन सक्ने जोखिमको न्यूनीकरण गर्नको लागि सफल सूचना प्रविधि रणनीति, नीति तथा कार्यविधिको व्यवस्थित संचालन आवश्यक पर्ने तथ्य प्रति बैंक चनाखो भई सोहि अनुरूपको कार्य रणनीति लिएको छ ।

बैंकले ग्राहकको गोपनियता, सुरक्षा तथा तथ्याङ्कको विश्वसनीयता लगायतका विषयहरूमा उच्चस्तरको सूचना प्रविधि सुरक्षा प्रणालीको प्रयोग गरिरहेको छ । बैंकको प्रणालीमा रहेका कमी कमजोरीहरू पहिल्याई नेपाल राष्ट्र बैंकको निर्देशन अनुसारका सूचना प्रविधिको लेखापरीक्षण गर्ने कार्यलाई समीक्षा वर्षमा समेत निरन्तरता दिइएको छ ।

यसैगरी बैंकले उच्च प्रविधियुक्त तथा विश्वसनीय सेवाका लागि विद्यमान Core Banking System (CBS), Customer Relationship Management (CRM) तथा Loan Origination System (LOS) परियोजना पुर्णरूपमा कार्यान्वयनमा ल्याएको छ । यस्तै ग्राहकका लागि सुविधाजनक तथा सुरक्षित अनलाइन सेवा उपलब्ध गराउने उद्देश्यले मोबाइल बैंकिङ्ग (Bank Smart XP) को स्तरोन्नती गरिएको छ । आन्तरिक तथा बाह्य डिजिटल रूपान्तरण कार्यका लागि विभिन्न Business Process Automation परियोजनाको सुत्रपात गरिएको छ ।

यसैगरी विभिन्न माध्यमबाट प्राप्त तथ्याङ्कहरू व्यवस्थापन, संचार तथा तथ्याङ्कको विश्लेषण गर्न ऐतिहासिक तथ्याङ्क भण्डारणको व्यवस्थापनको सुरूवात गरिएको छ । बैंकको विभिन्न Web Application को सुरक्षा वृद्धि तथा Cyber Threats को सुरक्षा नियन्त्रण गर्न Web Application Firewall (WAF) प्रयोगमा ल्याइएको छ । अन्तराष्ट्रिय भुक्तानी सम्बन्धी साइबर हमला तथा साइबर सुरक्षा नीति अनुरूप SWIFT CSP Assessment पुरा गरिएको छ ।

यसैगरी बैंक तथा ग्राहकबीचको सम्बन्धलाई प्रभावकारी बनाउन तथा बैंकले प्रदान गर्दै आएका सेवाहरूलाई व्यवस्थित गर्दै त्यस्तो क्रियाकलापलाई एकीकृत रूपमा व्यवस्थापन गर्ने गरी बैंकले ग्राहक सेवा केन्द्र (Customer Care Centre) लाई निरन्तरता दिएको छ । सो अन्तर्गत ग्राहकले बैंकको वेबसाइट, फोन, च्याट, सामाजिक संजाल मार्फत जिज्ञासा, गुनासो, प्रतिक्रिया र सुझाव तथा सेवा अनुरोध दाखिल गर्नुका साथै ग्राहक भौतिक रूपमा बैंकमा उपस्थित नभई सोझै बैंकिङ्ग सेवा सुविधा लिन सक्ने व्यवस्था गरिएको छ । यस बाट ग्राहकको बैंकसँगको अनुभवमा सकारात्मक वृद्धि भई Customer Delight बढाउने विश्वास लिईएको छ ।

(त) विप्रेषण सेवा (एसबिएल रेमिट सेवा)

बैंकले आफ्नो सेवा विस्तार एवं वित्तीय सेवा विविधीकरण गर्दै जाने रणनीति अनुरूप वैदेशिक रोजगारीमा रहेका नेपालीलाई छिटो, प्रभावकारी र भरपर्दो विप्रेषण सेवा उपलब्ध गराउने उद्देश्यले सन २००८ मा कतारबाट आफ्नै अनलाइन विप्रेषण भुक्तानी सेवा "SBL Remit" को सुरूवात गरेको थियो । हाल SBL Remit ले जापान, मलेसिया, ओमान, युएई, दक्षिण कोरिया, कुवेत र अमेरिकामा आफ्नो सेवा विस्तार गरेको छ । प्रमुख युरोपेली देशहरू र अष्ट्रेलियाबाट समेत ७,००० भन्दा बढी भुक्तानी केन्द्रका प्रतिनिधि र उप-प्रतिनिधि मार्फत सेवा प्रदान गर्दै आएकोमा विप्रेषणलाई थप प्रभावकारी बनाउनको लागि विदेशी मुलुकमा आफ्नो रेमिटको उपस्थिति बढाउँदै स्थानीय तवरमा भुक्तानी प्रतिनिधिको संख्यामा समेत वृद्धि गर्दै जाने रणनीति बैंकले लिएको छ । बैंकले विश्वव्यापी रूपमा प्रवासी नेपालीलाई अनलाइन विप्रेषण सेवा उपलब्ध गराएर आफ्नो पहुँच बढाउने प्रयास निरन्तर गरिरहेको छ । बैंकले Remittance Business Unit को स्थापना गरी विप्रेषण व्यवसायलाई थप गुणस्तरीय, भरपर्दो र सहज भुक्तानी योग्य बनाउन मद्दत गरेको छ । बैंकले निकट भविष्यमा विप्रेषण सेवा तथा आफ्नो उपस्थितिलाई वृद्धि गर्न भारत, क्यानडा तथा जोर्डनमा प्रतिनिधि तोकि विप्रेषण कारोबारलाई वृद्धि गर्दै जाने योजना बनाएको छ ।

यसैगरी, आप्रवासी नेपाली दाजुभाई तथा दिदी बहिनीहरूलाई लक्षित गरी शून्य मौज्दातमा खाता खोल्न मिल्ने आकर्षक ब्याजदर सहितको "सिद्धार्थ रेमिट खाता" र "एसबिएल प्रिमियम रेमिट बचत खाता" बैंकले सञ्चालन गरिरहेको छ । उक्त बचत खातामा बैंक स्मार्ट, इन्टरनेट बैंकिङ्ग, एटिएम, डिम्याट तथा सि-आस्वा लगायतका सुविधाहरू उपलब्ध गराईएको छ ।

(थ) सूचनाको हक तथा गुनासो व्यवस्थापन

बैंक पब्लिक लिमिटेड कम्पनीको रूपमा स्थापित संस्था भएकोले सरोकारवालाको सूचनाको हकलाई उच्च महत्व दिने गरेको छ । बैंकले असल सुशासनका लागि जवाफदेहिता, पारदर्शिता र उत्तरदायित्वलाई सूचनाको हकको प्रमुख तथा महत्वपूर्ण कारकको रूपमा लिएको छ । बैंकले सरोकारवालाहरूलाई सुसुचित गर्न सम्बन्धित सूचना तथा जानकारीहरू सार्वजनिक रूपमा प्रवाह गर्ने

गर्छ । बैंकले सूचनाको हक सम्बन्धी ऐन, २०६४ का प्रावधानहरूको पूर्ण पालना गरेको छ र ऐनको दफा ६ बमोजिम प्रमुख सूचना अधिकारी नियुक्त गरेको छ ।

बैंक "सम्बन्ध सधैंभरिलाई" भन्ने मुल मन्त्रबाट प्रेरित रहेको छ । सोही बमोजिम ग्राहकहरूको आवश्यकता तथा गुनासोहरूलाई सही ढंगले सम्बोधन गरिएको छ । बैंकले ग्राहक र सरोकारवालाहरूबाट प्राप्त गुनासोहरूलाई उच्च प्राथमिकताका साथ सम्बोधन गर्दै अघि बढेको छ । बैंकले ग्राहकहरूको गुनासोलाई समयमै सम्बन्धित निकायमा पुऱ्याउने संयन्त्रको विकास समेत गरेको छ ।

बैंकले देशभर फैलिएको सञ्जालबाट प्राप्त गुनासो सुनुवाइ सुव्यवस्थित बनाउन तथा ग्राहकलाई आवश्यक जानकारी प्रदान गर्न केन्द्रीय कार्यालयमा Central Information and Grievance Handling Desk (CIGHD) को स्थापना गरेको छ । CIGHD ले सबै जानकारी, गुनासो र सुझावहरू संकलन गर्छ र आवश्यक सूचना प्रदान गर्ने तथा ग्राहकको गुनासोलाई समाधान गर्न विभिन्न विभागहरूसँग समन्वय गर्छ । CIGHD ले वेबसाइट, टेलिफोन, इमेल, फेसबुक, भाइबर, इन्स्टाग्राम, आदि माध्यमहरूबाट जानकारी संकलन गर्छ र जति सक्दो छिटो समस्याहरू समाधान गर्छ । बैंकले ग्राहकहरूका लागि वेबसाइटमा रहेको गुनासो पोर्टलको माध्यम मार्फत समेत सिधै गुनासोहरू पठाउन मिल्ने प्रणालीको विकास गरेको छ । बैंकले ग्राहकका गुनासो सम्बोधनलाई उच्च प्राथमिकताका साथ कुशलतापूर्वक सम्बोधन र समाधान गर्न गुनासो व्यवस्थापन अधिकारी नियुक्त गरेको छ ।

(द) ट्रेड फाइनान्स

बैंकले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापारमा संलग्न ग्राहक वर्गको बैंकिङ्ग एवं वित्तीय आवश्यकतालाई सहज बनाउन विभिन्न ट्रेड फाइनान्स सम्बन्धी सेवाहरू प्रदान गर्दै आएको छ । यस बैंक इन्टरनेशनल फाइनान्स कर्पोरेशनको ग्लोबल ट्रेड फाइनान्स कार्यक्रम अन्तर्गतको बैंकहरूको सदस्य समेत रहेको छ । ट्रेड फाइनान्स अन्तर्गत बैंकले प्रतित पत्र, वचनवद्धता पत्र, स्वीकृत ड्राफ्ट, विनिमय पत्र, जमानत, टेन्डर बन्ड, कार्यसम्पादन बन्ड तथा अग्रिम भुक्तानी ग्यारेन्टीहरू जारी गर्ने गर्छ ।

(ध) ट्रेजरी तथा करेसपोन्डेन्ट बैंकिङ्ग

बैंकले ट्रेजरी तथा करेसपोन्डेन्ट बैंकिङ्ग विभागको सञ्चालन गरेको छ जसले ग्राहकका विविध आवश्यकताहरू पुरा गर्दै बैंकको नाफा वृद्धि गर्न मद्दत पुगेको छ । यस विभागमा अन्तर्राष्ट्रियस्तरका बैंकहरूको दरमा आउने परिवर्तनहरूलाई प्रत्यक्ष हेर्न मिल्ने अत्याधुनिक सफ्टवेर जडान गरिएको छ । बैंकले स्थानीय तथा अन्तर्राष्ट्रिय मुद्रा बजार, पूँजी बजार, विदेशी विनिमय बजार र Bullion Market मा सक्रिय रूपमा कारोबार गर्दै आएको छ । यस विभागले आफ्नो नियमित कार्य सञ्चालन गर्दा नेपाल राष्ट्र बैंकले जारी गरेका निर्देशन तथा बैंकको आन्तरिक नीति भित्र रहेर कार्य गर्ने गर्छ ।

देशको भौगोलिक सीमा भन्दा बाहिर पनि व्यापार विस्तार गर्न ट्रेजरी तथा करेसपोन्डेन्ट बैंकिङ्ग विभागले अन्तर ाष्ट्रियस्तरका बैंकहरूमा नोस्ट्रो तथा भोस्ट्रो खाता खोल्नुका साथै SWIFT द्वारा प्रवर्द्धन गरिएको Relationship Management Application (RMA) सेवामा जोडिएका वित्तीय संस्थाहरूसँग सम्बन्ध स्थापित गरेको छ । करेसपोन्डेन्ट बैंकिङ्ग नेटवर्कले बैंकलाई ट्रेड फाइनान्स कारोबार, ट्रेजरी भुक्तानी, Inward र Outward भुक्तानीलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न मद्दत गरेको छ ।

सिद्धार्थ बैंक लिमिटेड र विश्व बैंक समूह अन्तर्गतको International Finance Corporation (IFC) बीच नेपालका लघु, साना तथा मझौला उद्यमी (MSME) हरूको व्यवसायमा र जलवायु वित्तपोषण (Climate Financing) मा लगानी गर्ने सम्झौता अन्तर्गत IFC ले बैंकलाई ५ करोड ५० लाख अमेरिकी डलर बराबरको ऋण प्रदान गरेको छ । बैंकलाई प्रदान गरिएको सो ऋण रकम IFC द्वारा कुनै पनि नेपाली बैंकलाई हालसम्म प्रदान गरिएको सबैभन्दा बढी ऋण रकम हो । अन्तराष्ट्रिय ख्याती प्राप्त वित्तिय संस्थाहरूबाट सिद्धार्थ बैंकलाई स्वीकृत ऋण रकमले बैंकभित्र विद्यमान सुशासन र बैंकको सवल वित्तिय अवस्थालाई पुष्टि गर्दछ । यस सहकार्य सँगै बैंकले स्वच्छ ऊर्जा परियोजना, विद्युतीय सवारी साधन, जलवायु मैत्रीपुर्ण कृषि जस्ता परियोजनामा लगानी गर्नेछ । यस सम्झौताले लघु, साना तथा मझौला व्यवसाय स्थापना, संचालन र प्रवर्द्धन गर्न र हाल नेपालको बैंकिङ्ग प्रणालीमा कायम तरलता अभावको समस्या समाधानमा पनि केहि हदसम्म टेवा पुगी अर्थतन्त्र सुदृढ बनाउन मद्दत पुग्ने छ । डिजिटल पहिलो (Digital First) अभ्यास अपनाउँदै बैंकले दिगो विकासलाई सधै प्राथमिकतामा राखी बैंकको समग्र व्यवसाय रणनीति वातावरणमैत्री, समाज केन्द्रित तथा सुशासन पक्षहरूलाई ध्यानमा राखी भावी पुस्ताका लागि दिगो प्रभाव सिर्जना गर्न सधै प्रतिबद्ध रहेको छ ।

(न) शाखा सञ्जालमा वृद्धि

बैंकले आफ्नो कार्यक्षेत्र विस्तार गर्ने क्रमलाई निरन्तरता दिँदै आएको छ । देशका सबै भेगका सबै स्थानीय तह र तप्काका जनताको लागि अत्याधुनिक बैंकिङ्ग सेवा सुविधाको पहुँच विस्तार गर्दै सम्पुर्ण नेपालीहरूमाझ बैंकिङ्ग सेवा पुऱ्याउन यस बैंकले ग्रामीण भेगमा समेत आफ्नो शाखा सञ्जाल विस्तार गरेको छ । साथै, बैंकले देशका प्रमुख क्षेत्रहरूमा समेत आफ्नो पहुँच र सेवा विस्तार गरी ग्राहकवर्गलाई बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ । गत आ.व. मा बैंकले काठमाडौंको न्युरोड गेट, थानकोट र मूलपानीमा, ललितपुरको भैसेपाटी र लुभुमा नयाँ शाखा तथा कैलालीको गेटामा नयाँ एक्सटेन्सन काउन्टर स्थापना गरी कुल १९६ वटा शाखाहरू (५ एक्सटेन्सन काउन्टर सहित) बाट बैंकिङ्ग सेवा प्रदान गरिरहेको छ । हाल नेपालको ५४ जिल्लामा आफ्नो उपस्थिति जनाउँदै बैंकले २२६ एटिएम, १२३ शाखारहित बैंकिङ्ग सेवा केन्द्र, इन्टरनेट बैंकिङ्ग, मोबाइल बैंकिङ्ग लगायतका माध्यमबाट आफ्ना ग्राहकहरूलाई विस्तारित सेवाहरू उपलब्ध गराउँदै आएको छ ।

(प) सेवा विस्तार

बैंकले ग्राहकको चाहना तथा माग बमोजिम ग्राहकवर्ग समक्ष नवीनतम, परिमार्जित, भरपर्दो तथा गुणस्तरीय सेवा प्रदान गर्दै आएको छ । यसको निमित्त प्रविधिमा भइरहेको विकास, ग्राहकवर्गको आवश्यकता, व्यापार व्यवसायमा परिवर्तन अनुरूप सिर्जना भएका आवश्यकता आदि पक्षहरूको मूल्याङ्कन गरी आफ्नो जनशक्तिलाई सक्षम बनाउँदै ग्राहकवर्गलाई समय सापेक्ष सेवा प्रदान गर्नको निमित्त बैंकले अनुसन्धान तथा विकासको निरन्तरतालाई संस्थाको एक विशिष्ट पक्षको रूपमा ग्रहण गरेको छ ।

(फ) बैंकको क्रेडिट रेटिङ्ग

क्रेडिट रेटिङ्ग एजेन्सी ICRA Nepal Limited ले मिति २०७९/०९/०४ मा यस बैंकलाई मध्यम मात्रामा सुरक्षित जनाउने "[ICRANPIR] BBB+ and [ICRANP] LBBB+ (Pronounced as ICRA NP Issuer Rating Triple B Plus)" रेटिङ्ग प्रदान गरेको छ । यो रेटिङ्ग प्राप्त गर्ने संस्था समयमा वित्तीय दायित्व पुरा गर्ने सम्बन्धमा सुरक्षित मानिन्छन् ।

(ब) बैंक उत्कृष्ट वार्षिक वित्तीय प्रतिवेदन २०२२ बाट सम्मानित

आ.व. २०२१/२२ मा प्रकाशित वार्षिक वित्तीय प्रतिवेदनका आधारमा वित्तीय पारदर्शिता, जवाफदेहिता र सुशासनका लागि बैंक नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) द्वारा बैंकिङ्ग क्षेत्रको "उत्कृष्ट वार्षिक वित्तीय प्रतिवेदन २०२२" उपाधिबाट सम्मानित भएको छ र बैंकको उक्त वित्तीय प्रतिवेदन South Asian Federation of Accountants (SAFA) द्वारा दक्षिण एशियाली स्तरमा आयोजना हुने "उत्कृष्ट वार्षिक प्रतिवेदन" उपाधिको प्रतिस्पर्धामा रहेको छ । यस बैंक आ.व. २०२०/२१ मा पनि ICAN र SAFA द्वारा सम्मानित भएको थियो । यस्ता उपाधिले बैंकलाई आगामी दिनहरूमा अझ बढी परिष्कृत वित्तीय विवरण प्रकाशन गर्न हौसला मिलेको छ ।

३. चालू वर्षको हालसम्मको उपलब्धि र भविष्यमा गर्नुपर्ने कार्यहरूको सम्बन्धमा संचालक समितिको धारणा

(क) निक्षेप परिचालन सम्बन्धी सेवाहरू

बैंकले आफ्ना ग्राहकहरूको चाहना तथा मागलाई मध्यनजर गर्दै आफ्ना सेवा सुविधालाई चुस्त दुरूस्त राख्दै सरल एवं सहज ढङ्गबाट बैंकिङ्ग सेवा पुऱ्याउँदै आएको छ । प्रविधिको उपयोग गरी ग्राहकहरू बैंकमा भौतिक रूपमा उपस्थित नभई अनलाइन मार्फत समेत आफ्नो रोजाइको खाता खोल्न सक्ने प्रविधिलाई निरन्तरता दिदै आएको छ ।

महिलालाई आर्थिक र प्राविधिक रूपमा सक्षम बनाउने अभिप्रायका साथ नारी लक्षित "सिद्धार्थ नारी बचत खाता" विगतदेखि संचालनमा रहेकोमा चालु आ.व.मा थप सेवासुविधा सहित परिमार्जित गरेको छ । यस बचत खातामा डेबिट कार्ड, मोबाईल बैंकिङ्ग र क्रेडिट कार्डमा छुट र पहिलो वर्ष लकर शुल्कमा ५० प्रतिशत छुट सुविधा समेत रहेको छ ।

यसैगरी बैंकले आजका युवाहरूको गतिशिल आवश्यकता पुरा गर्न "सिद्धार्थ बैंक GEN Z खाता" अभियान संचालन विगतदेखि गर्दै आईरहेकोमा चालु आ.व.मा थप सेवासुविधा सहित परिमार्जित गरेको छ । Next Generation Banking Experience को लागि सबै किसिमका विशेषता भएको यस खाताबाट युवाहरूलाई बैंकिङ्ग सम्बधी जानकारी प्राप्त गर्न र आफ्नो पैसालाई सही सदुपयोग गर्न तथा आर्थिक रूपमा सवल र आत्मनिर्भर बनाउनकाको लागी उपयोगी हुने बैंकले विश्वास लिएको छ । युवाहरूलाई डिजिटल प्लेटफर्महरूको उपलब्धता र सजगता सिर्जना गर्ने उद्देश्यका साथ संचालन भएको यस खातामा बैंकले BankSmart XP मार्फत पहिलो टपअपमा १०५ नगद फिर्ता (Cash Back) प्रदान गर्दै आई रहेको छ ।

बैंक आफ्ना ग्राहक महानुभावको चाहना अनुरूप नवीनतम तथा गुणस्तरीय सेवा प्रदान गर्न तत्पर रहेको छ । ग्राहकका व्यक्तिगत तथा व्यावसायिक आवश्यकतालाई

अग्रपंक्तिमा राख्दै बैंकले विभिन्न बचत तथा मुद्दती निक्षेप योजनाहरू संचालन गर्दै आएको छ । भविष्यमा पनि सेवामूलक तथा ग्राहकमैत्री आकर्षक निक्षेप योजनाहरू विस्तार गर्दै जाने बैंकको रणनीति रहेको छ ।

(ख) कर्जा सेवा विस्तार

यस सम्बन्धमा २ (ग) मा उल्लेख गरिएको छ ।

(ग) कार्ड तथा प्रविधिमा आधारित सेवाहरू

समीक्षा अवधिमा कुल एटिएम को संख्या २२५ पुगेको छ । आगामी दिनहरूमा बैंकले विभिन्न स्थानहरूमा थप एटिएमहरू संचालनमा ल्याउने योजना बनाएको छ ।



समीक्षा अवधिमा बैंकले विभिन्न व्यापारिक केन्द्रहरूमा १,७३२ वटा Point of Sale (POS) मेशीन जडान गरेको छ । जुनसुकै बैंक वित्तीय संस्थाले जारी गरेका क्रेडिट तथा डेबिट कार्ड यस बैंकको आफ्नै POS मेशीनमा प्रयोग गरी भुक्तानी गर्न सकिने छ । साना तथा मझौला व्यवसायी र सडकपेटीमा व्यवसाय गर्ने व्यवसायीहरू समेतलाई ध्यानमा राखि भुक्तानीमा सहजता प्रदान गर्नको लागि फोन पे सँगको सहकार्यमा समीक्षा अवधिमा QR व्यवसायको लागि बैंकले ३४,१०८ QR व्यवसायीहरू दर्ता गर्न सफल भएको छ ।



समीक्षा अवधिमा बैंकले कुल १४०,४७३ डेबिट कार्ड र ८,२४८ क्रेडिट कार्ड जारी गरेको थियो । समीक्षा अवधिमा डेबिट कार्ड र क्रेडिट कार्डको संख्या क्रमशः ६,८५,५६० र ३८,८४८ रहेको छ । त्यस्तै २०८० असार मसान्तसम्म बैंकको ८,३२,२२२ जना मोबाइल बैंकिङ्ग प्रयोगकर्ता रहेका छन् । २०८० असोज मसान्त सम्ममा बैंकको एटिएम संख्या २२६, डेबिट कार्ड संख्या ७१९,१७५ क्रेडिट कार्ड संख्या ४४,६६०, प्रिपेड कार्ड संख्या १८,४९६, Point of Sale (POS) संख्या १,९६८ QR व्यवसायीहरू संख्या ३३,०३७ तथा मोबाइल बैंकिङ्ग प्रयोगकर्ता संख्या ८७६,६०७ रहेका छन् ।



यसरी बैंकले मोबाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग, कार्ड जस्ता विभिन्न वैकल्पिक भुक्तानी उपकरणहरूको माध्यमबाट सेवा प्रदान गरिरहेको छ । भविष्यमा समेत उच्च प्राथमिकताका साथ कार्ड तथा प्रविधिमा आधारित सेवाहरूको विस्तार गर्दै जाने रणनीति बैंकले लिएको छ ।

(घ) सूचना प्रविधिका क्षेत्रमा गरिएका कार्यहरू

चालू आ.व. मा बैंकले आन्तरिक तथा बाह्य व्यवसायिक प्रक्रियाहरूलाई डिजिटाईजेशन तथा अटोमेशन गर्न Business Process Automation लाई कार्यान्वयनमा ल्याएको छ । यसबाट बैंकको सेवा सरल र थप प्रभावकारी बनाउन मद्दत पुग्ने विश्वास लिईएको छ । यसैगरी विभिन्न सफ्टवेयरहरूका Application Programming Interface (API) हरूलाई व्यवस्थापन गर्ने, सफ्टवेयरहरूको Secured Integration गराउन Application Programming Interface Management System (APIMS) को स्तरोन्नति गरी चालू आ.व. देखी कार्यान्वयनमा ल्याईएको छ ।

बैंकले तथ्याङ्कहरूलाई Visual Dashboard को माध्यमबाट Business Insight प्रस्तुत गर्नका लागि Business Intelligence (BI) Tools संचालनमा ल्याएको छ जसले व्यवसायिक विश्लेषण (Business Analysis) गरी यथार्थपरक र शिघ्र निर्णय गर्नको लागि मद्दत गर्दछ । साथै, वर्तमान डाटा सेन्टरलाई अझ सुदृढ बनाउने प्रयास

स्वरूप बैंकले मोड्युलर डाटा सेन्टर स्थापना कार्य शुरू गरेको छ । नयाँ प्रविधि सँगै बैंकको सूचना प्रविधि चुस्त र अद्यावधिक राख्न यस डाटा सेन्टरले महत्वपुर्ण भुमिका खेल्ने बैंकले विश्वास लिएको छ ।

बैंकले चालु आ.व. देखी भिडियो बैंकिङ्ग सेवाको सुरूवात गरेको छ जसले बैंकमा उपस्थित नभई अनलाइनबाटै ग्राहक खाता खोल्न तथा e-KYC Verification गर्नको लागि मद्दत गर्नेछ ।

(ङ) भवन निर्माण कार्य

सवल, दीगो र निरन्तर बैंकिङ्ग सेवाका लागि क्रमशः आफ्नै भवनहरूबाट कारोबार संचालन गर्नुपर्छ भन्ने धारणा अनुसार बैंकले विगत बर्षहरूदेखि पर्सा जिल्ला, वीरगंज तथा मोरङ्ग जिल्ला, बिराटनगरमा आफ्नै भवनमा प्रादेशिक तथा शाखा कार्यालयहरू संचालन गरिरहेको छ । यसैगरी, बैंकले बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाण्डौ महानगरपालिका वार्ड नं. १, नक्सालमा आफ्नै केन्द्रीय कार्यालय भवनका साथै पोखरा र विराटनगरमा आफ्नै प्रादेशिक तथा शाखा कार्यालय भवनको निर्माण सम्पन्न गरी संचालनमा ल्याएको छ । बैंकको बीसौं वार्षिकोत्सवको अवसरमा मिति २०७९ पौष १० गते नवनिर्मित केन्द्रीय कार्यालय भवनको बैंकका संस्थापक एवं निवर्तमान अध्यक्ष श्री चिरञ्जी लाल अग्रवाल तथा वर्तमान अध्यक्ष श्री मनोज कुमार केडियाले संयुक्त रूपमा समुद्घाटन गर्नुभएको थियो । यसैगरी, मिति २०७९ चैत्र १३ गते पोखरामा नवनिर्मित प्रादेशिक तथा शाखा कार्यालय भवन बैंकका अध्यक्ष श्री मनोज कुमार केडियाले भव्य समारोहका बीच समुद्घाटन गर्नु भएको थियो । त्यस्तै मिति २०७८ चैत्र ०९ गते विराटनगरमा नवनिर्मित आफ्नै प्रादेशिक तथा शाखा कार्यालय भवनको बैंकका अध्यक्ष श्री मनोज कुमार केडियाले भव्य समारोहका बीच समुद्घाटन गर्नु भएको थियो । अत्याधुनिक प्रविधिमैत्री बैंकिङ्ग मार्फत आम ग्राहकहरू समक्ष उच्चस्तरिय सेवा प्रदान गर्ने उद्देश्य प्राप्तीमा नवनिर्मित भवनहरूले सहजता प्रदान गर्ने बैंकले विश्वास लिएको छ ।

(च) शाखारहित बैंकिङ्ग सेवा

अघिल्लो आर्थिक वर्षदेखि शाखारहित बैंकिङ्गका ग्राहकहरूले स-साना मुद्दती खाता, नेपाल सरकारको "खोलौं बैंक खाता अभियान" अन्तर्गत सजिलो बचत खाता, लघुकर्जा सेवा र विप्रेषण सेवा समेत प्राप्त गर्ने गरी नयाँ सेवाको शुरूवात गर्दै आएको छ । जसले गर्दा ग्रामीण क्षेत्रमा बसोबास गर्ने एवं बैंकिङ्ग पहुँच नभएका ग्राहकहरूलाई लघु बैंकिङ्ग सेवाहरू अन्तर्गत लघु बचत, लघु कर्जा, विप्रेषण सेवा र शाखा रहित बैंकिङ्ग सेवा एकै स्थानबाट सहज रूपमा प्रवाह गर्ने लक्ष्यका साथ कार्यहरू भईरहेका छन् । शाखारहित बैंकिङ्ग सेवा विस्तार कार्यमा बैंकले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ- संगठन तथा तिनका स्थानीय कार्यक्रमहरूसँग सहकार्य गर्दै आएको र भविष्यमा पनि उक्त सहकार्य अघि बढाउँदै सेवा विस्तार गर्ने बैंकले रणनीति लिएको छ ।

शाखारहित बैंकिङ्ग सेवा स्थानीय व्यावसायिक प्रतिनिधिको सहायताले Point of Terminal मेशिनको माध्यमबाट कार्डको प्रयोग गरी सन् २०११ देखी नै राष्ट्र बैंकबाट जारी भएको निर्देशिका बमोजिम संचालन गर्दै आएको छ । यस सेवा मार्फत ग्राहकहरूले रकम जम्मा गर्ने, झिक्ने, रकम स्थानान्तरण गर्ने, बिल भुक्तानी, मोबाइल रिचार्ज, लघु कर्जा निवेदन तथा मुद्दती निक्षेप संकलन, कर्जाको किस्ता असुली, विभिन्न सामाजिक सुरक्षा भत्ता जस्ता सुविधा उपयोग गर्न सक्नेछन् । बैंकले आ.व. २०७९/८० मा १२३ वटा शाखारहित बैंकिङ्गद्वारा ६१,१०९ जना सेवाग्राहीबाट कुल ६२ करोड निक्षेप संकलन गरेको छ ।

४. चालु आर्थिक वर्षको वित्तीय स्थिति तथा लक्ष्य

विश्व अर्थतन्त्रमा देखिरहेको बढ्दो मुद्रास्फ्रिती, अन्तराष्ट्रिय स्तरमा बढिरहेको भूराजनीतिक द्वन्द्वबाट सृजित आपुर्ति श्रृंखलामा प र्न सक्ने प्रतिकुल प्रभाव चिन्ताको विषय बन्दै गएको छ । देशको अर्थतन्त्रमा देखिएका चुनौतीहरूलाई नेपाल राष्ट्र बैंक एवं नेपाल सरकारले लिएका कार्यदिशाबाट सुधारका केही संकेतहरू देखा परेका छन् । वैदेशिक रोजगारीबाट प्राप्त हुने Remittance मा भईरहेको वृद्धि र देशको Balace of Payment मा सकारात्मक सुधार देखिएको छ । तरलतामा पनि सुधार भई रहेको नै छ । नेपाल सरकारले गर्ने पूँजीगत खर्चमा वृद्धि हुने अपेक्षा गरिएको छ । तर पनि विश्व अर्थतन्त्रमा देखिएका असर केहि समय रहने प्रक्षेपणले हाम्रो अर्थतन्त्रमा समेत नकारात्मक असर कायम रहने वास्तविकता हाम्रो सामुन्ने छ । देशभित्रका आर्थिक क्रियाकलापहरूमा सुस्तता रहेको, व्यवसायको लागत (Cost of Doing Business) बढ्दै गई व्यावसायिक वातावरणमा देखिएको नैरास्यतालाई नेपाल सरकार, नेपाल राष्ट्र बैंक एवं निजी क्षेत्रको एकिकृत प्रयासबाट क्रमशः समाधान हुँदै जाने विश्वास लिएका छौं ।

समीक्षा अवधिमा आर्थिक सुस्तताले गर्दा बैंकिङ्ग क्षेत्रमा बढ्दै गरेको खराब कर्जाको बाबजुद पनि बैंकको आ.व.

२०७९/८० मा रू. ३.१७ अर्ब खुद मुनाफा आर्जन गर्न सफल भएको छ । कर्जा वृद्धि सँगै कर्जाको गुणस्तर बढाउँदै तोकिएको उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गर्ने तर्फ बैंकको प्राथमिकता रहनेछ । दिगो विकास सहित लगानीकर्तालाई उचित प्रतिफल दिने बैंकको मुख्य लक्ष्य रहनेछ ।

विविध प्रतिकुलताका बावजुद पनि चालु आ.व.को भाद्र मसान्तसम्म बैंकको कुल निक्षेप तथा कुल कर्जा सापट क्रमशः रू. २२०.०५ अर्ब र रू. १९१.६९ अर्ब पुगेको छ र बैंकले रू. ८५ करोड संचालन मुनाफा आर्जन गर्न सफल भएको छ । आगामी दिनहरूमा निष्कृय कर्जा असुलीलाई बैंकले उच्च प्राथमिकतामा राखेको छ ।

५. संस्थागत सुशासन

बैंकको संचालन तथा व्यवस्थापनमा संस्थागत सुशासनका उच्चतम अभ्यास तथा प्रक्रियाहरूलाई बैंकले अत्यन्त महत्वका साथ पालना गर्दै आइरहेको छ । संस्थागत सुशासनका अभ्यासहरू र नैतिक व्यावसायिक आचरण बैंकको मूल्य मान्यताको केन्द्रबिन्दुमा रहेका छन् । बैंकले संस्थागत सुशासनका अभीन्न अङ्ग निष्ठा, जवाफदेहिता, उत्तरदायित्व, पारदर्शिता, निष्पक्षतालाई व्यावसायिक क्रियाकलापमा सदैव आत्मसात गर्दै आएको छ । बैंकले आफ्ना शेयरधनी, ग्राहक, अन्य सरोकारवालाको हित तथा आफ्नो सेवाग्राहीहरूको माग र सेवाग्राहीलाई दिइने सेवाको गुणस्तर वृद्धि गर्न संस्थागत सुशासनलाई आफ्नो नीति तथा नियमहरूको अभिन्न अङ्गको रूपमा अपनाएको छ ।

प्रचलित ऐन नियम, नेपाल राष्ट्र बैंक एवं अन्य नियमनकारी निकायहरूद्वारा जारी निर्देशन तथा बैंकको आन्तरिक नीति नियम बमोजिम नै बैंकले आफ्नो कार्य सञ्चालन गर्दै आएको छ । बैंकका आन्तरिक नीति नियममा समयानुकूल सुधार एवं संशोधन गर्दै अद्यावधिक गर्ने कार्य नियमित रूपमा भईरहेका छन् । प्रचलित ऐन, नियम तथा निर्देशनको अधिनमा रहि बैंकले अनुपालना नीति, Anti Bribery and Anti Corruption Policy र कर्मचारी आचार संहिता जस्ता संस्थागत सुशासनलाई सुदृढीकरण गर्न आवश्यक पर्ने नीतिहरूलाई अद्यावधिक गरी लागु गरेको छ । बैंकको दैनिक क्रियाकलापहरू स्वच्छन्द रूपमा संचालनको लागि तथा नीतिगत तहका निर्णय र बैंकले चाल्ने रणनीतिका लागि बैंकले आचार संहिता बनाई लागु गरेको छ । बैंकले लागु गरेको आचार संहिता सुशासन ऐनको भावना अनुरूप तथा नेपाल राष्ट्र बैंकले बैंकमा असल संस्थागत सुशासन कायम गर्न जारी गरेको मार्गनिर्देशन अनुरूप रहेको छ । संचालक समितिका सम्पूर्ण सदस्यहरूले नेपाल राष्ट्र बैंकद्वारा जारी एकीकृत निर्देशन बमोजिम व्यावसायिक आचरण एवं आचार संहिताको पूर्ण रूपमा पालना गर्नुभएको छ । बैंक व्यवस्थापन तथा प्रत्येक तहका कर्मचारीहरूले आचार संहिताको पूर्ण पालना गरी कार्य सम्पादन गरिरहेका छन् । यसैगरी, बैंकले नियमनकारी निकायले इजाजतपत्र जारी गर्दा तोकेका शर्तहरू तथा नियमन, निरीक्षण वा सुपरीवेक्षण गर्दा दिइएको निर्देशनको पूर्ण रूपमा पालना गर्दै आइरहेको छ ।

त्यस्तै बैंकका संचालक, उच्च व्यवस्थापन, अधिकृत तथा अन्य सम्पूर्ण कर्मचारी समेतलाई संस्थागत सुशासन सम्बन्धमा विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय निकायहरूले आयोजना गरेका विभिन्न सेमिनार, गोष्ठि तथा तालिमहरूमा बैंकले सहभागी गराउँदै आइरहेको छ । भविष्यमा समेत यस्ता गतिविधिहरूलाई निरन्तरता दिइनेछ ।

यसैगरी, बैंकका हरेक कर्मचारीको व्यक्तिगत जिम्मेवारी र दायित्व स्पष्ट हुने गरी कार्य विभाजन गरिएको छ । यसका आधारमा कार्य सम्पादनमा आपसी नियन्त्रण र सन्तुलन कायम भई संस्थागत सुशासनमा थप टेवा पुग्ने विश्वास बैंकले लिएको छ । परिणाममुखी कार्य सम्पादन मूल्याङ्कन प्रणालीलाई विगतदेखि नै कार्यान्वयनमा ल्याइएकोमा यस प्रणालीमा थप परिमार्जन गरी यसको प्रभावकारिता वृद्धि गर्ने लक्ष्य लिइएको छ ।

यसैगरी, बैंकले संस्थागत सुशासन अन्तर्गत सम्पूर्ण सरोकारवाहरूलाई आवश्यक जानकारीहरू सम्प्रेषण गर्दै आएको छ । समीक्षा अवधिमा बैंकले वार्षिक साधारण सभाको सूचना, वार्षिक प्रतिवेदन, साधारण सभा प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द हुने सम्बन्धी सूचना, त्रैमासिक प्रतिवेदन, धितोपत्रको मूल्यमा प्रभाव पार्ने संवेदनशील सूचना, सूचनाको हक सम्बन्धी जानकारी, KYC अद्यावधिक सम्बन्धी सूचना, ब्याजदर परिवर्तन सम्बन्धी सूचना, शेयरधनीहरूले हालसम्म दावी नगरेको अवितरित लाभांश सम्बन्धी सूचना तथा विगत १० वर्षदेखी संचालनमा नरहेका निष्कृय खाता सम्बन्धी सूचना लगायतका सूचनाहरू विभिन्न राष्ट्रियस्तरका दैनिक पत्रिकामा प्रकाशन गरी एवं बैंकको वेबसाइट www.siddharthabank.com तथा बैंकको आधिकारिक सामाजिक सञ्जाल मार्फत उचित समयमा जानकारी दिने गरिएको छ । आगामी दिनमा पनि बैंकले संस्थागत सुशासन अन्तर्गतका विभिन्न सूचना तथा विवरणहरू प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिनेछ ।

संचालकको आचरण सम्बन्धी थप विवरण

- बैकले संचालकको आचरण सम्बन्धमा संचालकको आचार संहिता Director's Code of Conduct तर्जुमा गरी लागु गरेको छ ।
- बैकमा संचालकको एकाघर परिवारको एक भन्दा बढी संचालक समिति सदस्यको रूपमा रहनु भएको छैन ।
- नेपाल राष्ट्र बैकले जारी गरेको एकीकृत निर्देशन २०७९ को निर्देशन नं. ६ (१०) बमोजिम संचालकहरूले आफू वा आफ्नो परिवारका सदस्य तथा आफ्नो वा परिवारको स्वामित्वमा रहेको फर्म/कम्पनीको नाममा विभिन्न बैक तथा वित्तीय संस्थाहरूबाट लिएको कर्जा, सम्पत्ति लगायत आचरण तथा अन्य स्वघोषणाको विवरण वार्षिक रूपमा आ.व. समाप्त भएको मितिले ३५ दिनभित्र अद्यावधिक गर्ने गरिएको छ ।
- यस बैकका संचालकहरू समान प्रकृतिको उद्देश्य भएको सूचीकृत संस्थाको संचालक, तलबी पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारी भई अन्य कुनै पनि संस्थामा कार्यरत रहनु भएको छैन् ।
- यस बैकका संचालकहरू नियमन निकाय तथा अन्य निकायबाट कुनै किसिमको कारवाहीमा पर्नु भएको कुनै विवरण हालसम्म जानकारीमा आएको छैन ।

आ.व. २०७९/८० मा संचालकहरूलाई प्रदान गरेको तालिम सम्बन्धी विवरण

Training Details
• International Economy Outlooks (Asia/South Asia focus) and impact on Nepalese economy • Fundamentals of Nepalese Economy and Assessment of Nepal Government Budget of FY 2079/80 and Monetary Policy and its impact on BFIs and Nepalese Economy. • Participated by all directors on 2079/05/17 BS
• Interaction program on NRB Payment Service/Systems related directives 2079 and other directives. • Participated by Mr. Manoj Kumar Kedia on 2079/11/02 BS
• Board Level Leadership & Risk Management by NBI. • Participated by Mr. Dinesh Shanker Palikhe and Mrs. Mina Kumari Sainju on 2080/01/29 & 30 BS
• Interaction program on contemporary subjects/situation with NRB Team. • Participated by Mr. Manoj Kumar Kedia on 2080/02/19 BS

समीक्षा अवधिसम्ममा संचालक, संचालकको एकाघर परिवारका सदस्य तथा उच्च व्यवस्थापन पदाधिकारीहरूले संस्था वा सो संस्थाको सहायक कम्पनीमा लिएको शेयरको विवरण

आ.व. २०७९/८० को असार मसान्तमा बैंकका संचालक र संचालकको एकाघर परिवारका सदस्य तथा उच्च व्यवस्थापन पदाधिकारीहरू र उच्च व्यवस्थापन पदाधिकारीहरूका एकाघर परिवारका सदस्यको बैंक र बैंकको सहायक कम्पनी सिद्धार्थ क्यापिटल लि.मा रहेको शेयर स्वामित्वको विवरण देहाय बमोजिम रहेको छ ।

संचालक, पदाधिकारी तथा निजहरूका एकाघर परिवारको सदस्यको नाम	शेयर लिएको संस्थाको नाम	शेयर स्वामित्व (कित्ता)	शेयरको प्रकार
श्री मनोज कुमार केडिया, अध्यक्ष	सिद्धार्थ बैंक लि.	४५,५३,२३८	संस्थापक र सर्वसाधारण
	सिद्धार्थ क्यापिटल लि.	३०,१२०	संस्थापक
श्री सविता केडिया (मनोज कुमार केडियाको श्रीमती)	सिद्धार्थ बैंक लि.	२७,१२,०९२	संस्थापक र सर्वसाधारण
	सिद्धार्थ क्यापिटल लि.	६,३९०	संस्थापक
श्री मोहित केडिया (श्री मनोज कुमार केडियाको भाई)	सिद्धार्थ बैंक लि.	५८९	सर्वसाधारण
	सिद्धार्थ क्यापिटल लि	१२,५१०	संस्थापक
श्री ताराचन्द केडिया (श्री मनोज कुमार केडियाको बुबा)	सिद्धार्थ बैंक लि.	१,६८२	सर्वसाधारण
	सिद्धार्थ क्यापिटल लि	६,०९०	संस्थापक

श्री पुष्पादेवी केडिया (श्री मनोज कुमार केडियाको आमा)	सिद्धार्थ क्यापिटल लि	६,३९०	संस्थापक
श्री नरेन्द्र कुमार अग्रवाल, संचालक	सिद्धार्थ बैंक लि.	४१,५७,३२६	संस्थापक र सर्वसाधारण
	सिद्धार्थ क्यापिटल लि.	५०,०००	संस्थापक
श्री राहुल अग्रवाल, संचालक	सिद्धार्थ बैंक लि.	४,७२,३३३	संस्थापक र सर्वसाधारण
	सिद्धार्थ क्यापिटल लि.	४०,०००	संस्थापक
श्री बिनोद कुमार अग्रवाल (श्री राहुल अग्रवालको बुबा)	सिद्धार्थ बैंक लि.	१३,१७,५३८	संस्थापक र सर्वसाधारण
श्री ऋषि अग्रवाल (श्री राहुल अग्रवालको दाजु)	सिद्धार्थ बैंक लि.	५६	सर्वसाधारण
श्री दिनेश शंकर पालिखे, संचालक	सिद्धार्थ बैंक लि.	२,८५९	सर्वसाधारण
श्री सरसिज पालिखे (श्री दिनेश शंकर पालिखको श्रीमती)	सिद्धार्थ बैंक लि.	५,४२,५६४	संस्थापक र सर्वसाधारण
श्री आयुष पालिखे (श्री दिनेश शंकर पालिखेको छोरा)	सिद्धार्थ बैंक लि.	१,०६७	सर्वसाधारण
श्री आभाष पालिखे (श्री दिनेश शंकर पालिखेको छोरा)	सिद्धार्थ बैंक लि.	१,०६७	सर्वसाधारण
श्री अंकित केडिया, संचालक	सिद्धार्थ बैंक लि.	११०,५३६	सर्वसाधारण
श्री रतनलाल केडिया (श्री अंकित केडियाको बुबा)	सिद्धार्थ बैंक लि.	३४,९७,७०३	संस्थापक र सर्वसाधारण
	सिद्धार्थ क्यापिटल लि.	२७,६९०	संस्थापक
श्री मिना कुमारी सैंजु, स्वतन्त्र संचालक	सिद्धार्थ बैंक लि.	११९	सर्वसाधारण
श्री टुङ्ग नाथ कर्मचार्य (श्री मिना कुमारी सैंजुको श्रीमान)	सिद्धार्थ बैंक लि.	६,५१०	सर्वसाधारण
श्रेया कर्मचार्य (श्री मिना कुमारी सैंजुको छोरी)	सिद्धार्थ बैंक लि.	१,०४५	सर्वसाधारण
दिया कर्मचार्य (श्री मिना कुमारी सैंजुको छोरी)	सिद्धार्थ बैंक लि.	१,१४७	सर्वसाधारण
श्री सुन्दर प्रसाद कडेल, प्रमुख कार्यकारी अधिकृत	सिद्धार्थ बैंक लि.	२९,४३८	सर्वसाधारण
श्री रामेश्वर प्रसाद बस्याल, नायब प्रमुख कार्यकारी अधिकृत	सिद्धार्थ बैंक लि.	२९,४५६	सर्वसाधारण
श्री शेर बहादुर बुढाथोकी, सहायक प्रमुख कार्यकारी अधिकृत	सिद्धार्थ बैंक लि.	२९,४५२	सर्वसाधारण
श्री शैलजा ज्ञवाली, प्रमुख- एकीकृत जोखिम व्यवस्थापन विभाग	सिद्धार्थ बैंक लि.	२९,४५१	सर्वसाधारण
श्री हेमन्त ज्ञवाली (श्री शैलजा ज्ञवालीको श्रीमान)	सिद्धार्थ बैंक लि.	४,७७८	सर्वसाधारण
श्री प्रदिप पन्त-प्रमुख भ्याली रिसोर्सेस	सिद्धार्थ बैंक लि.	९८३	सर्वसाधारण

बैंकको संगठनात्मक संरचना

बदलिँदो परिवेश, नयाँ व्यवसायका अवसर, चुनौती र ग्राहकको प्राथमिकतालाई आत्मासात गर्दै बैंकले आफ्नो सांगठनिक संरचना परिवर्तन गरेको छ । बैंकको सांगठनिक संरचना बैंकको पाँच वर्षे रणनीति र योजना अनुरूप तय गरिएको छ जसको रणनैतिक कार्यदिशा Digital First, Diversification of the Business, Sustainability, Service Excellence and Stakeholder Prosperity रहेको छ । बैंकको सांगठनिक संरचना तयार गर्दा बैंकको मुल मान्यताहरू दिगो विकास, पारदर्शिता, निष्ठा, नवीनता र ग्राहक केन्द्रित मूल्यलाई केन्द्रबिन्दुमा राखिएको छ । बैंकले आफ्नो पुरानो सांगठनिक संरचनाका केही Structure Model हरूलाई निरन्तता दिदै केही नयाँ Business Verticals हरूलाई थप गरी नयाँ सांगठनिक संरचना लागु गरेको छ । बैंकले नयाँ Business Vertical हरू Corporate Banking, MSME Banking, Retail Banking, Transaction Banking and International Business / Liability (Institutional and High Net Worth) बनाई लागु गरेको छ । बैंकले नेपाली समाजको प्रविधिमुखी आकांक्षा अनुरूप बैंकिङ्ग लाई अगाडी बढाउनका लागि तथा सूचना प्रविधिको विकासको

गति अनुरूपको बैंकिङ्ग सेवा प्रदान गर्न आफ्नो सूचना प्रविधि विभागको संरचनामा समेत आमुल परिवर्तन गरेको छ । नयाँ संरचना अनुसार बैंकले Business, Business Support, Business Operations र Risk Compliance गरी चार श्रेणीमा सांगठनिक संरचनालाई विभाजन गरेको छ । काठमाण्डौ उपत्यका भित्रका सबै शाखाहरूबाट समेत कर्जा स्वीकृतीको व्यवस्था बैंकको नयाँ संरचनामा गरिएको छ । बैंकको संगठनात्मक संरचना देहाय बमोजिम रहेको छ ।



६. संस्थागत सामाजिक उत्तरदायित्व

आफ्नो स्थापनाकालदेखि नै संस्थागत सामाजिक उत्तरदायित्वलाई उच्च प्राथमिकतामा राख्दै बैंकले निरन्तर रूपमा शिक्षा, स्वास्थ्य र जिविकोपार्जन गर्ने आधारहरू निर्माण तथा वातावरण संरक्षण, पूर्वाधार, प्रकोप न्यूनीकरण, वित्तीय साक्षरता जस्ता कार्यका लागि आर्थिक सहयोग गर्दै आएको छ । समाजको समग्र विकास र उत्थानमा सहयोग गर्न बैंकले आफुलाई सधै क्रियाशील बनाउँदै एक असल संस्थागत नागरिकको रूपमा आफ्नो पहिचान बनाउन सधैं तत्पर रहेको छ ।

आ.व. २०७९/८० को संस्थागत सामाजिक उत्तरदायित्व रकम सम्बन्धी विवरण:

क्र.सं.	विवरण		रकम (रू.)
१.	गत आ.व.२०७८/७९ को बाँकी रकम	(क)	१,१४,५५,९६९।५४
२.	समीक्षा आ.व.को विनियोजित रकम	(ख)	२,९०,२४,६४०।४२
३.	**जम्मा रकम**	**(ग) = (क) + (ख)**	**४,०४,८०,६०९।९६**
४.	**समीक्षा आ.व.मा खर्च भएको रकम**	**(घ)**	**२,११,९८,०९२।९६**
५.	समीक्षा आ.व.मा बाँकी रहेको रकम	(ङ) = (ग) - (घ)	१,९२,८२,५१७।००

नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम बैंकले गत आ.व.को खुद नाफाको एक प्रतिशतले हुने रकम रू. २,९०,२४,६४०।४२ समीक्षा अवधिको लागि सस्थागत सामाजिक उत्तरदायित्व शिर्षक अन्तर्गत विनियोजन गरेको छ ।

यसैगरी बैंकले समीक्षा वर्षमा स्वास्थ्य, वित्तीय साक्षरता, वातावरण संरक्षण, शिक्षा अभिवृद्धि, संस्कृति प्रवर्द्धन, पर्यटन क्षेत्र प्रवर्द्धन, वन्यजन्तु संरक्षण जस्ता सामाजिक क्षेत्रहरूमा कुल रू. २ करोड ११ लाख ९८ हजार रकम संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत प्रदान गरेको छ । बैंकले समीक्षा वर्षमा स्वास्थ्य क्षेत्रमा रू. १ करोड ४४ लाख २ हजार, वित्तीय साक्षरता अभिवृद्धिमा रू. २६ लाख ८५ हजार, वातावरण संरक्षणमा रू. १७ लाख ५१ हजार, शिक्षा क्षेत्रमा रू. १० लाख ५६ हजार, संस्कृति प्रवर्द्धनमा रू. ४ लाख ४९ हजार, पर्यटन क्षेत्र प्रवर्द्धनमा रू. ३ लाख ३१ हजार र वन्यजन्तु संरक्षणमा रू. २ लाख रकम बराबरको सामाजिक कार्यहरू सम्पन्न गरेको छ ।

समीक्षा अवधिमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत रू. एक लाख र सो भन्दा बढी रकम बराबरको बैंकले गरेको आर्थिक सहयोगको संक्षिप्त विवरण देहाय बमोजिम रहेका छन :

- कोशी अस्पताल, बिराटनगर, मोरङ्गलाई संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत रू. ५७ लाख २३ हजार बराबरको ३ थान हेमोडायलाइसीस मेशीनहरू प्रदान गरिएको छ । बैंकले पुऱ्याएको सो सहयोगबाट मिर्गौला रोग भएका बिरामीहरूको डायलाइसीस सेवा थप सहज र व्यवस्थित हुने विश्वास बैंकले लिएको छ ।
- बैंकले रू. ५५ लाखको लागतमा श्री राउण्ड टेबल नेपालको समन्वयमा वीरगञ्ज स्थित नारायणी अस्पतालमा डाइलाइसिस भवनको प्रबलीकरण तथा निर्माण गरी नारायणी अस्पताललाई हस्तान्तरण गरको छ । साथै, रू. ६ लाख १८ हजार बराबरको १ थान २० KVA को अनलाइन UPS र २० थान ६५ Ah को ब्याट्री सहयोग समेत प्रदान गरेको छ ।
- श्री अमरसिंह मा.वि., पोखरा, कास्कीलाई बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत रू. ४० लाख रकम बहुउपयोगी हल निर्माणको लागि आर्थिक सहयोग गरेको छ । साथै, २० थान कम्प्युटर तथा USP, ब्याट्री र सोलार समेत प्रदान गरेको छ । यसबाट उक्त विद्यालयमा अध्ययनरत दृष्टीविहिन विद्यार्थीहरूको अध्ययनमा थप सहयोग पुग्ने विश्वास बैंकले लिएको छ ।
- वित्तीय साक्षरता अन्तर्गत कान्तिपुर टेलिभिजनमा सचेतनामुलक सामाग्री प्रसारणमा रू. १५ लाख ५० हजारको रकम खर्च गरिएको छ । उक्त सचेतनामुलक सामाग्रीले वित्तीय ज्ञान, सिप, मनोवृत्ति र बानीमा सुधार पुग्ने विश्वास बैंकले लिएको छ ।
- नेपाली सेनाको जैविक विविधता र वातावरण संरक्षण गर्ने उद्देश्यले सञ्चालन गरेको सफा हिमाल अभियानमा रू. ६ लाख आर्थिक सहयोग प्रदान गरिएको छ ।
- त्रिपुरेश्वर स्थित नेपाल आँखा अस्पताललाई मोतिबिन्दु शल्यक्रियाको लागि रू. ५ लाख १२ हजार आर्थिक सहयोग प्रदान गरिएको छ ।
- महिला स्वास्थ्य अन्तर्गत नेपाली सेनालाई रू. ५ लाखको सेनिटरी भेन्डिङ मेसिन सहयोग स्वरूप प्रदान गरेको छ ।
- महिला स्वास्थ्य अन्तर्गत हेटौडा स्थित मकवानपुर बहुमुखी क्याम्पसलाई रू. २ लाख २१ हजारको सेनिटरी भेन्डिङ मेसिन सहयोग स्वरूप प्रदान गरेको छ ।
- वित्तीय साक्षरता अन्तर्गत मिटर ब्याज सम्बन्धमा सचेतना फैलाउन लघु चलचित्रको विकासको लागि रू ५ लाख आर्थिक सहयोग गरिएको छ ।
- आर्थिक अवस्था कमजोर भएका २८ जना किशोरीहरूलाई माध्यमिक, स्नातक र स्नातकोत्तर तहको शिक्षाको लागि सहयोग पुऱ्याउन ग्रामीण स्वास्थ्य तथा शिक्षा सेवा कोष (RHEST), विशालनगर, काठमाडौं लाई रू. ४ लाख ३५ हजारको आर्थिक सहयोग प्रदान गरिएको छ ।
- विशेष फौज बाहिनी अड्डा, महाराजगञ्ज, काठमाडौं परिसर भित्र फोहोर व्यवस्थापनको लागि फोहोर भण्डार गृह निर्माण गर्न रू. २ लाख ७५ हजारको आर्थिक सहयोग प्रदान गरिएको छ ।
- बाँके जिल्ला खजुरा स्थित सुशील कोइराला प्रखर क्यान्सर अस्पताललाई रू. २ लाख ५७ हजारको एयर कन्डिसनर सहयोग स्वरूप प्रदान गरिएको छ ।
- मृत एवं अपाङ्ग पर्वतारोहीका बालबालिकाको

शिक्षाको निम्ति सहयोग गर्दै आएको नेपाल पर्वतारोहण संघलाई ३ जना बालबालिकालाई मासिक रू. ६ हजारको दरले एक वर्षको लागि हुन आउने खर्च रू. २ लाख १६ हजारको आर्थिक सहयोग प्रदान गरिएको छ ।

- पर्यटनको विकासको निम्ति कास्की स्थित सारङ्गकोट धार्मिक एवं पर्यटक क्षेत्र विकास समितिको उपसमितिलाई नेपालको पहिलो श्री पञ्चमूखी गणेशको ३८ फिटको मूर्ति निर्माणका लागि रू. २ लाख १ हजारको आर्थिक सहयोग प्रदान गरिएको छ ।
- बझाङ्ग जिल्लाको खप्तडछान्ना गाउँपालिका स्थित प्राचिन पुरातात्विक महत्वको शक्तिपीठ श्री दुर्गा भवानी मन्दिरको पुर्ननिर्माणको लागि श्री दुर्गा भवानी मन्दिर निर्माण समितिलाई रू. २ लाखको आर्थिक सहयोग प्रदान गरिएको छ ।
- कैलाली जिल्लाको मोहना-अत्तरिया ६ लेन सडक खण्डको मध्य भागमा रहेको ५० वटा बिरूवाको लागि फलामे सुरक्षा कवच सहित ३ वर्षसम्म बिरूवाहरूको मलजल, गोडमेल तथा रेखदेख सहितको लागि रू. २ लाखको आर्थिक सहयोग प्रदान गरिएको छ ।
- वन्यजन्तु संरक्षण कार्यक्रम अन्तर्गत ह्याब्रे प्रजातिको पान्डाको बारेमा जानकारी दिने उद्देश्यले ताप्लेजुङ्ग स्थित रेड पान्डा नेटवर्कलाई रू. २ लाखको डिजिटल स्क्रिन सहयोग स्वरूप प्रदान गरिएको छ ।
- वित्तीय साक्षरता अन्तर्गत न्युज २४ टेलिभिजनमा सचेतनामूलक सामाग्री प्रसारणका लागि बैकले रू. १ लाख ४१ हजार आर्थिक सहयोग गरेको छ ।
- पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, कास्की, पोखरालाई रू. १ लाख ४० हजार बराबरको बेन्च सहयोग स्वरूप प्रदान गरिएको छ ।
- संस्कृती प्रवर्द्धनका लागि इन्द्र जात्रा मनाउन गंगा क्लब, काठमाडौंलाई रू. १ लाख ११ हजारको आर्थिक सहयोग प्रदान गरिएको छ ।
- नवलपरासी जिल्ला स्थित विनय त्रिवेणी गाउँपालिका अन्तर्गको दुम्किबास/ज्यामिरे क्षेत्रमा CCTV जडानको लागि रू. १ लाख आर्थिक सहयोग गरिएको छ ।
- नेपालगञ्जमा आयोजित ८ औं धारा नेपालगञ्ज म्याराथोनमा २,००० बढी सहभागीहरूका लागि विभिन्न स्थानमा पिउने पानीको व्यवस्थाको लागि रू. १ लाख आर्थिक सहयोग प्रदान गरिएको छ ।

यसैगरी, बैंकले समीक्षा वर्षमा वित्तीय साक्षरतालाई उच्च प्राथमिकता दिदै "Global Money Week, 2023" को अवसर पारी देशभर विभिन्न ९८ स्थानहरूमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ । यस कार्यक्रममा विभिन्न लक्षित ग्राहक वर्गका कुल ४,१६५ जनाको सहभागिता रहेको थियो । यसैगरी, सामाजिक सञ्जालबाट समेत वित्तीय ज्ञानको पहुँच पुऱ्याउने उद्देश्यले बैंकले टिकटक भिडियो कन्टेस्ट पनि सञ्चालन गरेको थियो । साथै, बैंकले विश्व वातावरण दिवसको अवसरमा स्वच्छ वातावरण निर्माणमा सघाउ पुऱ्याउने उद्देश्यले सातै प्रदेशको विभिन्न स्थानहरूमा सरसफाई तथा वृक्षारोपण कार्यक्रम, कर्मचारीबीच वातावरण सम्बन्धी टिकटक प्रतियोगिता, पुनःप्रयोग गर्न सकिने कटन ब्याग वितरण र नो प्रिन्ट डे जस्ता कार्यक्रमहरू आयोजना गरी सो दिवस मनाएको थियो ।

यसरी समग्र समाजको हितका लागि सदा जस्तै आगामी दिनमा पनि सामाजिक कार्यलाई अझ प्रभावकारी र व्यापक बनाउँदै बैंकको केन्द्रीय, प्रादेशिक तथा शाखा कार्यालयहरू मार्फत योजनाबद्ध रूपमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यक्रमहरू अघि बढाउन यस बैंक प्रतिबद्ध रहेको छ ।

७. सरकारी राजस्वमा योगदान

देशको अर्थतन्त्रलाई मजबुत बनाउन सदैव प्रतिबद्ध रहेको यस बैंकले बैंकिङ्ग सेवा एवं सामाजिक उत्तरदायित्व सम्बन्धी क्रियाकलापहरूको माध्यमबाट योगदान पुऱ्याउँदै आएको छ । यसैगरी, बैंकले सरकारी राजस्वमा उल्लेखनीय रकम योगदान गरी एक जिम्मेवार करदाताको कर्तव्य पनि निर्वाह गर्दै आइरहेको छ । समीक्षा वर्षमा मात्रै बैंकले रू. ११५ करोड आयकरको रूपमा र रू. १८३.९१ करोड अन्य विभिन्न प्रकारका करको रूपमा गरी जम्मा रू. २९८.९१ करोड सरकारी कोषमा योगदान गरेको छ ।

८. जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली

(क) जोखिम व्यवस्थापन

बैंकको आन्तरिक नियन्त्रण प्रणाली तथा जोखिम व्यवस्थापनको विकास र प्रभावकारिताको समीक्षा गर्ने जिम्मेवारी संचालक समितिमा रहन्छ । बैंकको संचालक समितिले समय समयमा बैंकको उच्च व्यवस्थापनसँग

जोखिम तथा आन्तरिक नियन्त्रणको कार्यान्वयन सम्बन्धी जानकारी लिने तथा निरिक्षण गर्ने गर्छ । बैंकले उचित जोखिम व्यवस्थापनको लागि सुदृढ जोखिम व्यवस्थापन संरचना लागु गरी जोखिम व्यवस्थापन नीति तथा पद्धतिको कार्यान्वयन गरेको छ । बैंकमा अन्तर्निहित महत्वपूर्ण मूलभूत जोखिमहरूको सामना गर्न र जोखिम अवस्था नियन्त्रणमा राख्न विभिन्न जोखिम मापन प्रणालीहरू विकास गरिएको छ । बैंकका विभिन्न गतिविधिहरूमा हुने विभिन्न प्रकारका अन्तर्निहित जोखिमहरूको बैंकले उच्च महत्वका साथ पहिचान, मापन र व्यवस्थापन गर्दछ । बैंकले विभिन्न नीति, निर्देशन तथा पद्धतिहरू विकास गरेर बैंकको आन्तरिक नियन्त्रण प्रणाली तथा जोखिम व्यवस्थापन व्यवस्था अझ सवल बनाउन जोड दिंदै आएको छ । साथै बैंकले प्रभावकारी जोखिम व्यवस्थापन गर्न तथा पुँजीकोष पर्याप्तता सुनिश्चित गर्न राष्ट्र बैंकले जारी गरेको Risk Managament Guideline, Stress Testing Guideline तथा ICAAP Guideline अनुशरण गर्दै आएको छ ।

(ख) जोखिम व्यवस्थापन संरचना

व्यवसायको क्रममा आईपर्न सक्ने कर्जा जोखिम, सञ्चालन जोखिम, सूचना तथा प्रविधि जोखिम, तरलता जोखिम, बजार जोखिम, ब्याजदर जोखिम, विदेशी विनिमय जोखिम, आन्तरिक तथा बाह्य चुनौतीले श्रृजना गर्ने जोखिम र अन्य जोखिमहरूलाई मापन, नियन्त्रण, व्यवस्थापन तथा पर्याप्त रूपमा सम्बोधन गर्न बैंकमा एकीकृत जोखिम व्यवस्थापन विभाग क्रियाशील रहेको छ । यस विभागले प्रचलित कानून, नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएका निर्देशनहरू, बैंकको नीति तथा कार्यविधिहरू पालना भए नभएको अनुगमन गरी बैंकमा संस्थागत सुशासन कायम राख्नुका साथै जोखिम व्यवस्थापन कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । यस विभागले बैंक व्यवस्थापनको अधिनमा नभई स्वतन्त्र इकाईको रूपमा आफ्नो कामकारवाही गर्दछ र बैंकको संचालक स्तरीय जोखिम व्यवस्थापन समिति प्रति जवाफदेही रहेको छ । यस विभागले कर्जा, संचालन तथा बजार जोखिम व्यवस्थापन विभाग एवं अनुपालना विभागका कार्यहरूको सुपरिवेक्षण र अनुपालना तथा कानुनी जोखिम, प्रतिष्ठा जोखिम र रणनीति जोखिमहरूको अवस्था मूल्याङ्कन गरेर बैंकको आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन संयन्त्रको कार्यान्वयन सुनिश्चित गर्दछ । यस विभागले जोखिम व्यवस्थापन नीति तथा प्रक्रियाहरूको कार्यान्वयनको पनि निगरानी गर्दछ ।

बैंकको समग्र जोखिमको पहिचान, विश्लेषण, मूल्यांकन, अनुगमन र व्यवस्थापन गर्न विभिन्न संचालक स्तरीय समितिहरू जस्तै जोखिम व्यवस्थापन समिति, लेखापरीक्षण समिति, कर्मचारी सेवा सुविधा समिति र सम्पत्ति शुद्धिकरण निवारण समिति क्रियाशील रहेका छन । आन्तरिक लेखापरीक्षण विभागलाई संचालक समिति अन्तर्गतको लेखापरीक्षण समिति मातहत स्वतन्त्र विभागको रूपमा राखिएको छ । लेखापरीक्षण समितिले बैंकले अंगीकार गरेको नीति निर्माणको परिपालना भए नभएको, बैंकको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन, लेखापरीक्षण प्रक्रियाको मूल्याङ्कन, आर्थिक प्रतिवेदन र आर्थिक विवरण सम्प्रेषणको सुपरीवेक्षण गरी बैंकको आर्थिक विवरणहरू सही र पर्याप्त रहेको, बैंकका सम्पूर्ण विभागहरूले आन्तरिक प्रक्रिया, नीति नियमहरूको परिपालना गरे/नगरेको बारे सुनिश्चित गर्ने कार्य गर्दछ । लेखापरीक्षण समितिले आन्तरिक तथा बाह्य लेखापरिक्षकहरूको निरीक्षण प्रतिवेदनहरूको समीक्षा गरी आन्तरिक नियन्त्रण तथा अनुपालना सम्बन्धमा आवश्यकता अनुसार बैंक व्यवस्थापन एवं संचालक समितिलाई सुझावहरू प्रदान गर्दछ । यसैगरी बैंकको संचालक स्तरीय जोखिम व्यवस्थापन समितिले एकीकृत रूपमा जोखिमहरूको समीक्षा गर्दछ र संचालक समिति समक्ष जानकारी, छलफल, सल्लाह, सुझाव एवं निर्देशनको लागि प्रस्तुत गर्दछ ।

(ग) जोखिम व्यवस्थापन तथा न्यूनीकरण

बैंकले अन्तर्निहित जोखिमहरू र त्यस्ता जोखिमहरूको व्यवस्थापनमा प्रभाव पार्ने तत्वहरूको पहिचान गर्नुका साथै उदीयमान जोखिमहरूको व्यवस्थापन सुनिश्चित गर्न जोखिम व्यवस्थापन मोडलहरूको विकास गरेको छ ।

(घ) कर्जा जोखिम व्यवस्थापन

बैंकले व्यवसाय सञ्चालनको क्रममा समग्र जोखिमको प्रमुख हिस्सा कर्जा तथा सापटमा रहेको जोखिमले ओगटेको हुन्छ । बैंकको कर्जाको आधारमा बैंकलाई दीर्घकालीन जोखिम व्यहोर्नु पर्ने स्थिति सिजर्ना हुन जाने र निश्क्रिय कर्जाको प्रत्यक्ष असर बैंकको नाफा नोक्सानीमा मात्र नभएर बैंकको प्रतिष्ठामा समेत असर पर्ने हुनाले कर्जाको जोखिम व्यवस्थापनको बैंकको समग्र जोखिम व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका रहने गरेको छ । तसर्थ, बैंकले कर्जाको जोखिम व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखेको छ । कुनै पनि जोखिमको उत्पत्ति साथै त्यसको दीर्घकालीन असरलाई बैंकले तयार गर्ने प्रत्येक कर्जा प्रस्तावमा विश्लेषण गरिएको हुन्छ, जोखिम

तथा त्यसको प्रतिफललाई सही रूपमा मापन गरिएको हुन्छ तथा त्यस्ता जोखिमलाई न्यूनिकरण गर्ने उपायहरू उल्लेख गरिएको हुन्छ ।

यसैगरी, बैंकको उच्च व्यवस्थापन तहका प्रमुख जोखिम अधिकृतको मातहतमा छुट्टै कर्जा जोखिम विभागको गठन गरिएको छ । यस विभागले व्यवसाय सञ्चालनका क्रममा उत्पन्न हुन सक्ने जोखिमहरूको व्यापक अनुगमन गर्नु, वृहत, सुक्ष्म तथा तहगत जोखिमलाई निगरानी गर्नुको साथ-साथै सो जोखिमहरूको विस्तृत विवरण बैंकका उच्च व्यवस्थापन समक्ष प्रस्तुत समेत गर्दछ । साथै, बैंकका विभिन्न निति तथा कार्यविधिहरूले निर्देशन बमोजिम कर्जा जोखिम व्यवस्थापन विभागका दक्ष कर्मचारीहरूले कर्जा प्रस्तावहरूको समीक्षा समेत गर्दछन् र कर्जा प्रदान गर्ने सम्बन्धमा कुनैपनि निर्णय गर्नु पूर्व कर्जा जोखिम व्यवस्थापन विभागको त्यस कर्जा सम्बधी जोखिमहरूको टिप्पणी तथा विवरण अवलोकन गरेर मात्र कर्जा स्वीकृत गर्ने गरिन्छ । कर्जा जोखिम ईकाइमा भिन्न प्रकृतिका कर्जा प्रवाह गर्ने कार्यलाई विश्लेषण गर्नसक्ने विशेष दक्षता भएका कर्मचारी खटाईएको छ, जो प्रमुख जोखिम अधिकृत प्रति उत्तरदायी छन् । केन्द्रीय तहबाट गरिने दैनिक प्रतिवेदन निरीक्षण तथा कर्जा सुविधाको आवधिक पुनरावलोकनले कुनै कर्जामा सुधार गर्न आवश्यक भएमा समयमै कदम चाल्न समेत मद्दत पुऱ्याउँदछ । बैंकले कर्जा जोखिम न्यूनीकरण गर्न विभिन्न रणनीति तथा नीतिहरूको विकास गरेको छ ।

कर्जा जोखिम व्यवस्थापनको उद्देश्य नियामक निकायद्वारा निर्देशन गरिएका मार्ग निर्देशनहरूको पालना गर्नु र प्रभावकारी कर्जा जोखिम व्यवस्थापनद्वारा बैंकको जोखिम कम गरी प्रतिफल दरलाई अधिकतम बनाउनु हो । कर्जा जोखिमलाई विवेकपूर्ण रूपमा व्यवस्थापन गर्न बैंकले विभिन्न जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गर्दै गुणस्तरीय सम्पत्ति कायम राख्न कर्जा जोखिम व्यवस्थापन तथा न्यूनीकरण गर्न प्रयासरत रहेको छ ।

बैंकको कर्जा नीति कर्जा जोखिम व्यवस्थापनको लागि अन्तिम नीतिगत दस्तावेज हो । बैंकको कर्जा नीति आवधिक रूपमा समीक्षा गरी स्वीकार्य जोखिम मापदण्डहरूको यकिन गरिएको छ । साथै, कर्जा अधिकेन्द्रित जोखिमको व्यवस्थापन र समयानुकूल पुनरावलोकन गर्न बैंकले सुशासन तथा जोखिम व्यवस्थापन संरचनाभित्र रहि कर्जा जोखिम अधिकेन्द्रित व्यवस्थापन नीति तर्जुमा गरेको छ । साथै, जोखिम व्यवस्थापनको दायरा विस्तार गर्न र नियामक प्रावधानहरू समावेश गरी बैंकले आफ्नो जोखिम व्यवस्थापन नीतिहरू नियमित रूपमा पुनरावलोकन गर्ने गरेको छ । साथै, गत आ.व. देखि प्रत्येक प्रदेशमा कर्जा जोखिम व्यवस्थापनका लागि कर्मचारीहरू नियुक्त गरिएको छ जसबाट कर्जा सम्बन्धी जोखिम अझ प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

जोखिम व्यवस्थापन समितिले जोखिम प्रतिवेदनहरूको सूक्ष्मरूपमा समीक्षा गर्दै बैंकको कर्जा जोखिम व्यवस्थापनलाई सुदृढ गर्न नियमित रूपमा निर्देशन दिने गर्छ । बैंकको जोखिम भारीत सम्पत्तिको बारेमा जानकारी लिन कर्जा जोखिम मूल्याङ्कन प्रतिवेदनहरू तयार गरी प्रत्येक त्रयमासमा जोखिम व्यवस्थापन समितिमा प्रस्तुत गरिन्छ ।

कर्जा जोखिम व्यवस्थापनका लागि बैंकले पूँजी पर्याप्तताको मूल्याङ्कन, जोखिम मूल्याङ्कन प्रणाली, पोर्टफोलियो विश्लेषण र जोखिम विश्लेषण जस्ता उपायहरू अवलम्बन गरेको छ । बैंकले व्यवस्थापनलाई विशेषज्ञता र जोखिम निर्णय क्षमताको आधारमा कर्जा स्वीकृति सीमा प्रत्यायोजन गरेको छ ।

(ङ) बजार जोखिम व्यवस्थापन

बजार जोखिम अन्तर्गत बैंकले विशेषगरी विदेशी मुद्रा सटही (मुद्रा जोखिम), बजार ब्याजदर (ब्याजदर जोखिम), बजार मूल्य (मूल्य जोखिम) र अधिकेन्द्रित जोखिम को व्यवस्थापन गर्दछ ।

विदेशी विनिमय जोखिम न्यूनीकरण गर्न बैंकले हेजिङ्ग सम्बन्धी करारहरू जस्तै Forward Financial Derivatives प्रयोग गरेको छ जसलाई वित्तीय बजारमा सहजरूपमा कारोबार गर्न सकिन्छ । साथै बैंकले विदेशी विनिमयमा अंकित सम्पत्ति तथा दायित्वको खुद खुला अवस्था (Net Position) को दैनिक रूपमा अनुगमन गर्ने गर्दछ । यसैगरी बैंकले ब्याजदर सम्बन्धी जोखिमको अनुगमन गर्न निरन्तर ब्याजदर GAP Analysis र शेयर मुल्यमा आउने परिवर्तनको जोखिम अनुगमन गर्न Mark to Market Analysis को प्रयोग गर्दै आएको छ ।

जोखिम व्यवस्थापन समितिले बजार जोखिम व्यवस्थापनका लागि आन्तरिक नीति तथा कार्यविधिहरू तर्जुमा गरेको छ । जोखिम व्यवस्थापन समितिले बजार जोखिम मूल्याङ्कन प्रतिवेदन त्रैमासिक रूपमा वृहत रूपमा छलफल गरी प्रतिकूल बजार अवस्थामा बैंकले सामना गर्न सक्ने जोखिम क्षमताको विश्लेषण गर्नुका साथै सम्भावित बजार

जोखिमको सामना गर्न व्यवस्थापनलाई रणनीतिहरू बनाउन निर्देशन दिने गर्छ ।

साथै, सम्पत्ति दायित्व व्यवस्थापन समितिमा नियमित रूपमा बजार जोखिम व्यवस्थापन तथा न्यूनीकरण गर्न Maturity Mismatch, Gap Analysis, New Product Structure, ब्याज दरको परिवर्तन, लगानी सम्बन्धी निर्णय र दबाव परिक्षणको परिणामबारे छलफल गरिन्छ । सम्पत्ति दायित्व व्यवस्थापन समितिले त्रैमासिक रूपमा समितिमा भएको छलफल तथा निर्णयहरू जोखिम व्यवस्थापन समितिलाई जानकारी गराउने गर्छ । सम्पत्ति र दायित्वको अन्तर तथा जोखिम व्यवस्थापन समितिले गरेका निर्णयहरूका आधारमा बैंकमा भविष्यमा आउन सक्ने जोखिमको व्यवस्थापन सम्बन्धी कार्यदिशा तर्जुमा गरिन्छ ।

बजार जोखिम व्यवस्थापन विभाग अन्तर्गतको Middle Office ले सक्रिय रूपमा बैंकको हालको बजार स्थितिको निरीक्षण गर्दै आएको छ तथा कोष व्यवस्थापनमा हुनसक्ने जोखिमहरूको अनुगमन तथा विश्लेषण गर्दै आएको छ । बैंकले कोष व्यवस्थापन सम्बन्धित कार्यको लागि नीति तथा कार्यविधिको समीक्षा गरी कोष व्यवस्थापन सञ्चालनलाई प्रभावकारी बनाउन विभिन्न आन्तरिक नियन्त्रणका उपायहरू समेत अवलम्बन गरेको छ ।

(च) तरलता जोखिम व्यवस्थापन

तरलता जोखिमबाट हुन सक्ने हानी नोक्सानीलाई कम गर्न बैंकले नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशनको पूर्ण पालना गर्दै आएको छ । बैंकले राष्ट्र बैंकले दिएको विभिन्न तरलता सम्बन्धी वित्तिय सूचकहरूको नियमित रूपमा अध्ययन गरी तोकिएको सीमालाई उचित व्यवस्थापन गर्दछ । बैंकले राष्ट्र बैंले तोके बमाजिम Liquidiy Profile /Stress Testing को अध्ययन तथा विश्लेषण गरी सोको आधारमा तरलता व्यवस्थापनको रणनीति तर्जुमा गर्दछ । तरलता जोखिमको सम्भावित प्रतिकूल अवस्थालाई सम्बोधन गर्न Contingency Funding Plan तर्जुमा गरिएको छ । यस Plan ले सम्भावित तरलता जोखिम नियन्त्रण गर्न तरलता सीमामा आन्तरिक Buffer हरू समावेश गर्दै प्रारम्भिक चेतावनी संकेतहरूको पहिचान गर्ने र उक्त अवस्थाको प्रभाव न्यूनीकरण उपाय तर्जुमा गर्दछ ।

(छ) सञ्चालन जोखिम न्यूनीकरण

बैकिङ्ग क्षेत्रमा वृद्धि हुँदै गइरहेको जटिल जोखिमहरू मध्ये सञ्चालन जोखिम पनि एक मुख्य जोखिम रहेको मानिन्छ । बैंकले सञ्चालन जोखिमका कारणले समग्र व्यवसाय तथा प्रतिष्ठामा क्षति नहोस भनी सुनिश्चित गर्न सञ्चालन जोखिम नियन्त्रण तथा व्यवस्थापनलाई केन्द्रमा राखेको छ । बैंक भित्र वा बाहिरको अपर्याप्त प्रक्रियाहरू तथा जनशक्तिका कारण मूलत उत्पन्न हुनसक्ने सञ्चालन जोखिममा सूचना प्रणालीमा बढ्दै गइरहेको बाह्य चुनौतिको प्रभाव उल्लेखनीय रूपमा वृद्धि भइरहेको देखिन्छ । बैंकको सञ्चालन जोखिम न्यूनीकरण गर्न तथा पारदर्शिता कायम गर्न मानवीय प्रक्रियाहरूलाई कम गर्दै जानुपर्ने बैंकको विश्वास छ । बैंकको सञ्चालन जोखिम व्यवस्थापन गर्न, सञ्चालन जोखिम व्यवस्थापन विभागले निरीक्षण गर्ने र जोखिम व्यवस्थापन समितिले सोही निरीक्षणका आधारमा निर्णय लिने गरेको छ । जोखिम व्यवस्थापन समितिले सक्रिय सहभागिता लिई जोखिम व्यवस्थापन प्रक्रियालाई सहज बनाउन जोखिम व्यवस्थापन सम्बन्धी परिणामहरूको समेत समीक्षा गर्ने गर्छ ।

(ज) सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलाप सम्बन्धी जोखिम व्यवस्थापन

सम्पत्ति शुद्धिकरण (Money Laundering) जोखिम भन्नाले गैरकानुनी कार्य गरी आर्जन गरेको सम्पत्तिलाई कानुनी श्रोतबाट प्राप्त भएको देखाउन त्यस्तो सम्पत्तिको वास्तविक श्रोत लुकाउने, प्रकृति बदल्ने वा कारोवार छली गरी बैंकिङ्ग प्रणाली मार्फत ल्याउने जोखिमलाई बुझिन्छ । आतंकवादी वित्तिय लगानी (Terrorist Financing) भन्नाले कुनै पनि प्रकारको आतंकवादी क्रियाकलाप बाट प्राप्त हुने वित्तीय सहायता वा लगानी बाट हुने जोखिमलाई बुझिन्छ । सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी जोखिमहरूलाई न्यूनीकरण तथा अनुगमन गर्न बैंकले देहाय बमोजिमका कार्यहरू गर्दै आएको छ ।

- सम्पत्ति शुद्धीकरण र आतंकवादी वित्तिय लगानीको उचित पहिचान र विश्लेषण गर्न जोखिम कारकहरू जस्तै ग्राहक, प्रोडक्ट र सर्भिस, डेलिभरी च्यानल तथा भौगोलिक अवस्था र बैंकिङ्ग नीति तथा प्रक्रियाहरू लाई ध्यानमा राखी प्रभावकारी जोखिम व्यवस्थापन गरिएको छ ।
- बैंकले AML Monitoring सिस्टमको अवधारणा लागू गरेको छ, जसले ग्राहकको करोबारको विश्लेषण, शंकास्पद कारोबार सम्बन्धित सूचकहरू पहिचान र अनुगमन गर्दछ ।
- बैंकले ग्राहकको स्क्रिनिङका लागि "World Compliance Online Search र Database Tools" खरिद गरी लागु गरेको छ ।
- AML र CFT सँग सम्बन्धित मुद्दाहरूको स्क्रिनिंग, अनुगमन र रिपोर्टिंगको कार्य गर्न र जोखिम मूल्याङ्कनको माध्यमबाट पहिचान गरिएको AML र

CFT जोखिमलाई पर्याप्त रूपमा सम्बोधन गर्न AML र CFT विभाग गठन गरिएको छ ।

- KYC and AML/CFT Policy, Compliance Policy and Compliance Grading Framework, SOP for KYC and AML/CFT, Anti-Bribery and Anti-Corruption Policy, Employees Code of Conduct, Operation Modality for AML Monitoring System जस्ता नीति तथा कार्यविधिहरू तर्जुमा गरी लागु गरेको छ ।
- बैंक भित्र सम्पत्ति शुद्धीकरण सुशासनको अवस्थालाई अनुगमन र सुनिश्चित गर्न संचालक स्तरीय सम्पत्ति शुद्धीकरण निवारण समिति (AML/CFT Committee) बाट हुने व्यवस्था गरिएको छ ।
- बैंकले आफ्ना कर्मचारी, २ प्रतिशत वा सोभन्दा माथिका शेयरधनी, व्यवस्थापन टोली र सञ्चालक समितिलाई KYC, AML/CFT निर्देशिका, परिपत्र, नियम आदिका बारेमा प्रशिक्षण प्रदान गर्दै आएको छ ।

(झ) अनुपालना जोखिम व्यवस्थापन

कानूनी तथा नियमन प्रतिबन्ध सम्बधी जोखिम, भौतिक आर्थिक नोक्सानी वा बैंकले कानूनी व्यवस्था, संस्थाको मापदण्ड तथा र बैंकिङ्ग क्रियाकलाप सम्बधी व्यपारिक नीति नियमहरू पालना गर्न असफल भएको परिणाम बाट हुने जोखिमहरू सबै अनुपालन जोखिम अन्तर्गत पर्न आउछ । तसर्थ, उचित अनुपालन कार्यान्वयन सुनिश्चित गर्न तथा बैंकिङ्ग व्यापार संचालन गर्दा भैपरि आउने अनुपालन सम्बधी जोखिमलाई सम्बोधन तथा न्यूनिकरण गर्न बैंकले संचालक समिति बाट अनुपालन नीति कार्यान्वयनमा ल्याएको छ । साथै, बैंकले अनुपालना सम्बन्धी जोखिमहरूलाई न्यूनीकरण गर्न अनुपालन विभाग गठन गरेको छ । यस विभागले पर्याप्त अनुपालना नीति तथा कार्यविधिहरू तर्जुमा गरी बैंकका सबै विभाग र शाखाहरूमा सो नीतिहरू लागू गरेको छ ।

अनुपालना सम्बन्धी जोखिमहरूलाई न्यूनीकरण तथा अनुगमन गर्न बैंकले देहाय बमोजिमका कार्यहरू गर्दै आएको छ ।

- बैंकले नियामक निकाय र आन्तरिक नीतिहरूको पालना गराउनको निम्ति "शुन्य सहनशीलता नीति" अपनाएको छ ।
- बैंकले अनुपालान नीति तथा नियमहरू कार्यान्वयन गरी बैंकको सम्पूर्ण विभाग र शाखाहरूमा लागू गर्ने गरेको छ ।
- नियमित व्यापार संचालन र नयाँ उपकरण तथा व्यापारिक अभ्यासहरूको तर्जुमा वा विकास गर्दा हुने अनुमानित अनुपालन जोखिमहरू पहिचान र मापन गर्ने गरेको छ ।
- नियमावली, परिवर्तित नीति नियमहरूको अनुपालन सुनिश्ति गर्न समयमै सम्बन्धित विभाग/शाखाहरूमा उक्त नीति नियमहरू जारी गर्ने गरेको छ ।
- कर्मचारीहरूको लागि आवश्यक तालिम र शिक्षा सन्चालन गरिनुका साथै नीति नियम तथा प्रक्रिया सम्बधी श्रोत/पुस्तिकाहरू उपलब्ध गराईएको छ ।
- सम्बन्धित रिपोर्टिङ्ग इकाईद्वारा नियामक निकायलाई पेश गर्नुपर्ने मासिक/त्रैमासिक/वार्षिक प्रतिवेदनहरू समयमै पेश गरे नगरेको चेकलिष्ट राखी अनुगमन गर्ने गरिएको छ ।

(ञ) सूचना प्रविधि/सुरक्षा सम्बन्धी जोखिम व्यवस्थापन

- बैंकमा सूचना प्रविधि/सुरक्षा सम्बन्धी जोखिम न्यूनीकरण गर्न एउटा छुट्टै Information Security Department को गठन गरेको छ । जसले बैंकको सूचना र तथ्याङ्कलाई अनाधिकृत पहुँच हुनबाट रोक्ने तथा गोपनीयता कायम गर्ने काम गर्छ ।
- सूचना सुरक्षा विभागले बैंकव्यापी सूरक्षा नीति, मापदण्ड, दिशानिर्देशन र प्रक्रियाहरू कार्यान्व्यन गरेर बाह्य र आन्तरिक अनधिकृत तत्वहरू बाट बैंकको सूचना/डाटा को गोपनीयता, अखण्डता र उपलब्धता रक्षा गर्दछ ।
- सूचना सुरक्षा विभागले IT Department, Payment Solutions Department र अन्य सम्बन्धित विभागहरूसँग संयोजन गरी काम गर्दछ । विभिन्न प्रमूख व्यावसायिक क्षेत्रहरू र पूर्वाधारसँग सम्बन्धित विभिन्न जोखिमहरू मापन गर्न र वैधानिक र नियामक आवश्यकताहरूको अनुपालन गर्न यस विभागले नेपाल राष्ट्र बैंकको सूचना प्रविधि निर्देशिका र बाह्य लेखापरीक्षण प्रतिवेदन अनुसार Internal Risk Assessment गर्दछ ।

(ट) प्रतिष्ठा जोखिम व्यवस्थापन

बैंकको प्रतिष्ठाको जोखिम कर्जा, सञ्चालन, बजार, नियामक, वातावरण आदि अवस्थाले श्रृजना गर्छ । यस्तो

जोखिमको दैनिक रूपमा पहिचान तथा न्यूनीकरण गर्ने जिम्मेवारी बैंकका कर्मचारीहरूको हुन्छ । सरोकारवालाहरू बीच बैंकको प्रतिष्ठा जोगाउन र समग्र सकारात्मक छवि कायम राख्न, बैंकले निर्णय गर्दा प्रतिष्ठालाई केन्द्रबिन्दुमा राखी, व्यवसाय र कार्यहरूलाई प्रोत्साहित गर्दै निर्णय गर्ने गर्छ ।

प्रतिष्ठा सम्बन्धी जोखिमको निगरानी र नियन्त्रण गर्ने जिम्मेवारी Central Information and Grievance Handling Desk (CIGHD) द्वारा व्यवस्थापन गरिएको छ । CIGHD ले डिजिटल प्लेटफर्महरू जस्तै सामाजिक संजाल, वेबसाइट, इमेल आदि मार्फत जानकारी र गुनासोहरू प्राप्त गरी आवश्यक समन्वय गर्छ ।

(ठ) रणनीतिक जोखिम व्यवस्थापन

बैंकले आफ्नो संस्थागत रणनीति मार्फत बैंकको कार्यसम्पादन एवं वित्तीय उपलब्धिहरू त्रैमासिक रूपमा समीक्षा गरी समग्र बैंकिङ्ग क्षेत्रसँग तुलना गर्छ । वार्षिक बजेटमा व्यवस्था भए बमोजिम बैंकले हासिल गरेका वित्तीय उपलब्धि तथा कार्य सम्पादनको तुलना गरिन्छ । प्रत्येक विभाग आफ्नो बजेट र व्यापार योजनाको समीक्षा गरी अन्तर विश्लेषण यकिन गरी पूर्वनिर्धारित उद्देश्यहरू हासिल गर्ने तर्फ केन्द्रित छन ।

(ड) वातावरण तथा सामाजिक जोखिम व्यवस्थापन

बैंकको कर्जा नीतिमा कर्जा स्वीकृत गर्नुअघि वातावरणीय तथा सामाजिक प्रभावको मूल्याङ्कन गरेर मात्र कर्जा प्रवाह गर्नु पर्ने उल्लेख छ । नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन बमोजिम बैंकले वातावरणीय तथा सामाजिक जोखिम व्यवस्थापन नीति तथा कार्यविधि तर्जुमा गरी लागु गरेको छ । विभिन्न परियोजना, उद्योग तथा व्यवसायहरूलाई कर्जा प्रवाह गर्दा यस नीतिमा भएका प्रावधानहरूको पूर्ण रूपमा पालना गर्नुपर्ने व्यवस्था गरिएको छ । वातावरण तथा सामाजिक जोखिम व्यवस्थापनलाई थप व्यवस्थित गर्न बैंकमा कर्जा जोखिम व्यवस्थापन विभाग माताहत छुट्टै वातावरण तथा सामाजिक इकाई को स्थापना गरिएको छ । बैंकले कुनै पनि परियोजना, उद्योग तथा व्यवसायहरूलाई कर्जा प्रवाह गर्दा सम्बन्धित परियोजना, उद्योग तथा व्यवसायले वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७७, श्रम ऐन, २०७४, यस बैंकको वातावरणीय तथा सामाजिक जोखिम नीतिका साथै अन्य प्रचलित कानुनमा भएका व्यवस्थाहरूको कार्यान्वयन सम्बधी विश्लेषण गरी कर्जा प्रवाह गर्ने यस इकाईको मूल उद्देश्य रहेको छ । कर्जासँग सम्बन्धित वातावरणीय तथा सामाजिक जोखिमहरूको निरन्तर नियमन गर्नु पनि बैंकको प्रमुख दायित्व रहि आएको छ ।

९. व्यवस्थापन स्तरीय समितिहरू

बैंकमा आन्तरिक नियन्त्रण प्रणाली, समग्र जोखिम व्यवस्थापन, कुशल निरिक्षण, प्रभावकारी एवं समयानुकुल निर्णय तथा संस्थागत सुशासन स्थापित गर्न कार्यकारी समिति, व्यवस्थापकीय कर्जा समिति, सम्पत्ति तथा दायित्व व्यवस्थापन समिति, व्यवस्थापकीय कर्जा असुली समिति, व्यवस्थापकीय कर्जा अपलेखन उप-समिति, आर्थिक निर्देशन समिति, खरिद समिति, सम्पत्ति निसर्ग समिति, संचालन जोखिम व्यवस्थापन समिति लगायतका व्यवस्थापन स्तरीय समितिहरू क्रियाशील रहेका छन ।

क. कार्यकारी समिति (Executive Committee)

बैंकमा प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा मिति २०७५/०३/१४ गते कार्यकारी समूहमा रहेका उच्च व्यवस्थापकहरू सम्मिलित कार्यकारी समिति गठन गरिएको छ । उक्त समितिमा देहाय बमोजिमका सदस्यहरू रहनु भएको छ :

क्र.सं.	कार्यकारी समितिको सदस्यहरूको नाम	पद
१	श्री सुन्दर प्रसाद कडेल, प्रमुख कार्यकारी अधिकृत	संयोजक
२	श्री रामेश्वर प्रसाद बस्याल, नायब प्रमुख कार्यकारी अधिकृत	सदस्य
३	श्री शेर बहादुर बुढाथोकी, सहायक प्रमुख कार्यकारी अधिकृत	सदस्य
४	श्री अर्जुन भद्र खनाल, प्रमुख- साना तथा मझौला एवं उपभोक्ता कर्जा	सदस्य
५	श्री सृजन कृष्ण मल्ल, प्रमुख- सूचना प्रविधि	सदस्य
६	श्री सुरेश राज महर्जन, प्रमुख-बिजनेश सपोर्ट/पेमेण्ट सोलुसन्स्	सदस्य सचिव
७	श्री प्रशन्न खड्का, प्रमुख-कर्पोरेट क्रेडिट	सदस्य
८	श्री शैलजा ज्ञवाली, प्रमुख- एकीकृत जोखिम व्यवस्थापन	सदस्य
९	श्री मनोहर के.सी., प्रमुख- केन्द्रीय कर्जा प्रशासन तथा नियन्त्रण	सदस्य
१०	श्री प्रदिप पन्त, प्रमुख- भ्याली रिर्सोसेस	सदस्य

समीक्षा अवधिमा कार्यकारी समिति (Executive Committee) को जम्मा १८ वटा बैठक बसेको थियो । उक्त बैठकहरूमा मुख्यतयाः निम्न बमोजिमका विषयहरूमा छलफल भएको थियो ।

- आ.व. २०७९/८० को नेपाल राष्ट्र बैंकद्वारा प्रकाशित मौद्रिक नीति सम्बन्धमा ।

- NRB Onsite Inspection Report सम्बन्धमा ।
- बैंकको पञ्चवर्षीय योजना सम्बन्धमा ।
- बैंकको आ.व. २०८०/८१ को वार्षिक बजेट सम्बन्धमा ।
- बैंकको त्रैमासिक कार्य सम्पादन सम्बन्धमा ।
- कर्मचारी मूल्यांकन तथा कर्मचारी आवश्यकता सम्बन्धमा ।
- बैंकको संगठनात्मक संरचना (Organizational Structure) को सम्बन्धमा ।
- Business Vertical सम्बन्धी Organogram सम्बन्धमा ।
- बैंकको संरचना तथा क्रेडिट अन्डरराईटिङ्ग विभाग सम्बन्धमा ।
- बैंकको प्रधान कार्यलयमा विभागहरूको Relocation सम्बन्धमा ।
- Fee Based Income बढाउने रणनीतिहरूको सम्बन्धमा ।
- Ancillary Products को लक्ष्यहरू सम्बन्धमा ।
- Directed Lending सम्बन्धमा ।
- Working Capital Loan to QR Merchants सम्बन्धमा ।
- बैंकले बाह्य व्यवसायिक ऋण लिने सम्बन्धमा ।
- विदेशी बैंकहरूको सम्बन्धमा ।
- कर्मचारी विनियामावली सम्बन्धमा ।
- कर्मचारी पोशाकको लागि SOP सम्बन्धमा ।
- Bank Guarantee SOP मा गरिएको संशोधनको सम्बन्धमा ।
- बैंकको विभिन्न नीतिहरूको पुनरावलोकन सम्बन्धमा ।
- विश्व वातावरण दिवसको सन्दर्भमा गरिने कार्यक्रमहरूको सम्बन्धमा ।
- बैंकको २० औं वार्षिकत्सव मनाउने तयारीको सम्बन्धमा ।

ख. व्यवस्थापकीय कर्जा समिति (Management Credit Committee)

बैंकमा कर्जा प्रवाह गर्ने निर्णय प्रक्रियालाई छिटो छरितो बनाउनका लागि प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा मिति २०७८/०३/१४ गते व्यवस्थापकीय कर्जा समिति (Management Credit Committee) गठन गरिएको छ । उक्त समितिमा निम्न बमोजिमका सदस्यहरू रहनु भएको छ :

क्र.स.	व्यवस्थापकीय कर्जा समितिको सदस्यहरूको नाम र पद
१	श्री सुन्दर प्रसाद कडेल, प्रमुख कार्यकारी अधिकृत - संयोजक
२	श्री रामेश्वर प्रसाद बस्याल, नायब प्रमुख कार्यकारी अधिकृत - सदस्य
३	श्री शेर बहादुर बुढाथोकी, सहायक प्रमुख कार्यकारी अधिकृत - सदस्य
४	श्री प्रशन्न खड्का, प्रमुख-कर्पोरेट क्रेडिट - सदस्य
५	श्री लक्ष्मण घिमिरे, कम्पनी सचिव - सदस्य सचिव

यस समितिको Terms of Reference (TOR) देहाय बमोजिम रहेको छ :

- प्रत्येक २ वर्षमा बैंकको कर्जा नीतिको समीक्षा गर्ने,
- कर्जा पोर्टफोलियोको समीक्षा तथा स्वीकृति कर्जा Exposure, Group Exposure, निष्कृय कर्जाको अवस्था र अन्य कर्जा जोखिम लगायतका सम्बन्धित विषयहरू समेटी कर्जा जोखिम व्यवस्थापन निरिक्षण गर्ने,
- कर्जा, कर्जा वर्गीकरण, कर्जा संरचना, कर्जा विविधिकरण, कर्जा जोखिम, Yield सम्बन्धमा बाह्य नियमन र बैंकको कर्जा नीतिको अनुपालन सम्बन्धी अनुगमन गर्ने,
- कर्जा अधिकेन्द्रित जोखिम, कर्जा पोर्टफोलियो संरचना तथा कर्जाको गुणस्तर जस्ता विषयहरू समेटी समग्र कर्जा जोखिम मुल्यांकन गरी समयमा संचालक समिति समक्ष पेश गर्ने ।
- आवधिक रूपमा कर्जा पोर्टफोलियोको समीक्षा गरी कर्जा पोर्टफोलियो जोखिम बैंकको निर्धारित जोखिम बहन गर्न सक्ने सीमाभित्र छ वा छैन यकिन गर्ने ।

समीक्षा अवधिमा व्यवस्थापकीय कर्जा समिति (Management Credit Committee) को जम्मा ३४ (बैठक नं. ५२ देखी बैठक नं ८५ सम्म) वटा बैठक बसेको थियो । उक्त बैठकहरूमा मुख्यतयाः निम्न बमोजिमका विषयहरूमा छलफल भएको थियो :

- विभिन्न कर्जा प्रस्तावहरू उपर आवश्यक छलफल, समीक्षा पश्चात स्वीकृति तथा अनुमोदन ।
- आ.व. २०७९/८० मा बैंकको प्राथमिक पुँजीको ५० प्रतिशत देखी १०० प्रतिशत तथा प्राथमिक पुँजीभन्दा बढी लगानी भएका क्षेत्रगत कर्जाहरूको सम्बन्धमा ।
- Credit Risk Concentration Review Report सम्बन्धमा ।

- Credit Risk Assessment Report सम्बन्धमा ।
- Portfolio Quality Management Managers and Portfolio Quality Management Officers सम्बन्धमा ।
- Centralized Credit Underwriting Process सम्बन्धमा ।
- धितो मूल्यांकनकर्ताको सूचीकरण सम्बन्धमा ।
- Premium Rates घटाउने सम्बन्धमा ।

ग. सम्पत्ति दायित्व व्यवस्थापन समिति (Asset Liabilities Management Committee)

बैंकको सम्पत्ति दायित्व व्यवस्थापन, विदेशी विनिमय, तरलता तथा ब्याज निर्धारण जस्ता बजार जोखिमका विषयहरूका बारेमा नियमित छलफल गरी सो सम्बन्धमा आवश्यक निर्णयार्थ बैंकमा सम्पत्ति तथा दायित्व व्यवस्थापन समिति गठन गरिएको छ । समितिले नियमित रूपमा यस सम्बन्धमा छलफल गरी आवश्यक आन्तरिक नियन्त्रण सम्बन्धी निर्णय गर्छ । उक्त समितिमा निम्न बमोजिमका सदस्यहरू रहनु भएको छ :

क्र.स.	सम्पत्ति दायित्व व्यवस्थापन समिति सदस्यहरूको नाम	पद
१	श्री सुन्दर प्रसाद कडेल, प्रमुख कार्यकारी अधिकृत	संयोजक
२	श्री रामेश्वर प्रसाद बस्याल, नायब प्रमुख कार्यकारी अधिकृत	सदस्य
३	श्री शेर बहादुर बुढाथोकी, सहायक प्रमुख कार्यकारी अधिकृत	सदस्य
४	श्री अर्जुन भद्र खनाल, प्रमुख -साना तथा मझौला एवं उपभोक्ता कर्जा	सदस्य
५	श्री प्रशन्न खड्का, प्रमुख-कर्पोरेट क्रेडिट	सदस्य
६	श्री प्रदिप पन्त, प्रमुख- भ्याली रिर्सोसेस	सदस्य
७	श्री जित बहादुर अधिकारी, प्रमुख- ट्रेजरी	सदस्य सचिव
८	श्री प्रमेश श्रेष्ठ, प्रमुख- वित्त तथा लेखा	सदस्य

समीक्षा अवधिमा सम्पत्ति दायित्व व्यवस्थापन समितिको जम्मा ३१ वटा बैठक बसेको थियो । उक्त बैठकहरूमा मुख्यतयाः निम्न बमोजिमका विषयहरूमा छलफल भएको थियो ।

- ब्याजदर परिवर्तन/संशोधनका बारेमा छलफल, समीक्षा एवं निर्णय ।
- बैंकको लगानी र सम्पत्ति तथा दायित्व व्यवस्थापन सम्बन्धी नीतिको पुनरावलोकन ।
- नेपाली रूपैयाँ तथा विदेशी मुद्राको श्रोत तथा उपयोग सम्बन्धमा ।
- बैंकको लगानी तथा व्यावसायिक कार्ययोजना सम्बन्धमा ।
- नयाँ बचत योजनाहरू तथा ऋणपत्र निष्काशन सम्बन्धमा ।
- दबाव परीक्षण (Stress Testing) को समीक्षा सम्बन्धमा ।
- सम्पत्ति तथा दायित्व व्यवस्थापन सम्बन्धी समीक्षा सम्बन्धमा ।
- विदेशी बैंक तथा वित्तीय संस्थाबाट परिवर्त्य विदेशी मुद्रामा ऋण लिने सम्बन्धमा ।
- नेपाली रूपैया तथा अमेरिकी डलर कारोबारमा अन्तर शाखा लागत सम्बन्धी समीक्षा सम्बन्धमा ।
- सरकारी ऋणपत्र, अन्य मौद्रिक उपकरण, कृषि ऋणपत्र तथा उर्जा ऋणपत्रमा लगानी सम्बन्धमा ।
- बजार तथा प्रतिस्पर्धी बैंकको बारेमा विश्लेषण ।
- सहायक कम्पनीले निष्काशन गरेको सामुहिक लगानी कोषको बीज पूँजीमा लगानी गर्ने सम्बन्धमा ।
- विभिन्न कम्पनीको शेयर तथा सामुहिक लगानी कोषमा लगानी तथा खरिद/बिक्री सम्बन्धी रणनीतिका बारेमा छलफल ।
- मौद्रिक नीतिको समीक्षा ।
- दैनिक तरलता सुविधा सम्बन्धमा ।
- बैंकको ट्रेड फाइनान्स व्यवसायको सम्बन्धमा ।

घ. व्यवस्थापकीय कर्जा असुली समिति (Loan Recovery Committee)

बैंकमा कर्जा असुली सम्बन्धी कार्य गर्न बैंकको संचालक समितिको मिति २०७४/१२/२२ गते (०५ अप्रिल २०१८) बसेको २९० औं बैठकले बैंकका प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा व्यवस्थापकीय कर्जा असुली समिति (Loan Recovery Committee) गठन गर्ने निर्णय गरी यस समितिलाई कर्जा असुली निर्देशिका बमोजिम साँवा, ब्याज तथा अन्य गरी कुल रू. २५ करोड सम्मको कर्जाको असुली सम्बन्धी लिलाम लगायत उपयुक्त निर्णय गर्न सक्ने अख्तियारी प्रदान गरेको छ । उक्त समितिमा निम्न बमोजिमका सदस्यहरू रहनु भएको छ :

क्र.सं.	व्यवस्थापकीय कर्जा असुली समितिका सदस्यहरूको नाम	पद
१	श्री सुन्दर प्रसाद कडेल, प्रमुख कार्यकारी अधिकृत	संयोजक
२	श्री रामेश्वर प्रसाद बस्याल, नायब प्रमुख कार्यकारी अधिकृत	सदस्य
३	श्री शेर बहादुर बुढाथोकी, सहायक प्रमुख कार्यकारी अधिकृत	सदस्य
४	श्री अनिन्द्र राज आचार्य, प्रमुख-विशेष सम्पत्ति (कर्जा असुली) इकाई	सदस्य
५	श्री गोकुल सापकोटा, प्रबन्धक-कानून विभाग	सदस्य
६	श्री दिपक वाग्ले, प्रबन्धक, विशेष सम्पत्ति (कर्जा असुली) इकाई	सदस्य सचिव

समीक्षा अवधिमा व्यवस्थापकीय कर्जा असुली समिति (Loan Recovery Committee) को जम्मा ३२ वटा बैठक बसेको थियो । उक्त बैठकहरूमा मुख्यतयाः निम्न बमोजिमका विषयमा छलफल भएको थियो ।

- कर्जा असुली निर्देशिका बमोजिम रू. २५ करोड (साँवा, ब्याज तथा अन्य गरी कुल) सम्मको कर्जाको असुली सम्बन्धी लिलाम लगायत उपयुक्त निर्णय गर्ने ।
- लिलामबाट पनि असुल उपर हुन नसकेको बाँकी कर्जा असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने ।
- गैर बैंकिङ्ग सम्पत्तिको रूपमा स्विकार गर्नका लागि आवश्यक निर्णयार्थ संचालक समितिमा सिफारिस गर्ने ।

ङ. व्यवस्थापकीय कर्जा अपलेखन उप-समिति (Loan Write-off Sub Committee)

अपलेखन हुने कर्जाको सावाँ रकम रू. २,५०,००० सम्मको कर्जा अपलेखन गर्ने र बाँकी रहेको ब्याजको ५० प्रतिशत वा रू.१०,००,००० सम्मको ब्याज मिनाह गर्ने तर यसरी मिनाहा हुने ब्याज रकम रू. १०,००,००० भन्दा बढी नहुने गरी मिनाह गर्ने र सो रकम भन्दा बढी रकम अपलेखन गर्न परेमा आवश्यक निर्णयार्थ बैंकको संचालक समितिमा सिफारिस गर्ने अख्तियारी सहितको बैंकमा व्यवस्थापकीय कर्जा अपलेखन उप-समिति (Loan Write off Sub Committee) रहेको छ । उक्त उप-समितिमा निम्न बमोजिमका सदस्यहरू रहनु भएको छ :

क्र.सं.	व्यवस्थापकीय कर्जा अपलेखन उप-समितिका सदस्यहरूको नाम	पद
१	श्री सुन्दर प्रसाद कडेल, प्रमुख कार्यकारी अधिकृत	संयोजक
२	श्री रामेश्वर प्रसाद बस्याल, नायब प्रमुख कार्यकारी अधिकृत (सम्बन्धित क्षेत्र)	सदस्य
३	श्री शेर बहादुर बुढाथोकी, सहायक प्रमुख कार्यकारी अधिकृत (सम्बन्धित क्षेत्र)	सदस्य
४	श्री अनिन्द्र राज आचार्य, प्रमुख-विशेष सम्पत्ति (कर्जा असुली) इकाई	सदस्य
५	श्री गोकुल सापकोटा, प्रबन्धक-कानून विभाग	सदस्य
६	श्री दिपक वाग्ले, प्रबन्धक-विशेष सम्पत्ति (कर्जा असुली) इकाई	सदस्य सचिव

समीक्षा अवधिमा कर्जा अपलेखन उप-समिति (Loan Write off Sub Committee) को जम्मा १० वटा बैठक बसेको थियो ।

च. आर्थिक निर्देशन समिति (Financial Direction Committee)

बैंकले आर्थिक प्रशासन विनियमावली, २०७४ तर्जुमा गरी लागु गरेको छ । बैंकमा देहाय बमोजिमको आर्थिक निर्देशन समिति (Financial Direction Committee) क्रियाशिल रहेको छ । उक्त समितिमा देहाय बमोजिमका सदस्यहरू रहनु भएको छ :

क्र.सं.	आर्थिक निर्देशन समितिका सदस्यहरूको नाम	पद
१	श्री सुन्दर प्रसाद कडेल, प्रमुख कार्यकारी अधिकृत	संयोजक
२	श्री रामेश्वर प्रसाद बस्याल, नायब प्रमुख कार्यकारी अधिकृत	सदस्य
३	श्री शेर बहादुर बुढाथोकी, सहायक प्रमुख कार्यकारी अधिकृत	सदस्य
४	श्री सुरेश राज महर्जन, प्रमुख बिजनेस सर्पोट एण्ड पेमेन्ट सोलुसन्स्	सदस्य
५	श्री ज्ञानेन्द्र कार्की, प्रमुख सामान्य प्रशासन	सदस्य सचिव
६	श्री प्रमेश श्रेष्ठ, प्रमुख वित्त तथा लेखा	सदस्य

समीक्षा अवधिमा आर्थिक निर्देशन समिति (Financial Direction Committee) को जम्मा ६६ वटा बैठक बसेको थियो । उक्त बैठकहरू मुख्यतयाः देहाय बमोजिमका विषयहरूमा भएको थियो ।

- बैंकको Brand Consultant तथा Digital Marketing Consultant छनौट गर्ने सम्बन्धमा ।
- बैंकको विभिन्न १३५ वटा शाखाहरूको खाता खोल्ने

फारमको Digitization को लागि बोलपत्र छनौट गर्ने सम्बन्धमा ।

- बैंकको Records Management Services आउटसोर्सिङ्का लागि सेवा प्रदायक छनौट गर्ने सम्बन्धमा ।
- बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत मिटर ब्याज विरूद्ध जनचेतनामुलक लघु चलचित्र निमार्णको लागि आर्थिक सहयोग गर्ने सम्बन्धमा ।
- बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कास्की पोखराको अमरसिंह माध्यमिक विद्यालयको लागि २० थान कम्प्युटर तथा सोलार सिस्टम खरिद तथा जडान गर्ने सम्बन्धमा ।
- बैंकको सम्पूर्ण सम्पत्तिको वार्षिक बिमा सुरक्षणका लागि बिमा कम्पनी छनौट गर्ने सम्बन्धमा ।

छ. सञ्चालन जोखिम व्यवस्थापन समिति (Operation Risk Management Committee)

बैंकमा देहाय बमोजिमको सञ्चालन जोखिम व्यवस्थापन समिति क्रियाशिल रहेको छ । उक्त समितिमा देहाय बमोजिमका सदस्यहरू रहनु भएको छ ।

क्र.सं.	सञ्चालन जोखिम व्यवस्थापन समितिको सदस्यहरूको नाम	पद
१	श्री सुन्दर प्रसाद कडेल, प्रमुख कार्यकारी अधिकृत	संयोजक
२	श्री शैलजा झवाली, प्रमुख- एकीकृत जोखिम व्यवस्थापन	सदस्य सचिव

* यस समितिको विभिन्न बैठकहरूमा विभिन्न विभाग प्रमुखहरूलाई आवश्यकता र औचित्यका आधारमा आमन्त्रित सदस्यको रूपमा आमन्त्रण गर्ने गरिएको छ ।

यस समितिको Terms of Reference देहाय बमोजिम रहेको छ ।

- संचालन जोखिमको अनुगमन, व्यवस्थापन तथा रिपोर्टिङ गर्ने ।
- संचालक समितिले तय गरेको तथा तोकेको मापदण्डमा रही कार्य गर्ने ।
- जोखिम सम्बन्धी संयन्त्र तथा रणनीतिको कार्यान्वयन गर्ने तथा सोको बारेमा जानकारी प्रदान गर्ने ।
- संचालन जोखिमका आधारमा बैंकको जोखिम प्रोफाईलको निरक्षण तथा परिक्षण गर्ने ।
- संचालन जोखिमको नीति तथा जोखिमको सीमा पुनरावलोकन गर्ने ।
- नयाँ तथा जटिल प्रक्रिया तथा प्रोड्कटको मोडल/प्रणालीको निरीक्षण तथा समीक्षा गर्ने ।
- बैकिङ क्षेत्र तथा नियमनमा भएको विकास तथा परिमार्जन अनुरूप संस्थाको जोखिम मोडलको समीक्षा गर्ने ।
- सम्भावित जोखिम पत्ता लगाउने र त्यसको व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- संचालन जोखिम व्यवस्थापनका लागि उपयुक्त प्रणाली लागु गर्ने ।
- संचालन जोखिम तथा अनुपालनको नियमन गरी व्यवस्थापकीय कार्य गर्ने ।
- संचालन विभागले गरेको कार्यहरू अनुपालनका दृष्टिकोणबाट निरक्षण गर्ने ।
- आवश्यकता अनुसार उपयुक्त आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने ।
- विपद् न्यूनीकरण नीतिको पुनरावलोकन गर्ने ।

समीक्षा अवधिमा जोखिम व्यवस्थापन समिति (Operation Risk Management Committee) को जम्मा ३ वटा बैठक बसेको थियो । उक्त बैठकहरूमा मुख्यतयाः निम्न बमोजिमका विषयहरूमा छलफल भएको थियो ।

- बैकिङ क्षेत्रमा भएका घटना तथा प्रवृतिहरूको कारण बैंकको कारोबार तथा संचालनमा हुन सक्ने जोखिमको सम्भावनाको समीक्षा तथा छलफल ।
- बैंकको जोखिम अभिलेख (रजिष्टर) मा दर्ता भएको घटनाको विश्लेषण तथा सो घटनाको स्थल, अवधि, जोखिम श्रोत, निरीक्षणको जिम्मेवारी तथा आन्तरिक नियन्त्रणको अभिलेख उपर छलफल ।
- लेखापरिक्षणको स्थलगत निरीक्षणमा उल्लिखित कैफियतहरू सुधार तथा दिएका निर्देशनहरूको कार्यान्वयनको स्थिति बारे समीक्षा तथा छलफल ।
- Framework for Operational Risk Appetite and Risk Tolerance उपर छलफल तथा स्वीकृति ।
- सम्बन्धित विभागको सहकार्यमा संचालन जोखिम विभागद्वारा बनाइएको विभिन्न विभागको ग्राह्य हुने सीमा (Risk Tolerance) उपर समीक्षा तथा छलफल ।

ज. खरिद समिति (Procurement Committee)

बैंकमा देहाय बमोजिमको खरिद समिति (Procurement Committee) रहेको क्रियाशिल छ । उक्त समितिमा निम्न बमोजिमका सदस्यहरू रहनु भएको छ ।

क्र.सं.	खरिद समितिका सदस्यहरूको नाम	पद
१	श्री सुरेश राज महर्जन, प्रमुख-बिजनेस सर्पोट एण्ड पेमेन्ट सोलुसन्स्	संयोजक
२	श्री सृजन कृष्ण मल्ल, प्रमुख-सूचना प्रविधि	सदस्य
३	श्री ज्ञानेन्द्र कार्की, प्रमुख-सामान्य प्रशासन	सदस्य सचिव
४	श्री प्रमेश श्रेष्ठ, प्रमुख-वित्त तथा लेखा	सदस्य

समीक्षा अवधिमा खरिद समिति (Procurement Committee) को जम्मा ३ वटा बैठक बसेको थियो । उक्त बैठकहरू मुख्यतयाः देहाय बमोजिमका विषयहरूमा छलफल भएको थियो ।

- बैंकको Web Application Firewall, Video Banking System, Human Capital Managerment System, Customer Loyalty Program Solution खरिदका लागि बोलपत्र छनौट गर्ने सम्बन्धमा ।
- बैंकको Modular Data Center को निमार्णका लागि बोलपत्र छनौट सम्बन्धमा ।
- POS Devices भाडामा प्रयोग गर्न लागि बोलपत्र छनौट सम्बन्धमा ।
- बैंकको नक्साल स्थित भवनमा Transformer, Generator, UPS, Car Lift, Passenger Lift खरिदका लागि आपूर्तिकर्ता छनौट गर्ने सम्बन्धमा ।
- नयाँ वर्ष २०८० सालको बैंकको टेबल तथा भित्तेपात्रो खरिद सम्बन्धमा ।
- बैंकको विभिन्न शाखाको लागि Automated Teller Machine, Cheque Deposit Kiosk, Cash Deposit Machines खरिदका लागि बोलपत्र छनौट गर्ने सम्बन्धमा ।

झ. सम्पत्ति निसर्ग समिति (Assets Disposal Committee)

बैंकमा देहाय बमोजिमको सम्पत्ति निसर्ग समिति (Assets Disposal Committee) रहेको छ । उक्त समितिमा देहाय बमोजिमका सदस्यहरू रहनु भएको छ ।

क्र.सं.	सम्पत्ति निसर्ग समितिका सदस्यहरूको नाम	पद
१	श्री सुरेश राज महर्जन, प्रमुख बिजनेश सपोट एण्ड पेमेन्ट सोलुसन्स्	संयोजक
२	श्री प्रमेश श्रेष्ठ, प्रमुख वित्त तथा लेखा	सदस्य
३	श्री ज्ञानेन्द्र कार्की, प्रमुख सामान्य प्रशासन	सदस्य सचिव

समीक्षा वर्षमा सम्पत्ति निसर्ग समिति (Assets Disposal Committee) को कुनै पनि बैठक बसेको थिएन ।

ञ. कागजात धुल्याउने समिति (Record Disposal Committee)

बैंकमा देहाय बमोजिमको कागजात धुल्याउने समिति (Record Disposal Committee) रहेको छ । उक्त समितिमा देहाय बमोजिमका सदस्यहरू रहनु भएको छ ।

क्र.सं.	कागजात धुल्याउने समितिका सदस्यहरूको नाम	पद
१	श्री ज्ञानेन्द्र कार्की, प्रमुख सामान्य प्रशासन	संयोजक
२	श्री प्रमेश श्रेष्ठ, प्रमुख वित्त तथा लेखा	सदस्य
३	श्री निराकार बहादुर सिंह	सदस्य

समीक्षा वर्षमा कागजात धुल्याउने समिति (Record Disposal Committee) को कुनै पनि बैठक बसेको थिएन ।

१०. ग्राहक पहिचान तथा सम्पत्ति शुद्धिकरण नियन्त्रण सम्बन्धमा

बैंकले छुट्टै Centralized KYC Processing Unit खडा गरी ग्राहक पहिचान तथा सम्पत्ति शुद्धिकरणसँग सम्बन्धित जोखिम न्यूनिकरण गर्ने कार्य गरेको छ । ग्राहक पहिचान तथा सम्पत्ति शुद्धिकरण सम्बन्धमा प्रचलित नेपाल कानून एवं नेपाल राष्ट्र बैंकले जारी गरेको अद्यावधिक निर्देशनहरूलाई बैंकले सदैव प्राथमिकताका साथ पालना गर्दै आएको छ । सम्पत्ति शुद्धिकरण सम्बन्धी कानूनको परिपालना भए नभएको सन्दर्भमा आवधिक मूल्याङ्कन गर्न तथा अन्य अनुपालनाका विषयहरू हेर्न स्थापित अनुपालना विभागले नियमित रूपमा आफ्ना कार्यहरू गरिरहेको छ । उक्त विभागले सो सम्बन्धी व्यवस्थाहरूको अनुगमन गरी सम्पत्ति शुद्धिकरण निवारण ऐन एवं सो अन्तर्गतका नियम, निर्देशिका बमोजिम नियमित रूपमा सुक्ष्म अनुगमन गर्न छुट्टै अनुपालना विभाग खडा गरी सम्पत्ति शुद्धिकरण निवारण समितिमा नियमित रूपमा प्रतिवेदन पेश गरी छलफल गरी आवश्यक निर्णयहरू लिने गरिएको छ ।

यसैगरी प्रचलित ऐन नियम तथा निर्देशनको अधीनमा रही बैंकले ग्राहक पहिचान तथा सम्पत्ति शुद्धिकरणसँग सम्बन्धित नीति, मार्गनिर्देशिका, विनियमावली तयार गरी लागु गर्ने तथा विद्यमान नीति, मार्गनिर्देशिका, विनियमावलीहरूलाई अद्यावधिक गर्ने गरेको छ । यसै क्रममा, समीक्षा अवधिमा बैंकले KYC and AML/CFT Policy तथा Standard Operating Procedure for KYC and AML/CFT अद्यावधिक गरी लागु गरेको छ । यसैगरी, बैंकले AML Monitoring System लागु गरेको छ जस मार्फत ग्राहकको बैंकिङ्ग कारोबारको अनुगमन गर्ने, Digital KYC व्यवस्थापन गर्ने, ग्राहक वर्गीकरण एवं ग्राहक सम्बन्धी जोखिमहरू हेर्ने, Politically Exposed Person (PEPs) को अनुगमन गर्ने, सीमा कारोबार (Threshold Transaction) र शंकास्पद कारोबार (Suspicious Transaction) को विवरण नेपाल राष्ट्र बैंकको Go AML System मार्फत उपलब्ध गराउने कार्यहरू गर्दै आएको छ । यसैगरी बैंकले SWIFT Sanction Screening System खरिद गरी Sanction सम्बन्धी जोखिमहरू प्रभावकारी रूपमा अनुगमन गर्ने गरेको छ । बैंकले छुट्टै Centralized KYC Processing Unit खडा गरी ग्राहक पहिचान तथा सम्पत्ति शुद्धिकरणसँग सम्बन्धित जोखिम न्यूनिकरण गर्ने कार्य गरेको छ । बैंकले कारोबारको उचित अनुगमन र अलर्टको पुनरावलोकनका लागि विद्यमान AML Solution लाई अझ परिष्कृत AML Solution मा परिवर्तन गर्ने योजना बनाएको छ । साथै, निकट भविष्यमा बैंकले ग्राहकको प्रमाणीकरण भिडियो KYC मार्फत लागु गर्ने र KYC सूचना अद्यावधिक र रूजु गर्न विद्युतीय माध्यम समेत प्रयोग गर्ने कार्ययोजना बनाएको छ । यसको लागि बैंकले e- KYC Guidelines अद्यावधिक गरी लागु गरेको छ । बैंकले भविष्यमा स्वचालित रूपमा ग्राहक वर्गीकरण एवं ग्राहक सम्बन्धी जोखिमहरू मूल्याङ्कन गर्ने प्रविधिको विकास गर्ने कार्ययोजना बनाएको छ । बैंकमा आउने नयाँ कर्मचारीहरू समेत ग्राहक पहिचान तथा सम्पत्ति शुद्धिकरण जस्तो संवेदनशील विषयमा जानकार हुन भन्ने उद्देश्यले बैंकमा नयाँ नियुक्त हुने कर्मचारीहरूलाई ग्राहक पहिचान तथा सम्पत्ति शुद्धिकरण विषयमा नियमित रूपमा तालिम प्रदान गर्ने गरिएको छ ।

यसैगरी बैंकमा उच्च संस्थागत सुशासन कायम राख्न चालु आ.व.मा संचालक समितिले संस्थागत सुशासन तथा जोखिम व्यवस्थापन सम्बन्धी विभिन्न नीति तथा कार्यविधिहरू आवश्यकता अनुसार तर्जुमा/संशोधन गरी लागु गरेको छ ।

११. बैंकको औद्योगिक वा व्यावसायिक सम्बन्ध

बैंकले आफ्नो औद्योगिक एवं व्यावसायिक दायरालाई विस्तारित गर्दै जानको लागि राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ-संस्था तथा औद्योगिक व्यावसायिक प्रतिष्ठानहरूसँग सुमधुर तथा व्यावसायिक सम्बन्ध स्थापित गरी सो सम्बन्ध अभिवृद्धि गर्दै लैजाने योजना राखेको छ । साथै, विभिन्न अनुभव तथा योग्यता हासिल गरेका सम्पूर्ण तहका कर्मचारी तथा ग्राहक वर्गहरूसँगको सम्बन्धलाई अझै प्रगाढ बनाउने तर्फ बैंक प्रयत्नशील रहेको छ ।

बैंकको व्यवस्थापन तथा कर्मचारी बीच सुमधुर एवं समन्वयकारी सम्बन्ध निर्माण गरी कार्य सम्पादन हुँदै आएको छ । कर्मचारीको वृत्ति विकास एवं क्षमता अभिवृद्धिका विषयहरूमा व्यवस्थापन र कर्मचारी प्रतिनिधि बीच आपसी छलफल गरी कर्मचारीहरूको वृत्ति विकास एवं क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यहरू गर्ने गरिएको छ । यस बैंकले नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, आन्तरिक राजस्व विभाग, निक्षेप तथा कर्जा सुरक्षण कोष, कर्जा सूचना केन्द्र लिमिटेड, नेपाल बैंकर्स संघ, बैंक तथा वित्तीय संस्था परिसंघ-नेपाल, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेशनल बैंकिङ्ग ईन्सटिच्यूट, नेपाल व्यवस्थापन संघ, International Finance Corporation (IFC) आदिसंग विभिन्न तरिकाबाट आवद्ध भई कार्य गर्दै आईरहेको छ ।

यसैगरी अन्तर्राष्ट्रिय क्षेत्रमा पनि विभिन्न मुलुकमा रहेका बैंकहरू जस्तै कमर्ज बैंक-जर्मनी, कुकमीन बैंक-कोरिया, मश्रेक बैंक- दुबई, स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड-चीन, स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड-लण्डन, स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड-जापान, स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड-भारत, स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड-सिङ्गापुर, एच.डि.एफ.सी. बैंक लिमिटेड-भारत, आइ.सी.आई.सी.आई बैंक लिमिटेड- भारत तथा हङकङ्ग, एक्सीस बैंक लिमिटेड-भारत, के.इ.बी हाना बैंक-कोरिया जस्ता बैंकहरू सँग सुमधुर व्यावसायिक सम्बन्ध स्थापित गर्न यस बैंक सफल भएको छ ।

१२. मानव संसाधन विभागका कार्यहरू

बैंकको आफ्नौ स्थापित मुल्य मान्यता र उद्देश्य प्राप्ती तथा

भावी योजना र दीर्घकालीन रणनितिको सफल कार्यान्वयन गर्नको लागि दक्ष तथा अनुभवी कर्मचारीहरूको आवश्यकता हुने हुँदा कर्मचारीहरूको सीप, क्षमता र दक्षता अभिवृद्धि गर्ने उद्देश्यका साथ बैंक अगाडि बढीरहेको छ । बैंकले आफ्ना कर्मचारीहरूलाई सदैव शक्तिशाली र महत्वपूर्ण सम्पत्तिको रूपमा लिएको छ । बैंकिङ्ग व्यवसाय सेवामुलक हुनुका साथै व्यवस्थित जोखिम लिने व्यवसाय हो । त्यसैले उत्कृष्ट सेवा प्रदान तथा जोखिमको उचित व्यवस्थापन गर्नका लागि सक्षम, कर्मठ र मेहनती कर्मचारीहरूको आवश्यकता पर्दछ । बैंकिङ्ग क्षेत्रमा देखा परिरहेका विभिन्न जोखिमहरूलाई समेत दृष्टिगत गरी बैंकले उचित स्थानमा उचित योग्यता र क्षमता भएका कर्मचारीहरू परिचालन गरिरहेको छ ।

२०८० आषाढ मसान्तमा बैंकको कुल कर्मचारी संख्या १,९७० रहेको छ जस मध्ये व्यवस्थापन स्तरका कर्मचारी १०१ जना रहेका छन । बैंकमा कुल कर्मचारी संख्याको ६२.६९ प्रतिशत अर्थात १,२३५ जना पुरूष र ३७.३१ प्रतिशत अर्थात ७३५ जना महिला कर्मचारी रहेका छन् । बैंकले नयाँ कर्मचारीहरूको पदपूर्ति गर्दा कर्मचारी सेवा विनियमावली २०७३, बमोजिम गर्दै आईरहेको छ । समीक्षा अवधिमा बैंकले बाह्य स्रोतको रूपमा सक्षम, क्षमतावान र योग्य व्यक्तिहरूको पहिचान गरी २४७ जना नयाँ कर्मचारीहरू नियुक्त गरेको छ जस मध्ये २४२ जना कर्मचारीहरूलाई सहायक स्तरका पदमा र ५ जना कर्मचारीहरूलाई अधिकृत पदमा नियुक्त गरेको छ । बैंकले आन्तरिक बढुवा प्रकृया मार्फत २१५ जनालाई पदोन्नति गरेको छ । हाल बैंकमा २०, १५, १० र ५ वर्षभन्दा लामो अवधिसम्म सेवा गर्ने कर्मचारीहरूको संख्या क्रमशः १२, ६१, १९७ र ८७० रहेको छ ।

यसैगरी, बैंकले बदलिँदो परिवेशमा कर्मचारीहरूको कार्य प्रभावकारिता बढाउन ज्ञान, क्षमता, सीप अभिवृद्धि एवं जोखिम व्यवस्थापनका लागि आन्तरिक तथा बाह्य रूपमा राष्ट्रिय-अन्तर्राष्ट्रिय तहमा विभिन्न तालिमहरूमा कर्मचारीहरूलाई सहभागी गराउँदै आएको छ । समीक्षा अवधिमा बैंकले २४६ वटा तालीम सञ्चालन गरेको छ जसमा ३,७८६ जना कर्मचारीको सहभागीता रहेको थियो । साथै, समीक्षा अवधिमा e-learning पोर्टल मार्फत बैंकले ४ वटा अनलाइन परिक्षा सञ्चालन गरी कर्मचारीहरूको ज्ञान तथा सिप अभिवृद्धि गरेको थियो ।

समीक्षा अवधिमा प्रदेश कार्यालयमा केन्द्रीय कर्जा प्रशासन विभाग तथा कर्जा जोखिम विभाग अन्तर्गत आवश्यक कर्मचारीहरू पदस्थापन गरिएको छ । प्रादेशिक कार्यालयहरूलाई अझ व्यवस्थित एवं सुसंगठित बनाउन आगामी आ.व. मा निक्षेप, सामान्य प्रशासन, सूचना प्रविधि, आन्तरिक लेखापरीक्षण, मानव संशाधन विभाग अन्तर्गतका आवश्यक कर्मचारीहरूको प्रदेश कार्यालयमा पदस्थापन गर्ने लक्ष्य बैंकले राखेको छ ।

विद्यमान मानव संशाधन प्रक्रियालाई प्रभावकारी बनाउन बैंकले जनशक्ति व्यवस्थापन कार्यलाई डिजिटली रूपान्तरण गर्न नयाँ सफ्टवेयर (Human Capital Management System) कार्यान्वयनको लागि काम अगाडी बढाएको अवस्था छ साथै नयाँ संगठनात्मक संरचना (Organizational Structure) लागु गरेको छ ।

साथै, बैंकले कर्मचारीहरूको पदपूर्ति, वृत्ति विकास, तालिम, तलब, भत्ता तथा अन्य सुविधा, हाजिर र विदा, आचार संहिता लगायतका कुराहरू समेटिएको कर्मचारी सेवा विनियमावली, २०७३ मा गरिएको संशोधन सहितको नयाँ कर्मचारी सेवा विनियमावली, २०८० नेपाल राष्ट्र बैंकबाट स्वीकृतीको चरणमा रहेको छ । आगामी आ.व.मा बैंकले तालिम तथा विकासलाई अझ व्यवस्थित बनाउन e-learning प्रक्रियालाई जोड दिनुका साथै कर्मचारी सहभागीता तथा कर्मचारी पहिचानलाई प्राथमिकता दिने योजना बनाएको छ ।

१३. संचालक समिति एवं संचालक स्तरीय समितिहरू

१३.१ संचालक समिति Board of Directors)

बैंकको समग्र संचालन एवं व्यवस्थापनका लागि नीतिगत निर्णय गर्ने, प्रचलित कानून एवं बैंकको आन्तरिक नीति नियम बमोजिम विभिन्न प्रस्तावहरू स्वीकृत गर्ने, बैंकको अल्पकालीन एवं दीर्घकालीन योजना एवं रणनीति तर्जुमा गर्ने, व्यवसायसँग सम्बन्धित विभिन्न प्रकारका जोखिमहरू जस्तैः कर्जा जोखिम, बजार जोखिम, संचालन जोखिम, तरलता जोखिम लगायतका विषयहरूमा निरन्तर छलफल गरी विभिन्न निर्णय गर्ने र सो को अनुगमन गर्न संचालक समिति निरन्तर सक्रिय रहेको छ । यसका लागि संचालक समितिले प्रचलित कानून एवं नियमनकारी निकायहरूले तोकेको मापदण्डहरूलाई समेत ख्याल गर्दै नियमित तवरले बैठकहरू बसी उपयुक्त निर्णय लिदैं आएको छ ।

यसैगरी बाह्य एवं आन्तरिक लेखापरिक्षकको प्रतिवेदनमा उल्लेख गरिएका विवरण तथा सुझावहरूमाथि संचालक समितिमा छलफल भई लेखापरिक्षकले राख्नु भएका

सुझावहरूलाई कार्यान्वयन गर्न व्यवस्थापनलाई आवश्यक निर्देशन दिने एवं सो को कार्यन्वयनको अवस्थाबारे संचालक समितिमा समीक्षा गर्ने गरिएको छ । यसैगरी, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति तथा सम्पत्ति शुद्धीकरण निवारण समितिमा विभिन्न विषयहरू उपर भएको छलफल, सुझाव र निर्देशन सहितको प्रतिवेदन नियमित रूपमा संचालक समितिमा पेश गरी सो उपर नियमित छलफल एवं आवश्यक निर्णयहरू लिने गरिएको छ ।

- बैंकमा देहाय बमोजिमको संचालक समिति क्रियाशील रहेको छ :

क्र.सं.	नाम	पद	शैक्षिक योग्यता	नियुक्ति भएको मिति
१	श्री मनोज कुमार केडिया (प्रतिनिधि-प्रुडेन्सियल ईन्भेष्टमेन्ट कम्पनी प्रा.लि., संस्थापक समूह)	अध्यक्ष	प्रविणता प्रमाण पत्र	२०७७ माघ १६
२	श्री नरेन्द्र कुमार अग्रवाल (संस्थापक समूह)	संचालक	बि.कम.	
३	श्री राहुल अग्रवाल (संस्थापक समूह)	संचालक	एम.बि.ए.	
४	श्री दिनेश शंकर पालिखे (प्रतिनिधि- गिन्नी इन्भेष्टमेन्ट प्रा.लि., सर्वसाधारण समूह)	संचालक	एम.बि.ए.	
५	श्री अंकित केडिया (प्रतिनिधि- लिभरेज होल्डिङ्गस प्रा.लि., सर्वसाधारण समूह)	संचालक	एम.बि.ए.	
६	श्री मिना कुमारी सैंजु	स्वतन्त्र संचालक	एम.बि.ए.	२०७८ वैशाख १४

- संचालक नियुक्तिको विधि सम्बन्धमा क्र.सं. १, २, ३, ४ र ५ का संचालकहरू बैंकको १९औं वार्षिक साधारण सभाबाट निर्वाचित हुनुभएको । मिति २०७८/०१/१४ गते बसेको संचालक समितिको ३६९औं बैठकले स्वतन्त्र संचालकमा श्री मिना कुमारी सैंजुलाई नियुक्त गरेकोमा उक्त नियुक्ती बैंकको मिति २०७८ पौष ३० गते सम्पन्न भएको बीसौं वार्षिक साधारण सभाले अनुमोदन गरेको ।
- समीक्षा अवधिमा संचालक समितिमा कुनै हेरफेर भएको छैन ।

संचालक समितिको बैठक

विद्यमान ऐन तथा बैंकको नियमावलीको प्रावधान अनुरूप बैंकको संचालक समितिको बैठक नियमित रूपमा बस्ने गरेको छ । संचालक समितिको बैठकहरूमा बैंकका प्रमुख कार्यकारी अधिकृत स्थायी आमन्त्रित सदस्य रहनु भएको छ । समितिको बैठकहरूमा मुख्यतयाः निम्न बमोजिमका विषयमा छलफल गरी उपयुक्त निर्णय लिईएको थियो ।

- विभिन्न कर्जा प्रस्तावहरू उपर आवश्यक छलफल, समीक्षा पश्चात स्वीकृति तथा अनुमोदन ।
- बैंकको आ.व. २०७९/८० को वार्षिक बजेट तथा कार्य योजना सम्बन्धमा ।
- बैंकको आ.व. २०७८/७९ को वार्षिक वित्तीय प्रतिवेदन सम्बन्धमा ।
- बैंकको पञ्चवर्षिय योजना सम्बन्धमा ।
- बैंकको आ.व. २०७८/७९ को वार्षिक बजेट तथा कार्य योजनाबारे त्रैमासिक समीक्षा सम्बन्धमा ।
- मासिक वित्तीय प्रगती विवरण सम्बन्धमा ।
- नेपालका वाणिज्य बैंकहरूको त्रैमासिक रूपमा तुलनात्मक वित्तीय प्रगती विवरण सम्बन्धमा ।
- कर सँग सम्बन्धित मुद्दाहरूको सम्बन्धमा ।
- बैंकले प्रवाह गरेको क्षेत्रगत कर्जा तथा सापट सम्बन्धी छलफल ।
- नक्साल स्थित केन्द्रीय कार्यालय भवन, बिराटनगर स्थित प्रादेशिक कार्यालय भवन तथा पोखरा स्थित प्रादेशिक कार्यालय भवनको निर्माणको सम्बन्धमा समय थप, लागत वृद्धि, प्रगति विवरण तथा अन्तिम भुक्तानी लगायत सम्बन्धी छलफल एवं स्वीकृति सम्बन्धमा ।
- शाखा कार्यालयलाई आवश्यक पर्ने भवनको Lease एवं विद्यमान शाखा कार्यालयको Lease Agreement नवीकरण सम्बन्धमा ।
- नयाँ शाखाको खोल्ने तथा नयाँ शाखा खोल्नको लागि समय थप गर्ने सम्बन्धमा ।
- नयाँ BLB Point विस्तार सम्बन्धमा ।
- ATM Machines, Customer Relationship Management (CRM) Sales License, Personal Computers, Human Capital Management System आदि खरिद सम्बन्धमा ।
- संस्थापक शेयर हक हस्तान्तरण सम्बन्धमा ।
- लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति,

सम्पत्ति शुद्धीकरण निवारण समितिद्वारा पेश गरिएका प्रतिवेदन सम्बन्धमा ।

- बैंकको संचालक, संचालक समिति तथा संचालक स्तरीय समितिको समीक्षा सम्बधमा ।
- बाह्य लेखापरिक्षक नियुक्ती सम्बन्धमा ।
- कम्पनी ऐन, २०६३ को दफा ७८ सम्बन्धी विवरणको स्वीकृति ।
- एक्काइसौं वार्षिक साधारण सभाको मिति, समय, स्थान, छलफलका विषयहरू, संचालक समितिको प्रतिवेदन, प्रबन्ध पत्र तथा नियमावलीको संशोधन, Book Close सम्बन्धमा ।
- बोनश शेयर दर्ता तथा सुचीकरण सम्बन्धमा ।
- बैंकको विद्यमान कानुनी सल्लाहकारहरूको सम्झौता नविकरण सम्बन्धमा ।
- नेपाल धितोपत्र बोर्डमा पेश गर्नुपर्ने संस्थागत सुशासन प्रतिवेदन सम्बन्धमा ।
- बैंकको २०औं वार्षिकोत्सव सम्बन्धमा ।
- बैंकको लगानी विवरणको त्रैमासिक रूपमा समीक्षा सम्बन्धमा ।
- Avasar Equity Diversified Fund मा लगानी सम्बन्धमा ।
- International Finance Corporation (IFC) सँग भएको ऋण सम्झौता सम्बन्धमा ।
- Siddhartha Systematic Investment Scheme मा थप बीज पूँजी लगानी सम्बन्धमा ।
- विभिन्न अन्तर्राष्ट्रिय बैंकमा डलर खाता तथा राष्ट्रिय बैंकहरूमा नोष्ट्रा खाता खोल्ने तथा बन्द गर्ने सम्बन्धमा ।
- नेपाल राष्ट्र बैंकबाट दैनिक तरलता सुविधा प्राप्त गर्ने सम्बन्धमा ।
- बैंकको नयाँ संगठनात्मक संरचना सम्बन्धमा ।
- बैंकको नयाँ कर्मचारी सेवा विनियमावली, २०८० सम्बन्धमा ।
- संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत प्रदान गरीने सहयोग सम्बन्धमा ।
- नेपाल राष्ट्र बैंकको स्थलगत निरीक्षण सम्बन्धमा ।
- मौद्रिक नीति, नेपाल सरकारको बजेट, नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन र सोको संशोधन सम्बन्धमा ।
- बैंकको विभिन्न आन्तरिक नयाँ नीति नियम र कार्यविधि, विद्यमान नीति नियम र कार्यविधिमा संशोधन तथा बैंकको विभिन्न प्रडक्ट पेपर सम्बन्धमा ।
- विभिन्न कर्जाहरूको अपलेखन सम्बन्धमा ।
- बैंकको गैर बैंकिङ्ग सम्पत्ति लेखाङ्कन गर्ने, हिसाब राफसाफ गर्ने तथा गैर बैंकिङ्ग सम्पत्ति बैंक आफैले सकार्ने सम्बन्धमा ।

समीक्षा अवधिमा संचालक समितिको बैठक नं. ३९७ देखि बैठक नं. ४१५ सम्म गरी जम्मा १९ वटा बैठक बसेको थियो । उल्लिखित संचालक समितिका सम्पूर्ण बैठकहरूमा आवश्यक गणपुरक संख्या पुगी सम्पन्न गरिएको थियो । उक्त बैठकको निर्णयमा कुनै पनि संचालकले भिन्न मत राख्नु भएको थिएन । आ.व. २०७९/८० मा संचालक समिति बैठक सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

क्र.स.	बैठक नं.	मिति		उपस्थित संचालकको संख्या	अनुपस्थित संचालकको नाम	अनुपस्थित हुनुको कारण
		वि.सं.	इ.सं.			
१	३९७	२०७९/०४/२३	२०२२/०८/०८	५	श्री नरेन्द्र कुमार अग्रवाल	पुर्वनिर्धारित विशेष काम परेकोले
२	३९८	२०७९/०४/२४	२०२२/०८/०९	५		
३	३९९	२०७९/०५/१६	२०२२/०९/०१	६	-	-
४	४००	२०७९/०६/११	२०२२/०९/२७	६	-	-
५	४०१	२०७९/०७/२५	२०२२/११/११	५	श्री राहुल अग्रवाल	विदेश भ्रमणमा रहनु भएकोले ।
६	४०२	२०७९/०८/२०	२०२२/१२/०६	६	-	-
७	४०३	२०७९/०९/०५	२०२२/१२/२०	६	-	-
८	४०४	२०७९/०९/२५	२०२३/०१/०९	६	-	-
९	४०५	२०७९/११/११	२०२३/०२/२३	६	-	-
१०	४०६	२०७९/११/१२	२०२३/०२/२४	६	-	-
११	४०७	२०७९/११/२५	२०२३/०३/०९	६	-	-
१२	४०८	२०७९/१२/१३	२०२३/०३/२७	६	-	-

१३	४०९	२०७९/१२/२४	२०२३/०४/०७	६	-	-
१४	४१०	२०८०/०२/०३	२०२३/०५/१७	६	-	-
१५	४११	२०८०/०२/०४	२०२३/०५/१८	६	-	-
१६	४१२	२०८०/०२/२१	२०२३/०६/०४	६	-	-
१७	४१३	२०८०/०२/२१	२०२३/०६/०५	६	-	-
१८	४१४	२०८०/०३/२४	२०२३/०७/०९	५	श्री मनोज कुमार केडिया	पुर्वनिर्धारित विशेष काम परेकोले
१९	४१५	२०८०/०३/२७	२०२३/०७/१२	६	-	-

समीक्षा अवधिमा संचालक समितिको बैठकमा संचालकहरूको उपस्थिति एवं सदस्यहरूलाई प्रदान गरिएको बैठक भत्ता निम्न अनुसार रहेको छ :

क्र.सं.	संचालक समितिको सदस्यहरूको नाम	उपस्थित भएको बैठक संख्या	बैठक भत्ता रू.
१	श्री मनोज कुमार केडिया, अध्यक्ष	१८/१९	३,२४,०००/-
२	श्री नरेन्द्र कुमार अग्रवाल, संचालक	१७/१९	२,३८,०००/-
३	श्री राहुल अग्रवाल, संचालक	१८/१९	२,५२,०००/-
४	श्री दिनेश शंकर पालिखे, संचालक	१९/१९	२,६६,०००/-
५	श्री अंकित केडिया, संचालक	१९/१९	२,६६,०००/-
६	श्री मिना कुमारी सैंजु, स्वतन्त्र संचालक	१९/१९	२,६६,०००/-

१३.२ संचालक स्तरीय समितिहरू

प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३, नेपाल राष्ट्र बैंकद्वारा जारि गरिएको एकीकृत निर्देशन, सूचीकृत संगठित संस्थाहरूको सुशासन सम्बन्धी निर्देशिका, २०७४ तथा बैंकको नियमावली बमोजिम बैंकमा निम्न बमोजिम संचालक संयोजक रहने गरी संचालक स्तरीय लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा सम्बन्धी समिति र सम्पत्ति शुद्धिकरण निवारण समिति गरी जम्मा चारवटा नियमित समितिहरू क्रियाशील रहेका छन् ।

(क) लेखापरीक्षण समिति (Audit Committee)

कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय सस्था सम्बन्धी ऐन, २०७३ तथा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम बैंकमा देहाय बमोजिमको लेखापरीक्षण समिति क्रियाशील रहेको छ ।

क्र.स.	लेखापरीक्षण समितिका सदस्यहरूको नाम	पद
१	श्री दिनेश शंकर पालिखे, संचालक	संयोजक
२	श्री नरेन्द्र कुमार अग्रवाल, संचालक	सदस्य
३	श्री निराकार बहादुर सिँह, आन्तरिक लेखापरीक्षण विभाग-प्रमुख	सदस्य सचिव

यस समितिको Terms of Reference (TOR) देहाय बमोजिम रहेको छ :

- प्रचलित कानुन बमोजिम इजाजतपत्रप्राप्त संस्थाको समग्र वित्तीय अवस्था, आन्तरिक नियन्त्रण, लेखापरीक्षण योजना र आन्तरिक लेखापरीक्षणमा औंल्याइएका विषयहरूमा आवधिक रूपमा समीक्षा गरी सो सम्बन्धमा अपनाउनु पर्ने कदम बारे व्यवस्थापनलाई आवश्यक निर्देशन दिने र सो सम्बन्धी सुझाव संचालक समितिमा पेश गर्ने ।
- बाह्य लेखापरिक्षकले पेश गरेको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बुँदा/कैफियतहरू उपर समीक्षा गरी सुधारात्मक कदम चाल्न व्यवस्थापनलाई निर्देशन दिने ।
- नेपाल राष्ट्र बैंकबाट निरीक्षण तथा सुपरिवेक्षण गरी प्रतिवेदनमा औंल्याइएका बुँदा/कैफियतहरूको कार्यान्वयन भए नभएको सम्बन्धमा समीक्षा गर्ने तथा ती विषयहरूको अभिलेख गरी संचालक समितिलाई जानकारी गराउने ।
- इजाजतपत्रप्राप्त संस्थाको वार्षिक वित्तीय विवरणलाई सही र यथार्थ बनाउन व्यवस्थापनलाई सहयोग गर्ने ।
- इजाजतपत्रप्राप्त संस्थाको कारोबारको हर-हिसाव सही र यथार्थ भएको सम्बन्धमा संचालक समितिलाई विश्वस्त तुल्याउनुको साथै सम्भावित दायित्व र कर्जा वर्गीकरण गरी सोको लागि राख्नु पर्ने व्यवस्था सम्बन्धमा नियमित रूपमा समीक्षा गर्ने ।

- प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकबाट जारी गरिएका नियमन व्यवस्थाहरू पालना गरे नगरेको सम्बन्धमा समितिले समीक्षा गर्नुका साथै सो सम्बन्धी व्यहोरा आफ्नो प्रतिवेदनमा उल्लेख गर्नु पर्ने ।
- आन्तरिक लेखापरीक्षण सम्बन्धी विस्तृत कार्य प्रणाली तयार गरी सोको आधारमा आन्तरिक लेखापरीक्षण गराउनु पर्ने ।
- इजाजतपत्रप्राप्त संस्थाको काम कारवाहीमा नियमितता, मितव्ययिता, औचित्यता, प्रभावकारिता जस्ता कुराहरू अवलम्बन भए नभएको बारे समीक्षा गरी संचालक समितिलाई आवश्यक सुझाव दिने ।
- इजाजतपत्रप्राप्त संस्थाको त्रैमासिक वित्तीय विवरणको समीक्षा गरी संचालक समिति समक्ष प्रतिवेदन पेश गर्ने ।
- बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६१ र कम्पनी ऐन, २०६३ को दफा १६५ मा उल्लेख भएका कार्यहरू गर्ने ।

समीक्षा अवधिमा यस समितिमा मुख्यतयाः निम्न बमोजिमका विषयहरू उपर छलफल, समीक्षा तथा निर्णय भएको थियो ।

- आ.व. २०८०/८१ को जोखिममा आधारित वार्षिक लेखापरीक्षण योजना (Risk Based Annual Audit Plan) को समीक्षा तथा स्वीकृति ।
- वार्षिक आन्तरिक लेखापरीक्षण कार्य योजना अन्तर्गत बैंकका विभिन्न शाखाहरू तथा विभिन्न विभागमा गरिएको लेखापरीक्षण सम्बन्धी छलफल ।
- बैंकका विभिन्न शाखा कार्यालयहरूका प्रतीतपत्र कारोबार सम्बन्धी लेखापरीक्षण प्रतिवेदनहरू बारे छलफल ।
- लगानी तथा जोखिम व्यवस्थापन सम्बन्धी लेखापरीक्षण प्रतिवेदनहरू बारे छलफल ।
- बैंकको काम कारवाहीका सम्बन्धमा नियमितता, मितव्ययीता, औचित्यता र प्रभावकारीता जस्ता कुराहरू अवलम्बन भए/नभएको बारे समीक्षा गरी संचालक समितिलाई आवश्यक सुझाव प्रदान ।
- आ.व २०७९/८० को लागी बाह्य लेखापरीक्षणको लागि तीन जना लेखापरिक्षकहरूको नाम संचालक समितिमा सिफारिस ।
- केन्द्रीय कार्यालय अन्तर्गतका विभिन्न विभागहरूको Concurrent Audit Report सम्बन्धी छलफल ।
- आन्तरिक लेखापरीक्षण विभागका कर्मचारीहरूको आ.व. २०७८/७९ को कार्यसम्पादन मूल्याङ्कन बारे छलफल ।
- बैंकको त्रैमासिक वित्तीय विवरण सम्बन्धी समीक्षा ।
- प्रदेश स्थित आन्तरिक लेखापरीक्षण विभागका कर्मचारीको Terms of Reference माथि छलफल ।
- बैंकको निष्कृय कर्जाको विषयमा छलफल तथा समीक्षा ।
- बैंकको लकर सम्बन्धी Special Audit Report मा छलफल ।
- बैंकको शाखा कार्यालयमा देखिएको कैफियत सम्बन्धी Flash Report मा छलफल ।

आ.व. २०७९/८० मा लेखापरीक्षण समितिकाको देहाय बमोजिम जम्मा २० वटा बैठक बसेको थियो ।

क्र.स.	बैठक नं.	बैठक बसेको मिति	
		वि.स.	ई.स.
१	१९५	०३/०४/२०७९	१९/०७/२०२२
२	१९६	१७/०४/२०७९	०२/०८/२०२२
३	१९७	०६/०५/२०७९	२२/०८/२०२२
४	१९८	१९/०५/२०७९	०४/०९/२०२२
५	१९९	०६/०६/२०७९	२२/०९/२०२२
६	२००	२६/०६/२०७९	१२/१०/२०२२
७	२०१	३१/०६/२०७९	१७/१०/२०२२
८	२०२	२४/०७/२०७९	१०/११/२०२२
९	२०३	२३/०८/२०७९	०९/१२/२०२२
१०	२०४	०७/०९/२०७९	२२/१२/२०२२
११	२०५	०३/१०/२०७९	१७/०१/२०२३
१२	२०६	२४/१०/२०७९	०७/०२/२०२३
१३	२०७	०८/११/२०७९	२०/०२/२०२३
१४	२०८	०२/१२/२०७९	१६/०३/२०२३
१५	२०९	२८/१२/२०७९	११/०४/२०२३
१६	२१०	२८/०१/२०८०	११/०५/२०२३
१७	२११	०२/०२/२०८०	१६/०५/२०२३
१८	२१२	२२/०२/२०८०	०५/०६/२०२३
१९	२१३	०७/०३/२०८०	२२/०६/२०२३
२०	२१४	२५/०३/२०८०	१०/०७/२०२३

उक्त बैठकहरूमा सदस्यको उपस्थिती एवं प्रदान गरिएको बैठक भत्ता रकमको विवरण निम्नानुसार रहेको छ :

क्र.स.	सदस्यको नाम	उपस्थित भएको बैठक संख्या	बैठक भत्ता रू.
१	श्री दिनेश शंकर पालिखे, संचालक, संयोजक	२०/२०	२,८०,०००
२	श्री नरेन्द्र कुमार अग्रवाल, संचालक, सदस्य	२०/२०	२,८०,०००
३	श्री निराकार बहादुर सिँह, आन्तरिक लेखापरीक्षण विभाग-प्रमुख, सदस्य सचिव	२०/२०	-

- आ.व. २०७९/८० मा लेखापरीक्षण समितिको बैठकमा कुनै पनि संचालक सदस्य अनुपस्थित हुनु भएको थिएन ।
- व्यवस्थापनबाट सहभागी हुने कुनै पनि पदाधिकारीलाई बैठक भत्ता प्रदान गरिएको छैन ।
- लेखापरीक्षण समितिले आफ्नो काम कारवाहीको प्रतिवेदन संचालक समितिको बैठकमा पेश गरेको मिति : मिति २०७९/०५/१६ गते बसेको ३९९औं, मिति २०७९/०९/०५ गते बसेको ४०३औं एवं मिति २०८०/०३/२४ गते बसेको ४१४औं संचालक समिति बैठक ।

(ख) जोखिम व्यवस्थापन समिति (Risk Management Committee)

नेपाल राष्ट्र बैंकले जारी गरेको एकीकृत निर्देशनको निर्देशन नं. ६ बमोजिम बैंकमा देहाय बमोजिमको जोखिम व्यवस्थापन समिति क्रियाशील रहेको छ ।

क्र.स.	जोखिम व्यवस्थापन समितिको सदस्यहरूको नाम	पद
१	श्री नरेन्द्र कुमार अग्रवाल, संचालक	संयोजक
२	श्री दिनेश शंकर पालिखे, संचालक	सदस्य (लेखापरीक्षण समिति-संयोजक)
३	श्री सुरेश राज महर्जन, बिजनेश सपोर्ट एण्ड पेमेन्ट सोलुसन्स्-प्रमुख	सदस्य
४	श्री शैलजा झवाली, एकीकृत जोखिम व्यवस्थापन विभाग-प्रमुख	सदस्य सचिव

यस समितिको Terms of Reference देहाय बमोजिम रहेको छ ।

- विद्यमान जोखिम पहिचान तथा व्यवस्थापन प्रणालीको पर्याप्तता र उपयुक्तता सम्बन्धमा संचालक समितिलाई जानकारी गराउने र उपयुक्त प्रणालीको विकासका लागि सुझाव दिने ।
- व्यावसायिक गतिविधिमा निहित जोखिमको स्तर, जोखिम बहन क्षमता, जोखिम व्यवस्थापनको लागि विकास गरेको रणनीति, नीतिगत व्यवस्था र मार्गदर्शनको नियमित पुनरावलोकन गरी सोको पर्याप्तताका सम्बन्धमा संचालक समितिमा सुझाव पेश गर्ने ।
- व्यवस्थापनबाट नियमित रूपमा जोखिम व्यवस्थापन प्रतिवेदन लिई जोखिमको आंकलन, मूल्याङ्कन, नियन्त्रण तथा अनुगमन के कसरी भइरहेको छ सो सम्बन्धमा छलफल गर्ने र संचालक समितिमा आवश्यक सुझाव पेश गर्ने ।
- जोखिम समायोजित सम्पत्ति अनुसार पूँजीको पर्याप्तता, आन्तरिक पूँजी विश्लेषण पद्धति (ICAAP), व्यावसायिक रणनीति अनुरूप नीतिगत व्यवस्थाको पर्याप्तता, संस्थाले लिन सक्ने अधिकतम् जोखिम सम्बन्धमा नियमित रूपमा छलफल तथा विश्लेषण गरी संचालक समितिलाई आवश्यक राय, सुझाव प्रदान गर्ने ।
- जोखिम व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकबाट जारी गरिएका निर्देशन/मार्गनिर्देशन, संस्थाले निर्धारण गरेका आन्तरिक सीमा, उपयुक्त प्रचलन अनुरूप आवश्यक नीति एवं संरचना विकास गर्नका लागि संचालक समितिलाई सुझाव दिने ।
- नियमित रूपमा दवाव परीक्षण (Stress Testing) गरी सोको परिणाम उपर छलफल गरी सोका आधारमा भविष्यमा अपनाउनु पर्ने आवश्यक नीति निर्माण वा निर्णय प्रक्रियाका लागि संचालक समितिमा सुझाव पेश गर्ने ।
- संचालक समितिबाट भएको अख्तियार प्रत्यायोजनको सीमा तथा औचित्यता विश्लेषण गरी संचालक समितिमा आवश्यक सुझाव सहितको प्रतिवेदन पेश गर्ने ।
- बैंकको सम्पत्ति संरचना, ती सम्पत्तिहरू परिचालनको अवस्था, त्यसबाट प्राप्त गर्न सकिने आय, सम्पत्तिहरूको गुणस्तरमा हुने वृद्धि/ह्रास र सम्पत्ति दायित्व समिति (ALCO) बाट भएका कार्यहरूको सम्बन्धमा त्रैमासिक रूपमा विश्लेषण/समीक्षा गरी संचालक समितिमा प्रतिवेदन पेश गर्ने ।
- अर्थतन्त्रको कुनै क्षेत्रमा उत्पन्न हुने समस्या वा परिवर्तनले संस्थाको वित्तीय अवस्थामा पार्न सक्ने असरको सम्बन्धमा अध्ययन गरी सोको निराकरणका लागि के कस्तो नीति अवलम्बन गर्नुपर्ने हो आवश्यक

सुझाव सहित संचालक समितिमा प्रतिवेदन पेश गर्ने ।

समीक्षा अवधिमा यस समितिमा मुख्यतयाः निम्न बमोजिमका विषयमा छलफल, समीक्षा तथा निर्णय भएको थियो ।

- नीतिगत दस्तावेजहरूको तर्जुमा तथा पुनरावलोकन ।
- बैंकको जोखिम व्यवस्थापन सम्बन्धी नीति तथा कार्यविधि अझ प्रभावकारी बनाउन समीक्षा एवं छलफल ।
- कर्जा सम्बन्धी विभिन्न सूचकाङ्कहरू सम्बन्धी छलफल ।
- सम्पत्ति दायित्व व्यवस्थापन समितिले गरेका निर्णयहरू सम्बन्धी छलफल ।
- आ.व. २०७९/८० को बैंकको वार्षिक जोखिम आँकलनको विवरण सम्बन्धी छलफल ।
- आ.व. २०७९/८० को आन्तरिक पूँजीकोष पर्याप्तता नीति (ICAAP Policy) अन्तर्गत वार्षिक आन्तरिक पूँजीकोष पर्याप्तता प्रतिवेदन विवरण सम्बन्धी छलफल ।
- कर्जा जोखिम, बजार जोखिम, संचालन जोखिम, सूचना प्रविधि जोखिम मूल्याङ्कन प्रतिवेदनको समीक्षा तथा छलफल ।
- दबाव परिक्षण (Stress Testing) सम्बन्धी समीक्षा तथा छलफल ।
- Camel Rating निर्देशिकाको विकास तथा छलफल ।
- Adverse Media जोखिम सम्बधी समाचारको रिपोर्टिङ्ग ।
- जलविद्युत आयोजना, सिमेन्ट क्षेत्र तथा स्टिल क्षेत्र जस्ता क्षेत्रगत प्रतिवेदन उपर समीक्षा ।
- त्रैमासिक ICAAP प्रतिवेदनको समीक्षा तथा छलफल ।
- बैंकले अवलम्बन गर्नसक्ने विभिन्न आन्तरिक Stress Test Scenarios हरूको प्रभावको विश्लेषण तथा अनुमोदन
- बैंक संचालनमा विभिन्न विभागहरूको प्रमुख जोखिम सूचकहरूको गाह्य सीमाहरूको समीक्षा एवं छलफल ।
- प्रभावकारी ऋण प्रस्ताव प्रस्तुतीकरण (Credit Proposal Presentation) र वातावरणीय तथा सामाजिक जोखिम व्यवस्थापन सम्बन्धी कर्मचारीहरूलाई प्रदेशगत प्रशिक्षण ।
- बैंकको संचालन जोखिम अन्तर्गत जोखिम मापन तथा केन्द्रीय अभिलेख संकलनका लागि जोखिम दर्ता (Risk Register) Application को बारेमा समीक्षा ।
- विश्व आर्थिक मन्दिको कारणले समग्र बैंकिङ्ग क्षेत्र लगायत बैंकको व्यवसायमा पर्न सक्ने प्रभावको समीक्षा तथा छलफल ।
- वार्षिक तथा पञ्चवर्षीय रणनीतिक योजनाको पुनरावलोकन ।

आ.व. २०७९/८० मा जोखिम व्यवस्थापन समितिको बैठक नं. ५० देखि बैठक नं. ५८ सम्म गरी जम्मा ९ वटा बैठक बसेको थियो । उक्त बैठकहरू मिति २०७९/०५/१९ (४ सेप्टेम्बर २०२२), २०७९/०६/१३ (२९ सेप्टेम्बर २०२२), २०७९/०६/३० (१६ अक्टोबर २०२२), २०७९/०८/२३ (९ डिसेम्बर २०२२), २०७९/०९/०६ (२१ डिसेम्बर २०२२), २०७९/११/२४ (७ फेब्रुवरी २०२३), २०७९/११/२७ (१० अप्रिल २०२३), २०८०/०२/०३ (१७ मई २०२३) र २०७९/०२/२२ (५ जुन २०२३) मा बसेका थिए ।

जोखिम व्यवस्थापन समितिको बैठकहरूमा सदस्यको उपस्थिती एवं बैठक भत्ता रकमको विवरण देहाय बमोजिम रहेको छ ।

क्र.सं.	जोखिम व्यवस्थापन समितिको सदस्यहरूको नाम	उपस्थित भएको बैठक संख्या	बैठक भत्ता रू.
१	श्री नरेन्द्र कुमार अग्रवाल, संयोजक, संचालक	९/९	१,२६,०००
२	श्री दिनेश शंकर पालिखे, सदस्य, संचालक	९/९	१,२६,०००
३	श्री सुरेशराज महर्जन, सदस्य, प्रमुख-बिजनेश सपोर्ट/पेमेण्ट सोलुसन्स्	८/९	-
४	श्री शैलजा झवाली, सदस्य सचिव, प्रमुख-एकीकृत जोखिम व्यवस्थापन विभाग	९/९	-

- आ.व. २०७९/८० मा जोखिम व्यवस्थापन समितिको बैठकमा कुनै पनि संचालक सदस्य अनुपस्थित हुनु भएको थिएन ।
- जोखिम व्यवस्थापन समितिको बैठकमा व्यवस्थापनबाट सहभागी हुने कुनै पनि पदाधिकारीलाई बैठक भत्ता प्रदान गरिएको छैन ।

(ख) कर्मचारी सेवा सुविधा समिति (Employees Facilities Related Committee)

नेपाल राष्ट्र बैंकले जारी गरेको एकीकृत निर्देशनको निर्देशन नं. ६ बमोजिम बैंकमा देहाय बमोजिमको कर्मचारी सेवा सुविधा समिति क्रियाशील रहेको छ ।

क्र.स.	कर्मचारी सेवा सुविधा समितिका सदस्यहरूको नाम	पद
१	श्री राहुल अग्रवाल, संचालक	संयोजक
२	श्री अंकित केडिया, संचालक	सदस्य
३	श्री सुन्दर प्रसाद कडेल, प्रमुख कार्यकारी अधिकृत	सदस्य
४	श्री रामेश्वर प्रसाद बस्याल, नायब प्रमुख कार्यकारी अधिकृत	सदस्य
५	श्री पंकज पन्त, मानव संशाधन विभाग-प्रमुख	सदस्य सचिव

यस समितिको Terms of Reference देहाय बमोजिम रहेको छ :

- संस्थाको "पारिश्रमिक निर्धारण नीति" तर्जुमा गर्न संचालक समितिलाई आवश्यक सहयोग गर्ने ।
- समितिले समय-समयमा सम्पूर्ण कर्मचारीको पारिश्रमिक संरचनाको अध्ययन तथा विश्लेषण गर्ने र बजारको पारिश्रमिक संरचनामा आएको परिवर्तनले संस्थामा पार्ने प्रभावका सम्बन्धमा नियमित रूपले अध्ययन गरी संचालक समिति समक्ष प्रतिवेदन पेश गर्ने ।
- संस्थाको "पारिश्रमिक निर्धारण नीति" बमोजिम प्रचलित कानुन तथा नीति निर्देशनमा उल्लिखित व्यवस्थाहरूको पालना हुने गरी प्रमुख कार्यकारी अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरूको पारिश्रमिक वृद्धि गर्नुपर्ने देखिएमा सोको आधारहरू सहित संचालक समितिमा सिफारिस गर्ने ।
- संस्थाका कर्मचारीहरूले सम्पादन गर्नु पर्ने कार्य विवरण, लक्ष्य र प्रगति मूल्याङ्कनका परिसूचकहरू समेत विकास गरी सो बमोजिम निजहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणालीको पुनरावलोकन गर्ने ।
- जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यहरू भर्ना, छनौट, नियुक्ति, पदस्थापना, सरूवा, बढुवा, वृत्तिविकास, कार्यसम्पादन मूल्याङ्कन, पुरस्कार तथा सजाय र श्रम सम्बन्ध सम्बन्धी योजना, नीति तथा मापदण्डहरू तयार गरी संचालक समिति समक्ष पेश गर्ने ।
- कर्मचारी नीति तथा कार्यरत कर्मचारी संरचनाको समीक्षा गर्ने र Succession Planning तयार गरी स्वीकृतिका लागि संचालक समिति समक्ष सिफारिश गर्ने ।
- प्रमुख कार्यकारी अधिकृतले आफ्नो सेवा सुविधासंग सम्बन्धी विषयमा छलफल गर्न बसेको समितिको बैठकमा भाग लिन पाउने छैनन् ।

समीक्षा अवधिमा यस समितिमा मुख्यतयाः निम्न बमोजिमका विषयमा छलफल, समीक्षा तथा निर्णय भएको थियो ।

- बैंकिङ क्षेत्रमा मानव संशाधनको अवस्थाबारे समीक्षा तथा छलफल ।
- आ.व. २०७९/८० को बैंकको मानव संशाधनको मूल्यांकन ।
- आ.व. २०७९/८० को प्रस्तावित मानव संसाधनको बजेट छलफल पश्चात् संचालक समिति समक्ष निर्णयको लागि सिफारीस ।
- बैंकका सम्पुर्ण विभागहरूको मानव संशाधन क्रियाकलाप सम्बन्धी समीक्षा तथा छलफल ।
- आ.व. २०८०/८१ को लागि कर्मचारी आवश्यकता सम्बन्धी छलफल ।

आ.व. २०७९/८० मा कर्मचारी सेवा सुविधा समितिको जम्मा ४ वटा बैठक बसेको थियो । उक्त बैठकहरू मिति २०७९/०४/१२ (२८ जुलाई २०२२), २०७९/११/११ (२३ फेब्रवरी २०२३), २०८०/०३/२१ (०६ जुलाई २०२३) र २०८०/०३/२६ (११ जुलाई २०२३) मा बसेका थिए ।

उक्त बैठकहरूमा सदस्यको उपस्थिति एवं बैठक भत्ता रकमको विवरण निम्नानुसार रहेको छ :

क्र.सं.	कर्मचारी सेवा सुविधा समितिका सदस्यहरूको नाम	उपस्थित भएको बैठक संख्या	बैठक भत्ता रू.
१	श्री राहुल अग्रवाल, संचालक - संयोजक	४/४	५६,०००
२	श्री अंकित केडिया, सदस्य	४/४	५६,०००
३	श्री सुन्दर प्रसाद कडेल, प्रमुख कार्यकारी अधिकृत	४/४	-
४	श्री रामेश्वर प्रसाद बस्याल, नायब प्रमुख कार्यकारी अधिकृत - सदस्य	४/४	-
५	श्री पंकज पन्त, मानव संशाधन विभाग-प्रमुख - सदस्य सचिव	४/४	-

- आ.व. २०७९/८० मा कर्मचारी सेवा सुविधा समितिका बैठकमा कुनै पनि संचालक सदस्य अनुपस्थित हुनु भएको थिएन ।
- कर्मचारी सेवा सुविधा समितिको बैठकमा व्यवस्थापनबाट सहभागी हुने कुनै पनि पदाधिकारीलाई बैठक भत्ता प्रदान गरिएको छैन ।

(घ) सम्पत्ति शुद्धीकरण निवारण समिति (AML/CFT Committee)

नेपाल राष्ट्र बैंकले जारी गरेको एकीकृत निर्देशनको निर्देशन नं. ६ बमोजिम बैंकमा देहाय बमोजिमको सम्पत्ति शुद्धीकरण निवारण समिति क्रियाशील रहेको छ ।

क्र.स.	सम्पत्ति शुद्धीकरण निवारण समितिका सदस्यहरूको नाम	पद
१	श्री मिना कुमारी सैंजु - स्वतन्त्र संचालक	संयोजक
२	श्री अंकित केडिया - संचालक	सदस्य
३	श्री शैलजा झवाली, एकीकृत जोखिम व्यवस्थापन विभाग-प्रमुख	सदस्य
४	श्री सरोज काफ्ले, अनुपालना विभाग-प्रमुख	सदस्य
५	श्री चन्दन गुप्ता रौनियार, सम्पत्ति शुद्धीकरण निवारण विभाग-प्रमुख	सदस्य सचिव

* मिति २०६९/०६/३० सम्म श्री सरोज काफ्ले यस समितिको सदस्य सचिव रहनु भएकोमा तत्पश्चात सदस्य रहनु भएको । मिति २०७९/०६/३१ देखि श्री चन्दन गुप्ता रौनियार यस समितिको सदस्य सचिव हुनुहुन्छ ।

यस समितिको Terms of Reference देहाय बमोजिम रहेको छ :

- सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३, नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन (इ.प्रा.निर्देशन नं. १९) बमोजिम भए/गरेका काम कारवाहीको समीक्षा गरी प्रतिवेदन संचालक समितिमा पेश गर्ने ।
- सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३, नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन तथा Financial Action Task Force (FATF) द्वारा जारी भएको सिफारिस बमोजिम बैंकले तर्जुमा तथा कार्यान्वयन गरेको आन्तरिक नीति, कार्यविधि तथा प्रक्रियागत पक्षहरूको पर्याप्तता सम्बन्धमा छलफल गरी आवश्यक नीतिगत व्यवस्था र सो को कार्यान्वयन गर्ने ।
- सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी पहिचान र सोको निवारणका लागि अपनाईएका र अपनाउनुपर्ने प्रक्रियागत पक्ष तथा सो कार्यमा प्रयोग हुने सूचना प्रविधि प्रणालीको पर्याप्तता सम्बन्धी छलफल गरी आवश्यक सुधारको लागि संचालक समितिलाई सुझाव दिने ।
- ग्राहक पहिचान सम्बन्धी व्यवस्थाको विश्लेषण गरी उच्च पदस्थ व्यक्ति तथा अन्तिम हिताधिकारी लगायत जोखिम वर्गीकरण अनुसार ग्राहक पहिचान र ग्राहक स्वीकार नीति (Customer Acceptance Policy) तर्जुमा तथा प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने ।
- सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी ऐन, नियमावली, नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशन, एवं बैंकको आन्तरिक नीति नियमको परिपालना तथा कार्यान्वयन अवस्थाको बारेमा त्रैमासिक प्रतिवेदन संचालक समितिमा पेश गर्ने ।
- व्यवस्थापनबाट देहाय बमोजिमको प्रतिवेदन/विवरण लिई छलफल गर्ने र आवश्यकता अनुसार संचालक समितिलाई सुझाव दिने ।
  - **a.** AML/CFT को जोखिम व्यवस्थापन सम्बन्धी प्रतिवेदन ।
  - **b.** ग्राहक पहिचानको अद्यावधिक स्थिति, ग्राहक पहिचान पद्धति (CDD) को विवरण, PEPs को विवरण र वृहत ग्राहक पहिचान पद्धति (ECDD) को विवरण तथा यसलाई छिटो, छरितो र सूचना प्रविधिको प्रयोग मार्फत थप प्रभावकारी बनाउन भविष्यमा अवलम्बन गर्नुपर्ने नीतिगत, प्रक्रियागत र संस्थागत सुधारका कार्यहरूको विवरण ।
  - **c.** आन्तरिक लेखापरीक्षण, बाह्य लेखापरीक्षण र नेपाल राष्ट्र बैंकको निरीक्षण प्रतिवेदनमा उल्लिखित सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कैफियतहरू उपर समीक्षा तथा सो सम्बन्धमा नीतिगत एवं प्रक्रियागत सुधार गर्नु पर्ने पक्षहरूको विस्तृत विवरण ।
- बैंकले नयाँ सेवा/सुविधा शुरूवात गर्दा, प्रविधि (IT System) खरिद गर्दा, वायर ट्रान्सफर गर्दा, ई-बैकिङ्ग/मोबाईल बैकिङ्ग (QR Code समेत), मोबाइल वालेट मार्फत रकम रकमान्तर गर्दा र अन्य

अनलाईन/अफलाइन मार्फत हुने कारोबारमा निहित सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी जोखिमको विश्लेषण र सोको व्यवस्थापनको लागि नीतिगत एवं प्रक्रियागत पक्षमा गर्नुपर्ने आवश्यक सुधार हरूको सम्बन्धमा विस्तृत विवरण ।

- राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी भएको विषयहरू/घटनाहरू र त्यसबाट बैंकलाई पर्न सक्ने असरहरूको विश्लेषण गरी जोखिम व्यवस्थापन गर्न के कस्तो नीतिगत व्यवस्था गर्नुपर्ने हो सो सम्बन्धमा आवश्यक सुझाव संचालक समिति समक्ष पेश गर्ने ।
- कार्यान्वयन अधिकारी, बैंकको चुक्ता पूँजीको दुई प्रतिशत वा सो भन्दा वढी शेयर स्वामित्व भएका शेयरधनी, संचालक समितिका सदस्यहरू, उच्च व्यस्थापनलाई र AML/CFT को कार्यमा प्रत्यक्ष तथा नियमित रूपमा संलग्न हुने कर्मचारीहरूलाई AML/CFT सम्बन्धी विषयमा उपयुक्त ज्ञान हस्तान्तरण कार्यक्रमको व्यवस्थापन गर्ने ।
- सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी आन्तरिक नीतिगत व्यवस्था र मार्गदर्शनको नियमित पुनरावलोकन गरी सोको पर्याप्तताका सम्बन्धमा संचालक समितिमा सुझाव पेश गर्ने ।
- AML/CFT प्रणालीले प्रभावकारी रूपमा काम गरे/नगरेको, जोखिमको उचित तवरले व्यवस्थापन गरे/नगरेको, अस्वभाविक गतिविधिको पर्याप्त अनुगमन हुने व्यवस्था गरे/नगरेको र आवश्यक प्रतिवेदनहरू सम्बन्धित निकायमा पेश हुने गरे/नगरेको यकिन गरी सो विषय संचालक समितिमा समेत छलफल हुने व्यवस्था गर्ने ।
- सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण सम्बन्धमा वित्तीय जानकारी इकाई र नेपाल राष्ट्र बैंकले तोके बमोजिमको माध्यमबाट नियमित रूपमा सम्बन्धित निकायहरूमा पेश गर्नुपर्ने विवरण तथा प्रतिवेदनहरू तोकिए बमोजिम पेश गरे/नगरेको सम्बन्धमा समितिले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४४ क मा उल्लेखित प्रावधान प्रतिकुल नहुने गरी छलफल गर्ने ।
- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण गर्नका लागि संस्थाले सम्पादन गर्नुपर्ने कार्यहरू जोखिमका आधारमा सम्पादन हुनेगरी संचालक समितिबाट वार्षिक बजेट तथा कार्यक्रम तय गर्नुपर्नेछ । सोको प्रभावकारी कार्यान्वयन भए/नभएको सुनिश्चित गर्ने संयन्त्र तयार गर्ने तथा नियमित अनुगमन गर्ने जिम्मेवारी समितिको हुनेछ ।

समीक्षा अवधिमा यस समितिमा मुख्यतयाः निम्न बमोजिमका विषयमा छलफल, समीक्षा तथा निर्णय भएको थियो ।

- आ.व. २०७८/७९ को तेस्रो त्रयमाससम्म AML/CFT तथा KYC अनुपालना क्रियाकलापको कार्यान्वयन अवस्थाको बारेमा छलफल ।
- NRB AML Onsite Inspection Team बाट प्राप्त भएका टिप्पणी, कैफियत र त्यसलाई निराकरण गर्न उठाइएका कदमहरूको बारेमा छलफल ।
- आ.व. २०७८/७९ को AML/CFT सम्बन्धमा आन्तरिक लेखापरिक्षकबाट प्राप्त भएका टिप्पणी, कैफियत र त्यसलाई निराकरण गर्न उठाइएका कदमहरूको बारेमा छलफल ।
- आ.व. २०७९/८० को प्रथम, दोस्रो तथा तेस्रो त्रयमासमा बैंकद्वारा शुरू गरिएका नयाँ सेवा/सुविधा प्रदान गर्दा तथा नयाँ सम्झौता, नीति, कार्यविधि, निर्देशन जारी/अद्यावधिक गर्दा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसँग निहित जोखिमहरूको बारेमा समीक्षा तथा छलफल ।
- आ.व. २०७८/७९ को जोखिम मूल्याङ्कन तथा आँकलन प्रतिवेदन सम्बन्धी छलफल ।
- आ.व. २०७८/७९ को क्षेत्रगत तथा संस्थागत जोखिम मुल्यांकन प्रतिवेदन सम्बन्धी छलफल ।
- आ.व. २०७९/८० को वार्षिक विभागीय कार्यक्रम सम्बन्धी छलफल ।
- KYC तथा AML/CFT नीति सम्बन्धी छलफल ।
- आ.व. २०७८/७९ चौथो त्रैमास तथा आ.व. २०७९/८० को प्रथम, दोस्रो तथा तेस्रो त्रयमासको सीमा कारोबार/शंकास्पद कारोबारको संख्या तथा परिदृश्य सम्बन्धी समीक्षा ।

आ.व. २०७९/८० मा सम्पत्ति शुद्धीकरण निवारण समितिको बैठक नं. १९ देखि बैठक नं. २२ सम्म गरी जम्मा ४ वटा बैठक बसेको थियो । उक्त बैठकहरू मिति २०७९/०६/३१ (१७ अक्टोबर २०२२), २०७९/०९/२२ (६ जनवरी २०२३), २०७९/१२/०७ (२१ मार्च २०२३) र २०८०/०३/०५ (२० जुन २०२३) मा बसेका थिए ।

उक्त बैठकहरूमा सदस्यको उपस्थिती एवं बैठक भत्ता रकमको विवरण निम्नानुसार रहेको छ :

क्र.स.	सम्पत्ति शुद्धीकरण निवारण समितिका सदस्यको नाम	उपस्थित भएको बैठक संख्या	बैठक भत्ता रू.
१	श्री मिना कुमारी सैंजु, स्वतन्त्र संचालक - संयोजक	४/४	५६,०००/-
२	श्री अंकित केडिया, संचालक - सदस्य	३/४	४२,०००/-
३	श्री शैलजा झवाली, एकीकृत जोखिम व्यवस्थापन विभाग-प्रमुख, सदस्य	४/४	-
४	श्री सरोज काफ्ले, अनुपालना विभाग-प्रमुख, सदस्य	४/४	-
५	श्री चन्दन गुप्ता रौनियार, सम्पत्ति शुद्धीकरण निवारण विभाग-प्रमुख, सदस्य सचिव	४/४	-

- श्री अंकित केडिया समितिको बैठक नं. २० मा अस्वस्थताको कारणले अनुपस्थित रहनु भएको ।
- सम्पत्ति शुद्धीकरण निवारण समितिको बैठकमा व्यवस्थापनबाट सहभागी हुने कुनै पनि पदाधिकारीलाई बैठक भत्ता प्रदान गरिएको छैन ।

१४. उच्च व्यवस्थापनमा भएको हेरफेर र त्यसको कारण

समीक्षा अवधिमा सहायक महाप्रबन्धक तथा सो भन्दा माथि उच्च व्यवस्थापनमा कुनै पनि हेरफेर भएको छैन ।

१५. सहायक कम्पनी सिद्धार्थ क्यापिटल लिमिटेडले गरेका मुलभुत कार्यहरू

सिद्धार्थ क्यापिटल लिमिटेड बैंकको सहायक कम्पनी हो । सिद्धार्थ क्यापिटल लिमिटेडको चुक्ता पूँजी रू. २० करोड रहेकोमा उक्त पूँजीको ५१ प्रतिशत स्वामित्व यस बैंकको रहेको छ ।

मिति २०६९ आश्विन १२ गतेदेखि कारोबार सञ्चालन गरेको सिद्धार्थ क्यापिटल लिमिटेडले देशमा म्युचुअल फन्डको विकास गर्न प्रमुख भूमिका खेलेको छ । म्युचुअल फण्डको सफल सञ्चालन पछि सिद्धार्थ क्यापिटल लिमिटेडले वि.सं. २०७२ देखि मर्चेन्ट बैंकिङ्ग व्यवसायमा प्रवेश गरी सार्वजनिक निष्काशन सेवा, प्रत्याभूति सेवा, पोर्टफोलियो व्यवस्थापन सेवा, संस्थागत परामर्श सेवा, निक्षेप सदस्य तथा शेयर रजिष्ट्रार सम्बन्धी सेवा प्रदान गर्दै आएको छ । साथै, यस क्यापिटले बैंकको शेयर रजिष्ट्रारको रूपमा पनि काम गर्दै आईरहेको छ ।

सिद्धार्थ क्यापिटल लिमिटेडले नेपाल धितोपत्र बोर्ड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निक्षेप सदस्यको रूपमा कार्य गर्नका लागि इजाजतपत्र प्राप्त गरेकोमा सिद्धार्थ बैंक लि. का सम्पूर्ण शाखा कार्यालयहरू तथा आफ्नै कार्यालयहरूबाट निक्षेप सदस्य सम्बन्धी सेवा प्रदान गर्दै आईरहेको छ । सिद्धार्थ क्यापिटल लिमिटेडले नेपालमा पूँजी बजार सम्बन्धी सेवाका सबै आयामहरूमा रोजाइको कम्पनीको रूपमा आफ्नो पहिचान कायम राख्न प्रगतीशील रहेको छ । यस कम्पनी ग्राहक सन्तुष्टि, संगठनात्मक आवश्यकताहरू अभिवृद्धि गर्न तथा नेपालमा लगानी बैंकिङ्ग (Investment Banking) सेवाहरूको आवश्यकतालाई पूरा गर्न प्रयासरत रहेको छ ।

रेटिङ्ग एजेन्सी, ICRA नेपालले सिद्धार्थ क्यापिटल लिमिटेडलाई AMC Quality 3+ फण्ड म्यानेजमेन्ट क्वालिटी रेटिङ्ग (FMQR) प्रदान गरेको छ जसले गुणस्तरीय व्यवस्थापन तथा कोष व्यवस्थापन, मजबुद बजार उपस्थिति र वित्तीय रूपमा सवल भन्ने जनाउँछ ।

सिद्धार्थ क्यापिटल लिमिटेडको वासलातको आकार प्रत्येक वर्ष वृद्धि हुँदै गएको छ र आ.व. २०७९/८० मा यसको प्रति शेयर नेटवर्थ रू. २२५.४२ रहेको छ जुन गत आ.व.मा रू २१८.५८ रहेको थियो । कम्पनीले समीक्षा अवधीमा गरेका कार्यहरू सन्तोषजनक देखिएका छन् ।

आ.व. २०७८/७९ मा सिद्धार्थ क्यापिटल लिमिटेडको खुद नाफा रू. ५ करोड ६२ लाख रहेको र आ.व. २०७९/८० मा कम्पनीको खुद नाफा बढेर रू. ६ करोड २४ लाख पुगेको छ । कम्पनीले आ.व. २०७९/८० मा कर सहित २५ प्रतिशत नगद लाभांश वितरण गरेको छ ।

सिद्धार्थ क्यापिटल लिमिटेडले सिद्धार्थ म्युचुअल फण्ड अन्तर्गत सिद्धार्थ इक्विटी फण्ड, सिद्धार्थ ईन्भेष्टमेन्ट ग्रोथ स्किम २, सिद्धार्थ ईन्भेष्टमेन्ट ग्रोथ स्किम ३ र सिद्धार्थ व्यवस्थित लगानी योजनाको योजना व्यवस्थापक रही कार्य गरिरहेको छ । हाल सिद्धार्थ म्युचुअल फण्ड अन्तर्गत रू. १ अर्ब ५० करोड आधार आकारको सिद्धार्थ इक्विटी फण्ड विगत ५ वर्षदेखि संचालनमा रहेको छ भने रू. १ अर्ब २० करोड आधार आकारको सिद्धार्थ

ईन्भेष्टमेन्ट ग्रोथ स्किम २ विगत ३ वर्षदेखि संचालनमा रहेको छ र रू. ८० करोड ५८ लाख आधार आकारको सिद्धार्थ ईन्भेष्टमेन्ट ग्रोथ स्किम ३ विगत ५ महिनादेखि संचालनमा रहेको छ । साथै, विगत २ वर्षदेखि संचालनमा रहेको सिद्धार्थ व्यवस्थित लगानी योजना रू. २० करोड आधार आकारबाट शुरू भइ २०८० आषाढ मसान्त सम्ममा करिब रू. ४५ करोड २५ लाख कायम भएको छ । सिद्धार्थ इक्विटी फण्ड, सिद्धार्थ ईन्भेष्टमेन्ट ग्रोथ स्किम २, सिद्धार्थ ईन्भेष्टमेन्ट ग्रोथ स्किम ३ नेप्सेमा सूचीकृत भई कारोबार भइरहेको छ भने सिद्धार्थ व्यवस्थित लगानी योजनाको कारोबार सिद्धार्थ क्यापिटल लिमिटेडबाट नै संचालन भइरहेको छ । आ.व. २०७९/८० को मुनाफाबाट सिद्धार्थ इक्विटी फण्डले कर सहित ५ प्रतिशत अर्थात रू. ७ करोड ५० लाख र सिद्धार्थ ईन्भेष्टमेन्ट ग्रोथ स्किम-२ ले कर सहित ६.५ प्रतिशत अर्थात रू. ७ करोड ८० लाख प्रतिफल वितरण गरेको छ । समीक्षा अवधिको आषाढ मसान्तमा सिद्धार्थ इक्विटी फण्ड, सिद्धार्थ ईन्भेष्टमेन्ट ग्रोथ स्किम २, सिद्धार्थ ईन्भेष्टमेन्ट ग्रोथ स्किम ३ र सिद्धार्थ व्यवस्थित लगानी योजनाको प्रति ईकाइ खुद सम्पत्ति मुल्य क्रमशः रू. १०.५३, रू. १०.६९, रू. १०.३१ र ९.०० कायम रहेको छ ।

समीक्षा वर्षमा सिद्धार्थ क्यापिटल लिमिटेडले पाँच वटा कम्पनीहरूको सार्वजनिक निष्काशन तथा एउटा कम्पनीको हकप्रद शेयर निष्काशन गरेको थियो । समीक्षा वर्षमा सिद्धार्थ क्यापिटल लिमिटेडले दुई वटा कम्पनीको रू. ११ करोड ५० लाख बराबरको शेयर प्रत्याभूति गरेको थियो । यस क्यापिटलले हाल विभिन्न वित्तीय संस्था, ऋणपत्रहरू तथा फण्डहरू गरी २१ वटा संस्थाको शेयर रजिष्ट्रारको कार्य गरिरहेको छ ।

हालसम्म सिद्धार्थ क्यापिटल लिमिटेडले विभिन्न क्षेत्रहरू जस्तै वाणिज्य बैंक, विकास बैंक, जीवन बीमा कम्पनी, निर्जीवन बीमा कम्पनी, जलविद्युत, सिमेन्ट, लघुवित्त लगायतका ५६ वटा कम्पनीको रू. ४७ अर्ब भन्दा बढीको सार्वजनिक निष्काशन, थप सार्वजनिक निष्काशन, म्युचुअल फन्ड निष्काशन र हकप्रद शेयर निष्काशन आदि गरिसकेको छ ।

१६. शेयरधनीहरूले दिएका सुझावहरूको कार्यान्वयन

बैंकको एक्काइसौं वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरूले बैंकको कुशल व्यवस्थापनको कारणले विभिन्न संघ संस्थाहरूबाट सम्मान तथा अवार्ड प्राप्त गरेकोमा हार्दिक बधाई दिदै एक्काइसौं वार्षिक साधारण सभामा पेश भएका सामान्य प्रस्ताव तथा विशेष प्रस्तावहरूलाई समर्थन गर्नु भएको थियो । साथै, वार्षिक साधारण सभाको सफलताको कामना सहित बैंकको उत्तरोत्तर प्रगतीको कामना गर्दै विभिन्न सुझावहरू दिनु भएको थियो । शेयरधनी महानुभावहरूले दिएका विभिन्न सुझावहरूमध्ये मुख्य सुझावहरू संक्षेपमा प्रस्तुत गरिएको छ ।

अर्थतन्त्रमा आएको विषम परिस्थितिको बावजुद पनि बैंकले १३.१६ प्रतिशत लाभांश वितरण गर्नु सकरात्मक रहेको र आगामी वर्ष लाभांश दर अझ वृद्धि गर्नुपर्ने, साधारण सभा चाँडै गर्नुपर्ने, बैंकको पुँजी रू. १४ अर्ब भन्दा बढी पुगेकोले बैंक आफै सक्षम र सवल भएकोले अन्य बैंक तथा वित्तीय संस्थाहरूमा गाभ्ने, गाभिने तथा प्राप्ति गरी हाल्न हतार गर्नु नपर्ने सुझाव दिनु भएको थियो ।

यसैगरी, उत्पादनशील क्षेत्रमा प्रभावकारी रूपमा कर्जा प्रवाह गर्नुपर्ने, विदेशी विनियमबाट हुने आम्दानी बढाउनु पर्ने, गैर ब्याज आम्दानी वृद्धि गर्दै लैजानु पर्ने, आम्दानीका विभिन्न श्रोतहरू पहिल्याएर कार्य गर्नुपर्ने, Return on Assets लाई बढाउने तर्फ ध्यान दिनुपर्ने, प्रति शेयर आम्दानी बढाउँदै लैजानु पर्ने, आगामी दिनहरूमा निष्कृय कर्जा अझ कम गरी १ प्रतिशत भन्दा कममा राख्न प्रयास गर्नुपर्ने, गैर बैंकिङ्ग सम्पत्तिलाई समयमै बिक्री गर्न उच्च प्राथमिकता दिनु पर्ने, कर्जा असुली गर्ने कार्यलाई प्रभावकारी बनाउनु पर्ने जस्ता सुझाव दिनु भएको थियो ।

यसैगरी, बैंकलाई चुस्त र दुरूस्त बनाई ग्राहकलाई सन्तुष्ट बनाउँदै नाफा बढाउँदै लैजानु पर्ने, बैंकलाई ग्राहकमैत्री बनाउँदै लैजानु पर्ने, निक्षेपकर्ता तथा लगानीकर्ताको पैसाको पूर्ण सुरक्षाको लागि सूचना प्रविधि सुरक्षा, साइबर सुरक्षामा विशेष ध्यान दिनुपर्ने जस्ता सुझाव दिनु भएको थियो ।

यसरी बैंकको व्यवस्थापकीय एवं व्यवसायिक क्षमता अभिवृद्धिका लागि शेयरधनी महानुभावहरूले लिखित एवं मौखिक रूपमा दिनुभएका सुझावहरू बैंकले सदैव सकारात्मक रूपमा लिदै आएको छ । वार्षिक साधारण सभामा उठेका विषयहरूको सम्बन्धमा संचालक समितिमा छलफल गरी कार्यान्वयनका लागि व्यवस्थापनलाई आवश्यक निर्देशन दिने एवं कार्यान्वयनको अवस्थाबारे समीक्षा

तथा छलफल गर्ने गरिएको छ । बैंकले शेयरधनीहरूबाट प्राप्त भएका सुझावहरूलाई गम्भीरता पूर्वक मनन गर्दै सम्भाव्यताका आधारमा प्राथमिकताका साथ कार्यान्वयन गर्दै आएको छ । समीक्षा अवधिमा कार्यान्वयन भएका तथा कार्यान्वयनका चरणमा रहेका सुझावहरू देहाय बमोजिम रहेका छन् :

बैंकले आफ्ना राम्रो पक्षलाई अनुसरण गर्दै र कमजोरीलाई सुधार गर्दै बैंकको आफ्नै नीति योजना बमोजिम काम गर्दै जानेछ र शेयरधनीहरूलाई सकेसम्म उचित प्रतिफल दिन बैंक सदा प्रयत्नरत रहनेछ । वार्षिक साधारण सभा समयमै गर्न सफल भएका छौ र आगामी वर्षहरूमा पनि वार्षिक साधारण सभा समयमै गर्न कटिवद्व छौ । सिद्धार्थ बैंकको मूल्य र मान्यता कायम राख्दै बैंकको संस्थागत व्यवहारसँग मेल खाने, उच्च संस्थागत सुशासन कायम रहेको, दीर्घकालीन रूपमा बैकलाई सवल र सक्षम बनाउने, शेयरधनीहरू लाभान्वित हुने र बैंकको कार्यदक्षता अभिवृद्धि हुने खालको उपयुक्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बैंक तथा वित्तीय संस्थाको पहिचान भई मर्जर तथा एक्वीजिसन गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंक सदैव सकारात्मक रहेको छ ।

यस बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन अनुरूपनै उत्पादनशील क्षेत्रहरूमा कर्जा प्रवाह गरिरहेको जानकारी गराउँदछौं । बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम प्राथमिक क्षेत्र, उर्जा, महिला लक्षित एवं लघु उद्यमशीलता विकासको क्षेत्रमा लगानी विस्तार गर्दै आईरहेको छ । कोभिड-१९ र यस पछिका घट्नाक्रमले पुरै विश्वमा आएको आर्थिक मन्दी, Spread Rate घट्नु, नीतिगत निर्णयहरू लगायतका कारणले बैंकको मुनाफामा निश्चित रूपले असर गरेको छ । बैंकले नयाँ लगानीका क्षेत्रहरू पहिचान गरी लगानी विस्तार गर्दै शेयरधनीहरूलाई उचित प्रतिफल प्रदान गर्न प्रयासरत रहेको छ । बैंकले निक्षेप, कर्जा, गैर ब्याज आम्दानी, ब्याज आम्दानी वृद्वि लाई आफ्ना विभिन्न कार्यक्रमहरूमा समावेश गरी क्रमशः लागु गर्दै आइरहेको छ । बैंकले ग्राहकमैत्री बैंकिङ्ग सेवालाई केन्द्रबिन्दुमा राख्दै वित्तीय सेवा प्रवाह गर्दै आएको छ । गुणस्तरिय ग्राहक सेवा प्रवाह गर्न Customer Relationship Management Software लागु गरिएको छ । आम्दानी वृद्धि गर्नका लागि कर्जा लगानी बाहेक अन्य क्षेत्रहरू पहिचान गर्ने कार्य भईरहेको छ । बैंकको कमिशन तथा फि आम्दानीमा वृद्धि भएको छ र यसको साथै ROA र प्रति शेयर आम्दानी पनि वृद्धि भएको छ । आगामी दिनहरूमा समेत अन्य गैर ब्याज आम्दानीका श्रोतहरू पहिचान गरी बैंकको आम्दानी कसरी वृद्धि गर्न सकिन्छ भन्ने कार्यमा उचित ध्यान दिनेछौं ।

निष्कृय कर्जा अनुपात घटाउनको लागि आवश्यक कार्यहरू भइरहेका छन । बैंकको अथक प्रयासका बाबजुद पनि देशमा देखिएको आर्थिक शिथिलताका कारण प्रतिकुल बजार अवस्था सिर्जना भई बैंकको निस्कृय कर्जाको अनुपात वृद्धि भएको छ तर यसलाई आर्थिक वर्षको अन्त्यमा २.०१% मा सिमित गर्न सफल भएको छ । कर्जा असुली प्रकयालाई निरन्तरता दिई आगामी दिनहरूमा यसमा सुधार ल्याउने अपेक्षा गरिएको छ । बैंकले गैर बैंकिङ्ग सम्पत्ति बिक्रीको लागि प्रयास गर्दै आएको छ ।

- निर्दिष्ट गर्नाले मापन वा पहिचानमा पूर्ण वा उल्लेखनीय रूपमा अस्थिरता घटाउँछ जुन अन्य तरिकाबाट दायित्व मापन गर्दा उत्पन्न हुन्छ ।
- त्यस्ता दायित्वहरू जुन वित्तीय सम्पत्ति, वित्तीय दायित्व अथवा दुबैको अंग हुन् र सोको व्यवस्थापन तथा मूल्याङ्कन उचित मूल्यको आधारमा जोखिम व्यवस्थापन वा लगानी रणनिति अनुरूप गरिन्छ ।
- त्यस्ता दायित्वहरू जसमा एक वा एक भन्दा बढी embedded derivatives समावेश गरिएको हुन्छ र त्यसले महत्वपूर्ण तरिकाले सम्झौतामा हुन सक्ने नगद प्रवाहलाई परिवर्तन गर्दछ ।

२) परिषोधित लागतमा लेखाङ्कन गरिएको वित्तीय दायित्व

नाफा नोक्सान विवरणमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व बाहेक अन्य सबै वित्तीय दायित्वलाई परिषोधित लागतमा वर्गीकृत गरिएको छ । शुरूवाती मापन पश्चात् परिषोधित लागतमा लेखाङ्कन गरिएका वित्तीय दायित्वलाई प्रभावकारी व्याजदरको प्रयोगबाट मापन गरिन्छ । निश्चित भुक्तानी अवधि भएका निक्षेप तथा debt उपकरणहरूलाई परिषोधित लागतमा करिबी प्रभावकारी व्याजदरको प्रयोगबाट मापन गरिएको छ । शेयर/ऋणपत्र जारी रकमको १ प्रतिशतसम्म immaterial मानी शेयर/ऋणपत्र जारी खर्च लेखाङ्कन गर्ने बैंकको नीती रहेको छ । त्यसैले शेयर/ऋणपत्रको उचित मूल्य गणना गदा शेयर/ऋणपत्र जारी खर्चलाई समावेश गरिएको छैन । परिषोधनलाई व्याज खर्च शिर्षकमा नाफा नोक्सान विवरणमा देखाइन्छ र दायित्व निसर्ग हुँदाको समयको नाफा वा घाटालाई पनि नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ ।

३.४.३ वित्तीय उपकरणहरूको पुनःवर्गीकरण

क) नाफा नोक्सान विवरणमार्फत उचित मूल्यमा लेखाङ्कन गरिएका वित्तीय उपकरणको पुनःवर्गीकरण

बैकले नाफा नोक्सान विवरणमार्फत उचित मूल्यमा लेखाङ्कन गरिएका डेरिभेटिभ वित्तीय उपकरणहरूलाई पुनःवर्गीकरण गर्दैन । FVTPL मा निर्दिष्ट गरिएका गैर डेरिभेटिभ वित्तीय उपकरणहरू प्रारम्भिक लेखाङ्कन पछि पुनःवर्गीकरण गरिदैन ।

बैकले नाफा नोक्सान विवरणमार्फत उचित मूल्यमा लेखाङ्कन गरिएका वित्तीय उपकरणको पुनःवर्गीकरण सो उपकरण प्राप्त गर्दाको समयमा व्यवस्थापनले छनौट गरेको व्यावसायिक model मा परिवर्तन भएको अवस्थामा मात्र गर्न सक्दछ । शुरूवाती मापन नाफा नोक्सान विवरणमार्फत उचित मूल्यमा लेखाङ्कन गरिएको सम्पत्तिको रूपमा भएको र जुन कर्जा तथा सापटको परिभाषामा समेत पर्दछ भने बैंकले यदि त्यस सम्पत्तिलाई परिपक्वता मितिसम्म धारण गर्ने मनशाय र क्षमता राख्दछ भने त्यस सम्पत्तिलाई FVTPL बाट पुनःवर्गीकरण गर्न सकिन्छ ।

पुनःवर्गीकरणको मितिमा वित्तीय उपकरणको उचित मूल्यलाई पुनःवर्गीकरण पश्चात् नयाँ परल मूल्य वा परिषोधित मूल्य

मानिन्छ । यसरी पुनःवर्गीकरण गर्दा पुनःवर्गीकरण मितिसम्म लेखाङ्कन भई सकेको कुनै पनि नाफा वा नोक्सानलाई नाफा वा नोक्साानको विवरणमा फिर्ता गरिदैन ।

यदि वित्तीय सम्पत्ति पुनःवर्गीकरण गरे पछि भविष्यमा नगद प्राप्तिको अनुमानमा वृद्धि भएमा सोको प्रभावलाई अनुमानमा परिवर्तन भएको मितिमा सम्पत्तिको किताबी मूल्यमा समायोजन नगरी प्रभावकारी व्याजदरमा समायोजन गरिन्छ ।

ख) अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको वित्तीय उपकरणको पुनःवर्गीकरण

सोच वा क्षमतामा परिवर्तन भएमा र विश्वसनीय उचित मूल्य उपलब्ध नभएको दुर्लभ परिस्थितिहरूमा वित्तीय सम्पत्तिहरूलाई अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्य वर्गवाट निकाली पुनःवर्गीकरण गरिन्छ ।

प्रारम्भिक लेखाङ्कन गर्दा अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएका वित्तीय सम्पत्ति कर्जा तथा सापटको परिभाषामा परेको खण्डमा र यदि बैंकको सोच तथा क्षमता परिपक्वतासम्म वा धेरै लामो समयसम्म धारण गर्ने रहेको छ भने ती सम्पत्तिलाई बैंकले अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्य वर्गीकरणवाट कर्जा तथा सापट शिर्षकमा सार्न सक्दछ ।

पुनःवर्गीकरणको मितिमा वित्तीय उपकरणको उचित मूल्यलाई, पुनःवर्गीकरण पश्चात् नयाँ परल मूल्य वा परिषोधित मूल्य मानिन्छ । नयाँ परिषोधित मूल्य र परिपक्वताको मूल्य बीचको फरक प्रभावी व्याजदरको प्रयोग गरेर सम्पत्तिको बाँकी अवधिमा अपलेखन गरिन्छ । अन्य विस्तृत आम्दानीको विवरणमा लेखाङ्कन भैसकेका पुनःवर्गिकृत वित्तीय सम्पत्तिसँग सम्बन्धित कुनै पनि लाभ वा हानिको निम्नानुसार लेखाङ्कन गरिन्छः

१) निश्चित परिपक्वता भएका वित्तीय सम्पत्ति

पुनःवर्गीकरणको दिनसम्म पहिचान भएका नाफा वा नोक्सानलाई लगानीको बाँकी समयावधिमा प्रभावकारी व्याजदरका आधारमा नाफा नोक्सान विवरणमा अपलेखन गरिन्छ । यदि सो वित्तीय सम्पत्तिमा पछि हानि भएमा, अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरेका त्यस्ता कुनै अघिल्लो नाफा वा नोक्सानलाई इक्विटीबाट हटाएर नाफा नोक्सान विवरणमा पुनःवर्गीकरण गरिन्छ ।

२) निश्चित परिपक्वता नभएका वित्तीय सम्पत्ति

पुनरवर्गीकरणको दिनसम्म पहिचान भएका नाफा वा नोक्सानलाई सो वित्तीय सम्पत्ति विक्रि वा निसर्ग भएमा मात्रै नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ । यदि सो वित्तीय सम्पत्तिमा पछि हानि भएमा, अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरेका त्यस्ता कुनै अघिल्लो नाफा वा नोक्सानलाई इक्विटीबाट हटाएर नाफा नोक्सान विवरणमा पुनःवर्गीकरण गरिन्छ ।

यदि वित्तीय सम्पत्ति पुनःवर्गीकरण गरे पछि भविष्यमा नगद प्राप्तिको अनुमानमा वृद्धि भएमा सो को प्रभावलाई अनुमानमा परिवर्तन भएको मितिमा सम्पत्तिको किताबी मूल्यमा समायोजन नगरी प्रभावकारी व्याजदरमा समायोजन गरिन्छ ।

ग) परिषोधित मूल्यमा लेखाङ्कन गरिएको वित्तीय उपकरणको पुनःवर्गीकरण

यदि सोच र क्षमतामा परिवर्तनको कारण कुनै उपकरणलाई परिषोधित मूल्यमा लेखाङ्कन गरिएको वित्तीय उपकरण अन्तर्गत वर्गीकरण गर्न उपयुक्त छैन भने बैंकले ती उपकरणलाई अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा पुनःवर्गीकरण गर्न सक्दछ । वित्तीय उपकरणको पुनःवर्गीकरण गर्नु अघिको किताबी मूल्य र उचित मूल्य बीचको फरकलाई अन्य विस्तृत आम्दानीमार्फत इक्विटीमा लेखाङ्कन गरिन्छ ।

३.४.४ वित्तीय सम्पत्ति तथा दायित्वको निसर्ग

क) वित्तीय सम्पत्तिको निसर्ग

निम्न उल्लेखित कुनै पनि अवस्थामा बैंकको वित्तीय सम्पत्ति पूर्ण वा आंशिक रूपमा निसर्ग भएको स्थिति हुन आउँछ :

- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार समाप्त हुँदा
- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार हस्तान्तरण गरिएमा

- बैंकले 'pass-through' व्यवस्था अनुरूप प्राप्त भएको नगद प्रवाह तेश्रो पक्षलाई भुक्तानी गर्ने दायित्व धारण गरेमा तथा बैंकले सो सम्पत्तिको सम्पुर्ण जोखिम तथा प्रतिफल हस्तान्तरण गरेमा वा जोखिम र प्रतिफलको हस्तान्तरण नगरी वा आफै साथ नराखि सम्पत्तिको नियन्त्रण हस्तान्तरण गरेमा

यसरी निसर्ग भएको वित्तीय सम्पत्ति निसर्ग हुँदा रहेको किताबी मूल्य र सो निसर्गबाट प्राप्त मूल्य तथा सो सँग सम्बन्धित अन्य विस्तृत आम्दानीको विवरणमा रहेको संचित नाफा वा घाटाको योगमा फरक भएमा सो फरक रकमलाई नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ ।

उल्लेखनीय जोखिम र प्रतिफलको हस्तान्तरण नगरी वा आफू साथ नराखी वा सो सम्पत्तिको नियन्त्रण हस्तान्तरण नगरी बैंकले नगद प्रवाह प्राप्तिको अधिकार हस्तान्तरण गरेमा वा 'pass-through' को व्यवस्था गरेमा, बैंकको संलग्नताको हदसम्म सम्पत्ति लेखाङ्कन गरिन्छ । त्यस अवस्थामा बैंकले सम्बन्धित दायित्व पनि लेखाङ्कन गर्दछ । हस्तान्तरित सम्पत्ति र दायित्वलाई बैंकसँग रहेको अधिकार तथा दायित्व दर्शाउने आधारमा मापन गरिन्छ ।

बैंकको यथावत संलग्नताले हस्तान्तरित सम्पत्तिको ग्यारेन्टिको रूप लिएमा, यथावत संलग्नताको हद, मूल किताबी मूल्य तथा बैंकले पुनःभुक्तानी गर्नु पर्न सक्ने अधिकतम प्राप्त प्रतिफल मध्ये जुन कम छ सो रकममा मापन गरिन्छ ।

ख) वित्तीय दायित्वको निसर्ग

कुनै वित्तीय दायित्वसँग जोडिएको दायित्वहरू समाप्त भएको अवस्थामा सो दायित्व निसर्ग भएको मानिन्छ । हालको वित्तीय दायित्वलाई सोही lender को अर्को वित्तीय दायित्वमार्फत प्रतिस्थापन भएमा र सो हुँदा उल्लेखीय फरक प्रावधानहरू वा हालको दायित्वको प्रावधानहरू उल्लेखनीय रूपमा परिमार्जन भएमा, त्यस्ता परिमार्जन र परिवर्तनलाई निसर्ग भएको मानेर नयाँ दायित्व लेखाङ्कन गरिन्छ । यसरी निसर्ग हुँदा उक्त वित्तीय दायित्वको किताबी मूल्य र निसर्ग हुँदा तिरेको मूल्यमा हुने फरकलाई नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ ।

ग) पुनःखरिद तथा रिभर्स पुनःखरिद सम्झौताहरू

निश्चित भविष्यमा पुनःखरिद गर्ने सम्झौता गरी बेचेका securities हरूलाई बैंकले वित्तीय अवस्थाको विवरणबाट हटाउँदैन किनकि बैंकले प्रायः सबै जोखिम र स्वामित्व आफ्नो अधिनमा राखेको हुन्छ । पुनःखरिद सम्झौता अन्तर्गत बेचेका securities बाट प्राप्त नगदको हकमा र आर्जित (accrued) व्याजको हकमा समेत बैंकले वित्तीय अवस्थाको विवरणमा फिर्ता गर्नु पर्ने दायित्व लेखाङ्कन गर्दछ । बिक्री र पुनःखरिद मूल्य बीचको अन्तरलाई व्याज खर्चको रूपमा मानिन्छ र प्रभावकारी व्याजदरको उपयोग गरेर सम्झौताको अवधिमा accrue गरिन्छ । बैंकसँग securities हरूलाई बेच्ने वा पुनःप्लेज गर्ने अधिकार छ भने उचित लागे अनुसार बैंकले आफ्नो वित्तीय अवस्थाको विवरणमा securities हरूलाई व्यापारिक प्रयोजनको लागि धारण गरिएको वित्तीय सम्पत्ति (pledged as collateral) वा अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको वित्तीय सम्पत्ति (pledged as collateral) को रूपमा पुनःवर्गीकरण गर्न सक्दछ ।

त्यसैगरी भविष्यमा पुनःबिक्रि गर्ने सम्झौता गरी खरिद गरेका securities हरूलाई बैंकले वित्तीय अवस्थाको विवरणमा लेखाङ्कन गर्दैन । पुनःबिक्रि सम्झौता अन्तर्गत खरिद गरेका securities बाट प्राप्त नगद र अर्जित (accrued) व्याजको रकमलाई समेत बैंकले वित्तीय अवस्थाको विवरणमा 'Reverse repurchase agreements' अन्तर्गत लेखाङ्कन गर्दछ । खरिद र पुनःबिक्रि मूल्य बीचको अन्तरलाई व्याज आम्दानीको रूपमा मानिन्छ र प्रभावकारी व्याजदरको प्रयोग गरेर सम्झौताको अवधिमा accrue गरिन्छ । यदि securities पुनःबिक्रि सम्झौतामा खरिद गरी तेस्रो पक्षहरूलाई बेचेको छ भने securities फिर्ता गर्ने दायित्वलाई व्यापारिक प्रयोजनको लागि धारण गरिएको वित्तीय दायित्व अन्तर्गत short sale को रूपमा लेखाङ्कन गरिन्छ र उचित मूल्यमा मूल्याङ्कन गर्दा हुने कुनै नाफा वा नोक्सानलाई खुद व्यापारिक आम्दानी अन्तर्गत लेखाङ्कन गरिन्छ ।

वित्तीय उपकरणहरूको अफसेटिङ्ग

यदि बैंकसँग कुनै वित्तीय सम्पत्ति र दायित्वलाई अफसेट गर्ने कानुनी अधिकार छ र बैंकले ती सम्पत्ति र दायित्वलाई खुदमा राफसाफ गर्ने मनशाय राखेको छ भने वित्तीय अवस्थाको विवरणमा ती सम्पत्ति र दायित्वलाई अफसेट गरी

खुद रकम देखाइन्छ । आम्दानी तथा खर्चलाई NFRS बमोजिम वा एकै प्रकृतिका कारोवारबाट उत्पन्न भएको खण्डमा मात्र अफसेट गरी खुद रकममा प्रस्तुत गरिन्छ ।

परिषोधित मूल्यको मापन

वित्तीय सम्पत्ति र वित्तीय दायित्वको परिषोधित मूल्य भन्नाले त्यस्ता वित्तीय सम्पत्ति र वित्तीय दायित्वको सुरूवातमा लेखाङ्कन भएको रकमबाट साँवा भुक्तानी रकम तथा हानि नोक्सानी घटाई, सुरूवातमा लेखाङ्कन भएको रकम र परिपक्वतामा प्राप्त हुने रकम बीचको भिन्नतालाई प्रभावकारी व्याजदरमा समायोजन गर्दा अएको cumulative परिषोधन रकमलाई समेत समायोजन गरी आएको रकमलाई जनाउदछ ।

उचित मूल्यको मापन

उचित मूल्य भनेको त्यो मूल्य हो जुन मापन मितिमा बजार सहभागीहरूबीच व्यवस्थित कारोबार भएको अवस्थामा सम्पत्ति बेच्दा पाईने वा दायित्व हस्तान्तरण गर्दा तिर्न पर्ने रकम हो । दायित्वको उचित मूल्यले यसको कार्यान्वयन नहुने जोखिम प्रतिबिम्बित गर्दछ ।

निम्न तह अनुसार उचित मूल्य निर्धारण गरिन्छ :

श्रेणी १ : उचित मूल्य मापन ती हुन् जुन समान सम्पत्ति वा दायित्वका लागि सक्रिय बजारमा असमायोजित सूचीकृत मूल्यहरूबाट व्युत्पन्न हुन्छन् ।

श्रेणी २ : जसको मूल्याङ्कन निम्ति सक्रिय बजारमा उस्तै उपकरणहरूको लागि सूचीकृत मूल्यहरू छन् वा निष्कृय बजारमा समान वा यस्तै उपकरणहरूका लागि सूचीकृत मूल्यहरू र वित्तीय उपकरणहरूको मूल्याङ्कनको निम्ति मोडलहरू प्रयोग हुन्छ जहाँ सबै महत्वपूर्ण तथ्यांकहरू भेटिन्छन् ।

श्रेणी ३ : पोर्टफोलियोहरू ती हुन् जहाँ कम्तिमा एक तथ्यांक जसले उपकरणको मापनमा महत्वपूर्ण प्रभाव पार्न सक्छ र बजारको तथ्यांकमा आधारित हुदैनन् ।

उपलब्धता अनुसार बैंकले वित्तीय उपकरणको उचित मूल्य उपकरणको सक्रिय बजारमा सूचीकृत मूल्यहरू प्रयोग गर्दै मापन गर्दछ । यदि सूचीकृत मूल्यहरू सजिलैसँग र नियमित रूपमा उपलब्ध भएमा बजारलाई सक्रिय मानिन्छ र arm's length को आधारमा वास्तविक र नियमित रूपमा हुने बजार कारोबार प्रतिनिधित्व गर्दछ । यदि एक वित्तीय उपकरणको लागि बजार सक्रिय छैन भने बैंकले मूल्याङ्कन विधि प्रयोग गरी उचित मूल्य स्थापना गर्दछ । मूल्य निर्धारण विधिमा जानकार, इच्छुक पार्टीहरू (यदि उपलब्ध भएमा) बीचको arm's length कारोबार समावेश हुन्छ ।

प्रारम्भिक लेखाङ्कन गर्दा वित्तीय उपकरणको उचित मूल्यको उचित प्रमाण भनेको कारोबार मूल्य हो (अर्थात् दिइएको वा प्राप्त गरिएको प्रतिफलको उचित मूल्य) । यद्यपि प्रारम्भिक पहिचान र मापनमा वित्तीय उपकरणको उचित मूल्य यसको कारोबार मूल्यभन्दा भिन्न हुन सक्छ । यदि त्यस्तो उचित मूल्य सोही उपकरणमा हालको अन्य प्रत्यक्ष बजार कारोबारको साथ तुलना गरेर प्रमाणित गरिएको छ (संशोधन बिना) वा केवल प्रत्यक्ष बजारबाट तथ्यांक समावेश गरिएको मूल्याङ्कन विधि प्रयोग गरीएको छ भने तब उचित मूल्य र कारोबार मूल्य बीचको भिन्नतालाई उपकरणको अवधिसम्म उचित ढङ्गले नाफा वा नोक्सान विवरणमा पहिचान र लेखाङ्कन गरिन्छ ।

३.४.५ वित्तीय सम्पत्तिमा हुने नोक्सानी

बैंकले हरेक आर्थिक वर्षको वित्तीय विवरण बनाउँदा कुनै पनि वित्तीय सम्पत्तिमा हानि भए वा नभएको बारे प्रमाण सहित आंकलन गर्ने गरेको छ । उक्त प्रमाणले त्यस्तो सम्पत्तिबाट भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई नकारात्मक असर गरेको दर्शाएमा सो वित्तीय सम्पत्तिमा हानि नोक्सानी भएको ठहर गरी त्यसमा नोक्सानी व्यवस्था गर्ने गरिएको छ ।

३.४.५. (क) परिषोधित मूल्यमा मापन गरिएका वित्तीय सम्पत्तिहरूमा हुने नोक्सानी

सुरूमा बैंकका ठुला ऋणीहरूलाई प्रदान गरेको कर्जाहरूलाई छनौट गरी ती कर्जालाई हरेक आर्थिक वर्षको अन्त्यमा व्यक्तिगत हानिको लागि परीक्षण गरीन्छ । यदि कुनै कर्जालाई डिफल्ट भनी वर्गीकरण गरिएको छ वा बैंकले सांवा र

व्याज रकम पूर्ण रूपमा असुली गर्न नसक्ने भएमा, ती कर्जाहरूमा हुन सक्ने हानिको मूल्याङ्कन गरिन्छ । यदी कर्जा धितोद्वारा सुरक्षित भए, त्यस कर्जामा हुन सक्ने हानिको मूल्याङ्कन गर्दा सुरक्षणमा राखिएको धितोको वर्तमान मूल्यलाई पनि ध्यानमा राखिन्छ । धितो बिक्री गरी हाल प्राप्त हुन सक्ने रकम कर्जा तिर्न पर्याप्त भएमा कर्जा हानि मूल्याङ्कन गरिदैन ।

व्यक्तिगत हानिको लागि परीक्षण

व्यक्तिगत हानि परिक्षणको लागि छानिएका कर्जा तथा सापटीहरूलाई तल दिएका मापदण्ड अनुसार परीक्षण गरिन्छ :

- ऋणीको नगद प्रवाहमा आएको समस्या थाहा भएमा
- सम्झौता अनुसार तिर्नु पर्ने सावा वा व्याज भाका नाघेमा
- ऋण सहमति र शर्तको उल्लङ्घन गरेमा
- ऋणी टाट पल्टन सक्ने सम्भावना वा आर्थिक पुनर्सरंचना गर्नु पर्ने देखिएमा
- बाह्य क्रेडिट रेटिङ्ग एजेन्सीले ऋणीको क्रेडिट रेटिङ्ग उल्लेखनीय तरिकाले घटाएको पाइएमा
- बैंकको ऋणीसंगको एकिकृत एक्सपोजर
- ग्राहकको व्यवसायिक मोडलको व्यवहारिकता र ग्राहकको आर्थिक समस्या हल गर्ने तथा समयमै ऋण तिर्न सक्ने क्षमता
- अपेक्षित आम्दानी र असुलीको रकम र समय
- ऋणीले बैंकको कर्जा तथा सापटी तिर्नु अगाडि अरू ऋणदाताको ऋण तिर्ने गरी गरेको प्रतिवद्धता वा Pari-pasu र अरू ऋणदाताले उक्त ऋणीलाई लगातार सहायता गर्ने सम्भावना
- धितो जमानतको विश्वनीय मूल्य र बैंकले धितो आफ्नो प्रभुत्वमा ल्याउन सक्ने सम्भावना

सामुहिक हानि परीक्षण

व्यक्तिगत हानि पहिचान नभएका कर्जा तथा सापटीहरूलाई एकै प्रकारका कर्जा तथा सापटीहरूको आधारमा विभिन्न समुहहरूमा विभाजन गरी सामुहिक हानि नोक्सानी परीक्षण गरीन्छ । तर यदि कुनै कर्जाप्रति व्यक्तिगत नोक्सानी व्यवस्था गरिएको छ भने ती कर्जाहरूलाई सामुहिक हानि परीक्षण गर्दा समावेश गरिदैन ।

तल देहायका कर्जाहरूको लागि सामुहिक हानि परीक्षण गरीन्छ :

- हानि भैसकेको तर व्यक्तिगत रूपमा हानि पहिचान नभएको कर्जाहरू
- व्यक्तिगत रूपमा महत्वपूर्ण नमानिएका एकै प्रकारका कर्जा तथा सापटीहरूको आधारमा विभिन्न समुहहरूमा विभाजित कर्जाहरू

हानि भैसकेको तर व्यक्तिगत रूपमा हानि पहिचान नभएको

कुल कर्जा हानि व्यवस्थाको आंकलन गर्न व्यक्तिगत हानि पहिचान नभएका कर्जा तथा सापटीहरूलाई एकै प्रकारका कर्जा तथा सापटीहरूको आधारमा विभिन्न समुहहरूमा विभाजन गरी सामुहिक हानि परीक्षण गरिन्छ । रिर्पोटिङ्ग मिति भन्दा अगाडि हानि भैसकेको तर व्यक्तिगत रूपमा पहिचान नभएको हानिलाई समेत यस तरिकाले आंकलन गरेको हानि व्यवस्थाले समावेश गर्छ ।

अहिले हानि भैसकेको तर व्यक्तिगत रूपमा पहिचान नभएको हानि भविष्यमा व्यक्तिगत रूपमा पहिचान भएको खण्डमा ती कर्जाहरूको हकमा सामुहिक हानि परीक्षण नगरि व्यक्तिगत हानि परिक्षण गरिनेछ ।

सामुहिक नोक्सानी व्यवस्थाको आंकलन गर्दा देहायका बुँदाहरूमा ध्यान दिइन्छ :

- समान कर्जा जोखिम भएको पोर्टफोलियोमा विगतमा भएको नोक्सानी

- वर्तमान आर्थिक स्थिति हेर्दा विगतमा भएको नोक्सानीभन्दा रिर्पोटिङ्ग मितिमा आंकलन गरिने नोक्सानी व्यवस्थाको रकम कम वा बढी हुन सक्ने व्यवस्थापनको अनुभवको आधारमा गरिएको निर्णय

एकै प्रकारका कर्जा तथा सापटीहरूको आधारमा विभिन्न समुहहरूमा विभाजित कर्जाहरू

एकै प्रकारका कर्जा तथा सापटीहरूको आधारमा विभिन्न समुहहरूमा विभाजित कर्जाहरूमा हुन सक्ने नोक्सानी आंकलन गर्न statistical विधिहरूको प्रयोग गरिन्छ । कर्जा अपलेखन भएमा ती कर्जाहरूलाई समुहबाट हटाई व्यक्तिगत रूपमा हानि मापन गरिन्छ ।

बैंकले देहायको विधिमार्फत सामुहिक हानि व्यवस्था आंकलन गर्दछ :

एकै प्रकारका कर्जा तथा सापटीहरूको आधारमा विभिन्न समुहहरूमा विभाजन गरे पश्चात् सामुहिक हानिको मापन Net flow rate method बाट गरिन्छ । यस पद्धतीमा बैंकले कर्जा तथा सापटीहरूलाई विभिन्न समूहहरूमा गरेको वर्गीकरण, त्यसमा आएको परिवर्तन र प्रतिवेदन अवधिसम्ममा पहिचान भएका घटनाहरूको आधारमा भविष्यमा बैंकलाई हुन सक्ने कर्जा नोक्सानी रकमको आंकलन गरिन्छ ।

यस पद्धतीमा भाका नाघेको अवधिको आधारमा कर्जा तथा सापटीहरूलाई विभिन्न समूहहरूमा विभाजन गरी statistical विश्लेषण गरी विभिन्न समूहहरूमा विभाजन गरिएका ऋण तथा सापटीहरूको स्तर झर्न सक्ने र अन्ततः असुली हुन नसक्ने सम्भावनाको आंकलन गरिन्छ ।

हालको आर्थिक परिस्थिति तथा पोर्टफोलियो जोखिमका कारकहरूलाई समेत ध्यानमा राखि नोक्सानी व्यवस्था रकमको आंकलन गरिन्छ । आर्थिक परिस्थिति तथा पोर्टफोलियो जोखिमका कारकहरूमा देहायका कारकहरू समेत पर्दछन् :

- वर्तमान कर्जा पोर्टफोलियो वृद्धि तथा प्रोडक्ट समिश्रण
- बेरोजगारी दर
- कुल गृहस्थ उत्पादनमा भएको वृद्धि
- मुद्रास्फीति
- व्याज दर
- सरकारी नीति तथा नियममा परिवर्तन
- सम्पत्तिको मूल्य
- भुक्तानीको अवस्था

नेपाल लेखामान बोर्डले सिफारिस गरे बमोजिम नेपाल चार्टर्ड एकाउन्टेन्स संस्था (ICAN) ले NFRS कार्यान्वयन गर्नका लागि जारी गरेका carve-out अनुसार बैंक तथा वित्तीय संस्थाहरूले कर्जा नोक्सानी व्यवस्था (Loan Loss Provisioning) कायम गर्दा "Incurred Loss Model" अपनाएर गर्नुपर्ने प्रावधान अनुसार गर्न नसकिने अवस्था हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने छ । यो अनिवार्य व्यवस्था अनुसार बैंकले नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनको निर्देशन नं. २ बमोजिम आएको कर्जा नोक्सानी व्यवस्था वा नेपाल चार्टर्ड एकाउन्टेन्स संस्था (ICAN) ले NFRS कार्यान्वयन गर्नका लागि जारी गरेका carve-out अनुसार आएको कर्जा नोक्सानी व्यवस्था मध्य जुन अधिक हुन्छ सोलाई कर्जा नोक्सानी व्यवस्था रकम लेखाङ्कन गर्नुपर्ने प्रावधान रहेको छ ।

हानि नोक्सानीको फिर्ता

यदि हानि नोक्सानीको रकम पछिको अवधिमा घट्छ र त्यो घटेको रकमलाई हानि नोक्सानी अभिलेख गरेको समयभन्दा पछिको घटनासँग सजिलै जोड्न सकिएमा, बढी भएको हानि नोक्सानी व्यवस्था रकमलाई फिर्ता गरिन्छ । यस्तो फिर्ता भएको रकमलाई नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ ।

परिषोधित लागतमा लेखाङ्कन गरिएको वित्तीय सम्पत्तिको अपलेखन

ऋण चुक्ता नुहने अवस्था देखिएमा ऋणलाई आंशिक वा पूर्ण रूपमा अपलेखन गरिन्छ । तर सुरक्षित ऋणको हकमा अपलेखन सुरक्षणमा राखिएको सम्पत्तिको लिलामी पछि मात्र गरिन्छ । तर यदि जमानत राखिएको सम्पत्तिको मूल्य पहिचान भएमा र ऋण र प्राप्तीको थप असुली नहुने देखिएमा त्यस्ता ऋण र प्राप्तीलाई अग्रिम रूपमा अपलेखन गर्न सकिन्छ ।

पुनःतालिकिकृत ऋण र सापटीमा हुने हानि

बैंकले सम्भव भएसम्म धितोको स्वामित्व लिनु भन्दा पनि कर्जालाई पुनःतालिकिकरण गर्न खोज्दछ । यस अन्तर्गत भुक्तानी व्यवस्थाको विस्तार र नयाँ ऋण शर्तहरूको सम्झौता पर्न सक्छ । एक पटक शर्तहरू संसोधित भएपछि कुनै पनि हानि नोक्सानीलाई शर्त संसोधन अगाडि गणना गरिएको व्याजदरले मापन गरिन्छ र सो ऋणलाई भाखा नाघेको मानिदैन । कर्जाको व्यक्तिगत र सामुहिक हानिको मूल्याङ्कन पुनःतालिकिकरण हुनु अगाडीको प्रभावकारी व्याज दरद्वारा गरिन्छ ।

धितो मूल्याङ्कन

बैंकले वित्तीय सम्पत्तिको जोखिम न्यूनिकरण गर्न सकेसम्म धितोको प्रयोग गर्दछ । नगद, धितोपत्र, प्रतितपत्र/जमानत, अचल सम्पत्ति, प्राप्ती, स्टक र अन्य गैर वित्तीय सम्पत्ति जस्ता विभिन्न धितोका प्रकारहरू हुन्छन् । साधारणतया धितोको उचित मूल्यको आंकलन कम्तिमा कर्जा प्रदान गर्दाको बखत नेपाल राष्ट्र बैंकको मार्गनिर्देशिकाको आधारमा गरिन्छ । अचल सम्पत्ति जस्ता गैर वित्तीय धितोको मूल्याङ्कन गर्दा स्वतन्त्र मूल्याङ्कनकर्ता र लेखापरीक्षण भएको वित्तीय विवरण जस्ता तेस्रो पक्षको विवरणको आधारमा गरिन्छ ।

कानुनी रूपमा repossess गरिएका धितो वा बैंकको नाममा आएको सम्पत्तिहरू

कानूनी रूपमा आफ्नो अधिनमा ल्याइएको धितोले भाखा नाघेको ऋणको राफसाफमा बैंकद्धारा प्राप्त गैर-वित्तीय सम्पत्तिको प्रतिनिधित्व गर्दछ । सम्पत्तिहरू अधिग्रहण गर्दा उचित मूल्यमा लेखाङ्कन गरिन्छ । अधिनमा ल्याइएको सम्पत्ति आन्तरिक संचालनका लागि प्रयोग गर्ने वा बिक्रि गर्नु उत्तम भएको बैंकले नीति निर्धारण गर्नु पर्छ ।

३.४.५ (ख) अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको वित्तीय सम्पत्तिको नोक्सानी

अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्तिको लागि बैंकले हरेक रिर्पोटिङ्ग मितिमा हानि नोक्सानी भए वा नभएको objective evidence आंकलन गर्दछ ।

बैंकले जसरी परिषोधित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्तिको हानि नोक्सानी आंकलन गर्दछ, त्यसरी नै debt उपकरणहरूको हकमा व्यक्तिगत रूपमा हानि नोक्सानी आंकलन गर्दछ । यद्धपि नोक्सानीको कूल रकम भने परिषोधित मूल्य र वर्तमान उचित मूल्य को फरक रकममा नाफा वा नोक्सान हिसाबमा पहिले समावेश गरिसकेको नोक्सानी व्यवसथा घटाएर निकालिन्छ । भविष्यमा हुने व्याज आम्दानी हानि नोक्सानी घटाइसकेपछिको वित्तीय सम्पत्तिको मूल्यमा आधारित हुन्छ र व्याज आर्जनको लागि त्यही दरको प्रयोग गरिन्छ जुन दरले हानि नोक्सानी रकम आंकलन गरिएको हुन्छ । यदि भविष्यमा debt उपकरणहरूको उचित मूल्य बढेमा र त्यस्तो वृद्धिको कारण हानि नोक्सानी व्यवस्था गरिसकेपछि credit event भएको ठहर भएमा हानि नोक्सानी व्यवस्थालाई नाफा वा नोक्सान हिसाबमाफर्त रिभर्स गरिन्छ ।

अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको इक्विटी उपकरणहरूको हकमा हानिको आधारभूत प्रमाणको रूपमा परल मूल्यभन्दा उचित मूल्य धेरैले वा दीर्घकालीन रूपले घटेको स्थितिलाई समेत लिइन्छ । यदि हानि भएको प्रमाण भेटेमा परल मूल्य र वर्तमान उचित मूल्य को फरक रकममा नाफा वा नोक्सान हिसाबमा पहिले समावेश गरिसकेको नोक्सानी व्यवस्था घटाएर आएको कुल नोक्सानलाई इक्विटीबाट हटाइ नाफा वा नोक्सान हिसाबमा देखाइन्छ । तर यदि भविष्यमा अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको impaired इक्विटी उपकरणहरूको उचित मूल्य बढेमा बढेको रकमलाई अन्य विस्तृत आम्दानीको विवरणमा समावेश गरिन्छ । अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको इक्विटी उपकरणहरू uncollectible हुने निश्चित भएमा बैंकले ती सम्पत्तिहरू अपलेखन गर्दछ ।

३.५ व्यापारिक सम्पत्ति

व्यापारिक सम्पत्ति मुलतः छोटो समयमा खरिद बिक्री गरी नाफा कमाउने उद्देश्य राखी गरिएको लगानी हुन्छ । व्यापारिक लगानीको मूल्यमा हुने आवधिक उतारचढावलाई नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ ।

३.६ व्यूत्पन्न (डेरिभेटिभ) सम्पत्ति र दायित्वहरू

जोखिम व्यवस्थापन उद्देश्यका लागि राखिएको व्युत्पन्नमा ती सबै व्युत्पन्न सम्पत्तिहरू र दायित्वहरू समावेश हुन्छन् जुन कारोबार सम्पत्ति वा दायित्वका रूपमा वर्गीकृत गरिएका हुन्नन् । जोखिम व्यवस्थापन उद्देश्यका लागि राखिएका व्युत्पन्नहरू वित्तीय स्थितिको विवरणमा उचित मूल्यमा मापन गरिन्छ ।

३.७ सम्पत्ति र उपकरण

पहिचान

सम्पत्ति, प्लान्ट र उपकरणहरू यस्ता मूर्त वस्तु हुन जुन उत्पादन र सेवा प्रदानमा, भाडामा दिन वा प्रशासनिक उद्देश्यका निम्ति प्रयोग हुन्छ र एक वर्ष भन्दा बढी अवधिको लागि प्रयोग गरिने आशा राखिन्छ । बैंकले NAS 16 को आधारमा यस्ता सम्पत्तिको लेखाङ्कन गर्दछ । सम्पत्ति, प्लान्ट र उपकरणहरू तब लेखाङ्कन गरिन्छ जब त्यस सम्पत्तिबाट हुने सम्भावित आर्थिक लाभ बैंकले प्राप्त गर्ने देखिन्छ र सम्पत्तिको परल मूल्यलाई यकिन गर्न सकिन्छ ।

मापन

लेखाङ्कन योग्य सम्पत्ति, प्लान्ट र उपकरणहरूलाई शुरूवातमा परल मूल्यको आधारमा मापन गरिन्छ । परल मूल्य रकममा सम्पत्ति प्राप्त गर्नको निम्ति भएको खर्च र सम्पत्तिमा थप वस्तु जोड्न वा बदल्न लाग्ने खर्च सामेल गरिन्छ । आफै बनाउने मालसामानको खर्च, कामदारहरूको ज्याला खर्च, अन्य कुनै प्रत्यक्ष खर्च जुन सम्पत्तिलाई चाहे अनुसार प्रयोग गर्न काम लाग्ने अवस्थामा ल्याउन लाग्दछ, ती खर्चहरू पनि सम्पत्तिको परल मूल्यमा जोडिन्छ । साथै यसमा सो सम्पत्तिलाई नष्ट गर्ने तथा हटाउने र थप सामान हटाएर सम्पत्ति भएको ठाउँलाई जस्ताको तस्तै बनाउन लाग्ने खर्च पनि जोडिन्छ । खरिद गरिएको सफ्टवेयर सम्वन्धित उपकरणको मुख्य अंग भएको खण्डमा त्यसलाई कम्प्युटर उपकरणमा पूँजीकृत गरिन्छ । यदि सम्पत्ति र उपकरणका विभिन्न सामान वा पूर्जाको उपयोगी अवधि भिन्न भए सो सामानलाई छुट्टै सम्पत्तिको रूपमा देखाइन्छ ।

लागत मोडल

सम्पत्ति, प्लान्ट र उपकरणहरू दिन प्रतिदिनको सेवा खर्च, संचित ह्रास कट्टी र संचित हानि नोक्सानी आदि लाई घटाएको लागतमा देखाइन्छ । उपकरणको कुनै भाग फेर्न लागेको खर्चले recognition criteria पुरा गरेको छ भने त्यस्ता खर्चहरू पनि सम्पत्ति, प्लान्ट र उपकरणहरूको मूल्यमा जोडिन्छ ।

पुनःमूल्याङ्कन मोडल

बैंकले कुनै वर्गको जग्गा र भवन वा अरू सम्पत्तिहरूलाई पुनःमूल्याङ्कन गरेको छैन । यस्ता सम्पत्तिहरू पहिले मान्यता प्राप्त GAAP अनुसार लेखाङ्कन गरिएको छ ।

सम्पत्तिको पुनःमूल्याङ्कन गर्दा भएको वृद्धिलाई "अन्य विस्तृत आम्दानी" मा अभिलेख गरी इक्विटी अन्तर्गत पूँजीगत जगेडा कोषमा प्रस्तुत गरिन्छ वा नाफा नोक्सान विवरणमा पहिले अभिलेख गरिएको नोक्सानलाई रिर्भस गर्न प्रयोग गरिन्छ । यो परिस्थितिमा वृद्धिलाई अघिल्लो अपलेखित हदसम्म आम्दानी मानिन्छ । किताबी मूल्यमा भएको कुनै पनि कमीलाई नाफा नोक्सान विवरणमा खर्चको रूपमा वा अन्य विस्तृत आम्दानीमा रहेको सोही सम्पत्तिको पुरानो वृद्धि हटाउन खर्च गरिन्छ ।

अन्य विस्तृत आम्दानीमा रहेको घटीले पूँजीगत जगेडा कोष मार्फत संचित इक्विटीलाई घटाउँछ । सम्पत्ति निसर्ग गर्दा बेचेको वेला पुनःमूल्याङ्कन कोषमा रहेको कुनै पनि रकमलाई संचित मुनाफा शिर्षकमा स्थानान्तरण गरिन्छ ।

पछिको (subsequent) लागत

सम्पत्ति, प्लान्ट र उपकरणहरूको भाग फेरिनु परेमा र भविष्यको आर्थिक लाभ आर्जन गर्न त्यो भाग मुख्य भएमा र त्यो भागको मूल्याङ्कन गर्न सकिएमा त्यसको लेखाङ्कन किताबी मूल्यमा subsequent लागत अन्तर्गत गरिन्छ । सम्पत्ति, प्लान्ट र उपकरणहरूको दिन प्रतिदिन लाग्ने खर्च उक्त खर्च भएको समयमा नै नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ ।

ह्रासकट्टी

स्थिर सम्पत्तिलाई Straight line विधिको आधारमा ह्रासकट्टी गरिन्छ । विभिन्न वर्गका सम्पत्तिमा निम्न दरहरूमा ह्रासकट्टी गर्ने गरिएको छ ।

सम्पत्तिको प्रकार	ह्रासकट्टी दर (आ.व. २०७९/८०)	ह्रासकट्टी दर (आ.व. २०७८/७९)
भवन	५० वर्ष	५० वर्ष
परिवहन साधन	१० वर्ष	१० वर्ष
कार्यालय उपकरण	७ वर्ष	७ वर्ष
काठको फर्निचर तथा फिक्स्चर	१० वर्ष	१० वर्ष
मेटलको फर्निचर तथा फिक्स्चर	७ वर्ष	७ वर्ष
प्लास्टिकको फर्निचर तथा फिक्स्चर	५ वर्ष	५ वर्ष
ब्याट्री	३ वर्ष	३ वर्ष
कम्प्युटर हार्डवेयर	७ वर्ष	७ वर्ष
Leasehold सम्पत्ति	पट्टाको अवधि	पट्टाको अवधि
साइन बोर्ड/म्याट्स तथा कार्पेट	२ वर्ष	२ वर्ष

अनुमानहरूमा परिवर्तन

सम्पत्तिहरूको ह्रासकट्टी विधी तथा ह्रासकट्टी दर प्रत्येक वर्ष पुनरावलोकन गरी जरूरी भएमा समायोजन गरिन्छ ।

पूँजीगत निर्माण

पूँजीकृत नभएका भवन निर्माण, प्लान्ट, मेशिनरी तथा प्रणालीहरूको विकास सम्बधी प्रत्यक्ष रूपमा भएका खर्चहरूलाई पूँजीगत निर्माणमा वर्गीकरण गरिन्छ । जब निर्माणाधिन सम्पत्तिहरू प्रयोग योग्य हुन्छन् (जब बैंकको व्यवस्थापनले चाहेको अनुसार ती सम्पत्तिहरूको संचालन गर्न सकिन्छ), तब पूँजीगत निर्माणमा वर्गीकरण गरिएका खर्चहरूलाई सम्वन्धित सम्पत्तिमा सारिन्छ । पूँजीगत निर्माणलाई लागत मूल्यमा कुनै हानि नोक्सानी भएमा सो घटाएर देखाइन्छ ।

सापटी खर्च (Borrowing Cost)

जुन सम्पत्तिहरूको अधिग्रहण, निर्माण वा उत्पादनमा उल्लेख्य समय लाग्दछ, ती सम्पत्तिहरूसँग सम्बन्धित सापटी खर्चलाई सम्पत्तिको लागतको हिस्साको रूपमा पूँजीकृत गरिन्छ । अन्य सबै सापटी खर्चलाई खर्च भएको आर्थिक वर्षमा लेखाङ्कन गरिन्छ । बैंकले सापटी लिएको रकममा तिर्नु पर्ने व्याज र अन्य खर्चहरू सापटी खर्चमा पर्दछन ।

अपलेखाङ्कन (Derecognition)

जब सम्पत्ति, प्लान्ट र उपकरणको विक्रि गरिन्छ वा त्यस सम्पत्तिबाट भविष्यमा कुनै आर्थिक लाभको अपेक्षा रहदैन ततपश्चात् त्यस सम्पत्तिको किताबी मूल्यलाई अपलेखाङ्कन गरिन्छ । विक्रिबाट सिर्जना भएको नाफा वा नोक्सानलाई विक्रि भएको आर्थिक वर्षको नाफा नोक्सान विवरणमा देखाइन्छ । जब सम्पत्ति, प्लान्ट र उपकरणको किताबी मूल्यमा प्रतिस्थापित लागत लेखाङ्कन गरिन्छ तब प्रतिस्थापित भएको सम्पत्तिको बाँकी रहेको किताबी मूल्यलाई अपलेखाङ्कन गरिन्छ । मुख्य निरिक्षण खर्चहरूलाई पनि पूँजीकृत गरिन्छ । मुख्य निरिक्षण खर्चहरूको प्रत्येक नयाँ पूँजीकरणको समयमा पछिल्लो निरिक्षण खर्चको बाँकी रहेको किताबी मूल्यलाई अपलेखाङ्कन गरिन्छ ।

३.८ ख्याति र अमुर्त सम्पत्तिहरू

लेखाङ्कन

अमूर्त सम्पत्ति एउटा पहिचान योग्य गैर मौद्रिक सम्पत्ति हो जसको कुनै भौतिक उपस्थिति हुँदैन र त्यस सम्पत्तिलाई उत्पादन गर्नका निमित्त, सेवा प्रदान गर्नका निमित्त, कसैलाई भाँडामा दिन वा प्रशासनिक कामको लागि प्रयोग गरिन्छ । अमूर्त सम्पत्तिको लेखाङ्कन त्यस बखत गरिन्छ जब भविष्यमा त्यस सम्पत्तिबाट आर्थिक लाभ प्राप्त हुन सक्दछ र सम्पत्तिको परल मूल्यलाई विश्वसनीय ढङ्गले मूल्याङ्कन गर्न सकिन्छ । शुरूमा अमूर्त सम्पत्तिलाई लागतको आधारमा लेखाङ्कन गरिन्छ । अमूर्त सम्पत्तिसँग सम्बन्धित खर्च जुन अगाडिकै वार्षिक वित्तीय विवरण वा अन्तरिम वित्तीय विवरणमा खर्च भनी लेखाङ्कन गरिएको छ, पछिको समयमा त्यस्ता खर्चहरूलाई अमूर्त सम्पत्तिको रूपमा पूँजीकरण गरिदैन ।

कम्प्युटर सफ्टवेयर तथा लाइसेन्स

कम्प्युटरसँग सम्बन्धित सबै सफ्टवेयर तथा लाइसेन्सहरूको खर्च जुन कुनै कम्प्युटर हार्डवेयरको अभिन्न भाग छैन र जसलाई छट्याएर नाप्न सकिन्छ र भविष्यमा त्यस सफ्टवेयर तथा लाइसेन्सहरूबाट आर्थिक लाभ भित्रिने सम्भावना छ, ती खर्चहरूलाई वित्तीय अवस्थाको विवरणमा अमुर्त सम्पत्तिको रूपमा वर्गीकरण गरी अपलेखन र हानि नोक्सानी घटाएर देखाइन्छ ।

Subsequent लागत

सफ्टवेयर सम्बधी subsequent खर्चहरूलाई तब मात्र पूँजीकृत गरिन्छ जब त्यस खर्चको कारण भविष्यमा सफ्टवेयरबाट भित्रिने आर्थिक लाभको सम्भावना पहिले आंकलन गरेको आर्थिक लाभभन्दा बढी हुन्छ र त्यस खर्चको परल मूल्यलाई विश्वसनीय ढङ्गले मूल्याङ्कन गर्न सकिन्छ । अन्य सबै खर्चहरूलाई खर्च गरेको आर्थिक वर्षमा खर्चको रूपमा देखाइन्छ ।

ख्यातीलाई लागत मूल्यमा संचित हानि नोक्सानी घटाई मूल्याङ्कन गरिन्छ ।

अमूर्त सम्पत्तिको अपलेखन

प्रयोगको निम्ति उपलब्ध भएपछि ख्याति बाहेकका अमूर्त सम्पत्तिलाई straight–line basis मा नाफा नोक्सान विवरण मार्फत परिषोधन गरिन्छ । परिषोधन नीति, उपयोग समय र ती सम्पत्तिको residual मूल्य प्रत्येक वर्ष पुनरावलोकन गरी आवश्यक भएमा उपयुक्त समायोजन गरिन्छ । बैंकले अमूर्त सम्पत्तिको residual मूल्य नरहने भनेर मान्दछ ।

सम्पत्तिको वर्गीकरण	२०७९/८०	२०७८/७९
सफ्टवेयर	७ वर्ष वा उपयोगी आयु मध्य जुन कम हुन्छ	७ वर्ष वा उपयोगी आयु मध्य जुन कम हुन्छ

अमूर्त सम्पत्तिको अपलेखाङ्कन (de-recognition)

जब अमूर्त सम्पत्तिको विक्रि गरिन्छ वा कुनै पनि आर्थिक लाभको अपेक्षा रहदैन तव ती अमूर्त सम्पत्तिहरू अपलेखाङ्कन गरिन्छ । अपलेखाङ्कनको समयमा सिर्जना हुने नाफा वा घाटालाई नाफा नोक्सान विवरणमा देखाइन्छ ।

३.९. लगानी सम्पत्ति

त्यस्ता सम्पत्ति (भवन वा भवनको भाग वा दुबै) जुन भाँडाबाट कमाई गर्न वा पूँजी वृद्धि गर्न वा दुबैको लागि राखिन्छ, ती सम्पत्तिहरूलाई लगानी सम्पत्ति भनीन्छ ।

मापन

लगानी सम्पत्तिलाई लागत मोडलमा मापन गरिन्छ । सो अनुसार सम्पत्तिको लेखाङ्कन पश्चात् सम्पत्तिलाई हानि नोक्सानी घटाई लागत मूल्यमा प्रस्तुत गरिन्छ । यदि कुनै सम्पत्तिको प्रयोगमा परिवर्तन भएको कारणले त्यो सम्पत्तिलाई सम्पत्तिमा लगानी भनी पुनःवर्गीकरण गरिन्छ भने त्यस सम्पत्तिको पुनःवर्गीकरण गरिएको दिनको उचित मूल्यलाई त्यस सम्पत्तिको लागत मूल्य मानि लेखाङ्कन गरिन्छ ।

लगानी सम्पत्तिको अपलेखाङ्कन (de-recognition)

लगानी सम्पत्तिहरू यदि दीर्घकालिन रूपमा प्रयोगबाट हटाइएको वा विक्रि गरिएको र भविष्यमा कुनै आर्थिक लाभको अपेक्षा नरहेमा ती सम्पत्तिमा लगानीहरूलाई अपलेखाङ्कन गरिन्छ । प्रयोगमा परिवर्तन आएको खण्डमा मात्र लगानी सम्पत्तिमा/बाट कुनै सम्पत्तिलाई सारिन्छ । यदि कुनै सम्पत्तिको प्रयोगमा परिवर्तन भई त्यस सम्पत्तिलाई सम्पत्ति र उपकरणको रूपमा वर्गीकरण गरिएमा त्यस सम्पत्तिको पुनःवर्गीकरण गरिएको दिनको उचित मूल्यलाई त्यस सम्पत्तिको लागत मूल्य मानि लेखाङ्कन गरिन्छ ।

३.१० आयकर

NAS-12 बमोजिम आयकर खर्च भनेको नाफा र नोक्सान निर्धारणको निम्ति जोडिएर आएको चालु र स्थगन कर हो । सिधै इक्विटीमा पहिचान हुने र अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिने आम्दानी बाहेक आयकर खर्चलाई नाफा नोक्सान विवरणमा देखाइन्छ । व्यवस्थापनले आवद्यिक रूपमा कर विवरणको मूल्याङ्कन गरी उपयुक्त कर ऐनको विश्लेषण गर्छ । कर निकायलाई तिर्नुपर्ने करको अपेक्षाको आधारमा बैंकले उचित कर व्यवस्था लेखाङ्कन गर्दछ ।

चालु कर

चालु कर सम्पत्ति र दायित्वमा यस वर्षको करको दर र लागु भइसकेका कर नियम प्रयोग गरी आन्तरिक राजश्व कार्यालयबाट पाउने वा तिर्नु पर्ने र त्यसमा अघिल्लो वर्षको समायोजन गरी निकालिएको रकम पर्दछ ।

स्थगन कर

वित्तीय अवस्थाको विवरणमा गणना गरिएको रकम तथा आयकर ऐनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) का रूपमा लेखाङ्कन गरी प्रत्येक वर्ष यस्तो सम्पत्ति (वा दायित्वमा) हुने परिवर्तनलाई नाफा नोक्सान वा अन्य विस्तृत आम्दानीको विवरणमा स्थगन कर आय (वा स्थगन कर खर्च) को लेखाङ्कन गरिन्छ । स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रूपमा पहिचान गरिँदैन ।

३.११ निक्षेप, धितोपत्र तथा अन्य सहायक दायित्वहरू

निक्षेप, धितोपत्र तथा सहायक दायित्वहरू बैंकको कोषका स्रोतहरू हुन् । निक्षेप अन्तर्गत व्याज तिर्नु नपर्ने निक्षेप (non-interest bearing deposits), बचत निक्षेप, मुद्धति निक्षेप, कल निक्षेप तथा मार्जिन निक्षेप पर्दछन् । भुक्तानी मिति नभएका निक्षेपहरूको अनुमानित उचित मूल्य भनेको मागेको बखत तिनुपर्ने रकम हो । निश्चित व्याज तिनुपर्ने निक्षेपको उचित मूल्य भनेको तिनुपर्ने व्याज सहित उक्त निक्षेपको किताबी मूल्य हो । जारी गरेको ऋणपत्रको उचित मूल्य उक्त ऋणपत्रको किताबी मूल्य हुन्छ । सुरक्षण नराखिएको सहायक दायित्व winding up को बखत निक्षेपकर्ताहरू, ऋणपत्र धारक र creditors को दाबीपछिको भुक्तानी हुने दायित्व हुन् ।

३.१२ व्यवस्थाहरू

विगतमा भएका घटनाहरूको कारण बैंकको वर्तमान कानुनी तथा निर्मित दायित्व जसको सजिलै अनुमान लगाउन सकिन्छ र दायित्व राफसाफ गर्न आर्थिक लाभ वाहिरिन्छ भन्ने सम्भावना हुन्छ भने ती दायित्वहरूका निम्ति व्यवस्था लेखाङ्कन गरिन्छ । यसरी लेखाङ्कन गरिएको रकम रिपोर्टिक मितिमा वर्तमान दायित्वसँग सम्बन्धित जोखिम र अनिश्चिततालाई मध्यनजर राखि राफसाफ गर्न आवश्यक पर्ने रकमको सबैभन्दा उत्तम अनुमान हो । अनुमानित नगद प्रवाहको आधारमा वर्तमान दायित्व राफसाफ गर्न व्यवस्थाको मापन गरिन्छ भने उक्त नगद प्रवाहको वर्तमान मूल्यको आधारमा नै किताबी मूल्य निर्धारण गरिन्छ । Onerous सम्झौताको व्यवस्थाको लेखाङ्कन त्यस बखत गरिन्छ जब बैंकले सम्झौताबाट प्राप्त गर्ने आर्थिक लाभभन्दा सम्झौता पालन गर्न लाग्ने रोक्न नसकिने खर्च बढी हुन्छ । सम्झौताको अन्त्य गर्न लाग्ने अनुमानित लागतको वर्तमान मूल्य र सम्झौता अनुसार चली रहँदा लाग्ने अनुमानित खुद लागतको वर्तमान मूल्य मध्य जुन कम हुन्छ त्यही अनुरूप व्यवस्थाको मापन गरिन्छ । भविष्यमा हुने संचालन नोक्सानीको भने व्यवस्था गरिदैन ।

व्यवस्था स्थापित गर्नु भन्दा अगाडी कुनै सम्झौतासँग सम्बन्धित सम्पत्तिमा हानि नोक्सानी छ वा छैन भनी पहिचान गरिन्छ । व्यवस्था सम्बधी खर्चलाई फिर्ता पाउने रकम घटाई नाफा नोक्सान विवरणमा देखाइन्छ ।

३.१३ आम्दानीको लेखाङ्कन

आम्दानीको पहिचान

आर्थिक लाभ बैंकलाई प्राप्त हुने सम्भव भएसम्म र आम्दानीको विश्वसनीय मापन गर्न सकेसम्म आम्दानीको लेखाङ्कन गर्ने गरिन्छ । निम्न बमोजिमका लेखाङ्कन मापदण्डहरू पूर्ति पश्चात् आम्दानीको लेखाङ्कन गर्न सकिन्छ ।

व्याज आम्दानी

परिषोधित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्ति, अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकृत व्याज भएको वित्तीय सम्पत्ति र नाफा नोक्सान विवरणमार्फत उचित मूल्यमा निर्दिष्ट वित्तीय सम्पत्तिहरूमा प्रभावकारी व्याज दरको करिबी दर अनुसार व्याज आम्दानी लेखाङ्कन गरिन्छ । प्रभावकारी व्याज दर विधिको यथार्थ गणना गर्न लाग्ने खर्च उक्त विधिको पालना गर्दा हुने फाइदाभन्दा बढी हुने बैंकको अनुमान छ । प्रभावकारी व्याज दर भनेको त्यस्तो दर हो जसले अनुमानित भविष्यको नगद प्राप्ती वा भुक्तानीलाई वित्तीय उपकरणको अनुमानित समयावधि वा उपयुक्त अवस्थामा सोभन्दा कम समयावधिको आधारमा वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको खुद किताबी मूल्यलाई discount गर्दछ ।

जब लिनुपर्ने रकममा हानि (impairment) हुन्छ, बैंकले त्यसको किताबि मूल्यलाई प्राप्त योग्य रकमसम्म घटाउँछ जसको निम्ति भविष्यको नगद प्रवाहलाई मौलिक प्रभावकारी व्याज दरले discount गरिन्छ । नोक्सानी भएको कर्जाको व्याज आम्दानीलाई प्रभावकारी व्याज दरको करिबी दर अनुसार लेखाङ्कन गरिन्छ ।

बैंकले कर्जा सापटीमा भएको व्याज आम्दानी व्याज आम्दानी लेखाङ्कन निर्देशिका, २०१९ अनुसार लेखाङ्कन गरेको छ । यस बमोजिम बैंकले आ.व. २०७९/८० सम्ममा रू १०९,८६४,०९७/- लाई व्याज रकमका लेखाङ्कन गरेको छैन । त्यसैगरि बैंकले आ.व. २०७९/८० मा पाकेको तर असुलउपर नभएको व्याज रकम मध्ये श्रावण १५ गते सम्ममा रू. ३०१,१७८,१२९/- असुली गरेको छ ।

शुल्क तथा कमिशन आम्दानी

शुल्कमा सेवा अवधि भर कमाएको सेवा शुल्क, कमिशन शुल्क जस्ता शुल्कहरू पर्दछन् । कर्जा सिण्डिकेट शुल्क सिण्डिकेट पुरा भए पछि आम्दानीको रूपमा लेखाङ्कन गरिन्छ । पोर्टफोलियो तथा अन्य व्यवस्थापन परामर्श शुल्क र सेवा प्रदान शुल्कहरू सम्झौता बमोजिम प्रायः समय विभाजन आधारमा लेखाङ्कन गरिन्छ ।

लाभांश आम्दानी

जब लाभांश प्राप्त हुन्छ तब इक्विटी उपकरणको लाभांश आम्दानीलाई नाफा नोक्सान विवरणको अन्य आम्दानी अन्तर्गत लेखाङ्कन गरिन्छ ।

खुद व्यापारिक आम्दानी

खुद व्यापारिक आम्दानी अन्तर्गत व्यापारिक सम्पत्ति तथा दायित्व सम्बन्धी आम्दानी र खर्चहरू पर्दछन् । साथै यसमा व्यापारिक सम्पत्ति तथा दायित्वको उचित मूल्यमा आएको परिवर्तन, प्राप्त व्याज, लाभांश र विदेशी विनिमयको फरकहरू पनि पर्दछन् ।

FVTPL मा वर्गिकृत अन्य वित्तीय उपकरणबाट भएको खुद आम्दानी

इक्विटी शेयर र सामुहिक लगानी कोष जस्ता व्यापारिक सम्पत्तिलाई FVTPL मा लेखाङ्कन गरिन्छ । अन्य कुनै वित्तीय उपकरणहरूलाई FVTPL मा निर्दिष्ट गरिएको छैन ।

३.१४ व्याज खर्च

परिषोधित मूल्यमा मापन गरिएका सम्पूर्ण वित्तीय दायित्वहरूको निम्ति प्रभावकारी व्याज दरको करिबी दर प्रयोग गरी

व्याज खर्च लेखाङ्कन गरिन्छ । प्रभावकारी व्याज दर भनेको त्यस्तो दर हो जसले अनुमानित भविष्यको नगद प्राप्ती वा भुक्तानीलाई वित्तीय उपकरणको अनुमानित समयावधि वा उपयुक्त अवस्थामा सोभन्दा कम समयावधिको आधारमा वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको खुद किताबी मूल्यलाई discount गर्दछ ।

३.१५ कर्मचारी सुविधा

कर्मचारी सुविधा अन्तर्गत :

क) अल्पकालिन कर्मचारी सुविधा

अल्पकालिन कर्मचारी सुविधा यस्तो सुविधा हो जुन वार्षिक रिपोर्टिङ्ग समयको समाप्ति पछि १२ महिना अघि पूर्णतय राफसाफ हुने अपेक्षा गरिएको हुन्छ । यसमा निम्न सुविधाहरू समावेश छन :

- ज्याला, तलव र सामाजिक सुरक्षा योगदान
- सःशुल्क वार्षिक विदा र सःशुल्क विरामी विदा
- नाफा साझेदारी र वोनस
- वहालवाला कर्मचारीहरूलाई गैर मौद्रिक सुविधाहरू (जस्तैः औषधी सेवा, घर, गाडी र सित्तै वा सहुलियतमा सामान तथा सेवा)

छोटो अवधिको कर्मचारी लाभलाई discount नगरि मापन गरिन्छ र सेवा प्रदान गरेको बखत नै खर्च जनाइन्छ । छोटो अवधिको नगद वोनस र नाफा बाँडफाँड योजना बमोजिम भुक्तानी गर्नु पर्ने रकमको हकमा यदि कर्मचारीको पूर्व अवधिको सेवाको कारण बैंकको वर्तमान कानुनी तथा निर्मित दायित्व भएमा र उक्त दायित्व भरपर्दो तरिकाले मापन गर्न सकेमा सो बराबरको रकमलाई दायित्वको रूपमा लेखाङ्कन गरिन्छ ।

ख) रोजगार पछिको सुविधा जस्तै :

- अवकास लाभ (पेन्सन, अवकाश हुँदा एकमुष्ठ भुक्तानी)
- अन्य रोजगार पछिको लाभ जस्तै रोजगार पछिको जिवन विमा, रोजगार पछिको औषधोपचार सेवा

ग) अन्य दीर्घकालिन कर्मचारी सुविधा

घ) Termination सुविधा

३.१५.१ रोजगार पछिको सुविधा

परिभाषित योगदान योजना

NAS 19 (कर्मचारी सुविधा अनुसार परिभाषित योगदान योजना रोजगार पछि प्राप्त हुने लाभ योजना हो जसमा बैंकले निश्चित रकम छुट्टै बैंक खाता/कोषमा योगदान गर्दछ र यदि कर्मचारीहरूको वर्तमान तथा पूर्व सेवावापतको सम्पूर्ण कर्मचारी लाभ भुक्तानी गर्न यथेष्ट सम्पत्ति नभएको खण्डमा कुनै कानुनी र निर्मित दायित्व आउँदैन ।

परिभाषित योगदान योजनामा कर्मचारीले बैंकलाई दिएको सेवाको अनुपातमा रोजगारदाताले तिर्नु पर्ने योगदानलाई कर्मचारी खर्च भनेर due भएको दिन खर्चमा लेखाङ्कन गरिन्छ । तिर्न बाँकी योगदानलाई दायित्वको रूपमा अन्य दायित्वमा देखाइन्छ ।

बैंकले कर्मचारी संचय कोषमा प्रत्येक कर्मचारीको तलवको १० प्रतिशत जम्मा गरेको छ । माथि उल्लेखित खर्चहरू NAS 19 बमोजिम परिभाषित योगदान योजना अन्तरगत योगदान गरिएको भनेर पहिचान गरिएको छ ।

परिभाषित लाभ योजना

परिभाषित लाभ योजना भनेको परिभाषित योगदान योजना बाहेकका अन्य रोजगार पछिको सेवा सुविधा हो । यसर्थ NAS 19 बमोजिम कर्मचारी उपदानलाई परिभाषित लाभ योजना मानिएको छ ।

उपदान

श्रम ऐन, २०७४ अनुसार स्थायी रूपमा बैंकमा नियुक्त भएका कर्मचारीहरूको सेवा अवधिको आधारमा उपदानको निम्ति व्यवस्था गरिन्छ । उपदान अन्तर्गत पुरा दायित्वको हिसाब निर्धारण गर्न प्रत्येक वर्ष विमाङ्किक मूल्याङ्कन गरिन्छ ।

बैंकको परिभाषित लाभ दायित्व गणना गर्नको निम्ति कर्मचारीले वर्तमान तथा पुर्व अवधिको सेवाबाट आर्जन हुने भविष्यको लाभ रकमलाई discount गरी वर्तमान मूल्य निर्धारण गरिन्छ र त्यसमा योजना सम्पत्तिको उचित भेल्यु घटाएर खुद रकम वित्तीय अवस्थाको विवरणमा देखाइन्छ । योजना सम्पत्तिको मूल्य आर्थिक लाभको आजको मूल्य योजनाबाट रिफण्डको रूपमा प्राप्त हुने अथवा भविष्यको योजना योगदानबाट घट्ने रकममा सिमित हुन्छ । आर्थिक लाभको आजको मूल्य निर्धारण गर्न बैंकको कुनै योजनामा लागु हुने न्युनतम लगानी आवश्यकतालाई विचार गरिन्छ । योजना दायित्वको राफसाफ गर्दा वा योजनाको समयावधिमा लाभ प्राप्त भएमा बैंकललाई आर्थिक लाभ उपलब्ध हुन्छ ।

वार्षिक अवधिको शुरूवातमा हिसाब गरिने परिभाषित लाभ दायित्वको discount दर लागु गरी बैंकले निर्धारित लाभ दायित्वको व्याज खर्चको निर्धारण गर्छ । सरकारी ऋणपत्र जसको अवधि परिभाषित लाभ योजनाको अवधि समान हुन्छ त्यसको औसत yield लाई आधार मानेर discount दरको निर्धारण गरिन्छ ।

कर्मचारीले सेवा दिए वापत उपदान दायित्वको वृद्धिलाई नाफा नोक्सान विवरणको कर्मचारी खर्च अन्तर्गत खुद व्याज खर्चका साथ देखाइएको छ । बैंकको दायित्वको हिसाब गर्दा उपदानमा आउने कुल विमाङ्किक नाफा नोक्सानलाई अन्य विस्तृत आम्दानीमा देखाइएको छ ।

मूल्याङ्कन गर्दा demographic assumptions स्वरूप सेवा निवृत्ति उमेर (६० वर्ष), सेवाबाट पूर्व अवधि अवकाष र स्वस्थको कारण अवकाष जस्ता निवृत्तिहरू लिइएका छन् ।

३.१५.२ अन्य दीर्घकालिन कर्मचारी सुविधा

अल्पकालिन कर्मचारी सुविधा, रोजगार पछिको लाभ र terminal लाभ बाहेकका लाभहरू अन्य दीर्घकालिन कर्मचारी सुविधा अन्तर्गत पर्दछन् । NAS 19 अनुरूप अनुपयोग संचित विदा वापतको खर्च अन्य दीर्घकालिन कर्मचारी सुविधा अन्तर्गत पर्दछ ।

अनुपयोग संचित विदा

रिपोर्टिङ्ग अवधिबाट १ वर्ष पछि प्रयोग हुने अपेक्षा रहेको संचित विदालाई अन्य दीर्घकालिन कर्मचारी सुविधा भनेर देखाइन्छ । कर्मचारीले वर्तमान तथा पुर्व अवधिको सेवाबाट आर्जन हुने भविष्यको लाभ रकमलाई discount गरी बैंकको अनुपयोग संचित विदा प्रतिको खुद दायित्व निर्धारण गरिन्छ । यसको हिसाब अनुमानित युनिट क्रेडिट विधीबाट गरिन्छ । अनुपयोग संचित विदा दायित्वमा भएको खुद फरक र विमाङ्किक नाफा नोक्सानलाई नाफा नोक्सान विवरणमा कर्मचारी खर्च अन्तर्गत जुन अवधिमा सिर्जना हुन्छ सोही अवधीमा देखाइन्छ ।

३.१६ वित्तीय तथा संचालन पट्टा

कुनै व्यवस्था पट्टा हो वा पट्टा धारण गर्छ भनी निर्धारण गर्ने आधार उक्त व्यवस्थाको विशेषतामा हुन्छ र सो व्यवस्था पूर्ति गर्न कुनै विशेष सम्पत्तिको प्रयोग अथवा उक्त व्यवस्थाले सम्पत्तिको प्रयोग गर्ने अधिकार स्थापित गर्छ कि गर्दैन भनेर आंकलन गरिन्छ ।

३.१६.१ वित्तीय पट्टा

कानुनी नामसारी आवश्यक नभई counterparty लाई पर्याप्त/सम्पूर्ण रूपमा जोखिम तथा प्रतिफल स्थानान्तरण हुने गरी गरिएको पट्टालाई वित्तीय पट्टा भनिन्छ । वित्तीय पट्टा अन्तर्गत बैंक lessor भएको खण्डमा पट्टाको बाँकी रकम (नकमाएको व्याज आम्दानी घटाए पछि) लाई कर्जा तथा ग्राहकबाट प्राप्त गर्नु पर्ने भनेर देखाइन्छ । व्याज आम्दानीलाई पट्टाको अवधिभर खुद लगानीमा समान प्रतिफल प्राप्त हुने गरी हरेक आर्थिक वर्षमा लेखाङ्कन गरिन्छ ।

वित्तीय पट्टा अन्तरगत बैक lessee भएको खण्डमा पट्टा सम्पत्तिको पूँजीकरण गरिन्छ र सम्पत्ति तथा उपकरणहरूमा समावेश गरिन्छ र lessor को समानन्तर दायित्वलाई अन्य दायित्वमा देखाइन्छ । वित्तीय पट्टा र त्यसको समानन्तर दायित्वलाई शुरूमा सम्पत्तिको उचित मूल्य अथवा न्युनतम पट्टा खर्चको आजको मूल्य जुन कम हुन्छ सोहीमा देखाइन्छ ।

३.१६.२ संचालन पट्टा

वित्तीय पट्टा बाहेक अन्य पट्टालाई संचालन पट्टा भनिन्छ । बैंक lessor भएको खण्डमा सम्पूर्ण संचालन पट्टा अन्तर्गत सम्पत्तिलाई सम्पत्ति तथा उपकरणमा राखिन्छ र सोही अनुसार लेखाङ्कन गरिन्छ ।

आ.व. २०७८/७९ बाट बैंकले NFRS 16 बमोजिम modified retrospective approach को प्रयोग गरी संचालन पट्टाको लेखाङ्कन गरेको छ । बैंकले संचालन पट्टा लेखाङ्कनको लागि incremental borrowing rate ७.५% निर्धारण गरेको छ ।

३.१७ विदेशी मुद्रा कारोबार, अनुवाद तथा मौज्दात

वित्तीय विवरणहरू नेपाली रूपैयाँमा उल्लेख गरिन्छ । विदेशी मुद्रामा भएका कारोबारहरू प्रारम्भिक रूपमा कारोबार भएको मितिमा प्रचलित सटही दरमा कार्यात्मक मुद्रामा लेखाङ्कन गरिन्छ । विदेशी मुद्रामा लेखाङ्कन गरिएका मौद्रिक सम्पत्ति र दायित्वहरू वित्तीय अवस्थाको विवरण तयार गरिने मितिको कार्यात्मक मुद्रा सटही दरमा पुनर्रूपान्तरण गरिन्छ । यस्तो लेनदेनको बन्दोबस्तको परिणामस्वरूप विदेशी विनिमय लाभ र नोक्सान, र विदेशी मुद्रामा मूल्यहीन मौद्रिक सम्पत्ति र दायित्वहरूको वर्षको अन्त्यमा विनिमय दरबाट नाफा वा नोक्सानमा पहिचान र लेखाङ्कन गरिन्छ । गैरमौद्रिक सम्पत्ति र दायित्वहरू ऐतिहासिक मूल्यमा राखिएको छ भने ऐतिहासिक सटही दर अनुसार राखिन्छ वा उचित मूल्यमा राखिएको छ भने वर्ष अन्त्यको सटही दरमा राखिन्छ र त्यसबाट प्राप्त हुने सटही लाभ वा नोक्सानलाई कि त नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ वा सम्पत्ति वा दायित्वमा भएको लाभ वा हानिको आधारमा अन्य विस्तृत आम्दानीमा राखिन्छ ।

३.१८ वित्तीय जमानत तथा कर्जा प्रतिवद्धता

वित्तीय जमानत भनेको निर्दिष्ट ऋणी कर्जा उपकरणको सर्तहरू बमोजिम भुक्तानी गर्न असफल हुँदा बैंकले राख्नेलाई क्षतिपूर्ति दिन निश्चित भुक्तानी दिन आवश्यक पर्ने एक सम्झौता हो । कर्जा प्रतिबद्धताहरू भनेका पूर्वनिर्धारित शर्त बमोजिम कर्जा दिनुपर्ने थिर प्रतिबद्धता हो । कर्जा प्रतिबद्धता भनेको त्यस्तो प्रतिबद्धता हो जहाँ बैंकले ग्राहकलाई कर्जा दिने उद्देश्य निश्चित गरेको हुन्छ वा ग्राहकको तर्फबाट बैंकले कर्जा, ओभरड्राफ्ट, भविष्यको जमानत दिन प्रतिबद्धता जनाएको हुन्छ तर रिपोर्टिङ मितिमा बैंकले भुक्तानी दिएको हुन्न, त्यस्ता उपकरणहरू वित्तीय विवरणमा प्रतिबद्धताको रूपमा उल्लेख गरिन्छ ।

३.१९ शेयर पूँजी र जगेडा कोष

शेयर पूँजी र जगेडाकोषहरू भिन्न वर्गका इक्विटी claims हुन् । इक्विटी claim भनेको बैंकको सम्पत्तिहरूमा सम्पूर्ण दायित्वहरू घटाएर बाँकी रहेको स्वार्थमा claim हो । अवधिभरमा इक्विटीमा भएको परिवर्तन अन्तर्गत वित्तीय विवरणमा लेखाङ्कन गरिएका आम्दानी र खर्च साथै इक्विटी होल्डरको योगदानमा इक्विटी होल्डरलाई वाँडिएको रकम घटाई बाँकी भएको रकम पर्दछ ।

३.२० प्रति शेयर आम्दानी

बैंकले आफ्नो साधारण शेयरको लागि आधारभूत र Diluted प्रति सेयर आम्दानी (EPS) तथ्यांकलाई प्रस्तुत गर्छ । आधारभूत EPS साधारण शेयरधनीहरूको लागि हुने नाफा अथवा नोक्सानलाई सो अवधिको अन्त्यमा रहेका भारित औसत शेयरधनीको संख्याले विभाजन गरी गणना गरिन्छ । Diluted EPS साधारण शेयरधनीहरूका लागि रहेको नाफा वा नोक्सान र भारित औसत शेयरधनीको संख्यामा Dilutive सम्भावित साधारण शेयरलाई समायोजन गरी निर्धारण गरिन्छ ।

३.२१ सेग्मेन्ट रिपोर्टिङ्ग

संचालन सेग्मेन्ट भन्नाले बैंकको त्यस्तो ईकाईलाई बुझिन्छ :

- जसले व्यवसायिक गतिविधीमा सहभागि भई आम्दानी कमाउछ र खर्च गर्छ (बैंकको अन्य ईकाइ हरूसँगको कारोवारहरू सम्बधी आम्दानी तथा खर्च समेत)
- जसको संचालन परिणाम नियमित रूपमा बैंकको प्रमुख संचालन निर्णयकर्ताले समीक्षा गर्छ र ईकाईहरूलाई श्रोत साधनहरूको बिभाजन गर्ने निर्णय लिन्छ तथा ईकाईहरूको कार्यको समीक्षा गर्दछ ।
- जसको विस्तृत वित्तीय सूचना उपलब्ध छ ।

संस्थाको सबै क्षेत्र संचालन ईकाई वा संचालन ईकाइको भाग हुन्छ भन्ने जरूरी हुँदैन । उदाहरणको निम्ति मुख्य कार्यालय वा अन्य विभागहरू जसले आय आर्जन गर्दैन वा आय आर्जन गरे तापनि निकायको गतिविधिसँग incidental मात्र हुन्छ भने सो संचालन ईकाई नहुन सक्दछ । NFRS प्रयोजनको लागि संस्थाको रोजगार पछिको लाभ योजनाहरू संचालन ईकाई होइनन् ।

बैंकले कार्यकारी समिति (Executive committee) लाई व्यापार संचालन सम्बधी निर्णय लिने र स्रोत परिचालनमा मद्दत गर्ने आधारमा महत्वपूर्ण सेग्मेन्ट्सहरूको पहिचान गरेको छ । यस बमोजिम पहिचान गरिएको सेग्मेन्टसहरू बैंकिङ्ग (कर्जा, निक्षेप र ट्रेड अपरेशन समेत), भुक्तानी समाधान (कार्ड्स), विप्रेषण र ट्रेजरी हुन । ट्रेजरी विभागले बैंकको कोष व्यवस्थापकको रूपमा कार्य गर्दछ ।

३.२२ कर्मचारी बोनस

वोनस तथा कर अघिको नाफाको १० प्रतिशतको दरले कर्मचारी वोनस गणना गरिएको छ ।

३.२३ साधारण शेयरमा लाभांश

साधारण सभाबाट पारित भएपछि मात्र साधारण शेयरमा दिइएको लाभांशलाई दायित्व लेखाङ्कन गरिन्छ र इक्विटीबाट घटाइन्छ । अन्तरिम लाभांश घोषणा पछि बैंकको अधिकारमा नरहे पश्चात् इक्विटीबाट घटाइन्छ । रिपोर्टिङ्ग मिति पछि पारित यस वर्षको लाभांशलाई रिपोर्टिङ्ग मिति पश्चात्को घटना भनेर देखाइन्छ ।

३.२४ नगद प्रवाह विवरण

नगद प्रवाह विवरण संचालन गतिविधि, वित्त गतिविधि तथा लगानी गतिविधिहरूको कुल नगद प्राप्ति र कुल नगद भुक्तानीको आधारमा तयार गरिएको छ ।

३.२५ तुलनात्मक रकम

यस वर्षको वित्तीय विवरणमा आवश्यकता अनुसार तुलनात्मक रकमहरू पुनःवर्गीकरण गरिएका छन् ।

अनुसूची ४.१

नगद तथा नगद समान				
विवरण	समूह		बैंक	
	यस वर्ष	गत वर्ष	यस वर्ष	गत वर्ष
नगद मौज्दात	३,७९७,७११,२१४	४,२२९,०५१,५६६	३,७९७,७११,२१४	४,२२९,०५०,७०३
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	७,७७३,६०२,७२१	३,२०६,८०७,०९५	७,७५६,३६९,२६५	३,१९९,३५२,७०४
माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	-	५००,५८५,६१६	-	५००,५८५,६१६
अन्य	-	-	-	-
जम्मा नगद तथा नगद समान	**११,५७१,३१३,९३५**	**७,९३६,४४४,२७८**	**११,५५४,०८०,४७९**	**७,९२८,९८९,०२४**

अनुसूची ४.२

नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनु पर्ने				
विवरण	समूह		बैंक	
	यस वर्ष	गत वर्ष	यस वर्ष	गत वर्ष
नेपाल राष्ट्र बैंकमा रहेको वैधानिक मौज्दात	८,८७९,५०४,४४४	५,६४८,०२८,५३५	८,८७९,५०४,४४४	५,६४८,०२८,५३५
पुनः बिक्री सम्झौता अन्तर्गत खरिद गरिएको धितोपत्र	-	-	-	-
नेपाल राष्ट्र बैंकमा रहेको अन्य निक्षेप तथा लिन बाँकी वक्यौता रकम	१२१,२०९,०४८	८२,४२०,०००	१२१,२०९,०४८	८२,४२०,०००
जम्मा नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनु पर्ने	**९,०००,७१३,४९२**	**५,७३०,४४८,५३५**	**९,०००,७१३,४९२**	**५,७३०,४४८,५३५**
नेपाल राष्ट्र बैंकमा रहेको अन्य निक्षेप तथा लिन बाँकी वक्यौता रकम अन्तर्गत मुद्रा बजार निर्माताको रूपमा गरिएको लगानी पर्दछ ।				

अनुसूची ४.३

बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात				
विवरण	समूह		बैंक	
	यस वर्ष	गत वर्ष	यस वर्ष	गत वर्ष
स्वदेशी बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	-	-	-	-
विदेशी बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	५,०११,३४६,९३४	३२०,३१३,२५५	५,०११,३४६,९३४	३२०,३१३,२५५
घटाउनेः नोक्सानी व्यवस्था	-	-	-	-
जम्मा बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	**५,०११,३४६,९३४**	**३२०,३१३,२५५**	**५,०११,३४६,९३४**	**३२०,३१३,२५५**

अनुसूची ४.४

डेरिभेटिभ वित्तीय उपकरण				
विवरण	समूह		बैंक	
	यस वर्ष	गत वर्ष	यस वर्ष	गत वर्ष
व्यापारिक प्रयोजनको निम्ति धारण				
ब्याजदर स्वाप	-	-	-	-
मुद्रा स्वाप	-	-	-	-
अग्रिम विनिमय सम्झौता	१७,३२०,१५५	१९,६९४,३२३	१७,३२०,१५५	१९,६९४,३२३
अन्य	-	-	-	-
जोखिम व्यवस्थापनको निम्ति धारण				
ब्याजदर स्वाप	-	-	-	-
मुद्रा स्वाप	-	-	-	-
अग्रिम विनिमय सम्झौता	-	-	-	-
अन्य	-	-	-	-
जम्मा डेरिभेटिभ वित्तीय उपकरण	**१७,३२०,१५५**	**१९,६९४,३२३**	**१७,३२०,१५५**	**१९,६९४,३२३**

अनुसूची ४.५

अन्य व्यापारिक सम्पत्तिहरू				
विवरण	समूह		बैंक	
	यस वर्ष	गत वर्ष	यस वर्ष	गत वर्ष
ट्रेजरी बिल	-	-	-	-
नेपाल सरकारको ऋणपत्र	-	-	-	-
नेपाल राष्ट्र बैंकको ऋणपत्र	-	-	-	-
स्वदेशी संस्थागत ऋणपत्र	-	-	-	-
शेयर (इक्विटी)	१०९,४०७,८९७	१५८,७६२,७४९	-	-
अन्य	-	-	-	-
जम्मा अन्य व्यापारिक सम्पत्तिहरू	**१०९,४०७,८९७**	**१५८,७६२,७४९**	**-**	**-**
धितो राखिएको (Pledged)	-	-	-	-
धितो नराखिएको (Non Pledged)	१०९,४०७,८९७	१५८,७६२,७४९	-	-

नाफा नोक्सान हिसाब मार्फत उचित मूल्यमा मापन गरिएका सूचीकृत शेयर (इक्विटी) लगानी

अनुसूची ४.५.१

विवरण	समूह				बैंक			
	यस वर्ष		गत वर्ष		यस वर्ष		गत वर्ष	
	परल मूल्य	उचित मूल्य	परल मूल्य	उचित मूल्य	परल मूल्य	उचित मूल्य	परल मूल्य	उचित मूल्य
एसियन लाइफ इन्स्योरेन्स कम्पनि लिमिटेड (६,००० साधारण शेयर रू १०० को दरले चुक्ता)	४,६४५,९५०	४,४७०,६००	६,०१०,२५९	३,६९५,४१२	-	-	-	-
अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको इक्विटी उपकरणहरूको हकमा हानिको आधारभूत प्रमाणको रूपमा परल मूल्यभन्दा उचित मूल्य धेरैले वा दीर्घकालीन रूपले घटेको स्थितिलाई समेत लिइन्छ । यदि हानि भएको प्रमाण भेटेमा परल मूल्य र वर्तमान उचित मूल्यको फरक रकममा नाफा वा नोक्सान हिसाबमा पहिले समावेश गरिसकेको नोक्सानी व्यवस्था घटाएर आएको कुल नोक्सानलाई इक्विटीबाट हटाइ नाफा वा नोक्सान हिसाबमा देखाइन्छ । तर यदि भविष्यमा अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको impaired इक्विटी उपकरणहरूको उचित मूल्य बढेमा बढेको रकमलाई अन्य विस्तृत आम्दानीको विवरणमा समावेश गरिन्छ । अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको इक्विटी उपकरणहरू uncollectible हुने निश्चित भएमा बैंकले ती सम्पतिहरू अपलेखन गर्दछ ।

५.१.३ (क) तरलता जोखिम

तरलता जोखिम भन्नाले अस्वीकार्य मूल्य अथवा नोक्सानी नव्योहोरी भनेको समयमा आफ्नो दायित्व पूरा गर्न नसक्नाले वा सम्पत्ति वृद्धी गर्न नसक्नाको कारणले बैंकलाई हुन सक्ने नोक्सानीको सम्भावनालाई जनाउदछ । तरलता भनेको आफ्नो सम्पत्तिलाई समय रहदै दायित्व पूरा गर्न सक्ने हिसाबले नगद तथा नगद समानमा उपयुक्त मूल्यमा परिवर्तत गर्न सक्ने क्षमता हो । तरलता जोखिमलाई बैंकको एक मुख्य जोखिमको रूपमा लिइन्छ । बैंकको तरल सम्पत्तिले दायित्वको रकम पूर्ति गर्न नसकेको खण्डमा तरलता जोखिम उत्पन्न हुन्छ र त्यस्तो परिस्थितिमा बैंकले बजारबाट आवश्यक तरलताको पूर्ति गर्दछ ।

तरलता जोखिमलाई :

- Maturity ladder analysis को प्रयोग गरी मापन गरिन्छ ।

- बैंकको तरलता जोखिम व्यवस्था संरचना अनुसार निगरानी गरिन्छ र सम्पत्ति तथा दायित्व व्यवस्थापन समितिद्वारा पुनर्निरीक्षण गरिन्छ ।
- ब बजारमा नियमीत रूपले चलि आएको बजार अभ्यास अनुसार नभएको खण्डमा कुनै सम्बन्धित पक्ष वा नेपाल राष्ट्र बैंकको भर नपरि एकल रूपमा व्यवस्थापन गरिन्छ ।

५.१.३ (ख) तरलता जोखिम व्यवस्थापन

बैंकको संचालक समितिले बैंकसंग आवश्यक तरलता जोखिम व्यवस्थापन संरचना भएको र बैंक अनियमित तरलता परिस्थितिहरूको सामना गर्न सक्षम रहेका सुनिश्चितता गर्दछ । त्यसै गरी बैंकले तरलता नीति र Contingency कोष योजना तयार पारेको छ जसलाई वरिष्ठ व्यवस्थापनको सिफारिसमा संचालक समितिले स्वीकृत गरेको छ । बैंकले तरलता अवस्था निर्धारण गर्न flow measures को प्रयोग गर्नुका साथै maturity ladder analysis को पनि प्रयोग गर्दछ जसले एक समय अवधि भित्र बैंकको inflow र outflow तय गरी net defict वा Surplus (GAP) को अनुमान गर्दछ । Maturity ladder को उपयोग गरी नगद अन्त प्रवाह (inflow) र नगद व्याय प्रवाह (outflow) को दैनिक रूपमा अथवा तोकिएको समयमा नेपाल राष्ट्र बैंकद्वारा जारित एकिकृत निर्देशिकाको (निर्देशिका-५) अन्तर्गत NRB Ni. Fa. No 5.1 अनुसार तुलना गरिन्छ ।

बैंकको तरलता मूल्याङ्कन, मापन र व्यवस्थापन ट्रेजरी विभागले गर्दछ र विभागले नेपाल राष्ट्र बैंकले तोकेको CRR, SLR र Credit to Deposit Ratio / Liquidity Ratio जस्ता अनुपातहरू बैंकले पालना गरेको सुनिश्चित गर्दछ । यसका साथै तरलता जोखिम व्यवस्थापनको निम्ति विभागले निर्धारित सीमाभन्दा माथि रहि लगानी कायम गर्दछ ।

५.१.४ (क) बजार जोखिम

बजार जोखिम भन्नाले बजार मूल्यमा हुने प्रतिकुल गतिविधिले गर्दा बैंकको वासलात भित्र र वाहिरको स्थितिमा नोक्सान हुन सक्ने जोखिम हो । बजार जोखिमका मुख्य तत्वहरू देहाय बमोजिम हुन्छन् :

- व्याजदर सम्बधी उपकरणहरू सम्बन्धी जोखिम
- विदेशी विनिमय (सुनको मूल्य समेत) मा परिवर्तन सम्बन्धी जोखिम
- इक्विटी तथा कमोडिटिमा लगानी सम्बन्धी जोखिम
- बजार कारोवारमा एकाग्रता तथा सहसम्बन्ध तत्वहरूको जोखिम

५.१.४ (ख) बजार जोखिम व्यवस्थापन

बैंकको संचालक समितिले बजार जोखिम नीति तथा ढाँचालाई स्वीकृत गर्दछ । बजार तथा तरलता जोखिम निरिक्षण र व्यवस्थापनको निमित्त बैंकले सम्पत्ति तथा दायित्व व्यवस्थापन समिति (ALCO) गठन गरेको छ जसले नियमित रूपमा बैठक बसि बैंकको सम्पत्ति तथा दायित्वको स्थिति, प्रोफाइल, विदेशी मुद्राहरूमा विनिमय दरका परिवर्तनले उत्पन्न हुने जोखिमहरूको निगरानी, GAP analysis को समीक्षा तथा इक्विटी लगानी सम्बधी रणनीतिहरू बनाउने गर्दछ । सबै विदेशी विनिमय अवस्थाहरूको व्यवस्थापन Treasury Front Office ले गर्दछ । Front Office ले गरेका सम्झौताहरूको कार्यावन्यन र बैंकको तरलता स्थितीको निरीक्षण Treasury Back Office ले गर्दछ भने Treasury middle office ले ट्रेजरी व्यवस्थापन सम्बधी जोखिमहरूको निगरानी, मापन तथा मूल्याङ्कन गर्दछ । उचित जाँच र नियन्त्रणको लागि ट्रेजरी विभागको Front Office र Back Office को छुट्टाछुट्टै रिर्पोटिङ्ग लाइन निर्धारण गरिएको छ । Treasury middle office ले ट्रेजरी सम्बधी गतिविधिहरूबाट स्वतन्त्र रहि ALCO तथा एकिकृत जोखिम व्यवस्थापन विभागलाई रिर्पोट गर्दछ ।

५.१.४ (ग) बजार जोखिम आंकलन पद्धति

नेपालको बजार जोखिमको थुप्रै अंगहरू मध्य विदेशी विनिमय दर परिवर्तन जोखिम प्रमुख हो । त्यसैले विदेशी विनिमय

दर परिवर्तन जोखिम मापनको लागि बैंकले net open position approach को प्रयोग गर्नुका साथै नेपाल राष्ट्र बैंकले जारी गरेको पूँजी पर्याप्तता संरचना अनुसारको पूँजी कायम गर्दछ ।

५.१.५ (क) संचालन जोखिम

संचालन जोखिम भन्नाले अपर्याप्त वा विफल आन्तरिक प्रक्रियाहरू, व्यक्तिहरू र प्रणाली अथवा बाह्य घट्नाहरूले निम्त्याउन सक्ने नोक्सानी वा बैंकको प्रतिष्ठामा हुन सक्ने हानिलाई जनाउंदछ । संचालन जोखिम बैंकको सबै गतिविधिहरूमा अन्तर्निहित हुन्छ ।

५.१.५ (ख) संचालन जोखिम व्यवस्थापन

संचालन जोखिमको निरीक्षणको निमित्त बैंकले विभिन्न बैकिङ्ग कार्यहरूको लागि Standard Operating Procedures तयार पारेको छ जुन व्यवसायिक सन्दर्भलाई मध्यनजर राखि समय समयमा समीक्षा र परिमार्जन गरिन्छ ।

बैंकले सबै संचालन सम्बन्धित क्रियाकलापहरूमा दोहोरो नियन्त्रण प्रणाली अपनाएको छ जसमा हरेक वित्तीय र गैर वित्तीय कारोबारलाई कारोबारकर्ता भन्दा माथिल्लो तहको व्यक्तिले स्वीकृत गर्दछ । जोखिम निरिक्षण प्रणालीको पर्याप्तता मूल्याङ्कन गर्नका लागि नियमित बैठक बसी समीक्षा गर्दछ र उक्त प्रणालीमा आवश्यकता अनुसार परिवर्तन गर्दछ । वित्त विभागको निगरानीमा रहि सबै Nostro र Agency खाता, अन्तर-शाखा र अन्तर विभाग हिसाबको दैनिक रूपमा हिसाब मिलान गर्नका लागि स्वतन्त्र हिसाब मिलान इकाई गठन गरेको छ । यसका साथै बैंकले स्वतन्त्र आन्तरिक लेखापरीक्षण विभाग स्थापना गरेको छ जसले बैंकको लेखापरीक्षण समितिलाई रिर्पोट गर्दछ । त्यसै गरी व्यवसायिक प्रक्रिया र वित्तीय अवस्था समीक्षा गर्न लेखापरीक्षण समितिको समय समयमा बैठक बस्दछ । बैंकको जोखिम व्यवस्थापन ढाँचा बमोजिम शाखाहरूको संचालन जोखिम व्यवस्थापन र निरीक्षण अझ सवल रूपले गर्न बैंकले छुट्टै संचालन जोखिम व्यवस्थापन विभाग र अनुपालन विभाग स्थापना गरेको छ ।

५.१.५ (ग) संचालन जोखिम आंकलन पद्धति

नेपाल राष्ट्र बैंकले जारी गरेको पूँजी पर्याप्तता संरचना Capital Adequacy Framework अन्तर्गत भएको Basic Indicator approach प्रयोग गरी बैंकले संचालन जोखिमको आंकलन गर्दछ । संचालन जोखिम आंकलन गर्न बैंकले विगतमा घटेका प्रणाली विफलता, प्रणाली विफलताका कारण भएको घाटा तथा अन्य बाहिरी कारकहरूको मध्यनजर राख्दछ । बैंकले चरणवद्ध रूपमा जोखिम व्यवस्थापन प्रक्रिया प्रयोग गरी संचालन जोखिमको निगरानी, मापन, मूल्याङ्कन तथा भविष्यमा हुन सक्ने जोखिमलाई न्यूनिकरण गर्दछ ।

५.१.६ वित्तीय सम्पत्ति तथा दायित्वको उचित मूल्य

वित्तीय सम्पत्ति तथा दायित्वको उचित मूल्यको मापन गर्न सो मूल्य झल्काउने उपयुक्त बजारको छनौटको लागि निम्न बमोजिमको प्राथमिकताको क्रम अपनाइएको हुन्छः

श्रेणी १

यस श्रेणीमा बजार मूल्यको निर्धारण सो सम्पत्ति/दायित्व वा उस्तै सम्पत्ति/दायित्वको स्वतन्त्र र सक्रिय रूपमा खरिद बिक्री हुने बजारमा चलन चल्तीमा रहेको मूल्यलाई कुनै समायोजन विना नै गरिन्छ । व्यापारिक लगानी र अन्य विस्तृत आम्दानी मार्फत उचित मूल्यमा मूल्याङ्कन गरिएका वित्तीय सम्पत्तिहरूलाई श्रेणी १ मा वर्गीकरण गरिएको छ ।

श्रेणी २

यस श्रेणीमा बजार मूल्यको निर्धारण सो निर्धारण गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा उपलब्ध हुने उपयुक्त तथ्याङ्कका आधारमा गर्ने गरिएको हुन्छ ।

श्रेणी ३

बजार मूल्य श्रेणी २ अनुसार पनि निर्धारण गर्न नसकिएमा सो को निर्धारण मूल्याङ्कनका विभिन्न पद्धति अपनाएर गरिन्छ र सो मध्य बढी उचित र उपयुक्त मूल्याङ्कन पद्धतिबाट आएको मूल्यलाई बजार मूल्यको रूपमा लिने गरिन्छ ।

५.२ पूँजी व्यवस्थापन

क) गुणात्मक प्रकटिकरण

व्यवसायको विकास र नियमनकारी पूँजी आवश्यकता पुर्तीलाई समर्थन गर्ने सुदृढ पूँजीको आधार कायम गर्ने बैंकको चाहना अनुरूप पूँजी व्यवस्थापन पद्धतिको विकास गरिएको छ ।

बैंकसँग हेरक समयमा पर्याप्त पूँजी उपलब्ध होस् भन्ने सुनिश्चित गर्न पूँजी योजना र व्यवस्थापन अत्यन्त आवश्यक छ । बैंकले प्रतिकुल आर्थिक वातावरणलाई ध्यानमा राखी धेरै प्रकारको परिस्थितिहरू र त्यसले निम्त्याउन सक्ने असरहरूलाई समावेश गरेर पूँजी व्यवस्थापन योजना तयार पारेको छ ।

प्रभावकारी पूँजी व्यवस्थापन योजनाको महत्वपूर्ण तत्वहरूः

- नेपाल राष्ट्र बैंक बमोजिम न्यूनतम पूँजी आवश्यकता
- व्यवसाय बृद्धिको सम्भावना तथा जोखिम
- लाभांश नीति
- पूँजी संकलनका सम्भावित उपकरणहरू (इक्विटी, ऋणपत्र, आदि)
- विभिन्न तनाव परिस्थितियहरू
- सम्पत्तिको बिक्री
- उच्च व्यवस्थापनले आवश्यक ठानेका अन्य तत्वहरू

बैंकले जारी गरेका पूँजी उपकरणहरूको मुख्य विशेषता तथा शर्तहरू

बैंकले ऋणपत्र जारी गरेर रू. ७,६६२,५५९,०००/- ले पूँजी बढाएको छ । बैंकले जारी गरेका ऋणपत्रहरूको मुख्य विशेषता तथा शर्तहरू निम्न बमोजिम छन् :

ऋणपत्रको नाम	रकम (रू.)	व्याज दर (%)	जारी मिति	भुक्तानी मिति
एस.बि.एल ऋणपत्र २०८२ (रू. १००० को दरले)	२,१६२,५५९,०००/-	१०.५०	२०७५/०९/२९	२०८२/०९/२८
एस.बि.एल ऋणपत्र २०८३ (रू. १००० को दरले)	२,५००,०००,०००/-	१०.२५	२०७६/०५/२६	२०८३/०५/२५
एस.बि.एल ऋणपत्र २०८४ (रू. १००० को दरले)	३,०००,०००,०००/-	८.५०	२०७७/०६/२७	२०८४/०६/२६
जम्मा	**७,६६२,५५९,०००/-**			

अन्य शर्तहरूः

१. ऋणपत्र परिपक्व भएको समयमा ऋणपत्रको अंकित मूल्यमा रकम फिर्ता गरिनेछ ।

२. व्याज भुक्तानी अर्ध वार्षिक रूपमा गरिनेछ ।

(ख) परिमाणात्मक विवरण

१. पूँजी संरचना तथा पूँजी पर्याप्तता

- **प्राथमिक पूँजी र यसका पुरकहरू**

क्र.स.	विवरण	रकम (रू. हजारमा)
प्राथमिक पूँजी (CET 1+ AT 1)		**२१,७८२,५१७**
Common Equity Tier 1 (CET 1)		**२१,७८२,५१७**
१	शेयर चुक्ता पूँजी	१४,०८९,९८०
२	शेयर प्रिमियम	-
३	प्रस्तावित बोनस शेयर	-
४	वैधानिक साधारण जगेडा कोष	४,४०९,१९६
५	संचित मुनाफा	६६३,६१०
६	चालु आ.व. को नाफा/(नोक्सान)	-
७	पूँजी समायोजन कोष	१९,४२८
८	पूँजी फिर्ता जगेडा कोष	३,०४१,७०६
९	घटाउने : अमूर्त सम्पत्ति	१६६,०००
१०	घटाउने : वित्तीय स्वार्थ रहेका संस्थाहरूको इक्विटीमा लगानी	२७५,४०३
११	घटाउने : अन्य	-
अतिरिक्त Tier-1 (AT1)		-

- **पुरक पूँजी**

क्र.स.	विवरण	रकम (रू. हजारमा)
१	संचीय (cumulative)वा फिर्ता हुने अग्राधिकार शेयर	-
२	सुरक्षण नराखिएको सहायक आवधिक ऋण	४,७६५,०२४
३	हाइब्रिड पूँजी उपरकणहरू	-
४	असल कर्जा नोक्सानी व्यवस्था	२,३५३,७६८
५	लगानी समायोजन कोष	११,३६५
६	सम्पत्ति पुनर्मूल्याङ्कन कोष	-
७	सटही समिकरण कोष	६९,८८९
८	अन्य जगेडाहरू	-
जम्मा पुरक पूँजी		**७,२०३,०४५**

क. बैंकले रू. २.१६ अर्बको एस.बि.एल ऋणपत्र २०८२ जारी गरेको छ जसको अंकित मूल्य रू. १,००० रहेको छ । एस.बि.एल ऋणपत्र २०८२ को मुख्य विशेषताहरू निम्न लिखित छन् :

- समय अवधि - ७ वर्ष
- व्याज दर - १०.५० प्रतिशत प्रति वर्ष
- व्याज भुक्तानी - अर्ध वार्षिक रूपले
- Liquidation भएमा दावी - Depositor पछि
- ऋणपत्र चुक्ता गर्न ऋणपत्र भुक्तानी कोषको व्यवस्था गरिने
- ऋणपत्रलाई अन्य बैंक तथा वित्तीय संस्थामा धरौटी राख्न सकिने
- नेपाल स्टक एक्सचेन्जमा सूचीकृत

ख. बैंकले रू. २.५० अर्बको एस.बि.एल ऋणपत्र २०८३ जारी गरेको छ जसको अंकित मूल्य रू. १,००० रहेको छ । एस.बि.एल ऋणपत्र २०८३ को मुख्य विशेषताहरू निम्न लिखित छन् :

- समय अवधि - ७ वर्ष

- व्याज दर - १०.२५ प्रतिशत प्रति वर्ष
- व्याज भुक्तानी - अर्ध वार्षिक रूपले
- Liquidation भएमा दावी - Depositor पछि
- ऋणपत्र चुक्ता गर्न ऋणपत्र भुक्तानी कोषको व्यवस्था गरिने
- ऋणपत्रलाई अन्य बैंक तथा वित्तीय संस्थामा धरौटी राख्न सकिने
- नेपाल स्टक एक्सचेन्जमा सूचीकृत

ग. बैंकले रू. ३ अर्बको एस.बि.एल ऋणपत्र २०८४ जारी गरेको छ जसको अंकित मूल्य रू. १,००० रहेको छ । एस.बि.एल ऋणपत्र २०८४ को मुख्य विशेषताहरू निम्न लिखित छन् :

- समय अवधि - ७ वर्ष
- व्याज दर - ८.५० प्रतिशत प्रति वर्ष
- व्याज भुक्तानी - अर्ध वार्षिक रूपले
- Liquidation भएमा दावी - Depositor पछि
- ऋणपत्र चुक्ता गर्न ऋणपत्र भुक्तानी कोषको व्यवस्था गरिने
- ऋणपत्रलाई अन्य बैंक तथा वित्तीय संस्थामा धरौटी राख्न सकिने
- नेपाल स्टक एक्सचेन्जमा सूचीकृत

- **पूँजीबाट कटौती**

  बैंकले सिद्धार्थ क्यापिटल लिमिटेडको साधारण शेयरमा रू. ५१,०००,०००/-, नेपाल क्लियरिङ हाउस लिमिटडको साधारण शेयरमा रू. १७९,४००,०००, अवसर इक्विटि लिमिटेडको साधारण शेयरमा रू. ३०,०००,००० र नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिस्टम्स लिमिटेडको साधारण शेयरमा रू. १५,०००,०००/- लगानी गरेको छ जुन पूँजी पर्याप्ता निर्धारण गर्दा प्राथमिक पूँजीबाट घटाइएको छ ।

- **कूल योग्य (Qualifying) पूँजी**

विवरण	रकम (रू. हजारमा)
Common Equity Tier-1 (CET-1)	२१,७८२,५१७
अतिरिक्त Tier-1 (AT1)	-
पूरक पूँजी (Tier 2)	७,२०३,०४५
जम्मा पूँजी कोष	**२८,९८५,५६२**

- **पूँजीकोषको अनुपात**

पूँजीकोष अनुपात	प्रतिशत
Common Equity Tier-1 अनुपात	९.३७%
प्राथमिक पूँजी अनुपात - Tier 1	९.३७%
कुल पूँजीकोष अनुपात (Tier 1 & Tier 2)	**१२.४७%**

- **पूँजी पर्याप्तता निर्धारण गर्ने बैंकको आन्तरिक तरिका**

  प्रतिकुल आर्थिक वातावरणको सामना गर्न बैंकले विभिन्न परिस्थितिहरूसामेल गरेर र अर्थतन्त्र, बजार, प्रतिस्पर्धा, राजनीतिक अवस्था तथा अन्य बाहिरी तत्वहरूमा आउने परिवर्तनप्रति सजक भइ आफ्नो पूँजी पर्याप्तताको आंकलन गर्दछ ।

पूँजीपर्याप्तता निर्धारण गर्दा निम्न तत्वहरू ध्यानमा राखिन्छ :

- नेपाल राष्ट्र बैंक बमोजिम न्यूनतम पूँजी आवश्यकता
- व्यापार बृद्धि सम्भावना तथा जोखिम
- लाभांश नीति
- पूँजी संकलनका सम्भावित उपकरणहरू (इक्विटी, ऋणपत्रहरू जस्ता)
- विभिन्न तनाव परिदृशयहरू
- सम्पतिको बिक्री
- उच्च व्यवस्थापनले आवश्यक ठानेका अन्य तत्वहरू

२. जोखिम भारित सम्पत्ति

- **कर्जा जोखिम, बजार जोखिम र संचालन जोखिमको लागि जोखिम भारित सम्पत्ति**

विवरण	रकम (रू. हजारमा)
कर्जा जोखिमको लागि जोखिम भारित सम्पत्ति	२१३,११८,४९७
संचालन जोखिमको लागि जोखिम भारित सम्पत्ति	९,९०४,१८१
बजार जोखिमको लागि जोखिम भारित सम्पत्ति	३९२,२६१
पिल्लर-II अन्तर्गतको समायोजन	
जोड : ६.४(क)(७) अनुसार संचालन जोखिमको व्यवस्थापन सन्तोषजनक नरहेको कारण खुद व्याज आम्दानीको ३% बजार जोखिममा समायोजन	२,२४१,४०२
जोड : ६.४(क)(९) अनुसार समग्र जोखिम व्यवस्थापन सन्तोषजनक नभएकोले कुल जोखिम भारित सम्पतिमा ३% समायोजन	६,७०२,४४८
कुल जोखिम भारित सम्पत्ति (पिल्लर-II अन्तर्गतको समायोजन पछि)	**२३२,३५८,७८८**

- **कर्जा जोखिम वर्गीकरणको आधारमा जोखिम भारित सम्पत्ति**

क्र.स.	वर्गीकरण	जोखिम भारित सम्पत्ति (रकम रू. हजारमा)
१	अन्य वित्तीय संस्था उपरको दाबी	-
२	आवश्यक पूँजी पर्याप्तता पूरा भएको स्वदेशी बैक उपरको दाबी	१,४५३,२४४
३	आवश्यक पूँजी पर्याप्तता पूरा नभएको स्वदेशी बैक उपरको दाबी	-
४	विदेशी बैंक उपरको दाबी (ECA 0 - 1)	१,२५१,३९१
५	विदेशी बैंक उपरको दाबी (ECA 2)	१,५२६,०३१
६	विदेशी बैंक उपरको दाबी (ECA Rating 3 - 6)	१,०५२,८५३
७	SAARC क्षेत्रभित्र स्थापना भएका विदेशी बैंक जसको पूँजीकोष तोकिएको पूँजीकोष भन्दा १% बढी छ, त्यस बैंक उपरको दाबी	३६३,८७९
८	स्वेदशी संघ संस्थाहरू उपरको दाबी	१०४,८४०,८६०
९	विदेशी संघ संस्थाहरू उपरको दाबी (ECA 0-1)	-
१०	विदेशी संघ संस्थाहरू उपरको दाबी (ECA 7)	-
११	Regulatory Retail Portfolio (भाका ननाघेको) मा दाबी	३१,०१८,०८२
१२	आवासिय घरजग्गाबाट सुरक्षित दाबी	५,३६६,८२३
१३	आवासिय घरजग्गाबाट सुरक्षित दाबी (भाका नाघेको)	३१४,७८९
१४	व्यापारिक घरजग्गाबाट सुरक्षित दाबी	९७,२१३

१५	भुक्तानी अवधि समाप्त भईसकेको दाबी (आवासिय घरजग्गाबाट सुरक्षित बाहेक)	९,३०५,६०४
१६	उच्च जोखिमयुक्त दाबी	२४,८१५,४६०
१७	शयरहरू द्वारा सुरक्षित रू. २५ लाख सम्मको ऋण	३१६,६१४
१८	ट्रेडिङ्ग फर्महरूलाई प्रवाह गरिएको ट्रष्ट रिसिप्ट कर्जाहरू उपरको दाबी	२,३१२,४१४
१९	स्टक एक्सचेन्जमा सूचीकृत कम्पनीको शेयर र अन्य पूँजीगत उपकरणमा भएको लगानी	२,२६६,९०५
२०	स्टक एक्सचेन्जमा सूचीकृत नभएको कम्पनीको शेयर र अन्य पूँजीगत उपकरणमा भएको लागनी	१,८०६,०७९
२१	आवासिय घरजग्गाबाट सुरक्षित कर्मचारी कर्जा	२,११२,२४५
२२	मार्गस्थ नगद तथा कलेक्सनमा रहेको नगदजन्य सम्पत्ति	१३,७०९
२३	अन्य सम्पत्ति	५,५४९,०४९
२४	वासलात बाहिरको कारोवार	१७,३३५,२५३
जम्मा		**२१३,११८,४९७**

- **कुल जोखिम भारित सम्पत्ति**

विवरण	रकम (रू. हजारमा)
कुल जोखिम भारित सम्पत्ति	२३२,३५८,७८८
Tier 1 पूँजी (प्राथमिक पूँजी) (CET1+AT1)	२१,७८२,५१७
कुल पूँजी कोष	२८,९८५,५६२
कुल प्राथमिक पूँजी/कुल जोखिम भारित सम्पत्ति %	**९.३७%**
कुल पूँजी कोष/कुल जोखिम भारित सम्पत्ति %	**१२.४७%**

निष्कृय सम्पत्तिको विवरण

- **निष्कृय सम्पत्तिको रकम (कुल र खुद)**

रकम (रू. हजारमा)

निष्कृय सम्पति	रकम	कर्जा नोक्सानी व्यवस्था	खुद निष्कृय कर्जा
पुनरतालिकीकरण/पुनरसंरचना गरिएको	२,१४४	२६८	१,८७६
कमसल	१,१४३,८७९	२८०,८०५	८६३,०७४
शंकास्पद	१,८२१,७५७	९००,९००	९२०,८५७
खराब	८६४,०१७	८१५,०७४	४८,९४३
जम्मा	**३,८३१,७९७**	**१,९९७,०४७**	**१,८३४,७५१**

- **निष्कृय सम्पत्ति (%):** २.०१ %

(ग) बाह्य व्यवस्थाहरूको पालना

बैंकले नेपाल राष्ट्र बैंक बमोजिम न्युनतम पूँजीकोष कायम गर्नु पर्ने हुन्छ । त्यस अनुरूप बैंकले १२.४७% पूँजीकोष कायम गर्दै नेपाल राष्ट्र बैंक बमोजिमको न्युनतम पूँजीकोषको अनुपात आ. व. २०७९/८० मा कायम गरेको छ ।

५.३ स्रातको रूपमा जारी गरिएका ऋणपत्रहरू

पूँजी व्यवस्थापनको उद्देश्यले जारी गरिएको रू ७,६६२,५५९,०००/- को ऋणपत्रहरू बाहेक बैंकले आ.व. २०७८/७९ मा रू ४ अर्बको CD ratio गणनामा स्रोतको रूपमा प्रयोग हुने ऋणपत्र जारी गरेको छ । सो ऋणपत्र जारी गर्दा कुल रू. ६७.९ लाख खर्च लागेको छ जुन जारी गरिएको ऋणपत्र रकमको ०.१७ प्रतिशत रहेको छ ।

बैंकले जारी गरेका ४ अर्बको ऋणपत्रको मुख्य विशेषता तथा शर्तहरू

ऋणपत्रको नाम	रकम (रू.)	व्याज दर (%)	जारी मिति	भुक्तानी मिति
एस.बि.एल ऋणपत्र २०८९ (रू. १,००० को दरले)	४,०००,०००,०००/-	१०.७५	२०७९/०३/३२	२०८९/०३/३१

अन्य शर्तहरूः

- समय अवधि - १० वर्ष
- व्याज दर - १०.७५ प्रतिशत प्रति वर्ष
- व्याज भुक्तानी - अर्ध वार्षिक रूपले
- CD ratio हिसबमा स्रातको रूपमा प्रयोग हुने ऋणपत्र भएको कारण ऋणपत्र चुक्ता गर्न ऋणपत्र भुक्तानी कोषको व्यवस्था नगरिने
- ऋणपत्रलाई अन्य बैंक तथा वित्तीय संस्थामा धरौटी राख्न सकिने
- नेपाल स्टक एक्सचेन्जमा सूचीकृत

५.४ वित्तीय सम्पत्ति तथा दायित्वको विभाजन

वित्तीय सम्पत्ति

NFRS 9 अनुसार वित्तीय सम्पत्तिलाई निम्न श्रेणिमध्ये कुनै एकमा वर्गीकृत गर्नु पर्ने :

- नाफा नोक्सान हिसाब मार्फत उचित मूल्यमा मूल्याङ्कन गरिएका वित्तीय सम्पत्ति
- परिषोधित मूल्यमा मूल्याङ्कन गरिएका वित्तीय सम्पत्ति
- अन्य विस्तृत आम्दानी मार्फत उचित मूल्यमा मूल्याङ्कन गरिएका वित्तीय सम्पत्ति

वित्तीय दायित्व

NFRS 9 अनुसार वित्तीय दायित्वलाई निम्न श्रेणि मध्य कुनै एकमा वर्गीकृत गर्नु पर्ने :

- नाफा नोक्सान हिसाब मार्फत उचित मूल्यमा मूल्याङ्कन गरिएका वित्तीय दायित्व
- परिषोधित मूल्यमा मूल्याङ्कन गरिएका वित्तीय दायित्व

नाफा नोक्सान हिसाब मार्फत उचित मूल्यमा मूल्याङ्कन गरिएका वित्तीय दायित्वलाई दुई उपश्रेणिमा विभाग गरिन्छः

- initial recognition को समयमा नाफा नोक्सान हिसाब मार्फत उचित मूल्यमा मूल्याङ्कन गरिने भनी designate गरिएको
- व्यापारीक उद्देश्यले धारण गरिएको

५.५ संचालन सेग्मेन्ट्सको जानकारी

१. सामान्य जानकारी

(क) बैंकको रिपोर्टेवल सेग्मेन्ट्सको पहिचान गर्नका लागि प्रयोग हुने कारकहरू/तत्वहरू

बैंकले कार्यकारी समिति (Executive committee) लाई व्यवसाय संचालन सम्बधी निर्णय लिन र स्रोत परिचालनमा मद्दत गर्ने आधारमा महत्वपूर्ण सेग्मेन्ट्सहरूको पहिचान गरेको छ । यस बमोजिम पहिचान गरिएका सेग्मेन्ट्सहरू बैंकिङ्ग (कर्जा, निक्षेप र ट्रेड अपरेशन समेत), भुक्तानी समाधान (कार्ड्स), बिप्रेषण् र ट्रेजरी हुन् । ट्रेजरी विभागले बैंकको कोष व्यवस्थापकको रूपमा कार्य गर्दछ ।

सामान र सेवाको प्रकार जसबाट रिपोर्टेवल सेग्मेन्ट्सले आम्दानी आर्जन गर्दछ

(क)	**विप्रेषण**
	विप्रेषण शुल्क तथा कमिसन
	IBT व्याज आम्दानी
	विदेशी मुद्रा आम्दानी
	अन्य शुल्क र कमिसन
(ख)	**भुक्तानी समाधान (कार्ड्स)**
	Interchange Income
	क्रेडिट कार्ड
	डेबिट कार्ड
	प्रिपेड कार्ड
	ए.टि.एम. शुल्क
	मर्चेन्ट सेटलमेन्ट् शुल्क तथा कमिसन
	अन्य शुल्क तथा कमिसन
	विदेशी मुद्राको विनीमय दर परिवर्तनको कारण नाफा
(ग)	**ट्रेजरी**
	लगानीबाट भएको आम्दानी
	शेयर तथा बोण्ड र वित्तीय उपकरण खरिद तथा विक्रीबाट भएको आम्दानी
	Bullion Trading Income
	लाभांशबाट आम्दानी
	विदेशी मुद्राको कारोबारबाट नाफा
	IBT आम्दानी
	नोस्ट्रो बैंकबाट रिबेट
	अन्य शुल्क तथा कमिसन आम्दानी
(घ)	**बैंकिङ्ग**
	व्याज आम्दानी
	बिल खरिद तथा डिस्काउन्ट सेवाबाट आम्दानी
	प्रतितपत्र जारी गरेको वापत आम्दानी
	जमानतपत्र जारी गरेको वापत आम्दानी
	कागजात संकलन सेवाबाट आम्दानी
	विप्रेषणबाट आम्दानी
	स्विफट् शुल्कबाट आम्दानी
	विदेशी मुद्राबाट नाफा
	सम्पत्तिको बिक्रीमा लाभ
	गैर बैंकिङ्ग सम्पत्तिको विक्रीमा लाभ
	IBT आम्दानी
	अन्य बैंकिङ्ग सेवाहरूबाट आम्दानी

२. नाफा र नोक्सान, सम्पत्ति, दायित्वको जानकारी

आ.व. २०७९/८०

रकम रू.मा

क्र.सं	विवरण	भुक्तानी समाधान (कार्ड)	विप्रेषण	ट्रेजरी	बैंकिङ्ग	कुल
१	बाह्य ग्राहकबाट आम्दानी	५६९,२५८,८६८	९०,४८९,१५६	४,०९७,०५३,९०९	२५,१४८,७७९,४५१	२९,९०५,५८१,३८४
२	अन्तर सेग्मेन्ट् आम्दानी	१०,३७४,३७७	३०२,८४२,७११	१७५,१६०,६३६	११,२६९,४४१,६५५	११,७५७,८१९,३७८
३	खुद आम्दानी	५७९,६३३,२४४	३९३,३३१,८६७	४,२७२,२१४,५४५	३६,४१८,२२१,१०५	४१,६६३,४००,७६१
४	व्याज आम्दानी	२६,०९४,५१०	३०२,८५१,४३८	३,७७८,७१४,६३९	३५,२०२,३०१,७६१	३९,३०९,९६२,३४८
५	व्याज खर्च	(३५,७६३,८४२)	(२६५,८८५,६०५)	(२,६९९,९१४,०८३)	(२८,१२३,८५५,७२१)	(३१,१२५,४१९,२५०)
६	कुल व्याज आम्दानी	(९,६६९,३३२)	३६,९६५,८३३	१,०७८,८००,५५६	७,०७८,४४६,०४०	८,१८४,५४३,०९८
७	ह्रासकट्टि र परिषोधन	(१,९६९,९६६)	(३१८,४६८)	(१७०,२५५)	(४४५,५४७,६४७)	(४४८,००६,३३६)
८	सेग्मेन्ट् नाफा/(नोक्सान)	१७५,५२९,७७४	६७,७६२,५९१	१,५३७,९२०,३८२	२,७८४,०४६,२४९	४,५६५,२५८,९९५
९	सहायक कम्पनिको नाफा नोक्सानमा बैंकको भाग जसको लेखा इक्विटी तरिकाले गरिएको छ	-	-	-	-	-
१०	अन्य material non-cash items	-	-	-	-	-
११	कर्जाको जोखिम व्यवस्था तथा अन्य नोक्सानी	(१,२५३,८०४)	-	-	(१,१८६,३०७,३७२)	(१,१८७,५६१,१७७)
१२	**सेग्मेन्ट्को सम्पत्ति**	**६०८,०८५,४७७**	**३,५११,७०५,७२७**	**१८,०८५,५४३,८५१**	**२६३,७७२,५८०,२७२**	**२८५,९७७,९१५,३२६**
१३	**सेग्मेन्ट्को दायित्व**	**(४३२,९२३,६४७)**	**(३,४४३,९४३,१३७)**	**(१६,५४९,९००,९८४)**	**(२६५,५५१,१४७,५६०)**	**(२८५,९७७,९१५,३२६)**

आ.व २०७८/७९

रकम रू. मा

क्र.सं	विवरण	भुक्तानी समाधान (कार्ड)	विप्रेषण	ट्रेजरी	बैंकिङ्ग	कुल
१	बाह्य ग्राहकबाट आम्दानी	५१०,०४२,६२७	५८,७१४,८६३	२,९००,४३८,११४	१९,६९७,९८६,८९६	२३,१६७,१८२,५००
२	अन्तर सेग्मेन्ट् आम्दानी	-	१७७,८४७,०१५	११७,०९६,७२३	७,३११,९५६,८२०	७,६०६,९००,५५८
३	खुद आम्दानी	५१०,०४२,६२७	२३६,५६१,८७८	३,०१७,५३४,८३७	२७,००९,९४३,७१५	३०,७७४,०८३,०५७
४	व्याज आम्दानी	४५,३६३,२२९	१७७,८४७,०१५	२,१३७,४०३,७७४	२५,८५७,६१९,८१०	२८,२१८,२३३,८२९
५	व्याज खर्च	(१९,३०३,३९७)	(१३१,३२०,०५९)	(१,३९८,५०७,४९६)	(२०,०७२,२५५,३६३)	(२१,६२१,३८६,३१४)
६	कुल व्याज आम्दानी	२६,०५९,८३२	४६,५२६,९५७	७३८,८९६,२७८	५,७८५,३६४,४४८	६,५९६,८४७,५१५
७	ह्रासकट्टि र परिषोधन	(१,९२२,०१३)	(५१९,९८७)	(१५८,०७५)	(४०२,४७२,२०९)	(४०५,०७२,२८३)
८	सेग्मेन्ट् नाफा/(नोक्सान)	१७३,८५७,१३४	५३,१९०,४९८	१,६०१,७९९,१९८	२,४२९,६२१,२३२	४,२५८,४६८,०६१
९	सहायक कम्पनिको नाफा नोक्सानमा बैंकको भाग जसको लेखा इक्विटी तरिकाले गरिएको छ	-	-	-	-	-
१०	अन्य material non-cash items	-	-	-	-	-
११	कर्जाको जोखिम व्यवस्था तथा अन्य नोक्सानी	(७,६९१,७६९)	-	-	(५९९,७७९,४४२)	(६०७,४७१,२११)
१२	**सेग्मेन्ट्को सम्पत्ति**	**५२३,१८४,१५७**	**२,२६०,२८२,५८८**	**२६,९१०,५९४,२६९**	**२३४,६३२,९६२,४९७**	**२६४,३२७,०२३,५११**
१३	**सेग्मेन्ट्को दायित्व**	**(३४०,०४८,२६४)**	**(२,२०३,८७७,११९)**	**(२५,२९७,९४८,७०१)**	**(२३६,४८५,१४९,४२७)**	**(२६४,३२७,०२३,५११)**

३. **संचालन सेग्मेन्ट्सको नाफा/नोक्सान, सम्पत्ति र दायित्वको मापन**

(क) लेखाङ्कनको आधार

सेग्मेन्ट्स बीच हुने सम्पूर्ण कारोवारहरू पूर्व निर्धारित स्थानान्तर मूल्यको प्रयोग गरी लेखांकन गरिन्छ ।

(ख) रिपोर्टेवल सेग्मेन्ट्सको नाफा वा नोक्सान र बैंकको नाफा नोक्सानको आय कर अघिको मापन विचको भिन्नताको प्रकृति

सेग्मेन्ट्सको नाफा वा नोक्सान र बैंकको नाफा नोक्सानको आय कर अघिको मापन विच कुनै पनि भिन्नता छैन ।

(ग) रिपोर्टेवल सेग्मेन्ट्सको सम्पति र बैंकको सम्पतिको मापन विचको भिन्नताको प्रकृति

सेग्मेन्ट्सको सम्पति र बैंकको सम्पतिको मापनमा कुनै पनि भिन्नता छैन ।

(घ) गत वर्षको रिपोर्टेड सेग्मेन्ट्सको नाफा वा नोक्सान मापनको तरिकाहरूको प्रकृतिमा कुनै परिवर्तन, यदि कुनै छ भने त्यसको असर

गत वर्षको रिपोर्टेड सेग्मेन्ट्सको नाफा वा नोक्सान मापनको तरिकाहरूको प्रकृतिमा कुनै परिवर्तन छैन ।

(ङ) रिपोर्टेवल सेग्मेन्ट्समा हुने कुनै असमन बाँडफाडको प्रकृति र असर

रिपोर्टेवल सेग्मेन्ट्समा कुनै पनि असमान बाँडफाड गरिएको छैन ।

४. **हिसाब मिलान**

(क) आम्दानी

	२०७९/८०	२०७८/७९
रिपोर्टेवल सेग्मेन्ट्सको कुल आम्दानी	**४१,६६३,४००,७६१**	**३०,७७४,०८३,०५७**
अन्य आम्दानी	-	-
घटाउ : अन्तर सेग्मेन्ट् आम्दानी	(११,७५७,८१९,३७८)	(७,६०६,९००,५५८)
बैंकको आम्दानी	**२९,९०५,५८१,३८३**	**२३,१६७,१८२,४९९**

नोटः अन्तर सेग्मेन्ट् आम्दानीमा निम्न लिखित आम्दानीहरू समावेश गरिएको छः

	२०७९/८०	२०७८/७९
व्याज	११,६३८,९९६,४४८	७,५४०,६६९,८५४
भल्ट क्यास इन्सेन्टिभ	११८,८२२,९३०	६६,२३०,७०४
जम्मा	**११,७५७,८१९,३७८**	**७,६०६,९००,५५८**

(ख) नाफा तथा नोक्सान

	२०७९/८०	२०७८/७९
रिपोर्टेवल सेग्मेन्ट्सको कुल नाफा/(नोक्सान)	**४,५६५,२५८,९९५**	**४,२५८,४६८,०६१**
अन्य नाफा तथा नोक्सान	-	-
अन्तर सेग्मेन्ट् आम्दानीको उन्मुलन	-	-
बाँडफाँड नभएको रकम	-	-
आयकर अघिको मुनाफा	**४,५६५,२५८,९९५**	**४,२५८,४६८,०६१**

(ग) सम्पत्ति

	२०७९/८०	२०७८/७९
रिपोर्टेवल सेग्मेन्ट्सको कुल सम्पति	**२८५,९७७,९१५,३२६**	**२६४,३२७,०२३,५११**
अन्य सम्पति	-	-
बाँडफाँड नभएको सम्पति	-	-
बैंकको सम्पति	**२८५,९७७,९१५,३२६**	**२६४,३२७,०२३,५११**

(घ) दायित्व

	२०७९/८०	२०७८/७९
रिपोर्टेवल सेग्मेन्ट्सको कुल दायित्व	**२८५,९७७,९१५,३२६**	**२६४,३२७,०२३,५११**
अन्य दायित्व	-	-
बाँडफाँड नभएको दायित्व	-	-
बैंकको दायित्व	**२८५,९७७,९१५,३२६**	**२६४,३२७,०२३,५११**

५. रिपोर्टेवल सेग्मेन्ट्सहरूले प्रदान गर्ने सेवा सम्बन्धी जानकारी

		२०७९/८०	२०७८/७९
(क)	**विप्रेषण**	**३९३,३३१,८६७**	**२३६,५६१,८७८**
	विप्रेषण शुल्क तथा कमिसन	४७,०६३,०५६	२९,९०२,०९१
	IBT व्याज आम्दानी	३०२,८४२,७११	१७७,८४७,०१५
	विदेशी मुद्रा आम्दानी	४१,३७३,६९७	२५,५०९,६४७
	अन्य शुल्क तथा कमिसन	२,०५२,४०४	३,३०३,१२५
(ख)	**भुक्तानी समाधान (कार्ड्स)**	**५७९,६३३,२४४**	**५१०,०४२,६२७**
	Interchange Income	८०,२२१,५५२	७१,४३२,७४६
	क्रेडिट कार्ड	२३,३४८,९८४	८१,३४९,२६२
	डेबिट कार्ड	१२९,९१९,३२८	१११,१८१,६७६
	प्रिपेड कार्ड	६,५१०,२५४	६,४५८,२७८
	ए.टि.एम. शुल्क	३९,५५०,५७४	३२,०६१,११३
	मर्चेन्ट सेटलमेन्ट् शुल्क तथा कमिसन	६२,०७२,५३५	३८,९८४,३८४
	अन्य शुल्क तथा कमिसन	२३४,९२०,२७७	१६३,८४८,६२५
	विदेशी मुद्राको कारोबारबाट नाफा	३,०८९,७३९	४,७२६,५४४
(ग)	**ट्रेजरी**	**४,२७२,२१४,५४५**	**३,०१७,५३४,८३७**
	लगानीबाट भएको आम्दानी	३,७७८,७१४,६३९	२,१३७,४०३,७७४
	शेयर तथा बोण्ड र वित्तीय उपकरण खरिद तथा विक्रीबाट भएको आम्दानी	-	(१०,४५८,५३०)
	Bullion Trading Income	१०,५२९,०६९	७,६८८,७०१
	लाभांशबाट आम्दानी	१४७,८०५,६३०	४२८,९०५,१७५
	विदेशी मुद्राको कारोबारबाट नाफा	१३०,९०८,४५०	३१४,५२९,०९४
	IBT आम्दानी	-	६४,५०७,७९४
	नोस्ट्रो बैंकबाट रिबेट	१५,८६४,०७४	१५,४५८,२२१
	अन्य शुल्क तथा कमिसन	१८८,३९२,६८२	५९,५००,६०७

(घ)	**बैंकिङ्ग**	**३६,३३४,६८६,२८१**	**२७,००९,९४३,७१५**
	व्याज आम्दानी	२३,४५८,६६८,५५८	१९,०६६,५९५,३२७
	बिल खरिद तथा डिस्काउन्ट सेवाबाट आम्दानी	१४,१००,०२१	३६,११३,६३९
	प्रतितपत्र जारी गरेको वापत आम्दानी	१३१,२९०,७४८	१०२,८७३,०८६
	जमानतपत्र जारी गरेको वापत आम्दानी	१९१,०४८,५८६	१४७,८८९,६४५
	कागजात संकलन सेवाबाट आम्दानी	६५,२६५,९४०	९,९३९,८६४
	विप्रेषणबाट आम्दानी	४४,७२७,११३	४१,००१,२५३
	बैंकास्योरेन्स सेवाबाट आम्दानी	७,२७४,२७६	९,२७७,८१४
	स्विफट् शुल्कबाट आम्दानी	२९,४४१,३९५	३०,९०८,७७६
	विदेशी मुद्राबाट नाफा	११३,१२४,८९९	१५६,८५०,०२८
	सम्पत्तिको बिक्रीमा लाभ	१६,८३८,०७७	(२,८०२,७६०)
	IBT आम्दानी	११,२६७,७७२,७७६	७,३११,९५६,८२०
	अन्य बैकिङ्ग सेवाहरूबाट आम्दानी	९९७,३१२,०४९	९९,३४०,२२३
कुल आय (अन्तर सेग्मेन्ट् आम्दानी पनि समावेश गरी)		**४१,६६३,४००,७६१**	**३०,७७४,०८३,०५७**

६. भौगोलिक क्षेत्र सम्बन्धी जानकारी

		२०७९/८०	२०७८/७९
क)	**स्वदेशी**	**४१,६६३,४००,७६१**	**३०,७७४,०८३,०५७**
	कोशी प्रदेश	३,४६६,५१८,९१०	२,५५०,८७६,९४२
	मधेस प्रदेश	३,५३४,३०७,७९५	२,६३६,६८३,८०७
	बाग्मती प्रदेश	२७,१४१,९१९,१९६	२०,०५६,७४५,५०१
	गण्डकी प्रदेश	२,४९६,८२९,५३१	१,८१४,९१३,५८६
	लुम्बिनि प्रदेश	३,६२९,७२०,८६३	२,६२९,८३७,०६०
	कर्णाली प्रदेश	२९५,२८३,७६४	२२९,५९९,९६७
	सुदुरपश्चिम प्रदेश	१,०९८,८२०,७०१	८५५,४२६,१९३
ख)	**विदेशी**	-	-
जम्मा		**४१,६६३,४००,७६१**	**३०,७७४,०८३,०५७**

७. प्रमुख ग्राहक सम्बधी जानकारी:

२०८० आषाढ मसान्त र २०७९ आषाढ मसान्तसम्म यस बैंकको कुनै पनि वाह्य ग्राहकको व्यक्तिगत योगदान बैंकको आम्दानीको १०% वा त्यो भन्दा बढी रहेको छैन ।

५.६ शेयर अप्शन र शेयरमा आधारित भुक्तानी

शयेर अप्शन सम्झौता भनेको त्यस्तो करार हो जस अन्तर्गत अधिकार धारकलाई निश्चित अवधिसम्म बैंकको शेयर निश्चित मूल्य वा निर्धारण योग्य मूल्यमा खरिद गर्न सक्ने अधिकार प्रदान गरिएको हुन्छ । यदि बैंकले कुनै वस्तु वा सेवा खरिद गरे वापतको भुक्तानी आफ्नो शेयर जारी गरेर वा आफ्नो शेयर वा अन्य इक्विटी उपरकणको मूल्यलाई आधार बनाएर गर्दछ भने त्यस्तो भुक्तानीलाई शेयरमा आधारीत भुक्तानी भनिन्छ ।

बैंकले २०८० आषाढ ३१ सम्म कुनै पनि शेयर अप्शन वा शेयरमा आधारीत भुक्तानी सम्बन्धित सम्झौता गरेको छैन ।

५.७ सम्भावित दायित्व तथा प्रतिबद्धता

सम्भावित दायित्व

बैंकको सम्भावित दायित्वमा मुख्य रूपले बैंकले आफ्नो ग्राहकहरूको तर्फबाट भुक्तानी गर्नको लागि जारी गरेको जमानत जस्तैकी पर्फरमेन्स बोन्ड वा इरिभोकेवल प्रतितपत्र, जसको रिर्पोटिङ्ग मिति सम्ममा भुक्तान गर्ने दायित्व सिर्जना भएको छैन, ती जमानतहरू वापतको कुल रकम पर्दछ । यस बाहेक बैंकको सम्भावित दायित्वमा आयकर सम्बधी मुद्दामामिलाहरूको विवादित रकम पर्दछ ।

प्रतिबद्धता

आसाढ मसान्तसम्म स्वीकृत भैसकेका कर्जाहरूको हकमा प्रवाह हुन बाँकी रकमलाई बैंकले प्रतिबद्धताको रूपमा आफ्नो वित्तीय विवरणहरूमा समावेश गर्दछ ।

आषाढ ३१, २०८० र आषाढ ३२, २०७९ मा रहेका सम्भावित दायित्व तथा प्रंतिवद्धतताहरूको विस्तृत विवरण **नोट नं. ४.२८ (नोट नं. ४.२८.१ देखि ४.२८.५ सम्म)** मा उल्लेख गरिएको छ ।

५.८ सम्बन्धित पक्षहरूको विवरण

यदि एउटा पक्षले अर्को पक्षलाई नियन्त्रण गर्न सक्ने वा अर्को पक्षको वित्तीय वा संचालन सम्बधी निर्णयहरूलाई प्रभाव पार्न सक्ने भएमा ती पक्षहरू सम्बन्धित मानिन्छन् । सम्बन्धित पक्षहरूमा सहायक कम्पनीहरू, सम्बद्ध कम्पनीहरू, बैंकका मुख्य शेयरधारकहरू, संचालकहरू, व्यवस्थापकहरू र उनीहरूका नजिकका परिवारिक सदस्यहरू पर्दछन् ।

बैंकले जसरी दुई असम्बन्धित पक्षहरू भएको खण्डमा कारोवार गर्दछ, त्यसरी नै आफ्नो सम्बन्धित पक्षहरूहरूसँग त्यस्तै शर्तहरूमा कारोवार गर्दछ ।

५.८.१ सहायक कम्पनीहरू

सिद्धार्थ क्यापिटल लिमिटेडमा बैंकको ५१ प्रतिशत शेयर भएकोले सिद्धार्थ क्यापिटल लिमिटेडलाई बैंकले सहायक कम्पनीको रूपमा सम्बन्धित पक्ष मानेको छ । बैंक र सिद्धार्थ क्यापिटल लि. बिच भएका कारोवारको विवरण देहाय बमोजिम छन् :

वर्ष भरी भएको कारोवार	२०७९/८० (रू.)	२०७८/७९ (रू.)
सिद्धार्थ क्यापिटल लिमिटेडले सिद्धार्थ बैंकमा राखेको call deposit	३४७,६६८,४१८	३९४,१६८,०८२
सिद्धार्थ क्यापिटल लिमिटेडले सिद्धार्थ बैंकमा राखेका रकममा कमाएको व्याज	१०,८५४,१०८	५,५८२,४३६
सिद्धार्थ क्यापिटल लिमिटेडले कमाएको शेयर RTS शुल्क	७९३,७९६	८०१,३४४
सिद्धार्थ बैंक लिमिटेडले कमाएको DP related आम्दानी	१,१८७,१४३	-
सिद्धार्थ क्यापिटल लिमिटेडले व्यवस्थापन गरेको "सिद्धार्थ इक्विटी फण्ड" मा बैंकले गरको लगानी (अन्तिम मौज्दात)	२२५,०००,०००	२२५,०००,०००
सिद्धार्थ क्यापिटल लिमिटेडले व्यवस्थापन गरेको "सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्किम २" मा बैंकले गरको लगानी (अन्तिम मौज्दात)	२१०,०००,०००	२१०,०००,०००
सिद्धार्थ क्यापिटल लिमिटेडले व्यवस्थापन गरेको "सिद्धार्थ सिस्टमेटिक इन्भेष्टमेन्ट स्किम" मा बैंकले गरको लगानी (अन्तिम मौज्दात)	४५,४४५,०००	२३,९७०,०००
सिद्धार्थ क्यापिटल लिमिटेडले व्यवस्थापन गरेको "सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्किम ३" मा बैंकले गरको लगानी (अन्तिम मौज्दात)	१२०,०००,०००	-

माथि उल्लेखित कारोवारहरूमध्य सिद्धार्थ क्यापिटल लिमिटेडले व्यवस्थापन गरेको म्युचुअल फण्डहरूमा गरेको लगानी र फिर्ता पाएका रकम बाहेकका कारोवारहरू बैंकको एकिकृत वित्तीय विवरणहरूमा हटाइएको छ ।

५.८.२ सम्बद्ध कम्पनीहरू

बैंक र सम्बद्ध कम्पनीहरू बीच भएको कारोवार पनि NAS-24 "Related Party Disclosures" अन्तर्गतको सम्बन्धित पक्षको परिभाषामा पर्दछ । यदि बैंकले कुनै कम्पनीको वित्तीय वा संचालन नीतिहरूमाथि नियन्त्रण वा संयुक्त नियन्त्रण नभए पनि ती नियमावलीहरू सम्बधी निर्णयहरूमा महत्वपूर्ण प्रभाव पार्न सक्दछ भने त्यस्ता कम्पनीलाई बैंकले सम्बद्ध कम्पनी मान्दछ ।

आषाढ ३१, २०८० र आषाढ ३२, २०७९ मा बैंकले लगानी गरेका कम्पनीहरू मध्य कुनै पनि कम्पनीको वित्तीय वा संचालन नियमावलीहरू सम्बधी निर्णयहरूमा बैंकले महत्वपूर्ण प्रभाव पारेको छैन ।

५.८.३ बैंकका संचालकहरू र मुख्य व्यवस्थापकहरू

संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण मानिने व्यक्तिहरू तथा उनीहरूका नजिकका परिवारिक सदस्यहरू पनि सम्बन्धित पक्षको परिभाषामा पर्दछन् । NAS 24 "Related Party Disclosures" अनुसार संस्थाको गतिविधिहरू सम्बधी योजना बनाउने, निर्देशन दिने र नियन्त्रण गर्ने अधिकार तथा जिम्मेवारी पाएका व्यक्तिहरूलाई त्यस संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण मानिने व्यक्तिहरूको रूपमा लिइन्छ । बैंकले यस परिभाषा अनुरूप बैंकको संचालक समितिका सदस्यहरू, प्रमुख कार्यकारी अधिकृत तथा सम्पूर्ण व्यवस्थापन तहका कर्मचारीहरूलाई बैंककोव्यवस्थापनको लागि महत्वपूर्ण व्यक्तिहरूको रूपमा पहिचान गरेको छ ।

आषाढ मसान्त २०८० मा बैंकको संचालक समितिका सदस्यहरू तथा प्रमुख कार्यकारी अधिकृत निम्न उल्लेखित व्यक्तिहरू हुन् :

श्री मनोज कुमार केडिया	अध्यक्ष
श्री नरेन्द्र कुमार अग्रवाल	संचालक
श्री राहुल अग्रवाल	संचालक
श्री दिनेश शंकर पालिखे	संचालक
श्री अंकित केडिया	संचालक
श्रीमति मिना कुमारी सैंजु	स्वतन्त्र संचालक
श्री सुन्दर प्रसाद कडेल	प्रमुख कार्यकारी अधिकृत

(क) संचालक समितिका सदस्यहरूको भत्ता तथा सुविधाहरू

संचालक समितिका सबै सदस्यहरू गैर कार्यकारी संचालक हुन् । आ.व. २०७९/८० मा गैर कार्यकारी संचालकहरूलाई प्रदान गरिएको भत्ता तथा सुविधाहरूको विवरण देहाय बमोजिम छन् :

संचालक समिति बैठक भत्ता	रू. १,६८८,०००
अन्य सुविधाहरू	रू. २,५९८,७२४

यी भत्ता तथा सुविधाहरू बैंकको वार्षिक साधारण सभामा स्वीकृत भएका भत्ता तथा सुविधाहरू हुन् ।

(ख) बैंकका मुख्य व्यवस्थापकहरूलाई प्रदान गरिएको तलव तथा सुविधाहरू

आ.व. २०७९/८० मा मुख्य व्यवस्थापकहरूलाई प्रदान गरिएको तलव तथा सुविधाहरूको विवरण देहाय बमोजिम छन् :

तलव तथा सुविधाहरूको प्रकृति	कुल रकम (रू.)	कैफियत
अल्पकालीन सुविधा	३५०,५६४,२१४	व्यवस्थापन तहका कर्मचारीको तलब, संचयकोष तथा भत्ता (व्यवस्थापन तहमा सहायक प्रवन्धक तह र सो भन्दा माथि का कर्मचारीहरू पर्दछन् ।)
सेवा अवधि पश्चातको सुविधा	-	
अन्य दिर्घकालिन कर्मचारी सुविधाहरू	२१,५६५,०५५	बिरामी बिदा र वार्षिक बिदा
अवकाश सुविधा	४२,३२५,४५७	योग्यता पुगेका व्यवस्थापन तहका कर्मचारीहरूलाई उपदान सुबिधा
शेयरमा आधारित भुक्तानी	-	

५.९ मर्जर तथा एक्विजिसन

बैंकले आ.व. २०७९/८० मा कुनै मर्जर तथा एक्विजिसन गरेको छैन ।

५.१० वित्तीय विवरणमा एकिकरण नगरिएका संस्थाहरूको थप विवरण

यदि देहायका संस्थाहरूमा रिपोर्टिङ संस्थाको स्वार्थ छ भने NAS 24 "Disclosure of Interests in Other Entities" को आवश्यकताहरू लागु हुनेछन् :

- सहायक कम्पनीहरू
- ज्वाइन्ट अरेन्जमेन्ट्स (ज्वाइन्ट अपरेशन अथवा ज्वाइन्ट भेन्चर)
- सम्बद्ध कम्पनी
- एकिकरण नगरिएका संरचित संस्थाहरू

बैंकले सहायक कम्पनी र सम्बद्ध कम्पनीमा रहेको स्वार्थको विवरण नोट नं ५.७ "सम्बन्धित पक्षहरू" मा उल्लेख गरिसकेको छ । यस बाहेक आषाढ ३१, २०८० तथा आषाढ आषाढ ३२, २०७९ मा बैंकको कुनै पनि ज्वाइन्ट अरेन्जमेन्ट्स वा एकिकरण नगरिएका संरचित संस्थाहरूमा स्वार्थ छैन ।

५.११ रिपोर्टिङ अवधि पछिका घटनाहरू

रिपोर्टिङ अवधि र वित्तीय विवरण जारी गरिने मितिको बीचमा घटेका अनुकुल वा प्रतिकुल घटनाहरूलाई रिपोर्टिङ अवधि पछिका घटनाहरू भनिन्छ ।

रिपोर्टिङ अवधि पछिका घटनाहरूको लेखाङ्कन र रिपोर्टिङको लागि NAS-10 "Events after the Reporting Period" को पालना गरिन्छ ।

- **रिपोर्टिङ अवधि पछिका समायोजन हुने घटनाहरू**

नेपाल राष्ट्र बैंकद्धारा जारी एकिकृत निर्देशिका बमोजिमको व्यवस्था अनुसार बैंकले आषाढ मसान्तसम्म पाकेको ब्याज वर्षान्त पछिको श्रावण १५, २०८० सम्म असुली भएको रकमलाई बैंकले आ.व. २०७९/८० को नियमकीय नाफा/नोक्सानी गणना गर्दा आम्दानी जनाएको छ ।

- **रिपोर्टिङ अवधि पछिका समायोजन नहुने घटनाहरू**

आश्विन २४, २०८० मा बसेको संचालक समितिको बैठकले आ.व. २०७९/८० को लागि चुक्ता पूँजीको ४.२१% नगद लाभांश (कर प्रयोजनको लागि समेत) अर्थात रकममा रू. ५९३,१८८,१६६ प्रस्ताव गरेको छ । सम्पूर्ण नगद लाभांश संचित मुनाफाबाट बाँडिने छ ।

बैंकले माथि उल्लेख गरिएको प्रस्तावित नगद लाभांशलाई **NAS 10 "Event After the Reporting Period"** अनुसार रिपोर्टिङ अवधि पछिका समायोजन नहुने घटना मानेको हुनाले आ.व. २०७९/८० को वित्तीय विवरणमा

उक्त घटनाहरूलाई समायोजन गरेको छैन । शेयरधनीहरूद्वारा साधरण सभामा लाभांशको प्रस्ताव पारित भए पश्चात् बैंकले उक्त लाभांशको समायोजन तथा लेखाङ्कन गर्नेछ ।

५.१२ NFRS का Carve-outs

नेपाल चार्टर्ड एकाउन्टेन्स संस्था (ICAN) ले NFRS कार्यान्वयन गर्नका लागि जारी गरेका carve- outs मध्य तल उल्लेख गरिएका carve- outs बैंकले आ. व. २०७९/८० को वित्तीय विवरण तयार गर्दा उपयोग गरेको छ ।

- NFRS 9-वित्तीय उपकरण : Para 5.5 कर्जा नोक्सानी व्यवस्था सम्बन्धी
- NFRS 9-वित्तीय उपकरण : Para 5.4 read together with appendix A [Defined Terms] (समायोजित ब्याज दर - Effective Interest Rate सम्बन्धी)

क) NFRS 9 - वित्तीय उपकरण : Para 5.5 कर्जा नोक्सानी व्यवस्था सम्बन्धी

Carve out ले गरेको बैकल्पिक व्यवस्था बमोजिम बैंकले नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनको निर्देशन नं. २ बमोजिम आएको कर्जा नोक्सानी व्यवस्था वा "Incurred Loss Model" बमोजिम आएको कर्जा नोक्सानी व्यवस्था मध्य जुन बढी हुन्छ सोलाई कर्जा नोक्सानी व्यवस्थाको रूपमा लेखाङ्कन गर्नुपर्ने प्रावधान रहेको छ ।

विवरण	२०७९/८० (रू.)	२०७८/७९ (रू.)
नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनको निर्देशन नं. २ बमोजिम आएको कर्जा नोक्सानी व्यवस्था	४,९६९,९५०,३६६	३,७८२,३८९,१८९
Incurred Loss Model बमोजिम आएको कर्जा नोक्सानी व्यवस्था	७४७,३९०,४३३	६११,९४७,९२८

दुबै आ.व. मा नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनको निर्देशन नं. २ बमोजिम आएको कर्जा नोक्सानी व्यवस्था बढी भएकोले कर्जा नोक्सानी व्यवस्था त्यस अनुरूप गरिएको छ ।

बैंकले वित्तीय विवरण तयार गर्दा १.३०%, ५% र २१.३०% को दरले कर्जा नोक्सानी व्यवस्था गरिएको रकमलाई सामुहिक कर्जा नोक्सानी व्यवस्थामा वर्गीकरण गरेको छ भने १२.५%, २५%, ५०% र १००% को दरले कर्जा नोक्सानी व्यवस्था गरिएका रकमलाई व्यक्तिगत कर्जा नोक्सानी व्यवस्थामा वर्गीकरण गरेको छ ।

ख) NFRS 9-वित्तीय उपकरण : Para 5.4 read together with appendix A [Defined Terms] (समायोजित ब्याज दर - Effective Interest Rate सम्बन्धी)

NFRS 9 को व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरूले कर्जा लगानीबाट हुने ब्याज आम्दानी उक्त लगानी गर्दा प्राप्त सेवा शुल्क र कमिशनलाई समायोजन गरी हुन आउने समायोजित ब्याज दर (Effective Interest Rate) मा गर्नु पर्ने व्यवस्था रहेको छ ।

तर carve out ले गरेको बैकल्पिक व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरूले कर्जा लगानीबाट हुने ब्याज आम्दानी उक्त लगानी गर्दा प्राप्त सेवा शुल्क र कमिशनलाई समायोजन गरी हुन आउने समायोजित ब्याज दर (Effective Interest Rate) मा गर्नु पर्ने व्यवस्था रहेकोमा सो गर्न अव्यवहारिक हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ ।

बैंकले उपरोक्त वैकल्पिक व्यवस्था अनुसार कर्जा प्रवाह गर्दा प्राप्त सेवा शुल्क तथा कमिशनलाई समायोजित ब्याज दरमा समायोजन गरेको छैन ।

५.१३ साधारण जगेडा कोष

बैंक तथा वित्तीय संस्था सम्बधी ऐन, २०६३ को दफा ४४ को व्यवस्था बमोजिम खुद मुनाफाको २०% रकम तथा यस आ.व.मा परिपक्व भएका अन्य विस्तृत आम्दानी मार्फत उचित मूल्यमा मापन गरिएका सामूहिक लगानी

कोषहरूमा भएको नाफाको २०% रकम साधारण जगेडा कोषमा स्थानान्तरण गरिएको छ । बैंकले यस आर्थिक बर्ष २०७९/८० को नाफाबाट साधारण जगेडा कोषमा रू. ६३३,३५४,२६९/- स्थानान्तरण गरेको छ । आषाढ ३१, २०८० मा साधारण जगेडा कोषको मौज्दात रू. ४,४०९,१९५,७५२/- रहेको छ ।

५.१४ सटही घटबढ कोष

बैंक तथा वित्तीय संस्था सम्बधी ऐन, २०६३ को दफा ४५ को व्यवस्था बमोजिम विदेशी विनियमको पूनर्मूल्याङ्कनमा लाभ भएमा सो लाभको २५% रकम सटही घटबढ कोषमा स्थानान्तरण गर्नु पर्दछ । आ.व. २०७९/८० मा यस वर्षको मुनाफाबाट रू. २४,१९०,२५५ सटही घटबढ कोषमा सारिएको छ । आषाढ ३१, २०८० मा सटही घटबढ कोषको मौज्दात रू. ६९,८८८,५९६/- रहेको छ ।

विवरण	रकम (रू.)
शुरूको मौज्दात (१ श्रावण २०७९)	४५,६९८,३४१
आ.व. २०७९/८० मा सटही घटबढ कोषमा स्थानान्तरण गरेको रकम	२४,१९०,२५५
अन्तिम मौज्दात (३१ आषाढ, २०८०)	**६९,८८८,५९६**

५.१५ ऋणपत्र भुक्तानी जगेडा कोष

नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार ऋणपत्र भुक्तानी जगेडा कोष सृजना गरिएको छ । बैंकले यस आर्थिक वर्षमा रू. १,४६०,४२६,५००/-बराबरको रकम ऋणपत्र भुक्तानी जगेडा कोषमा स्थानान्तरण गरेको छ । आषाढ ३१, २०८० मा ऋणपत्र भुक्तानी जगेडा कोषको मौज्दात रू ३,०४१,७०६,०००/- रहेको छ ।

विवरण	रकम (रू.)
शुरूको मौज्दात (१ श्रावण २०७९)	१,५८१,२७९,५००
आ.व. २०७९/८० मा ऋणपत्र भुक्तानी जगेडा कोषमा स्थानान्तरण गरेको रकम	१,४६०,४२६,५००
अन्तिम मौज्दात (३१ आषाढ, २०८०)	**३,०४१,७०६,०००**

ऋणपत्र भुक्तानी जगेडा कोषको विस्तृत विवरण :

ऋणपत्र	ऋणपत्र २०८२	ऋणपत्र २०८३	ऋणपत्र २०८४	जम्मा
आ.व. २०७६/७७	३६०,४२६,५००	-	-	३६०,४२६,५००
आ.व. २०७७/७८	३६०,४२६,५००	-	-	३६०,४२६,५००
आ.व. २०७८/७९	३६०,४२६,५००	५००,०००,०००	-	८६०,४२६,५००
आ.व. २०७९/८०	**३६०,४२६,५००**	**५००,०००,०००**	**६००,०००,०००**	**१,४६०,४२६,५००**
आ.व. २०८०/८१	३६०,४२६,५००	५००,०००,०००	६००,०००,०००	१,४६०,४२६,५००
आ.व. २०८१/८२	३६०,४२६,५००	५००,०००,०००	६००,०००,०००	१,४६०,४२६,५००
आ.व. २०८२/८३	-	५००,०००,०००	६००,०००,०००	१,१००,०००,०००
आ.व. २०८३/८४			६००,०००,०००	६००,०००,०००
जम्मा	**२,१६२,५५९,०००**	**२,५००,०००,०००**	**३,०००,०००,०००**	**७,६६२,५५९,०००**

५.१६ पूँजी समायोजन कोष

विवरण	रकम (रू.)
शुरूको मौज्दात (१ श्रावण २०७९)	५१९,४२७,८३२
पूँजी समायोजन कोषबाट आ.व. २०७८/७९ को बोनश शेयर जारी गरेको रकम	(५००,०००,०००)
अन्तिम मौज्दात (३१ आषाढ, २०८०)	**१९,४२७,८३२**

५.१७ लगानी समायोजन कोष

नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार कर्जा सूचना केन्द्र, नेपाल क्लियरिङ्ग हाउस लि. र नेसनल बैंकिङ्ग ट्रेनिङ्ग इन्स्टीच्युट बाहेकका अन्य विस्तृत आम्दानी मार्फत उचित मूल्यमा मूल्याङ्कन गरिएका शेयर (इक्विटी) भनी वर्गीकरण गरिएका लगानीहरूको लागि लगानी समायोजन कोष सिर्जना गरिएको छ । यस आर्थिक बर्षसम्म लगानी समायोजन कोषमा रू. ११,३६५,१६७/- रहेको छ ।

विवरण	रकम (रू.) मा	कोष %	लगानी समायोजन कोष
कर्जा सूचना केन्द	१,९०७,६००	ने.रा.बैंकबाट छुट	-
नेपाल क्लियरिङ्ग हाउस लि.	१७९,४०२,६००	ने.रा.बैंकबाट छुट	-
नेसनल बैंकिङ्ग ट्रेनिङ्ग इन्स्टीच्युट	१,८३४,८६०	ने.रा.बैंकबाट छुट	-
नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिस्टम लि.	१५,०००,०००	ने.रा.बैंकबाट छुट	-
ICRA नेपाल लि.	७६०,०००	१००%	७६०,०००
प्रभु क्यापिटल लि.	४,५००,०००	१००%	४,५००,०००
स्विफ्ट एस.सि.	६,१०५,१६७		६,१०५,१६७
जम्मा	**२०९,५१०,२२७**		**११,३६५,१६७**

५.१८ अन्य कोषहरू

क) कर्मचारी तालिम कोष

नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन अनुसार गत आर्थिक वर्षको कुल कर्मचारी तलब र भत्ताको ३% रकम कर्मचारी तालिम तथा विकासमा खर्च गर्नु पर्ने व्यस्थामा रहको छ । यदि सो रकम वर्षको अन्त्य सम्ममा पनि खर्च गर्न नसकेको खण्डमा बाँकी रकम कर्मचारी तालिम कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ । तसर्थ यस आर्थिक वर्षमा बैंकले कर्मचारी तालिम कोषमा खर्च नभएको रकम रू. २१,३७१,१०० स्थानान्तरण गरेको छ । आषाढ ३१, २०८० मा कर्मचारी तालिम कोषको मौज्दात रू. ५३,५६६,१५५/- रहेको छ ।

विवरण	रकम (रू.)
शुरूको मौज्दात (१ श्रावण २०७९)	३२,१९५,०५५
आ.व. २०७८/७९ को कुल कर्मचारी तलब र भत्ताको ३% रकम	५०,२६०,०६४
आ.व. २०७९/८० मा कर्मचारी तालिम तथा विकासमा खर्च भएको कुल रकम	(२८,८८८,९६४)
अन्तिम मौज्दात (३१ आषाढ, २०८०)	**५३,५६६,१५५**

ख) संस्थागत सामाजिक उत्तरदायित्व कोष

नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार बैंकले आफ्नो समीक्षा वर्षको मुनाफाबाट १% संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा गर्नुपर्ने छ । बैंकले आर्थिक बर्ष २०७९/८० को मुनाफाबाट रू. ३१,६६७,७१३/- संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा गरेको छ । आषाढ ३१, २०८० मा सामाजिक उत्तरदायित्व कोषको मौज्दातरू. ५०,९५०,२३०/- रहेको छ ।

विवरण	रकम (रू.)
शुरूको मौज्दात (१ श्रावण २०७९)	**४०,४८०,६१०**
आर्थिक वर्ष २०७९/८० को मुनाफाबाट १% संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा गर्नुपर्ने रकम	३१,६६७,७१३
संस्थागत सामाजिक उत्तरदायित्व कोषबाट संस्थागत सामाजिक उत्तरदायित्व सम्बधी गरिएको कुल खर्च	(२१,१९८,०९३)
अन्तिम मौज्दात (३१ आषाढ, २०८०)	**५०,९५०,२३०**

आ.व. २०७८/७९ मा बैंकले गरेको सामाजिक उत्तरदायित्व क्रियाकलापहरूको प्रदेशिय तथा क्षेत्रिय विवरण :

प्रदेश	क्षेत्र	रकम (रू.)
कोशी	शिक्षा	२१६,०००
	वातावरण	५१,८२५
	वित्तीय साक्षरता	४०४,०६१
	स्वास्थ	५,८१०,४५०
	वन्यजिन्तु संरक्षण	२००,०००
कोशी प्रदेशमा गरेको सामाजिक उत्तरदायित्व क्रियाकलापहरूको कुल रकम		**६,६८२,३३६**
मधेश	शिक्षा	२०,३३०
	वातावरण	७०,०००
	वित्तीय साक्षरता	३४०,६४९
	स्वास्थ	६,४८४,१५६
मधेश प्रदेशमा गरेको सामाजिक उत्तरदायित्व क्रियाकलापहरूको कुल रकम		**६,९१५,१३५**
बाग्मती	संस्कृति	१८१,६००
	उचित कार्य तथा आर्थिक वृद्धि	६५,०००
	शिक्षा	४८६,२२०
	वातावरण	१,२११,९८१
	वित्तीय साक्षरता	५५०,६२६
	स्वास्थ	१,४४७,९०९
	दिगो सहर तथा समुदाय	४८,१८८
	पर्यटन	८०,०००
बाग्मती प्रदेशमा गरेको सामाजिक उत्तरदायित्व क्रियाकलापहरूको कुल रकम		**४,०७१,५२४**
गण्डकी	शिक्षा	२५,०००
	वातावरण	३४,९७७
	वित्तीय साक्षरता	३३६,०३६
	स्वास्थ	१४५,०००
	दिगो सहर तथा समुदाय	१४६,१२५
	पर्यटन	२०१,०००
गण्डकी प्रदेशमा गरेको सामाजिक उत्तरदायित्व क्रियाकलापहरूको कुल रकम		**८८८,१३८**
लुम्बिनि	शिक्षा	१५४,७००
	वातावरण	१३८,३६८
	वित्तीय साक्षरता	३५५,४३६
	स्वास्थ	४९९,८५०
लुम्बिनि प्रदेशमा गरेको सामाजिक उत्तरदायित्व क्रियाकलापहरूको कुल रकम		**१,१४८,३५४**
कर्णाली	संस्कृति	६८,०००
	शिक्षा	५४,०००
	वातावरण	१०,०००
	वित्तीय साक्षरता	३१३,०३६
	खालौं बैंक खाता अभियान	६२,१००
कर्णाली प्रदेशमा गरेको सामाजिक उत्तरदायित्व क्रियाकलापहरूको कुल रकम		**५०७,१३६**

सुदूरपश्चिम	संस्कृति	२००,०००
	शिक्षा	१००,०००
	वातावरण	२३४,७६०
	वित्तीय साक्षरता	३८५,७१६
	स्वास्थ	१५,०००
	पर्यटन	५०,०००
सुदूरपश्चिम प्रदेशमा गरेको सामाजिक उत्तरदायित्व क्रियाकलापहरूको कुल रकम		**९८५,४७६**
जम्मा		**२१,१९८,०९३**

ग) नियमनकारी कोष

नेपाल राष्ट्र बैंक एकिकृत निर्देशिन ४ बमोझिम बैंकले देहाएका रकम नियमनकारी कोषमा स्थानान्तरण गरेको छ :

आ.व.	प्राप्त हुन बाँकी व्याज रकम	लगानीमा संभावित नोक्सानी व्यवस्थाको अपर्याप्तता	गैर बैंकिङ्ग सम्पत्तिको नोक्सानी व्यवस्था	विमाङ्किक (Actuarial) घाटाको लेखाङ्कन	अन्य	जम्मा
२०७४/७५	३०८,९९०,०८५	१२८,३९३,३०१	१५४,६३७,५३५	४५,८०१,८०३	-	६३७,८२२,७२४
२०७५/७६	(५१३,५३५)	(१२८,३९३,३०१)	(३१,२८६,८३१)	११२,१८८,३३०	-	(४८,००५,३३७)
२०७६/७७	१,८१२,१७४	-	(३७,२८७,८२५)	२५,३३३,७३९	३२,२१६,१८३	२२,०७४,२७१
२०७७/७८	(४६,३३७,०६५)	-	९७,२९३,६४२	१३,३६०,६२९	(३२,२१६,१८३)	३२,१०१,०२३
२०७८/७९	१३७,३८८,३६४		(४८,९७२,७२६)	११५,७४६,४३५		२०४,१६२,०७३
२०७९/८०	२५२,८८०,०२५	-	२७७,९७४,८२३	(८८,७५३,२३४)	९५,८६१,८७३	५३७,९६३,४८२
जम्मा	**६५४,२२०,०४८**	**-**	**४१२,३५८,६१८**	**२२३,६७७,७०२**	**९५,८६१,८७३**	**१,३८६,११८,२३७**

५.१९ विदेशी मुद्रामा लिइएको ऋण

बैंकले चैत्र ३१, २०७९ मा International Finance Corporation (IFC) बाट ३ वर्षको लगि ५ करोड ५० लाख अमेरिकी डलर ऋण लिएको छ । यो रकम बैंकले MSME तथा Climate financing मा ऋण लगानी गर्नेछ । साथै, बैंकले यो रकम वातवरण मैत्री परियोजनाहरू तथा low carbon mobility परियोजनाहरूमा समेत ऋण लगानी गर्नेछ ।

यस बाहेक बैंकले स्टाण्डर्ड चार्टर्ड बैंक लिमिटेड, सिङ्गापुर बाट लिएको ८० लाख अमेरिकी डलरको ऋण आ.व. २०७९/८० मा चुक्ता गरेको छ ।

५.२० नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी

यस वित्तीय विवरणको नोट न. ४.१८ नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी शीर्षकमा आ.व. २०७९/८० मा उल्लेख्य कमी देखिएको छ । सो कमी हुनुको प्रमुख कारण बैंकले नेपाल राष्ट्र बैंकबाट आ.व. २०७८/७९ को अन्त्यमा लिएको रू. १९ अर्ब ७० करोड बराबरको स्थायी तरलता सुविधा हो जुन आ.व. २०७९/८० को अन्त्यमा शुन्य रहेको छ ।

५.२१ भारित औसत व्याजदरको अन्तर

विवरण	दर (%)
कर्जा तथा सापटीमा भारित औसत व्याज दर	११.९०
निक्षेप तथा कर्जामा भारित औसत व्याज दर	७.९१
खुद भारित औसत व्याज दर अन्तर	**३.९९**

५.२२ हिसाब मिलान स्थिति

बैंकले नियमित रूपमा अन्तर शाखा र एजेन्सी हिसाब मिलान गर्दै आएको छ । हिसाब मिलान नभई वक्यौता रहेको शाखा मिलान हिसाब र एजेन्सी मौज्दात हिसाबको हिसाब मिलान अवस्था बारे भाखा नाघेका अवधि अनुसारको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

रकम (रू. हजारमा)

मिलान अवस्था	लेजर क्रेडिट	स्टेटमेन्ट क्रेडिट	लेजर डेबिट	स्टेटमेन्ट डेबिट
१ महिना भन्दा कम	१६१,१२०	२६,५८७	३०,६०६	९५४,६२२
१ महिनादेखि बढी र ३ महिना भन्दा कम	३९	७८९	-	-
३ महिनादेखि बढी र ९ महिना भन्दा कम	५	१,०१८	-	-
९ महिना भन्दा बढी	३	-	-	७५७
जम्मा	**१६१,१६७**	**२८,३९४**	**३०,६०६**	**९५५,३७९**

५.२३ गैर बैंकिङ्ग सम्पतिको विवरण

३१ आषाढ, २०८० मा बैंकको गैर बैंकिङ्ग सम्पति देहाय बमोजिम रहेको छः

ऋणीको नाम	गैर बैंकिङ्ग सम्पति साकार गरिएको मिति	कुल गैर बैंकिङ्ग सम्पति (रू.)	कालो सुची नं.	कालो सुची गरेको मिति
तेज बहादुर खड्का	२०५६/०३/२२	३०,०००		
सुमित्रा देवी ढुङ्गेल	२०५८/०२/०१	५०,०००		
विनोद श्रेष्ठ	२०७१/०१/०९	३७,२२६,९२५	५४१९	२०७१/०१/०९
रमेश ढकाल	२०७१/०२/१६	२८,५१०,६४०	५५६७	२०७१/०३/१३
हिरा आचार्य	२०७१/०२/१६	२५,२६७,०२३	५५६८	२०७१/०३/१३
हरी धिताल	२०७१/०२/१६	६,२१२,९९६	५५६९	२०७१/०३/१३
नन्द लाल धामी र नरेन्द्र कुमार पौडेल	२०७१/०४/३०	१२,३४५,९२६	५७२२	२०७१/०४/१९
सरिता लामा	२०७१/०४/३०	११,८२२,५७९	५७४५	२०७१/०४/२२
एच.ए. कन्स्ट्रक्सन प्रा.लि.	२०७२/०४/०५	१,८८४,६१४	६४१६	२०७२/०२/१३
के साउद सप्लायर्स	२०७६/०९/०८	१३,२५७,०४०	१०५६१	२०७५/०२/२५
हाम्रो सप्तगण्डकी डिपार्टमेन्टल स्टोर्स	२०७७/१०/०६	२८,४५०,०००	१७४४९	२०७६/१२/०३
नारायणि इन्जिनियरिङ प्रा. लि.	२०७८/०३/३१	१७,७६८,८७८	१११८८	२०७५/०६/१२
नारायणि इन्जिनियरिङ प्रा. लि.	२०७८/०९/२९	१२,४३१,०४४	१११८८	२०७५/०६/१२
त्रिमुर्ती काष्ठ उद्योग	२०७९/०९/२९	२३,६८०,७६७	३१५६१	२०७८/१०/२३
पाथिभारा ज्वेलर्स	२०७९/१२/०६	४,६८४,०००	१३९५९	२०७९/०४/२३
ओम हार्डवेयर	२०७९/१२/२९	४०,०२९,७१०	३९९१०	२०७९/०३/२४
साझा हार्डवेयर	२०७९/१२/२९	९,५५१,८१६	३९५७६	२०७९/०३/२२
राजेश कुमार साह	२०७९/१२/२९	५,८१३,५०४	५९८३६	२०७९/१२/०९
